हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

प्रतिनिधि सभा तथा
प्रदेश सभा सदस्य
निर्वाचन २०७९






राष्ट्रिय संस्करण | अन्तर्वार्ता भयरहित हिसाबले निर्वाचन गर्छौं | विश्वकप टी-२० को सेमिफाइनलमा इङ्ग्ल्यान्ड १६



वर्ष १२२ | अङ्क १७४ | २०७९ साल कात्तिक २० गते आइतबार | कार्तिक शुक्ल त्रयोदशी | नेपाल संवत् ११४३ कछलाथ्व १३ | 2022 November 6 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


# जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आजदेखि

**चाँदनी हमाल**
*काठमाडौँ, कात्तिक १९ गते*

जलवायु सम्मेलनको २७औँ संस्करण अर्थात् कोप-२७ सम्मेलन आइतबारदेखि इजिप्टमा सुरु हुँदै छ। यसअघिका सफलताको कार्यान्वयन र भविष्यको महत्त्वाकाङ्क्षाका लागि मार्गप्रशस्त गर्ने दृष्टिकोणका साथ इजिप्ट सरकारको आयोजनामा सम्मेलन हुन लागेको हो।

सार्म ऐल शेख सहरमा हुन गइरहेको सम्मेलन पक्ष राष्ट्रहरूले यस अवसरमा उठान गर्ने जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई प्रभावकारी रूपमा सामना गर्ने विषयमा केन्द्रित रहने संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले जनाएको छ।

इजिप्टले विश्वव्यापी जलवायु परिवर्तनका चुनौतीको स्पष्ट मान्यता र यसको विश्वव्यापी खतरालाई सम्बोधन गर्ने एकमात्र माध्यमका रूपमा बहुपक्षीय, सामूहिक र ठोस कार्यको आह्वान गर्दै सम्मेलनको अध्यक्षता गर्नेछ। नेपाली पात्रोअनुसार कात्तिक २० देखि मङ्सिर २ गतेसम्म चल्ने सम्मेलनमा जलवायु परिवर्तनले निम्त्याएको विश्वव्यापी नोक्सानीका विषय मुख्य कार्यसूचीमा रहेको छ।

सम्मेलनमा सहभागीलाई स्वागत गर्दै इजिप्टका राष्ट्रपति अब्दल फतेह इस-सिसिले हरित् गृह ग्यासहरूको उत्सर्जनलाई द्रुत रूपमा घटाउने, जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई अनुकूलन गर्न सहयोगको खाँचोमा परेकाहरूलाई सहयोग गर्न आवश्यक कदम चाल्ने र सुनिश्चित गर्ने उपयुक्त सूत्र खोज्नेसम्बन्धमा तत्काल कार्य गर्नुपर्नेमा जोड दिइने बताउनुभएको छ। विशेषगरी जलवायु परिवर्तन, मरुभूमिकरण र पानीको अभावले बढ्दै गएको खाद्य सुरक्षा सङ्कटलगायत लगातार अन्तर्राष्ट्रिय सङ्कटको बीचमा यस विश्वव्यापी प्रयासमा आफ्नो योगदान पुर्‍याउन विकासशील देशहरूका लागि अपरिहार्य कार्यान्वयनको पक्षमा आवश्यक साधनहरूको उपलब्धता पहिल्याउनु यस सम्मेलनको उद्देश्य रहेको उहाँले औँल्याउनुभएको छ।

- नेपालले पाउनुपर्ने क्षतिपूर्तिको सवाललाई महत्त्वपूर्ण रूपमा उठाउने
- युरोपेली सांसदद्वारा विकासोन्मुख राष्ट्रहरूलाई ऋणको सट्टा अनुदानमा प्राथमिकता दिनुपर्ने प्रस्ताव पारित
- भी-२० समूहले जलवायु प्रकोपविरुद्ध ग्लोबल सिल्ड नामक अभियान सुरुवात




यसअघिका सम्मेलनहरूमा जस्तै हरित् गृह ग्यासहरू कसरी कटौती गर्ने र जलवायु परिवर्तनको प्रभावसँग सामना गर्न आवश्यक खर्च कसरी जुटाउने भन्नेमा शक्ति राष्ट्रहरूको जोड रहने विश्लेषण गरिएको छ। जसअनुसार अत्यधिक कार्बन उत्सर्जन हुनेगरी उद्योग सञ्चालन गर्ने मुलुकहरूले प्रत्यक्ष प्रभावित अन्य मुलुकलाई भुक्तानी गर्ने विषयमा साना तथा कमजोर मुलुकहरूले बहस गर्नेछन्।

जलवायु परिवर्तनका कारण हिम गलनलगायत अन्य प्राकृतिक प्रकोपहरू मौसमी चक्रमा फेरबदल, बाढी, खडेरी, आँधी, पहिरो र वनडढेलोलगायतका समस्या बल्झँदो अवस्थामा छन्। त्यसका लागि कसरी सामूहिक प्रयास गर्ने भन्ने सवालमा पनि सम्मेलनका विभिन्न सत्रमा बहस हुनेछन्। गत वर्ष कोप-२६ सम्मेलनमा स्कटल्यान्डले हानि र नोक्सानी सहयोगार्थ १० लाख अमेरिकी डलरभन्दा बढी रकम दिने र यसै वर्ष डेनमार्कले एक करोड ३० लाख अमेरिकी डलर योगदान गर्ने घोषणा गरेको छ।

जलवायु परिवर्तनको उद्घोष भएको सन् १९९२ को रियो द जेनेरियो हुँदै २०१५ को पेरिस सम्झौता र अघिल्लो वर्ष कोप-२६ सम्म आइपुग्दा भएका विविध विश्वव्यापी सहमति र तिनको भविष्यको रणनीतिक बाटो तय गर्न यस वर्षको सम्मेलन पथप्रदर्शक हुने विश्वास लिइएको छ।

विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसभन्दा माथि उकासिँदै गएको घोषणा भइरहँदा अबका दिनमा कसरी अघि बढ्ने भन्ने साझा अवधारणा बनाउन पनि सम्मेलन सहायक हुने विश्वास लिइएको संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले जनाएको छ।

तथापि नेपालले भने जलवायु अनुकूलन र यसको प्रत्यक्ष प्रभाव भोग्नुपरिरहेको वास्तविकता उजागर गर्दै नेपालले पाउनुपर्ने क्षतिपूर्तिको सवाललाई महत्त्वपूर्ण रूपमा उठाउने लक्ष्य लिएको छ। वन तथा वातावरण मन्त्रालयले सम्मेलनमा प्रस्तुत गर्न अवधारणापत्र तयार गरेको छ। जसअनुसार हिम गलनले निम्त्याएको समस्या, त्यसमा गर्नुपर्ने अनुकूलनका विषयसँगै नेपालमा बढ्दो खाद्य असुरक्षाका सवाल प्रस्तुत गर्ने भएको छ। त्यस्तै एक वर्षमा जलवायु परिवर्तनका क्षेत्रमा भएको विश्वव्यापी प्रगतिको समीक्षा, हानि तथा नोक्सानी र जलवायु वित्त सङ्कलनको अवस्थाका विषयमा महत्त्वपूर्ण विषय उठान गर्नेछ। नेपालले पर्वतीय मुलुकहरूको प्रतिनिधित्व गर्दै जलवायु परिवर्तनले टापु राष्ट्रमा पारेको असरका विषयमा पनि गहन टिप्पणी गर्नेछ।

साथै नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्त प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्न योजना बनाउन सुझाव दिनेछ। गत हप्ता युरोपेली सांसदले पनि विकासोन्मुख राष्ट्रहरूलाई सहायता कोष दिनुपर्नेमा ध्यान केन्द्रित गर्न र हानि तथा नोक्सानीलाई टार्न, न्यूनीकरण र सम्बोधन गर्न ऋणको सट्टा अनुदानमा प्राथमिकता दिनुपर्ने प्रस्ताव पारित गरेको छ।

यता जी सेभेन र ५५ वटा जोखिममा रहेका राष्ट्र सम्मिलित भी-२० समूहले जलवायु प्रकोपविरुद्ध ग्लोबल सिल्ड नामक अभियान सुरुवात गर्न सहमतिमा हस्ताक्षर गरेको छ। जसअनुसार आंशिक रूपमा बीमा प्रणालीमार्फत हानि तथा नोक्सानीको क्षति बेहोर्ने विषयलाई जोड दिएको छ।

# ‘संसद् भङ्ग गर्ने परम्परा हटायौँ’



*तस्बिर : अशोक अधिकारी*

**प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई स्थानीयद्वारा स्वागत गरिँदै।**

**पुष्कर भण्डारी/हिक्मत सिंह**
*डडेल्धुरा, कात्तिक १९ गते*

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संसद् भङ्ग गर्ने परम्परा अन्त्य भएको बताउनुभएको छ। गृहजिल्ला डडेल्धुरामा शनिबार आयोजित चुनावी सभालाई सम्बोधन गर्नुहुँदै उहाँले संविधानमा भएको व्यवस्थाअनुसार संसद्बाट सरकार गठनको सम्भावना भएसम्म अबदेखि संसद् भङ्ग नहुने बताउनुभएको हो।

अजयमेरु गाउँपालिकास्थित भद्रपुर र भागेश्वर गाउँपालिकास्थित रुपालमा आयोजित सत्ता गठबन्धनको चुनावी सभालाई उहाँले सम्बोधन गर्नेक्रममा सो कुरा बताउनुभएको हो। जिल्लावासीको भव्य स्वागत पाउनुभएका प्रधानमन्त्री देउवाले डडेल्धुराको विकास र राष्ट्रिय राजनीतिका सन्दर्भमा विचार राख्नुभयो।

उहाँले भन्नुभयो, “प्रधानमन्त्रीको लहडको भरमा संसद् भङ्ग गर्न मिल्दैन। अलिकति आलोचना भयो भन्दैमा संसद् भङ्ग गर्न पाइँदैन। केपी ओलीलाई प्रधामन्त्रीबाट हटाएर जनताबाट निर्वाचित प्रतिनिधि सभा भङ्ग गर्ने परम्परालाई सत्ता गठबन्धनले हटाएको छ। संसद् भङ्ग गर्ने अधिकार कोही कसैलाई छैन।”

उहाँले सत्ता गठबन्धन चुनावका लागि मात्रै नगरिएको बताउँदै स्थिर सरकार, स्थायी शान्ति र स्थिरताका लागि एकजुट भएको प्रस्ट पार्नुभयो। अहिलेको गठबन्धनलाई लामो समयसम्म निरन्तरता दिने उहाँले बताउनुभयो। उहाँले देश विकास र समुन्नतिका लागि स्थिर सरकार निर्माण गरेर देश र जनताको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, “गठबन्धन जति बलियो भयो त्यति नै बलियो सरकार बन्छ।”

### डडेल्धुराको विकास गर्ने प्रतिबद्धता

प्रधानमन्त्री देउवाले विमानस्थल निर्माण गर्ने तथा सडकको स्तरोन्नति गर्ने, शिक्षण अस्पताल निर्माण गर्नेसहित यहाँको भौतिक पूर्वाधार विकासका लागि काम गर्ने बताउनुभयो। उहाँले हवाईमैदान निर्माण गर्न सम्भाव्यता अध्ययन भइरहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, “विकास गर्नु मेरो कर्तव्य हो। धेरै विकास भएका छन्, अझै विकास गर्छु। डडेल्धुरालाई सम्पन्न जिल्ला बनाउने मेरो लक्ष्य छ। हवाईजहाज ल्याएरै छोडिनेछ। खानेपानीको अभाव रहेका गाउँहरूमा पानी पुर्‍याएरै छोड्नेछु।” डडेल्धुराको भागेश्वर र महाकालीपारि भारतको पूर्णागिरिसम्म पर्यटकीय मार्ग निर्माण गरी धार्मिक पर्यटनको विकास गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो।

- प्रधानमन्त्रीको लहडको भरमा संसद् भङ्ग गर्न मिल्दैन। अलिकति आलोचना भयो भन्दैमा संसद् भङ्ग गर्न पाइँदैन
- डडेल्धुराको भागेश्वर र महाकालीपारि भारतको पूर्णागिरिसम्म पर्यटकीय मार्ग निर्माण गरी धार्मिक पर्यटनको विकास गर्ने प्रतिबद्धता

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य डा. आरजु राणा देउवाले जिल्लाको विकासका लागि आवश्यक पहल गर्ने बताउनुभयो। उहाँले डडेल्धुरावासीबाट पाएको स्नेहप्रति सम्मान व्यक्त गर्नुभयो। उहाँले सडक सञ्जालसँगै विकास पूर्वाधारहरू तीव्रत्तर गतिमा अघि बढिरहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “डडेल्धुरा यति सुन्दर छ। यस जिल्लालाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ। डोटेली राजाको दरबार अजयमेरु कोट हेर्न धेरै पर्यटक आउनेछन्, सेवा सुविधा र पूर्वाधार विकास गर्न विशेष ध्यान दिइनेछ।” कार्यक्रममा प्रदेश सभा (क)का उम्मेदवार एवं नेकपा (माओवादी केन्द्र)का नेता खगराज भट्ट र प्रदेश सभा (ख)का उम्मेदवार एवं कांग्रेस नेता गोविन्दराज बोहरासहित सत्ता गठबन्धनका नेताहरूले डडेल्धुरालाई समुन्नत बनाउन प्रधानमन्त्री देउवासहित गठबन्धनका उम्मेदवारलाई जिताउन अपिल गर्नुभएको थियो।

# उम्मेदवारको ध्यान मुख्यमन्त्रीतर्फ

**सूर्यप्रसाद पाण्डे/रमेश पौडेल**
*पोखरा, कात्तिक १९ गते*

मुलुकका अधिकांश जिल्लामा प्रतिनिधि सभा सदस्यको निर्वाचनमा कसले बाजी मार्लान् भन्ने विषयमा कार्यकर्ताबीच जोड-घटाउ चलिरहेका बेला गण्डकी प्रदेशमा भने प्रदेश सभातर्फ धेरैको चासो रहेको पाइएको छ।

पार्टीले नै कनिष्ठ नेतालाई प्रनिनिधि सभामा र केन्द्रीय स्तरका नेतालाई प्रदेश सभा सदस्यको उम्मेदवार बनाएर पठाउनु र उम्मेदवार स्वयं पनि यसैतर्फ आकर्षित हुनुले यो वास्तविकतालाई थप पुष्टि गरेको हो। सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले गण्डकी प्रदेशको नेतृत्व गर्ने उद्देश्यले प्रभावशाली नेताहरूलाई प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ। गोरखा क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यका लागि पार्टीबाट सर्वसम्मत सिफारिसमा पर्नुभएका केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेलाई सोही क्षेत्रको प्रदेश (ख)बाट प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ।

- राष्ट्रिय गौरवका आयोजनामध्ये यस प्रदेशमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, बूढीगण्डकी जलविद्युत् आयोजना, कालीगण्डकी कोरिडोर र मध्यपहाडी लोकमार्ग पर्छन्

वाम तथा लोकतान्त्रिक गठबन्धन गर्नेक्रममा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सोही क्षेत्रबाट प्रतिनिधि सभा सदस्यको उम्मेदबार बन्ने इच्छा राखेपछि पाण्डेलाई प्रदेशमा झारिएको हो। उहाँलाई मुख्यमन्त्री बनाउने आश्वासन दिएर प्रदेशमा लगिएको स्वयं प्रचण्डले नै स्वीकार्नुभएको छ। गत साता गोरखामा आयोजित चुनावी कार्यक्रममा उहाँले पाण्डेलाई मुख्यमन्त्री बनाउने विषयमा प्रधानमन्त्री तथा कांग्रेसका सभापति शेरबहादुर देउवासँग कुराकानी भइसकेकोसमेत बताउनुभएको थियो।

दुई दशकसम्म कांग्रेसको कास्की जिल्ला सभापति भइसक्नुभएका शुक्रराज शर्मालाई कांग्रेसले नै समानुपातिकतर्फ प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ। उहाँ राष्ट्रिय सभाका पूर्वसदस्य पनि हुनुहुन्छ। उहाँ अहिले पार्टीको गण्डकी प्रदेश सभापति हुनुहुन्छ। राजनीतिक हिसाबले शर्माभन्दा कनिष्ठ कास्कीका वर्तमान सभापति किशोरदत्त बराल कास्की क्षेत्र नं. १ को प्रतिनिधि सभा सदस्यको उम्मेदवार बन्नुभएको छ।


» बाँकी पृष्ठ २ मा


# कर छुटको निर्णय बदर गर्न निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारले गरेको करको दर परिवर्तनसम्बन्धी निर्णयलाई तत्काल बदर गर्न निर्देशन दिएको छ। निर्वाचन आचारसंहिताविपरीत करको दर परिवर्तन गरिएको भन्दै आयोगले २४ घण्टाभित्र निर्णय बदर गरी जानकारी गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको हो।

“गण्डकी प्रदेश सरकारबाट करका दरहरूमा हेरफेर गर्ने गरी भएको निर्णय निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (२) बमोजिम २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो निर्वाचन आयोगमा उपलब्ध गराउनू” आयोगको निर्देशनमा उल्लेख गरिएको छ। निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्ने भन्दै आयोगले बदर गर्न भनेको हो।

गण्डकी प्रदेश सरकारले गत असोज २७ गतेको प्रदेश राजपत्र खण्ड ५ सङ्ख्या ५ मा सरकारले विभिन्न करका दरमा छुट दिनेगरी सूचना प्रकाशन गरेको देखिएको उल्लेख गर्दै आयोगले करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिवसमेतलाई छुट्टाछुट्टै स्पष्टीकरण सोधेको छ। स्पष्टीकरण पत्रमा, “निर्वाचन आचारसंहिता २०७९ को दफा ५ को खण्ड (ख) को उल्लङ्घनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम कारबाही किन हुनु नपर्ने हो ? आफ्नोतर्फबाट २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेस गर्नू” भनिएको छ।






## डोटीमा चुनावी सरगर्मी

# सबै उम्मेदवारको चुनावी मुद्दा ‘पश्चिम सेती’

**अशोक अधिकारी/पुष्कर भण्डारी/पवन महरा**
*डोटी, कात्तिक १९ गते*


‘समुन्नत र उज्यालो सुदूरपश्चिम’ बनाउने बहुप्रतीक्षित राष्ट्रिय गौरवको सेती जलविद्युत् आयोजना निर्माणलाई डोटीका अधिकांश उम्मेदवारले चुनावी नारा बनाएका छन्।

आसन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सत्ता साझेदार दल र प्रतिपक्षी गठबन्धनका उम्मेदवारहरूले अध्ययनको चरणमा रहेको पश्चिम सेती जलविद्युत् आयोजना निर्माण अघि बढाउने प्रतिबद्धतासहित चुनावी प्रचारमा होमिएका हुन्। लगानी बोर्ड र भारतीय कम्पनी एनएचपीसी लिमिटेडबीच गत भदौ २ गते पश्चिम सेती जलविद्युत् आयोजनासँगै सेती-६ को सम्भाव्यता अध्ययन गर्न सम्झौता भएको थियो। प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा भएको सम्झौतासँगै पश्चिम सेती निर्माण हुने अपेक्षाका साथ उम्मेदवारले चुनावी अभियानमा यही विषयलाई प्राथमिकतामा राखेका छन्।

सत्ता साझेदार गठबन्धनका उम्मेदवार एवं नेकपा (एकीकृत समाजवादी)का पोलिटब्युरो सदस्य प्रेमबहादुर आलेले प्रधानमन्त्री देउवाकै उपस्थितिमा सम्भाव्यता अध्ययन सम्झौता भएको र यसको निर्माण प्रक्रिया अघि बढाउन गठबन्धनले जित्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “४० वर्षअघि नै सन् १९८० मा फ्रेन्च कम्पनी स्रोग्रेह कन्सल्टेन्टले सुरु गरेको पश्चिम सेती जलविद्युत् आयोजना अध्ययन अब पूरा हुन्छ। त्यसपछि यही गठबन्धन सरकारले पश्चिम सेती निर्माण सम्पन्न गर्छ।”

> पश्चिम सेती निर्माणका लागि लगानी बोर्ड र भारतीय कम्पनी एनएचपीसी लिमिटेडबीच सम्झौता भएसँगै उम्मेदवारले चुनावी अभियानमा यही विषयलाई प्राथमिकतामा राखेका छन्

नेकपा (एमाले)का प्रतिनिधि सभा उम्मेदवार एवं नेत्री गौरीकुमारी ओलीले पनि आफ्नो चुनावी मुद्दा पश्चिम सेती नै बनाउनुभएको छ। सरकारले सन् २०१२ मा चिनियाँ कम्पनी सीटीजीआईलाई निर्माण गर्न दिने सम्झौता गरे पनि काम अघि बढेन। प्रस्तावित सेती पश्चिम ७५० मेगावाट क्षमताको जलाशययुक्त आयोजना बन्नेछ। यसको कुल लागत एक अर्ब ३२ करोड अमेरिकी डलर प्रारम्भिक अनुमान गरिएको छ।



पूर्वमन्त्री आले २०७४ को निर्वाचनमा वाम गठबन्धनका तर्फबाट ३२ हजार ५१० मत प्राप्त गरी निर्वाचित हुनुभएको थियो। कांग्रेस उम्मेदवार वीरबहादुर बलायरले ३० हजार ८७८ मत पाउनुभएको थियो। स्थानीय तह निर्वाचनमा डोटीमा कांग्रेस पहिलो दल भएको छ। कांग्रेसले ३४ हजारभन्दा बढी मत पाएको छ। एकीकृत समाजवादीले तीन हजार दुई सय मत पाएको थियो। कांग्रेसले नौमध्ये सात पालिका र माओवादी केन्द्रले दुई पालिका जितेको छ। सत्ता गठबन्धनका उम्मेदवार आलेले भन्नुभयो, “सत्ता गठबन्धनको मत भार बढी छ। साथै एमालेका साथीहरूले पनि मलाई साथ दिनुभएको छ, त्यसैले डोटीमा प्रतिनिधि सभा र प्रदेश सभाका दुवै सिटमा गठबन्धनले जित्ने निश्चित छ।”

२०७० को संविधान सभा निर्वाचनमा डोटी क्षेत्र नं. २ बाट निर्वाचित नेता आले २०६९ मा अखण्ड सुदूरपश्चिम आन्दोलनको अगुवाइ गर्नुभएको थियो। उहाँले भन्नुभयो, “समुन्नत डोटीको सङ्कल्प पूरा गर्ने लक्ष्यअनुसार मैले उम्मेदवारी दिएको हुँ, एमालेको ठूलो मत मलाई आउँछ। गठबन्धनको बलियो साथ छँदै छ।”

कांग्रेस नेता एवं गठबन्धनका प्रचार प्रसार समिति संयोजक भरत खड्काले प्रतिनिधि सभा र प्रदेश सभाका दुवै सिट जित्ने बताउनुभयो। उहाँले भन्नुभयो, “पार्टीको निर्देशनअनुसार सम्पूर्ण नेता-कार्यकर्ता गठबन्धनका उम्मेदवारलाई जिताउन खटिनुभएको छ। पार्टीभित्र आन्तरिक एकता भएपछि चुनावी अभियान तीव्र रूपमा अघि बढेको छ।”


» बाँकी पृष्ठ २ मा

# राष्ट्रपति र मुख्यमन्त्री प्रत्यक्ष निर्वाचित : जसपा




तस्बिर : कविन अधिकारी

जनता समाजवादी पार्टीको चुनावी घोषणापत्र शनिबार सार्वजनिक गरिँदै ।

**भउचप्रसाद यादव**
*काठमाडौँ, कातिक १९ गते*

जनता समाजवादी पार्टी (जसपा) नेपालले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुने शासकीय स्वरूपसहितको घोषणापत्र सार्वजनिक गरेको छ। यसरी निर्वाचित राष्ट्रपतिले समावेशी रूपमा सक्षम व्यक्ति छनोट गरी मन्त्रिपरिषद् गठन गर्नेसमेत घोषणापत्रमा उल्लेख छ।

राजधानीमा शनिबार आयोजित एक कार्यक्रमबीच पार्टी अध्यक्ष उपेन्द्र यादवलगायतका नेताले सार्वजनिक गर्नुभएको ३५ पृष्ठ लामो घोषणापत्रमा कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यकारी प्रमुख हुन नपाउने र प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको समेत व्यवस्था हुनुपर्ने उल्लेख छ। त्यसैगरी पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट सङ्घीय संसद् र प्रदेश सभा चयन हुनुपर्ने, सबै तहका सरकारको पदाधिकारीमाथि प्रत्याह्वान गर्न वा महाभियोग लगाउन सकिने घोषणापत्रमा उल्लेख छ।

पूर्व–पश्चिम राजमार्गलाई चार लेनमा विस्तार, काठमाडौँको चक्रपथलाई आठ लेनमा विस्तार, पाँच वर्षभित्रमा मध्यपहाडी लोकमार्ग र हुलाकी सडकको सम्पूर्ण रूपमा निर्माण सम्पन्न, धरान–हेटौँडा लोकमार्गलाई पाल्पाको रामपुरसम्म विस्तार, ताप्लेजुङदेखि दार्चुलासम्म हिमाली क्षेत्रको मुख्य बस्ती जोड्नेगरी हिमाली लोकमार्गको सम्भाव्यता अध्ययन गर्नेलगायतका महत्त्वाकाङ्क्षी योजना घोषणापत्रमा अगाडि सारिएको छ।

### प्रतिव्यक्ति आय पाँच हजार डलर

जसपाले चुनावी घोषणापत्रमार्फत प्रतिव्यक्ति आय पाँच हजार डलर पुर्‍याउने लक्ष्य लिएको छ। त्यसैगरी कुल गार्हस्थ उत्पादनको ५० प्रतिशत स्थिर पुँजीका रूपमा विकास गर्ने र पाँच वर्षमा दुई अङ्कको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य घोषणापत्रमा लिइएको छ।

निर्यातभन्दा १० गुणा बढी आयात भइरहेको अहिलेको अवस्थामा राष्ट्रिय उद्योगीहरूलाई प्रोत्साहन गर्ने, मुलुकको स्रोत–साधनमा आधारित निकासी अभिवृद्धि गर्ने, जल, जमिन, जङ्गल, जडीबुटीको उच्चतम सदुपयोग गर्ने घोषणापत्रमा उल्लेख छ। पाँच वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीबाट मुक्त गर्ने पनि घोषणापत्रमा समेटिएको छ।

### आत्मनिर्णयको अधिकार

संयुक्त राष्ट्रसङ्घको घोषणापत्रअनुसार मधेशी र आदिवासी समुदायका लागि राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विषयमा आत्मनिर्णयको अधिकार व्यवस्था हुनुपर्ने घोषणापत्रमा उल्लेख छ। मधेशी समुदायका लागि घोषणापत्रमा उल्लेख छ, "मधेशीलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निम्ति संयुक्त राष्ट्रसङ्घको घोषणापत्रअनुसार आत्मनिर्णयको अधिकार हुनेछ।"

सो पार्टीले प्रत्येक घरपरिवारलाई आर्थिक रूपमा सम्पन्न बनाउन 'एक परिवार, एक रोजगार'को नीति अवलम्बन गर्ने घोषणापत्रमा प्रतिबद्धता गरिएको छ। श्रम संस्कृतिलाई प्रोत्साहित गर्ने, वैदेशिक रोजगारीमा जानुअघि श्रमिकलाई आवश्यक सीपमूलक तालिम व्यवस्था गरिने, देशभित्रै रोजगारी सिर्जना गरिने, शिक्षित बेरोजगारलाई शैक्षिक प्रमाणपत्र धितो राखेर स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्ने, बेरोजगार नागरिकलाई भत्ता व्यवस्था गर्ने, सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई रोजगारीको विशेष व्यवस्था गर्नेलगायतको व्यवस्था घोषणापत्रमा समेटिएको छ।

## राष्ट्रपतिले अवार्ड पाउनुहुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

राष्ट्रपति विद्यादेवी भण्डारीले यस वर्षको डब्लूपीएल ट्रेलब्लाजर अवार्ड पाउनुहुने भएको छ।

प्रतिष्ठित महिला राजनीतिक नेत्रीहरूका लागि दिइने यो अवार्ड विश्वका प्रमुख महिला राजनीतिज्ञहरूको उपलब्धिको कदर गर्दै वर्तमान महिला राष्ट्रपति, पूर्वमहिला राष्ट्रपति तथा महिला प्रधानमन्त्रीहरूलाई हरेक वर्ष प्रदान गरिन्छ। दक्षिण एसियाली मुलुक नेपालमा राष्ट्रपतिजस्तो उच्च पदमा आसीन रहेर नेपाल र विश्वकै महिलाको गरिमा बढाएको ठहर गर्दै राष्ट्रपति भण्डारीलाई सो सम्मान दिन लागिएको हो।

आइसल्यान्डको रेक्जाभिकमा आयोजना हुन गइरहेको रेक्जाभिक ग्लोबल फोरम–वुमन लिडर्स विषयक सम्मेलनमा राष्ट्रपति भण्डारीलाई यो सम्मान प्रदान हुने परराष्ट्र मन्त्रालयले जनाएको छ। अवार्ड ग्रहण गर्नका लागि राष्ट्रपति भण्डारी सोमबार आइसल्यान्ड प्रस्थान गर्नुहुने कार्यसूची रहेको मन्त्रालयले उल्लेख गरेको छ। आइसल्यान्ड सरकार र संसद्मा सामेल महिला राजनीतिक नेत्रीहरूले सन् २०१८ देखि यस मञ्चको सुरुवात गरेका हुन्। जसमा राजनीतिक, व्यवसाय, नागरिक समाज, शिक्षा, कला र सञ्चारलगायतका क्षेत्रमा लैङ्गिक समानता, सशक्तीकरण र महिला नेतृत्वको उत्कृष्ट अभ्यासका विषयमा बहस गरिन्छ।

मन्त्रालयका अनुसार राष्ट्रपति भण्डारीले अवार्डको सम्मान ग्रहणसँगै नेपालमा महिला नेतृत्वको वर्तमान स्थितिका बारेमा सम्बोधन गर्नुहुने कार्यक्रम रहेको छ। मङ्गलबारदेखि बिहीबारसम्म आयोजना हुने सम्मेलनमा सहभागी भएपछि राष्ट्रपति भण्डारी शनिबार स्वदेश फर्कनुहुने कार्यक्रम छ।

## सवारी लाइसेन्सको आवेदन बन्द हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

यातायात व्यवस्था विभागले मङ्सिर १ गतेदेखि सवारीचालक अनुमतिपत्र (लाइसेन्स) आवेदन बन्द गर्ने भएको छ।

मङ्सिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा विभागका कर्मचारी पनि खटिनुपर्ने भएकाले अर्को सूचना जारी नभएसम्मका लागि नयाँ आवेदन बन्द गरिने विभागले जनाएको छ। विभागले शुक्रबार सूचना जारी गरी लाइसेन्सको अनलाइन आवेदन प्रणाली बन्द रहने जनाएको हो।

## पर्यटन प्रवर्द्धनका महत्त्वाकाङ्क्षी योजना

**मीनराज भण्डारी**
*काठमाडौँ, कात्तिक १९ गते*

- नेपाल भ्रमण वर्षलाई थप परिस्कृत र विकास गरी ३० लाख विदेशी पर्यटक भित्र्याइने।
- निजी क्षेत्रसँगको सहकार्यमा होटल पूर्वाधार र जनशक्तिको विकास एवं गन्तव्यको प्रवर्द्धन गरिने।

आसन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन लक्षित घोषणापत्र सार्वजनिक गर्दै प्रमुख राजनीतिक दलले पर्यटन प्रवर्द्धनका महत्त्वाकाङ्क्षी योजना अघि सारेका छन्। राजनीतिक दलले सार्वजनिक गरेका आगामी पाँच वर्षको योजनामा वार्षिक ३० लाख पर्यटन भित्र्याउनेदेखि विमानस्थल निर्माणले प्राथमिकता पाएको छ।

सत्तारूढ दल नेपाली कांग्रेसले सार्वजनिक गरेको सङ्कल्पपत्रमा आगामी पाँच वर्षमा वार्षिक २० लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको छ। कांग्रेसको सङ्कल्पपत्रमा आगामी पाँच वर्षमा प्रत्येक वर्ष २० लाख पर्यटक नेपाल भित्र्याउने उल्लेख छ। कांग्रेसले पर्यटकको औसत बसाइ र खर्च पनि बढाउँदै लैजाने योजना अघि सारेको छ।

'आगामी पाँच वर्षमा वार्षिक विदेशी पर्यटक आगमन सङ्ख्या १२ लाखबाट २० लाख, पर्यटकको औसत बसाइलाई १३ दिनबाट १५ दिन, प्रतिपर्यटक खर्च दैनिक ४८ डलरबाट सय डलर पुर्‍याउने लक्ष्य लिइनेछ' सङ्कल्पपत्रमा उल्लेख छ।

कांग्रेसले प्रतिगार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान पाँच प्रतिशत पुर्‍याउनेसमेत लक्ष्य लिएको छ। त्यस्तै प्रकृतिमा आधारित पर्यटन र साहसिक पर्यटनका लागि अन्तर्राष्ट्रिय गन्तव्य बनाउने, निजी क्षेत्रसँगको सहकार्यमा होटल पूर्वाधार र जनशक्तिको विकास एवं गन्तव्यको प्रवर्द्धन गर्ने कांग्रेसले जनाएको छ। हवाई यातायातको प्रतिस्पर्धालाई प्रोत्साहित गर्नेसमेत जनाइएको छ।

सबै पर्यटकीय गन्तव्यमा सार्वजनिक शौचालय, पाटी, पौवाको व्यवस्था, पर्वतारोहण, पदयात्रा, जलयात्रा, जङ्गल सफारीजस्ता साहसिक गतिविधिमा पथप्रदर्शक तथा भरियाका रूपमा काम गर्ने जनशक्तिका लागि दुर्घटना बीमा, प्रयोगमा नआएका विमानस्थल, खाली रहेका सार्वजनिक जग्गा पर्यटकीय गतिविधि विकासका लागि प्रयोगमा ल्याउने, ग्रामीण पर्यटनमा जोड दिनेसमेत कांग्रेसको सङ्कल्पपत्रमा उल्लेख छ।

नेकपा (माओवादी केन्द्र)ले पनि आगामी पाँच वर्षमा दिगो पर्यटनको आधार तयार पारेर स्थगित भएको नेपाल भ्रमण वर्षलाई थप परिस्कृत र विकास गरी ३० लाख विदेशी पर्यटक भित्र्याउने प्रतिबद्वता जनाएको छ। माओवादी केन्द्रको प्रतिबद्वतापत्रमा राम जन्मभूमि, जनकपुरधाम, पशुपतिनाथ, स्वर्गद्वारी र हलेसी सर्किटको भौतिक विकास, लुम्बिनीदेखि बोधगया र फर्पिङ पद्मसम्भव गुफा, स्वयम्भू, बौद्ध र नमोबुद्ध जोड्ने बौद्ध सर्किटको विकास गरी विश्वभरिका बौद्धको धार्मिक पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गरिने उल्लेख छ।

'ताप्लेजुङदेखि दार्चुलासम्मको ग्रेट हिमालयन ट्रेल, धौलागिरिलगायतका क्षेत्रमा पदमार्ग निर्माण, रुकुमको चुनवाङदेखि म्याग्दी बेनीसम्मको गुरिल्ला ट्रेललाई थप व्यवस्थित, आरोहीको वर्गीकरण गरी परिचयपत्र व्यवस्था, पदयात्री पर्यटकको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था, फोहोरमुक्त हिमाल कार्यक्रम लागू गर्ने र पर्यटन विश्वविद्यालय स्थापना गरिनेछ,' प्रतिबद्वतापत्रमा उल्लेख छ। होटेल, एयरलाइन्स, ट्राभल, ट्रेकिङ, र्‍याफ्टिङ, रिसोर्ट आदिको आर्थिक भार कम गर्न बैङ्क ग्यारेन्टीलगायतका प्रावधानमा पुनरवलोकन गरिनेसमेत माओवादीले प्रतिबद्वता जनाएको छ।

त्यस्तै नेकपा (एकीकृत समाजवादी) को घोषणापत्रमा पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार तथा स्तरोन्नति, निजगढमा अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललगायत सबै आन्तरिक विमानस्थललाई अत्याधुनिक, व्यवस्थित गर्ने घोषणा गरिएको छ।

विराटनगर, नेपालगञ्ज, सुर्खेत तथा धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा स्तरोन्नति गर्ने, नेपाल वायुसेवा निगमको जहाज सङ्ख्या बढाउने, ठूला नदी तथा नहर र तालमा पर्यटकलक्षित साना पानीजहाज सञ्चालन र नेपाली ध्वजाबाहक पानीजहाज सञ्चालनका लागि पहल गरिने समाजवादीले जनाएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को घोषणापत्रमा पनि निजी/अन्तर्राष्ट्रिय क्षेत्रसँगको समन्वयमा वार्षिक २५ लाख पर्यटक भित्र्याउने प्रतिबद्वता जनाइएको छ। पर्यटकीय रूपले महत्त्वपूर्ण विमानस्थलमा बाह्रैमहिना सञ्चालन हुने गरी स्तरोन्नति गर्ने जनाउँदै राप्रपाले पदमार्गहरू विस्तार, साहसिक पर्यटनतर्फ दक्ष जनशक्ति उत्पादन गरिने उल्लेख गरेको छ।

### उम्मेदवारको ध्यान...

कांग्रेसले केन्द्रीय सदस्य ध्रुव वाग्लेलाई पनि प्रदेश सभातर्फ समानुपातिकमा खस आर्य समूहको तर्फबाट दुई नम्बरमा राखेको छ। सांसद भएको अवस्थामा उहाँ पनि मुख्यमन्त्रीकै दाबेदार रहेको कांग्रेसका गण्डकी प्रदेश सदस्य दीपेन्द्र शर्माले बताउनुभयो।

कांग्रेस पार्टी कार्यालयका पूर्वमुख्यसचिव ऋषिकेश तिवारीलाई पर्वतबाट प्रदेश सभाको सदस्य बनाइएको छ। उहाँ पर्वत १ को (ख)बाट उम्मेदवार बन्नुभएको छ। एउटा मात्रै निर्वाचन क्षेत्र रहेको पर्वतमा वाम लोकतान्त्रिक गठबन्धनको तर्फबाट कांग्रेसले अर्जुन जोशीलाई प्रतिनिधि सभा सदस्यको उम्मेदवार बनाएको छ।

गठबन्धनमै आबद्ध भएको नेकपा (माओवादी केन्द्र)ले गण्डकी प्रदेशका पूर्वआन्तरिक मामिला तथा सञ्चारमन्त्री हरिबहादुर चुमानलाई तनहुँबाट प्रदेश सभाको उम्मेदवार बनाएको छ। उहाँ पनि मुख्यमन्त्रीको दाबेदार हुनुहुन्छ।

प्रदेशको कानुन, सञ्चार तथा प्रदेश सभा मामिलामन्त्री बिन्दुकुमार थापालाई कांग्रेसले कास्की क्षेत्र नं. २ (ख)बाट प्रदेश सभाको उम्मेदवार बनाएको छ। उहाँ पनि चुनाव जितेको अवस्थामा मुख्यमन्त्रीको दाबेदार हुनुहुन्छ। नेकपा (एमाले)ले पनि पार्टीका सङ्गठन विभाग प्रमुख खगराज अधिकारीलाई कास्की क्षेत्र नं. १ तर्फ प्रदेश (क)बाट उम्मेदवार बनाएको छ। अधिकारी सङ्घीय सरकारमा गृह र स्वास्थ्य तथा जनसङ्ख्यमन्त्रीसमेत भइसक्नुभएको छ। यस क्षेत्रमा उक्त पार्टीले प्रतिनिधि सभा सदस्यको उम्मेदवारमा पार्टीका जिल्ला अध्यक्ष मनबहादुर गुरुङलाई बनाएको छ।

एमाले कास्की जिल्लाका कार्यवाहक अध्यक्ष तेजनारायण अधिकारीले पनि आफ्नो दलले भावी मुख्यमन्त्रीकै रूपमा अघि सारेर अधिकारीलाई प्रदेश सभाको उम्मेदवार बनाएको बताउनुभयो। यसै प्रदेशमा एमालेका उपमहासचिव पृथ्वी सुब्बा गुरुङले पनि प्रतिनिधि सभा छोडेर लमजुङबाट प्रदेश सभा सदस्यको उम्मेदवार हुने चाहना पार्टीमा व्यक्त गर्नुभएको थियो।

यद्यपि उहाँलाई पार्टीले एउटा मात्रै निर्वाचन क्षेत्र रहेको लमजुङबाटै प्रतिनिधि सभा सदस्यको उम्मेदवार बनाएको छ। गुरुङ यसै प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत हुनुहुन्छ। एमालेले मुख्यमन्त्री बनाउने योजनाका साथ जमिन्द्रमान घलेलाई पनि लमजुङ निर्वाचन क्षेत्र नं. १ (क)बाट प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ।

सात प्रदेशमध्ये गण्डकीलाई स्रोत र साधनले सम्पन्न र विकासका प्रशस्तै सम्भावना भएको प्रदेश मानिन्छ। यसै दृष्टिकोणले नेताहरूको ध्यान प्रदेशतर्फ गएको यस क्षेत्रका जानकारहरूको बुझाइ छ। नेपाल उद्योग वाणिज्य महासङ्घ कास्कीका महासचिव बलराम आचार्यले गण्डकी प्रदेशमा प्रमुख राजनीतिक दलहरूले मुख्यमन्त्रीलाई ध्यानमा राखेर प्रदेश सभाको सदस्य बनाएको विश्लेषण गर्नुभयो।

उहाँले भन्नुभयो, "हुन त दलहरूले प्रतिनिधि सभालाई प्राथमिकतामा राखेका छन् तर हामी व्यवसायीको बुझाइमा मुख्य दलहरूले भावी मुख्यमन्त्रीको लोभमा प्रदेश सभालाई पनि उत्तिकै महत्त्व दिएका छन्।" प्रतिनिधि सभाले राष्ट्रिय राजनीतिसँग मात्रै सरोकार राख्ने तर प्रदेश सभाले प्रशस्त अधिकारको अभ्यास गर्न पाउने र प्रदेशको नेतृत्व गर्न पाएको अवस्थामा स्थानीय तहमा आफ्नो पकड जमाउन पाउने हुनाले यतातर्फ उम्मेदवारको आकर्षण बढेको हुन सक्ने स्थानीय व्यवसायी शिव पालिखेले बताउनुभयो।

स्रोत र साधनले सम्पन्न तथा विकासको समेत प्रशस्त सम्भावना भएका कारण गण्डकी आकर्षणको केन्द्र बनेको गण्डकी विश्वविद्यालयका कुलपति प्राध्यापक डा. गणेशमान गुरुङले बताउनुभयो। यस प्रदेशअन्तर्गत ११ जिल्ला (कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) पर्छन्।

नेपाल राष्ट्र बैङ्कले दुई वर्षअघि गरेको एक अध्ययनले यस प्रदेशमा वनजन्य कच्चा पदार्थ प्रयोग गरी प्रशोधनमा आधारित उद्योगधन्दा, ढुङ्गा, गिटी, बालुवालगायतका खनिज तथा उत्खननसम्बन्धी उद्योग स्थापनाको प्रशस्तै सम्भावना रहेको औँल्याएको थियो।

यसै प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले पनि प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटोलगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको उल्लेख गरेको थियो। राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये यस प्रदेशमा मात्रै चारवटा आयोजना रहेका छन्। जसमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, बूढीगण्डकी जलविद्युत् आयोजना, कालीगण्डकी कोरिडोर र मध्यपहाडी लोकमार्ग पर्छन्।

### सबै उम्मेदवारको ...

एमाले उम्मेदवार ओलीले महिलाको मत तान्ने प्रयास गरिरहनुभएको छ। तर पार्टीभित्र आन्तरिक विवाद र फुटको असर आफ्ना लागि चुनौती रहेको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "मतदातामाझ जाँदा प्रतिक्रिया राम्रै छ तर पार्टी विभाजनले केही मत तल–माथि हुन्छ कि भन्ने चिन्ता छ।"

#### अन्य उम्मेदवार पनि प्रचारमा

डोटीमा प्रतिनिधि सभातर्फ राष्ट्रिय स्वतन्त्र पार्टीका केशव बलायर, राप्रपाका अङ्कबहादुर खड्का तथा स्वतन्त्रमा नरेन्द्रबहादुर खड्का र राजप्रसाद जोशीले उम्मेदवारी दिनुभएको छ।

प्रदेश सभा (क)मा सत्ता गठबन्धनका कांग्रेस डोटी सभापति नरेन्द्रबहादुर सिंह, एमालेका अध्यक्ष चक्रबहादुर मल्ल, हाम्रो नेपाली पार्टीका शैलेन्द्र खड्का र राप्रपाका नेत्र नाथले उम्मेदवारी दिनुभएको छ।

प्रदेश सभा (ख)मा सत्ता गठबन्धनका तर्फबाट माओवादी केन्द्रका शिवसिंह ओली, एमालेका टेकबहादुर बम र राप्रपाका मोहनबहादुर बमले उम्मेदवारी दर्ता गर्नुभएको छ। माओवादी नेता ओलीले भन्नुभयो, "चुनावी प्रचार प्रसार तीव्र रूपमा अघि बढिरहेको छ, सबै दलका उम्मेदवार चुनावी अभियानमा हुनुहुन्छ, सत्ता गठबन्धनका उम्मेदवारहरू पनि गाउँगाउँमा मतदातासँग भेटघाटमा छौँ।"

## सूचना केन्द्र व्यवस्थापन समिति गठन

**गोरखापत्र समाचारदाता**
*भक्तपुर, कात्तिक १९ गते*

सूर्यविनायक नगरपालिकाले सूचना केन्द्र व्यवस्थापन समिति गठन गरेको छ। नगरपालिकाले सूचना सङ्कलन विश्लेषण र सूचना प्रवाहलाई व्यवस्थित गर्नका लागि नगरपालिकाका प्रवक्ता रवीन्द्र सापकोटाको संयोजकत्वमा पाँच सदस्यीय सूचना केन्द्र व्यवस्थापन समिति गठन गरेको सूर्यविनायक नगरपालिकाले जनाएको छ।

समितिमा नगरपालिकाका सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, कम्प्युटर अपरेटर र सूचना प्रविधि अधिकृत रहेका छन्। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद कँडेलले नगरपालिकाको कामलाई पारदर्शी, सुशासनमैत्री र सेवाग्राहीको गुनासो सम्बोधन गर्न सहज हुने गरी सूचना केन्द्र व्यवस्थापन समिति गठन गरिएको बताउनुभयो।

## महानगर प्रमुख शाहसहित तीन जनासँग स्पष्टीकरण माग

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

निर्वाचन आयोगले काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह तथा नेकपा एमाले र हाम्रो नेपाल पार्टीका उम्मेदवारहरूलाई शनिबार स्पष्टीकरण सोधेको छ।

आयोगले प्रतिनिधि सभा सदस्य दाङ क्षेत्र नं. ३ का नेकपा (एमाले)का उमेदवार कोमल वली, हाम्रो नेपाल पार्टीका अध्यक्ष अनन्तराज घिमिरे र सोही पार्टीका काठमाडौँ क्षेत्रका नं. २ का प्रतिनिधि सभा सदस्य उम्मेदवार कोषराज सुवेदीलाई स्पष्टीकरण सोधेको हो। एमालेका उम्मेदवार वलीले चुनावी प्रचारमा बालबालिकाको प्रयोग गरेको, हाम्रो नेपाल पार्टीका उम्मेदवारहरूले दलीय आबद्धता स्पष्ट नगरी आफूहरूलाई महानगरपालिका प्रमुख बालेन्द्र शाहको समर्थन रहेको र लौरोको विजय निश्चित छ भनी प्रचार प्रसार गरेको देखिएको भन्दै स्पष्टीकरण सोधेको आयोगले जनाएको छ।

महानगर प्रमुख शाहलाई लेखिएको आयोगको पत्रमा भनिएको छ, "इन्जिनियर अनन्तराज घिमिरे अध्यक्ष रहेको हाम्रो नेपाल पार्टीसँग तपाईंको कुनै आबद्धता छ, छैन ? दलगत आबद्धता छैन भने उक्त दलले तपाईंको तस्बिर र नाम प्रयोग गरी आफ्नो दल र उम्मेदवारहरूले मत निरन्तर मागिरहेको देखिएकाले सो कार्य गर्न तपाईंको व्यक्त वा अव्यक्त सहमति छ, छैन ?" आयोगले शाहलाई उक्त प्रश्नको जवाफ पत्र प्राप्त भएको दुई दिनभित्र उपलब्ध गराउन भनेको छ।

त्यस्तै हाम्रो नेपाल पार्टीका अध्यक्ष घिमिरे र सोही पार्टीबाट काठमाडौँ क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य उम्मेदवार सुवेदीलाई सोधिएको स्पष्टीकरणमा दलीय आबद्धता स्पष्ट नगरी काठमाडौँ महानगरपालिका प्रमुख शाहको साथ छ, लौरोको विजय निश्चित छ भनी प्रचार प्रसार गरेर निर्वाचनको स्वच्छता र निष्पक्षता प्रभावित पारेको, आममतदातासमेतलाई भ्रमित गरेर प्रचलित निर्वाचन कानुनको उल्लङ्घन भएको जनाएको छ।

आयोगले उक्त दल र दलका उम्मेदवारले स्वतन्त्रको लौरो अभियान भनी प्रचार प्रसार गरेको विषयमा यसअघि पनि पत्राचार गरिसकेको जनाएको छ। पत्रमा सोधिएको छ, "तपाईंको दललाई आयोगबाट यसअघि दिएको निर्देशनविपरीत पुनः सोही कार्य दोहोरिएबाट तपाईंलाई निर्वाचन आचारसंहिता उल्लङ्घनमा निर्वाचन आयोग ऐन–२०७३ को दफा २३ को उपदफा (३) बमोजिम एक लाख रुपियाँसम्मको जरिवाना किन गर्नु नपर्ने हो ?" आयोगले पार्टी अध्यक्ष घिमिरेलाई २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेस गर्न र नगरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनी दिएको छ।

त्यस्तै एमालेकी उम्मेदवार कोमल वलीलाई सोधिएको छ, "तपाईंले निर्वाचन आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (ट)को प्रतिकूल हुनेगरी निर्वाचन प्रचार प्रसार गर्नुभएको होइन भन्ने आधार, प्रमाण के छ ? निर्वाचनका प्रक्रियाहरू अगाडि बढिसकेको तथा निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा तपाईंले किन जानाजान आचारसंहिता उल्लङ्घन हुने कार्य गर्नुभएको हो ?" आयोगले वलीलाई २४ घण्टाभित्र जवाफ पठाउन निर्देश गरेको छ। वलीले दाङका एक विद्यालयमा पुगेर विद्यार्थीमाझ आफ्ना कुरा राख्नुभएको समाचार बाहिरिएको थियो।

## रुपन्देहीमा पाका नेताबीच चुनावी प्रतिस्पर्धा

**गोविन्द रेग्मी/श्यामशङ्कर पाण्डे**
*रुपन्देही, कात्तिक १९ गते*



वालकृष्ण खाण



दीपक बोहोरा

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन नजिकिएसँगै रुपन्देहीमा चुनावी माहोल तातेको छ। पाँच दलीय गठबन्धन एवं सरकारका गृहमन्त्री बालकृष्ण खाणको गृहजिल्लासमेत रहेको रुपन्देहीमा चुनावी प्रचार प्रसारमा भने विगतको जस्तो झकिझकाउ छैन। उम्मेदवारहरू साधारण तरिकाले मतदाताको घरदैलोमा पुगेका छन्।

रुपन्देही–३ बाट प्रतिनिधि सभाका लागि पाँच दलीय गठबन्धनको साझा उम्मेदवारका रूपमा गृहमन्त्री खाण निर्वाचनमा होमिनुभएको छ। खाणलाई राप्रपाका पुराना नेता दीपक बोहोराले टक्कर दिँदै हुनुहुन्छ। बोहोराले पनि चुनावी प्रचार र घरदैलो कार्यक्रम सुरु गरिसक्नुभएको छ। नेपाली कांग्रेसका केन्द्रीय सदस्य खाण र राप्रपाका पाका नेताबीचको प्रतिस्पर्धालाई मतदाताले चासोका साथ हेरेका छन्।

दुवै नेता 'पावर'मा पुगिसक्नुभएकाले निर्वाचनमा को बलियो भनेर यसै भन्न नसिकिने रुपन्देही–३ सिद्धार्थनगरका गोपालप्रसाद न्यौपानेले बताउनुभयो। "अहिलेका चल्तापुर्जा कांग्रेस नेता खाण गृहमन्त्री पनि भइसक्नुभयो। गृहमन्त्रीजस्तो मान्छेलाई कमजोर आँक्ने कुरा भएन। यता २०३६ सालको जनमतसङ्ग्रहदेखि निरन्तर चुनाव लड्दै आउनुभएका बोहोरा पनि नेपाली राजनीतिमा भिजेको पात्र हुनुहुन्छ। बोहोरालाई अहिले नेकपा (एमाले) र जसपाको पनि समर्थन रहेको छ। बाहिर सडकमा चुनावी माहोल विगतको जस्तो नदेखिएकाले नतिजाबारे आँकलन गर्न सकिन्न," ६७ वर्षीय न्यौपानेले गोरखात्रसँग भन्नुभयो।

गृहमन्त्री खाणले भने यसपटकको चुनावी लडाइँ निरङ्कुशताविरुद्ध भएकाले आफ्नो जित सुनिश्चित भएको दाबी गर्नुभयो। "सबैखालको निरङ्कुशताविरोधी आन्दोलनमा होमिएर सफलता पाएको मान्छे हुँ। विद्यार्थी आन्दोलनदेखि अहिलेसम्म प्रजातन्त्र र सार्वभौमसत्ताका लागि लड्दै आएको छु। २०६४ को हावाहुरीमा त रुपन्देहीबाट कांग्रेसको एक्लो जित्ने मान्छे हुँ म। झन् अहिलेको गठबन्धनमा हारको त कल्पनासमेत गरेको छैन," उहाँले भन्नुभयो।

चुनावी घरदैलोका क्रममा गृहमन्त्री खाणले शुक्रबार राति मात्र यहाँ प्रजातान्त्रिक प्राध्यापक सङ्घको भेलालाई सम्बोधन गर्नुभएको थियो। सम्बोधनका क्रममा उहाँले प्राज्ञिक र शिक्षित वर्गलाई नीति निर्माणमा हस्तक्षेप गर्न आग्रहसमेत गर्नुभयो। "नीति निर्माण तहमा प्राध्यापक र विद्वत् वर्गको ठूलो भूमिका रहन्छ। यसले देश विकासका लागि खाका कोर्न प्रतिनिधिलाई सहयोग पनि पुग्छ," उहाँले भन्नुभयो। आफू २२ वर्ष निरन्तर कांग्रेसको केन्द्रीय सदस्य रहेको र गठबन्धनका सबै दलले रुचाएरै गृहमन्त्री बनेकाले आगामी दिनमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र जोगाउन लागिपर्ने पनि उहाँले बताउनुभयो।

"गठबन्धन युगले दिएको दायित्व हो। पञ्चायती व्यवस्था र राजतन्त्र फालेर गणतन्त्र ल्याए पनि बहुमतको नाममा फरकखालको तानाशाह देखापर्‍यो। त्यसैको परिवर्तनका लागि पाँच औँलाको मुठ्ठीजस्तै पाँच दलीय गठबन्धन बनाएका हौँ," उहाँले भन्नुभयो, "अबको हाम्रो नारा 'गणतन्त्र जोगाउने र जनताको जीवनस्तर बदल्ने हो।" खाणले शनिबार दिउँसो पनि गठबन्धनले भैरहवामा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्नुभएको थियो।

यता बोहोराले पनि यसपटक आफ्नो जित सुनिश्चित भएको बताउनुभएको छ। राप्रपाका नेता एवं पूर्वगृहराज्यमन्त्री निरञ्जन थापाले रुपन्देहीको विकासमा लामो समयदेखि जोडिनुभएका बोहोरालाई जिताउन अहिले सबै जनता लागिपरेको दाबी गर्नुभयो। स्वास्थ्य समस्याका कारण बोहोरा बोल्न सक्ने अवस्थामा हुनुहुन्न। 'पोस्ट कोभिड'का कारण बोहोरालाई केही समय चिकित्सकले नबोल्न सुझाव दिएको थापाले बताउनुभयो। बोहोरालाई एमालेसहित जसपाले समर्थन गरेको छ।

निर्वाचनमा उम्मेदवारले जित्छु भन्नु स्वाभाविक भए पनि पछिल्लो समय दलका नीति तथा कार्यक्रमलाई विश्वास गरेर मत हाल्ने काम हुन छाडेको सिद्धार्थनगर नगरपालिका–३ का सञ्जु गुरुङले बताउनुभयो। "नीति र कार्यक्रमभन्दा पनि को नेता बलियो र कसले परेको बेलामा काम गर्न सक्छ भनेर स्थानीयवासीले बढी महत्त्व दिने गरेका छन्। नेपालको राजनीति नीतिभन्दा पनि नेताप्रधान भइरहेको छ। नेता सदैव जनताको चौकीदार हुनुपर्ने हो तर मत हालुन्जेल जनप्रेमीजस्ता लाग्छन्। मत दिएर पठाएपछि आफ्ना नातागोता र आफन्तबाहेक अरूलाई चिन्दैनन्," गुरुङले भन्नुभयो।

प्रतिनिधि सभामा गृहमन्त्री खाण र राप्रपा नेता बोहोरा उम्मेदवार रहेको रुपन्देही–३ को प्रदेश सभा (क)मा गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सन्तोषकुमार पाण्डे र जसपाबाट महेन्द्र यादवले उम्मेदवारी दिनुभएको छ। रुपन्देही–३ को प्रदेश सभा (क)मा एमालेका उम्मेदवार छैनन्। यस्तै प्रदेश सभा (ख)बाट कांग्रेसका रामचन्द्र ढकाल र एमालेबाट तुलसीप्रसाद चौधरीबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ।



तस्बिर : नारद कोहार

तौलिहवाको बुद्ध पद्यम माविको खेल मैदानमा नमुना मतदान गर्दै मुस्लिम महिला ।

# स्वतन्त्रसहित दलको प्रचार तीव्र

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, कात्तिक १९ गते*

प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनका लागि प्रमुख राजनीतिक दलका बाहेक स्वतन्त्र उम्मेदवारी दिएका उम्मेदवारले आ-आफ्नो क्षेत्रभित्र प्रचारप्रसारको कामलाई तीव्र पारेका छन् । मतदाताका घरआँगनमा पुगेर उम्मेदवारले आफ्ना एजेन्डा प्रस्तुत गर्दै मत मागिरहेका छन् ।

यसै क्रममा काठमाडौँको क्षेत्र नं. ९ का उम्मेदवारले पनि मतदातासँग मत मागिरहेका छन् । वाम लोकतान्त्रिक गठबन्धनका तर्फबाट सो क्षेत्रका उम्मेदवार कल्पना धमला र प्रदेश सभा (२)का उम्मेदवार श्यामकृष्ण खड्काले आज चन्द्रागिरि नगरपालिका-१, दहचोकमा मतदातासँग मत मागेका छन् । वाम लोकतान्त्रिक गठबन्धनको महिला परिचालन तथा समन्वय समितिले आयोजना गरेको उम्मेदवार परिचयात्मक वडास्तरीय महिला भेलालाई सम्बोधन गर्दै प्रतिनिधि सभाका उम्मेदवार धमलाले संविधानको रक्षा र विकास तथा समृद्धिको लक्ष्य पूरा गर्ने उद्देश्यका साथ आफूहरू निर्वाचनको मैदानमा उत्रिएको बताउनुभयो ।

उहाँले जनताको मतको दुरुपयोग नगर्ने, संविधानविपरीत गएर कुनै पनि काम नगर्ने, भ्रष्टाचार नगर्ने तथा जनताको दुःखसुखमा साथ दिने दृढता

> मतको दुरुपयोग नगर्ने, संविधानविपरीत गएर कुनै पनि काम नगर्ने, भ्रष्टाचार नगर्ने तथा जनताको दुःखसुखमा साथ दिने

व्यक्त गर्नुभयो । नेकपा (माओवादी केन्द्र)का नेत्रीसमेत रहनुभएका उम्मेदवार धमलाले नेपाली जनताको शिर निहुराउने खालका कुनै पनि काम नगर्ने तथा आफू यही क्षेत्रको भएकाले कुनै अविश्वास नगर्न आग्रह गर्नुभयो । उम्मेदवार धमलाले ६० वर्ष पुगेपछि आफू कुनै पनि कार्यकारी पदमा नबस्ने उल्लेख गर्दै विपक्षी उम्मेदवारभन्दा आफूले देश र जनताका पक्षमा धेरै सङ्घर्ष गरेको कुरा मतदाताले जानकारी पाएको बताउनुभयो ।

कार्यक्रममा प्रदेश सभातर्फ २ का उम्मेदवार खड्काले वाम लोकतान्त्रिक गठबन्धनले मुलुकको दिगो हित र दीर्घकालीन लक्ष्य राखेकाले पराजित हुने छुट नभएको बताउनुभयो । सो अवसरमा गठबन्धनका उम्मेदवारले सडक, पर्यटन तथा सीपमूलक रोजगारी तथा उद्यमशीलताको विकासका सन्दर्भमा आआफ्ना एजेन्डा प्रस्तुत गर्नुभएको थियो । सो क्षेत्रमा नेकपा (एमाले)का तर्फबाट पूर्वमन्त्री कृष्णगोपाल श्रेष्ठ उम्मेदवार हुनुहुन्छ ।

## बाह्र मतदान स्थल अति संवेदनशील

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, कात्तिक १९ गते*

ओखलढुङ्गाका १२ मतदान स्थल अति संवेदनशील सूचीमा परेका छन् । प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका लागि जिल्लामा कायम भएका ८४ मतदान स्थलमध्ये १२ वटा अति संवेदनशीलको सूचीमा परेका हुन् । भूगोल तथा सुरक्षाको दृष्टिकोणले जिल्लाका १२ वटा मतदान स्थललाई अति संवेदनशील सूचीमा राखिएको जिल्ला सुरक्षा समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले जानकारी दिनुभयो । त्यस्तै २० वटा संवेदनशील र ५२ वटा मतदान स्थल सामान्य सूचीमा परेको उहाँले बताउनुभयो ।

मतदान स्थललाई भौगोलिक अवस्था, विगतमा भएको गतिविधि र उमेदवारको प्रतिस्पर्धालाई हेरेर मतदान स्थल वर्गीकरण गरिएको छ । आसन्न निर्वाचनमा जिल्लामा ८४ मतदान स्थलमार्फत एक लाख १७ हजार ८९७ जना मतदाताले मतदान गर्ने जिल्ला निर्वाचन कार्यालय ओखलढुङ्गाले जनाएको छ । जसमा पुरुष ५९ हजार ८१५ र महिला ५८ हजार ८१ मतदाता रहेका छन् ।

## मतदान स्थल निरीक्षण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

कैलालीका मुख्य निर्वाचन अधिकृत ओमप्रसाद अर्याल नेतृत्वको टोलीले प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि जिल्लाको निर्वाचन क्षेत्र नं. ५ मा तोकिएका मतदान स्थलको निरीक्षण गर्नुभएको छ ।

प्रमुख जिल्ला अधिकारी किरण थापासमेत संलग्न सो टोलीले शनिबार क्षेत्र नं. ५ भित्र पर्ने बेला आधारभूत प्राथमिक विद्यालय र राष्ट्रिय माध्यमिक विद्यालय मतदान स्थलको निरीक्षण गरेको हो । उहाँहरूले निर्वाचन क्षेत्र नं. ३ का विभिन्न मतदान स्थलको समेत निरीक्षण गर्नुभएको छ । जिल्लामा २३७ मतदान स्थल तोकिएको छ ।

# भेदभावका मुद्दा प्राथमिकतामा परेनन्

**लक्ष्मण दर्नाल**
*काठमाडौँ, कात्तिक १९ गते*

प्रमुख राजनीतिक दलले जातीय भेदभाव तथा छुवाछूतलाई घोषणापत्रमा खासै प्राथमिकता दिएका छैनन् । कुल जनसङ्ख्याको करिब १४ प्रतिशत जनसङ्ख्या अहिले पनि जातीय भेदभाव तथा छुवाछूतको सिकार बन्ने गरेका छन् । राजनीतिक दलका घोषणा पत्र हेर्दा परम्परागत दृष्टिकोणबाट माथि उठेको देखिँदैन ।

केही राजनीतिक दलले जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने प्रतिबद्धता आफ्नो घोषणा पत्रमा बुँदागत रूपमा गरे पनि केहीले भने दलित शब्द नै उल्लेख गरेका छैनन् । प्रमुख दल नेपाली कांग्रेसले जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने योजनासहितका प्रतिबद्धताभन्दा पनि 'कांग्रेसले विगतमा राष्ट्रिय दलित आयोग गठन गरेको थियो' भनेर घोषणापत्रमा उल्लेख गरेको छ ।

राजनीतिक, संवैधानिक तथा कानुनी दृष्टिकोणले जतिसुकै सुधार गरे पनि व्यवहारमा सामाजिक विभेद तथा विकृति-विसङ्गति आज पनि जटिल रहेको चर्चा गर्दै कांग्रेसले भनेको छ, "विद्यमान सबै प्रकृतिका विभेदको समूल अन्त्य गर्न नेपाली कांग्रेस कृतसङ्कल्पित छ ।"

"संविधानको भावना र मर्मअनुसार महिला, दलित, आदिवासी-जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक समुदाय र दुगर्म क्षेत्रका जनताको राज्यका विभिन्न तह र निकायमा न्यायोचित प्रतिनिधित्व गराई समावशिताको सिद्धान्त पालना गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ ।"

पाँच वर्षमा गर्न सकिने २० बुँदा ग्यारेन्टीसहित घोषणापत्र सार्वजनिक गरेको नेकपा (एमाले)ले दलितलाई एउटा बुँदामा पनि समेटेको छैन । महिला सहभागिता र सशक्तीकरणलाई बुँदागत समेटे पनि दलितका सवाललाई समग्रतामा प्रतिबद्धता गरेको छ । नेकपा (एमाले)ले छुवाछूत, छाउपडी, दाइजो, तिलक, जातीय तथा लैङ्गिक भेदभाव, अन्धविश्वास, कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउँदै सामाजिक-आर्थिक र सांस्कृतिक रूपान्तरणमा युवाको भूमिका बढाइने प्रतिबद्धता गरेको छ । "महिला हिंसा, मानव बेचबिखन, बलात्कार, बँधुवा श्रम, छुवाछूत, प्रथा आदि सामाजिक विकृति र शोषणका सबै किसिमको सारभूत रूपमा अन्त्य गरी सभ्य समाजको निर्माण गरिनेछ," घोषणापत्रमा भनिएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले भने 'दलित अधिकार' शीर्षकमा नौँ बुँदा प्रतिबद्धता गरेको छ । "दलित समुदायलाई सङ्घ, प्रदेश र स्थानीय तहका निजामती सेवा, सेना, प्रहरी राज्यका सम्पूर्ण अङ्गहरूमा दलित समुदायको समानुपातिका साथै अन्य अधिकार थप गरी क्षतिपूर्तिको सिद्धान्तअनुसार विशेषाधिकारको व्यवस्था गरिने प्रतिबद्धता गरेको छ ।" घोषणापत्रअनुसार दलितका लागि आधारभूत शिक्षादेखि माध्यमिक शिक्षासम्म अनिवार्य साथै निःशुल्क गरिनेछ ।

प्राविधिक र व्यावसायिक उच्चशिक्षामा दलित समुदायका लागि समानुपातिक स्थानको सुनिश्चित गरी छात्रवृत्तिसहित निःशुल्क अध्ययन गर्नका लागि यथाशीघ्र कानुन बनाइने माओवादीले घोषणापत्रमा उल्लेख गरेको छ । "छुवाछूतमुक्त राष्ट्र घोषणालाई व्यावहारिक र प्रभावकारी कार्यान्वयन गर्न बजेटसहितको सबै पालिकासम्म 'सांस्कृतिक रूपान्तण अभियान'अन्तर्गत अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरू सञ्चालन गरिनेछ," घोषणा पत्रमा उल्लेख छ ।

अन्तरजातीय विवाह गर्नेहरूलाई आत्मनिर्भर बनाउनका लागि आवश्यक रोजगारमूलक तालिम तथा बिनाधितो सहुलियत ब्याजदरमा १० लाखसम्मको बैङ्क कर्जा उपलब्ध गराइने प्रतिबद्धता गरेको छ । दलित समुदायको समग्र विकासका लागि सङ्घ/प्रदेशस्तरमा 'दलित विकास प्राधिकरण' स्थापना गरी दलित युवाको रोजगारी-स्वेरोजगारीका लागि विशेष आर्थिक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)ले छुवाछूत व्यवहार गर्नु जघन्य अपराध भएको चर्चा गरेको छ । त्यसका निम्ति 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' को प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । दलितको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक समस्यालाई एकीकृत प्रगतिशील आरक्षणको प्याकेज निर्माण गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

'जातीय मुक्तिका लागि सांस्कृतिक रूपान्तरण, वर्गीय मुक्तिका लागि समाजवाद' भन्ने विचारद्वारा आधारभूत वर्ग र दलित समुदायलाई प्रशिक्षित गर्दै सामाजिक चेतना विस्तारको अभियानलाई अझ घनीभूत बनाइनेछ, समाजवादीले घोषणापत्रमा भनेको छ । 'एक दलित बस्ती एक सहकारी र एक दलित परिवार एक रोजगारी'सहित 'नमुना दलित बस्ती विकास कार्यक्रम' लागू गर्न पहल गर्नेलगायतका प्रतिबद्धता समाजवादीले गरेको छ ।

जनता समाजवादी पार्टी नेपाल (जसपा)ले दलित/शिल्पी समुदाय भनेर छबुँदे प्रतिबद्धता गरेको छ । दलित समुदायको जनसङ्ख्याको आधारमा प्रतिनिधित्व र आरक्षणको व्यवस्था गर्नुका साथै राजनीतिक प्रतिनिधित्वका लागि छुट्टै आरिक्षत क्षेत्रको व्यवस्था गर्ने प्रतिबद्धता गरेको छ । छुवाछूत पीडित व्यक्तिलाई कानुनबमोजिम सम्बन्धित व्यक्तिबाट क्षतिपूर्ति तथा पीडकलाई कडाभन्दा कडा कारबाहीका लागि संविधानतः पैरवी गर्ने व्यवस्था गर्ने ।

दलित शिल्पी समुदायलाई स्वायत्त प्रदेशसरहको गैरभौगोलिक विशेष प्रदेशको अधिकारका साथै राज्यको सबै अङ्गमा समानुपातिक प्रतिनिधित्व र विशेषअधिकारको व्यवस्था गरिनेछ । यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीले दलित शब्द नै नराखी उत्पीडित समुदाय भनेर दलितलाई समेट्ने प्रयास गरेको छ ।

# चार हिमाली जिल्लामा निर्वाचन सामग्री ढुवानी



**हुम्ला समाचारदाता**
*हुम्ला, कात्तिक १९ गते*

प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि चारै किसिमका मतपत्र र निर्वाचन सामग्री कर्णालीका चार जिल्लामा ढुवानी भएको छ । सडक यातायात नजोडिएको कर्णालीका हिमाली हुम्ला र डोल्पालगायत जुम्ला र मुगुमा पनि नेपाली सेनाको हेलिकोप्टरबाट सुर्खेतदेखि ती सामग्री र मतपत्र ढुवानी भएका हुन् ।

कर्णाली प्रदेश निर्वाचन अधिकारी दुर्गाप्रसाद चालिसेले शनिबारसम्म चारवटै हिमाली जिल्लामा मतपत्र र निर्वाचन सामग्री पुगेको बताउनुभयो । उहाँले शुक्रबार बेलुका र शनिबार बिहान डोल्पा र हुम्ला जिल्लामा सेनाको हेलिकोप्टरबाट मतपत्र र निर्वाचन सामग्री पुगेपछि सडक यातायात सहज नभएका सबै जिल्लामा पुगेको जनाउनुभयो । उहाँले विशेष गरी यी दुई जिल्लामा मतपत्र पुगेपछि अब सहज भएको जानकारी दिनुभयो ।

यसअघि जुम्ला र मुगु जिल्लाका लागि पनि हेलिकोप्टरबाट मतपत्र र निर्वाचन सामग्री ढुवानी भइसकेको छ । उहाँले पैदेशका अन्य छवटा जिल्ला कालीकोट, दैलेख, जाजरकोट, सल्यान, रुकुम पश्चिम र सुर्खेतमा पैदल मार्गबाट ती सामग्री गाडीबाट पठाइएको बताउनुभयो । निर्वाचनका लागि आवश्यक पर्ने मतपत्र र ५८ प्रकारका सामग्री प्रदेशका सबै जिल्लामा पुग्ने पुगिसकेपछि निर्वाचनको तयारी करिब करिब पूरा भएको उहाँको भनाइ छ । प्रदेशका हिमाली जिल्लामा हेलिकोप्टर चार्टर गरेर मतपत्र पुऱ्याइएको छ ।

यसैबीच हुम्लाका निमित्त जिल्ला निर्वाचन अधिकृत श्यामबहादुर रानाले निर्वाचनका लागि आवश्यक पर्ने १५० पेटी मतपत्र र ४३ प्रकारमा निर्वाचन प्रयोजनका सामग्री जिल्लामा आइपुगेको जानकारी दिनुभयो । उहाँले सबै प्रकारका मतपत्र मुख्य निर्वाचन अधिकृत र निर्वाचन सामग्री निर्वाचन कार्यालयमा राख्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । यसअघि नेपालगञ्जबाट हवाई जहाजबाट मतदान शिक्षासम्बन्धी सामग्री जिल्लामा आएको र हाल मतदाता शिक्षा कार्यक्रम जिल्लाका ४४ वटै वडामा लागू भइसकेको छ ।

# उम्मेदवारलाई जिज्ञासाको फेहरिस्त

**लहान समाचारदाता**
*लहान, कात्तिक १९ गते*

मङ्सिर ४ गते हुने निर्वाचनका लागि उम्मेदवारहरू यतिबेला घरदैलोमा व्यस्त छन् । घरदैलो गर्न पुगेका उम्मेदवारसँग मतदाताले भौतिक विकास र सामाजिक विकृति हटाउन अहिलेसम्म किन काम नभएकोलगायतका प्रश्न गर्न थालेका छन् ।

सामुदायिक विद्यालयमा अपेक्षित सुधार नहुनु, अस्पतालमा उपचार हुन नसक्दा निजी अस्पताल र क्लिनिकमा जानुपर्ने बाध्यता, मलखाद समयमा नपाउनु, सडक निर्माण र सामाजिक विकृतिका रूपमा रहेको दाइजो नियन्त्रण र नदी कटानबाट उत्पन्न समस्यालगायतका प्रश्न गर्नुका साथै निर्वाचनको बेला दुवै हात जोडेर मत माग्ने तर जितेर गएपछि कहिले फर्केर नआउनेलगायतका गुनासा मतदाताले उम्मेदवारसँग राख्ने गरेका छन् ।

सिरहा-२ बाट सत्तारूढ गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार चित्रलेखा यादवले भन्नुभयो, "जनतामा व्यापक चेतना देखियो । पाँच वर्षमा एक पटक निर्वाचनमा जनतालाई मुख देखाएर हुँदैन । जनपक्षीय काम गर्न नसक्ने नेताको भविष्य नरहेको आफूले अनुभव गरेकी छु ।"

मतदाताले गठबन्धनको पक्षमा मतदान गरेर गठबन्धनलाई जिताउनेछ तर चुनावी प्रतिबद्धता र जनतासँग निरन्तर सुखदुःखमा साथ नरहने राजनीतिक दल तथा नेताको भविष्य नरहेकाले यसप्रति समेत सचेत हुनुपर्ने अनुभव आफूले गरेको उम्मेदवार यादवले बताउनुभयो । पहिलो पटक प्रतिनिधि सभा र प्रदेश सभाका लागि उम्मेदवार भएकाहरू विगतमा चुनिएर गएकाले के के काम गरे, प्रतिबद्धता किन पूरा गरेनन्, कमजारी के रह्यो आदि जोडदार रूपमा उठाउँदै आफूले अघिल्लाले गर्न नसकेका कुरा पूरा गरिदिने वाचा गर्ने गरेका छन् । उम्मेदवारहरू प्रतिबद्धताको फेहरिस्त बोकेर घरदैलोमा मत माग्न व्यस्त छन् ।

सिरहा-२ बाट स्वतन्त्र उम्मेदवार रहनुभएका सुरेश कार्की, रामरिझन यादव र देवकुमार यादवले विगतमा जितेका उम्मेदवारले आश्वासन मात्रै बाँडेको काम केही नगरेकाले नयाँ अनुहार भएका स्वतन्त्र उम्मेदवारलाई अवसर दिनुपर्ने बताउनुभयो । विगतका निर्वाचनमा गाउँमा दलका उम्मेदवार आउँदा उनीहरूले भनेका कुरा मतदाताले मात्रै सुन्थे तर अब विगतमा जितेर गएपछि प्रतिबद्धता किन पूरा गर्नुभएन, अब जितेर गएपछि के गर्नुहोला भन्ने जिज्ञासा उम्मेदवारहरूसँग मतदाताले गरिरहेको सखुवान्नरकट्टी-३, महदेवाका महेश्वर यादवले बताउनुभयो ।

नागरिक समाजका अगुवा डा. नवोनारायण झाले भन्नुभयो, "मतदाता सचेत भएर उम्मेदवारसँग राखिरहेको जिज्ञासाले सही जनप्रतिनिधि यस पटक चुनिने देखिएको छ ।"

# किसानलाई धानको चटारो उम्मेदवारलाई भोटको हतारो

**जयकृष्ण यादव**
*इनरुवा, कात्तिक १९ गते*

किसान खेतमा व्यस्त रहँदा प्रतिनिधि तथा प्रदेश सभाका उम्मेदवार धान खेतमै भोट माग्न पुग्न थालेका छन् । निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारलाई भोट माग्न हतारो छ भने सुनसरीका कृषकलाई धान थन्क्याउने चटारो परेको छ ।

निर्वाचन आउन केवल दुई हप्ता मात्र बाँकी रहँदा यहाँका राजनीतिक दल तथा स्वतन्त्रका उम्मेदवार, नेता र कार्यकर्ता भोट माग्न गाउँघर पसेर घरदैलोमा व्यस्त रहनुभएको छ । किसान धान थन्क्याउन खेतमा व्यस्त रहँदा उम्मेदवारहरू मत माग्न धान खेतमै पुग्न थालेका हुन् । भोट माग्न जाँदा मतदातालाई घरमा नभेटेपछि उम्मेदवारहरू धान खेत र खलियान मै पुग्न थालेका छन् ।

यहाँका अधिकांश उम्मेदवाहरू भोट माग्न घरदैलोका क्रममा खेत र खलियान पुग्ने गरेका छन् । गाउँमा मानिस घरमा नभेटिए पछि धान खेत मै भोट माग्न सुनसरीको निर्वाचन क्षेत्र नम्बर २ प्रतिनिधि सभा नेपाली कांग्रेसतर्फका उम्मेदवार सीताराम मेहता र प्रदेश नम्बर २ (ख)का उम्मेदवार राजीव कोइराला, सुनसरीको निर्वाचन क्षेत्र नम्बर ३ प्रतिनिधि सभा नेकपा (एमाले)का उम्मेदवार भगवती चौधरी र प्रदेश नम्बर ३ (ख)का उम्मेदवार रामदेव यादवसहितका पुगेको किसानले बताएका छन् ।

जिल्लाको इनरुवा-९ बबियामा देवनारायण शर्माले खेतको धान स्याहार्दै गरेका बेला उम्मेदवारहरू भोट माग्न खेत मै पुगेको बताउनुभयो । धान स्याहार्दै र भैँसीसमेत चराउँदै गरेका बेला भोट माग्न पुगेका दुई नेतालाई शर्माले छोराछोरीलाई रोजगार र समयमा मलखादको व्यवस्था गर्नेलाई आफूले मत दिने बताउनुभयो । त्यसैगरी बर्जु गाउँपालिका-३, अमडुवामा एमालेका प्रदेश सभा क्षेत्र नम्बर ३ (ख)का उम्मेदवार रामदेव यादवले पनि खेतमै गएर भोट माग्नुभयो । खेतमा पुग्नुभएका यादवलाई स्थानीय शर्मिला चौधरीले भन्नुभयो, "नेताहरूलाई पटक-पटक जिताएर पठायौँ तर हाम्रो माग अहिलेसम्म पूरा भएको छैन ।"

उम्मेदवार यादवले किसानको माग जायज भएको र आफू दुई पटक उम्मेदवार भए पनि पराजित भएकाले यस पटक सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले आफ्नो पहल र प्रयासमा यस क्षेत्रमा कृषिका लागि धेरै काम गरेको बताउनुभयो । उहाँले आफूले

> भोट माग्न आउँदा उम्मेदवारहरूलाई मल र सिँचाइ उपलब्ध गराउ अनि मत दिन्छौँ भन्दा उनीहरूले प्रयास गर्छौं भन्दै झारा टार्ने गरेका छन्

यस पटक मौका पाए कृषकको माग पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

हरिनगर गाउँपालिका-१, भुटाहाका कृषक युवाक मुखियाले मलखमद र सिँचाइका लागि कसैले चासो नदिएको बताउनुभयो । "गाउँमा भोट माग्ने नेताहरूको लर्को छ तर कृषकको समस्याप्रति उनीहरूलाई कुनै मतलव नै छैन," मुखियाले भन्नुभयो, "भोट माग्न आउँदा उम्मेदवारहरूलाई मल र सिँचाइ उपलब्ध गराउ अनि मत दिन्छौँ भन्दा उनीहरूले प्रयास गर्छौं भन्दै झारा टार्ने गरेका छन्," उहाँले भन्नुभयो ।

सुनसरीमा ५५ हजार हेक्टर खेती योग्य जमिनमध्ये सिँचाइ अभावमा ४५ प्रतिशत खेती आकाशे पानीको भरमा कृषकहरूले गरिरहेका छन् । सिँचाइका लागि ठूला-ठूला आयोजना निर्माण नहुनु र भएका नहर तथा योजनाको नियमित मर्मतसम्भार नहुँदा सिँचाइ यहाँको प्रमुख समस्या बनेको छ ।

उत्पादन बढाउन सिँचाइको ६० प्रतिशत बढी भूमिका हुने कृषि प्राविधिक बताउँछन् । त्यसैगरी मलको अभावमा पनि किसानको उत्पादन घटेकाले यसमा ध्यान दिन पनि उम्मेदवारहरूलाई आग्रह गर्दै पठाएको किसानको भनाइ छ । सुनसरीमा चार प्रतिनिधि सभा सदस्य र आठ प्रदेश सभा सदस्यका लागि जिल्लामा दुई सय पाँच जना चुनावी मैदानमा छन् । जिल्लामा वाम लोकतान्त्रिक गठबन्धन र एमालेबीच नै अधिकांश स्थानमा प्रतिस्पर्धा रहेको मतदाता बताउँछन् ।

जिल्लामा चार प्रतिनिधि सभा र आठ प्रदेश सभा सदस्य निर्वाचनमा पाँच लाख ४४ हजार ९४१ मतदाताले मतदान गर्ने भएका छन् । मङ्सिर ४ गते हुने निर्वाचनमा दुई लाख ७४ हजार ७०५ पुरुष र दुई लाख ७० हजार २३४ महिला गरि कुल पाँच लाख ४४ हजार ९४१ मतदाताले मतदान गर्ने भएका हुन् । जिल्लामा पुरुष मतदाताभन्दा महिला मतदाता सङ्ख्या चार हजार ४७१ ले कम रहेको छ ।



'के हो ठूलो जगत्मा ?' 'पसिना विवेक'
'उद्देश्य के लिनु ?' 'उडी छुनू चन्द्र एक ।'
– *लक्ष्मीप्रसाद देवकोटा*

सम्पादकीय

# चर्को ब्याजदरको असर

**कुनै पनि मुलुकमा औद्योगिक गतिविधिसहित सम्पूर्ण अर्थतन्त्रलाई चलायमान बनाउन बैङ्क तथा वित्तीय संस्था र उद्योग–व्यवसायबीच निकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यी दुईबीचको सम्बन्ध नङ र मासुभैँ हुनुपर्छ । एकलाई परेको समस्याले अर्कोलाई प्रत्यक्ष रूपमै प्रभावित गरिरहेको हुन्छ । यी दुवै क्षेत्रको सकारात्मक विकासका निम्ति दुवैबीच सौहार्द र रचनात्मक सम्बन्ध विस्तार हुनु अति आवश्यक देखिन्छ तर नेपालका सन्दर्भमा विश्लेषण गरिँदा बैङ्क तथा वित्तीय संस्था र उद्योग व्यवसायबीचको सम्बन्ध सोचेजस्तो राम्रो हुन सकेको छैन । बैङ्क तथा वित्तीय संस्थाले लगानीलाई नै प्रतिकूल असर पार्ने गरेको व्यवसायीको आरोप रहने गरेको छ ।**

**खासगरी ब्याजदर अर्थतन्त्रको सबैभन्दा महत्त्वपूर्ण समस्या भएको छ । यसको प्रत्यक्ष नकारात्मक असर मुलुकको अर्थतन्त्रमा पर्नेमा कुनै शङ्का छैन । उद्योगी, व्यवसायीको मुख्य असन्तोषको विषय भनेकै वर्तमानमा बैङ्क तथा वित्तीय संस्थाद्वारा प्रदान गरिने ऋणमा चर्को ब्याजदर हो । यसबाट उद्योग, व्यवसाय सञ्चालनमा समस्या आइरहेको उनीहरूको गुनासोलाई पूर्ण रूपमा बेवास्ता गर्न सकिन्न । वास्तवमा नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकमा हाल भएकाजति राष्ट्रियस्तरका वाणिज्य बैङ्कको सङ्ख्याका बारेमा बेलाबखतमा बहस हुने गरेकै हो । दुई दर्जनभन्दा बढी राष्ट्रियस्तरका वाणिज्य बैङ्क नेपालका लागि आवश्यक हो कि होइन, यससम्बन्धमा यकिन गर्नु जरुरी भइसकेको छ । यी बैङ्कको सञ्चालन खर्चलगायत विविध शीर्षकमा गरिने खर्चहरूको लागत बढेको छ । बैङ्कले ग्राहकबाट उठाउने विभिन्न किसिमका सेवा शुल्कलगायत ब्याजदर वृद्धिका प्रमुख पक्ष भएको तथ्यलाई नकार्न सकिँदैन । यसबाट उद्योग, व्यवसायीलगायत सर्वसाधारण ऋणीको ढाड सेकिने अस्वाभाविक विषय पनि होइन । मूल कुरा त ब्याजदरलगायत बैङ्कको व्यवहारमा विवेक प्रयोग हुनै छाडेजस्तो छ ।**

**चर्को ब्याजदरकै कारण उद्योग, व्यवसायी शान्तिपूर्ण आन्दोलनमा उत्रिनुपर्ने अवस्था सिर्जना हुनुलाई उपयुक्त भने मान्न सकिँदैन । काठमाडौँलगायत मुलुकका विभिन्न स्थानमा यस प्रकारका आन्दोलन देखिन सुरु भइसकेका छन् । आन्दोलनले ब्याजदर निर्धारण हुन थाल्यो भने मौद्रिक अर्थशास्त्रको के काम भयो र ? उद्योगी व्यवसायीले यो स्थितिलाई वित्तीय आतङ्कको अवस्थाका रूपमा चित्रण गर्न थालेको अवस्थासमेत छ । कतिपय तिनै व्यवसायी बैङ्क तथा वित्तीय संस्थाका लगानीकर्ता र सञ्चालकसमेत छन् । यो स्वार्थको विरोधाभाषसमेत हो । मागका रूपमा ब्याजदर एकल अङ्कमा भार्नुपर्ने, बैङ्कको सेवा शुल्क हटाउनुपर्ने, प्रिमियममा कटौती तथा ब्याजदरमा स्थिरता उनीहरूको माग रहिआएको छ । पक्कै भन्न सकिन्छ, माग अस्वाभाविक छैनन् ।**


**खासमा माग र आपूर्तिको सिद्धान्तअनुसार ब्याजदर निर्धारण हुनुपर्ने हो । यता एक वर्षदेखि बैङ्क तथा वित्तीय संस्थाबाट ठूलो धनराशि गायब भएको छ । कतिपयले निर्वाचनमा हुने खर्च अनौपचारिक तवरले भइरहेकाले लगानी गर्न योग्य पैसा बैङ्क तथा वित्तीय संस्थासित नभएको ठानेका छन् । हालका दिनमा देखिएको चर्को ब्याजका कारण त्यसैलाई लिने गरिन्छ । समस्या समाधानका निम्ति सरकार तथा राष्ट्र बैङ्कको पहल जरुरी नै छ । ब्याजदर बढ्दै जाँदा मुलुकको अर्थतन्त्रमा यसले निम्त्याउने विषम परिस्थितिको आकलन समय छँदै गरिँदा अर्थतन्त्रलाई सही बाटोमा ल्याउन सहज हुनेछ । भोलिका दिनमा औद्योगिक वातावरण खल्बलिँदा यसबाट रोजगारी, राजस्वजस्ता क्षेत्रमा पर्ने प्रभावबारे अध्ययन, अनुसन्धान जरुरी छ । ब्याजदर तथा तरलता अभावको प्रत्यक्ष असर व्यावसायिक वातावरणमा पर्ने भएकाले पनि यसतर्फ सम्बद्ध पक्षको ध्यानाकर्षणमा ढिलाइ गरिनु हुँदैन । यससम्बन्धमा व्यवसायीले राखेको माग सम्बोधन गर्न अर्थ मन्त्रालयले गठन गरेको सहसचिवस्तरीय समितिले समेत ब्याजदर वृद्धि नियन्त्रण गरिनुपर्ने सुझावलाई पनि मनन गर्नु जरुरी देखिन्छ ।**

**केही समयपहिले नेपाल बैङ्कर्स सङ्घले ब्याजदर नबढ्ने प्रतिबद्धता व्यक्त गरे पनि हाल आएर बैङ्कले कर्जामा लिने ब्याजदर १८ प्रतिशतसम्म पुगेको पाइन्छ । यो अवस्थालाई पक्कै पनि उद्योगी, व्यवसायीका लागि अनुकूल अवस्था मान्न सकिँदैन । बढ्दो ब्याजदरका कारण प्रदेश नं. १ का उद्योगी, व्यवसायीले बैङ्क तथा वित्तीय संस्थासँग आर्थिक कारोबार नगर्नेसम्मका घोषणाको तयारी गर्न थालेका छन् । यो राम्रो कुरा होइन । केन्द्रीय बैङ्कले समयमै सोच्नुपर्छ । बैङ्क तथा वित्तीय संस्थाहरू र उद्योगी–व्यवसायीबीच सम्बन्ध सुधार वर्तमानको आवश्यकता हो । त्यसनिम्ति ब्याजदरमा विवेक प्रयोग गर्नु जरुरी छ । सही ब्याजदर दुवै पक्षको हितमा छ र अर्थतन्त्रलाई सही दिशा दिनसमेत यसले सघाउ पुऱ्याउँछ ।**

# चुनावी घोषणापत्रको औचित्य



शंकरमान सिंह




चुनावी घोषणापत्र ल्याटिन शब्द, 'म्यनिफस्तुम'बाट आएको हो, जसको अर्थ स्पष्ट पार्नु हो। १८४७ को कोट नरसंहारपछि सत्तामा आएपछि जङ्गबहादुर राणाले शासन गर्दा सन् १८४८ मा मार्क्सद्वारा लिखित कम्युनिस्ट पार्टीको घोषणापत्र सार्वजनिक भएको थियो। संसदीय लोकतन्त्रको जन्मभूमि इङ्गल्यान्डमा पहिलो घोषणापत्र सन् १९०० को निर्वाचनमा जोन सालिसबरीले सार्वजनिक गरेका थिए।

नेपालका राजनीतिक दलले सन् १९५८ को आमनिर्वाचनमा नेपाली कांग्रेस र अन्य दलले आफ्नो पहिलो घोषणापत्र प्रस्तुत गरेका थिए। घोषणापत्रमा सामान्यतया चार भाग हुन्छन्। पहिलो भाग विश्वका साथै देशका प्रचलित राजनीतिक घटनाक्रमको पृष्ठभूमिमा केन्द्रित रहन्छ। त्यो पार्टी वा स्वतन्त्र उम्मेदवारको वैचारिक हैसियतले जसरी भए पनि पछ्याउँछ। तेस्रो भागमा उम्मेदवारका प्रतिबद्धता समावेश हुन्छन् र चौथो भागले यी प्रतिबद्धता पूरा गर्न सकिने तरिका र माध्यम सूचीबद्ध गर्छ।

पश्चिमका राजनीतिक दल विशेषगरी बेलायतमा चुनावपछि घोषणापत्र अक्षरशः र भावनाबाटै लागू गर्न दृढ भएर लागेको देखिन्छ। घोषणापत्र वा प्रतिबद्धतापत्र विकसित देशमा पनि थोरै व्यक्तिले पढ्छन्। स्पष्ट रूपमा नेपालजस्तो विकासोन्मुख देशमा कम मानिसले पढ्छन्। अन्य देशमा र विशेषगरी नेपालमा चुनावको समयमा जनताको विश्वास जित्न घोषणापत्र प्रयोग गरिन्छ। चुनावपछि सामान्यतया दलहरूको घोषणापत्रमा धुलो जम्मा हुने गर्छ। घोषणापत्रलाई सामान्यतया महत्त्वपूर्ण र उपयोगी कागजात मानिन्छ।

देशले भोग्नुपरेका समस्या धेरै छन्, तर तीमध्ये सबैभन्दा ठूलो भनेको वैदेशिक रोजगारीका लागि युवाको उडान, बढ्दो आयात र जलवायु परिवर्तन हो। प्रमुख दलले सार्वजनिक गरेका यी प्रमुख समस्यामा कति गम्भीर होलान् ? त्यो कार्यान्वयनको चरण आएपछि थाहा होला।

नेपाली कांग्रेसले न्यूनतम वार्षिक ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्यसहित आर्थिक सुधारको नयाँ चरणमा प्रवेश गर्ने वाचा गर्दै आफ्नो चुनावी घोषणापत्रलाई सङ्कल्पपत्रको नाममा सार्वजनिक गरेको छ। २०४८ सालपछि कांग्रेस नेतृत्वको सरकारले पहिलो चरणको आर्थिक सुधार सुरु गरेका कारण हालसम्म अर्थतन्त्र चलायमान रहेको हो। वामपन्थी राजनीतिक दलहरूले त्यसको खुलेर विरोध गरे पनि आफू सत्तामा रहँदा आर्थिक नीतिलाई परिवर्तन गर्ने हिम्मत नगरेका कारण पनि कांग्रेसले दोस्रो चरणको आर्थिक सुधारको सङ्कल्प गरेको हुनुपर्छ। अन्यथा कांग्रेसभित्र आर्थिक सुधार तथा त्यसबाट सिर्जित खुला बजारका बारेमा फरक–फरक बुझाइ छ भने वामपन्थी दलले फरक व्याख्या गर्नु अस्वाभाविक होइन।

दलहरूले घोषणापत्रमा जति रोजगारी सिर्जना गर्ने प्रतिज्ञा गरे पनि नेपाली युवाका लागि वैदेशिक रोजगारीको विकल्प छैन। कोरोना कहरका कारण नेपाली युवा वैदेशिक रोजगारीमा जान घटेसँगै सुरु भएको नेपाली बाह्य क्षेत्रमा दबाब तथा विदेशी मुद्रा सञ्चितिमाथिको दबाब कायमै छ। त्यसैले मुलुकभित्र रोजगारी सिर्जना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ऐन, नियम, कानुन ल्याउने तथा कडाइका साथ नियमन गर्ने काम सरकारको हो। सरकारले सिर्जना गर्ने रोजगारी सीमित हुन्छ भने निजी क्षेत्रले अवसर पाउँदा असीमित रोजगारी सिर्जना गर्न सक्छ। यसको अर्थ निजी क्षेत्रलाई छाडा छोड्नुपर्छ भनिएको होइन न त सिन्डिकेट गर्न दिनुपर्छ नै भनिएको हो।

केही वामपन्थी दलले निजी क्षेत्रलाई अगाडि बढाउने नाममा सिन्डिकेट तथा आफ्ना आसेपासेलाई व्यापार व्यवसाय गर्न नीतिगत निर्णय गरेको मत राख्ने गरेका छन्। त्यसैले सबै नेपाली नागरिकलाई समान अवसर प्राप्त हुने अनि कुनै विशेष व्यक्ति वा समूहका लागि मात्र अवसर सिर्जना गर्ने काम उदारीकरणको विकृत स्वरूप हो। किनकि उदारीकरणको अनिवार्य सर्त स्वच्छ प्रतिस्पर्धा हो।

कांग्रेसले आफ्नो सङ्कल्पपत्रमा रोजगारीका सम्भावना बोकेका क्षेत्रमा वार्षिक दुई लाख ५० हजार नयाँ रोजगारी सिर्जना गर्ने एवं विपन्नका लागि न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गर्ने वाचा पनि गरेको छ। अन्य दलले पनि रोजगारी सिर्जना गर्ने वाचा गरेका छन्, गर्छन् तर निजी क्षेत्रलाई अगाडि नबढाई नेपाली रोजगार बजारमा बर्सेनि आउने करिब पाँच लाख युवालाई रोजगारी सिर्जना गर्न सकिन्न। निजी क्षेत्रका नाममा कसलाई कसरी अगाडि सार्ने वा नसार्ने भन्ने विषयमा हाल भारतका केही उदाहरणबाट पनि नेपाली दलले सिक्नु आवश्यक छ। अझ चीनको सरकार नियन्त्रित निजी क्षेत्रको उदाहरण त नेपालका वामपन्थी दलले लागू गर्ने प्रयास नगरेका होइनन्।

कांग्रेसले सार्वजनिक गरेको सङ्कल्पपत्रको दफा ३.३ को उपदफा ३.३.१ मा भनिएको छ, "मुग्लिनदेखि पोखरासम्मको पृथ्वी लोकमार्गलाई चार लेनको बनाउनेछौँ।" सार्वजनिक निकायमा बसेका व्यक्तिको सम्पत्ति प्रत्येक वर्ष सार्वजनिक गरिनेछ भनेर प्रतिबद्धता गरेको छ। ७ प्रतिशतको आर्थिक वृद्धि र १२ लाख ५० हजारलाई रोजगारी, कोखदेखि शोकसम्मको सुविधा व्यवस्था सत्तारूढ दल कांग्रेसले मुलुकमा पछिल्लो समय देखिएको विदेशी मुद्रा सञ्चितिमा कमी, लगानीयोग्य रकम अभाव, वैदेशिक ऋण वृद्धि हुनुलगायतका समस्या देखा पर्नुमा बाह्य कारण नभई आन्तरिक कारण भएको जनाएको छ। सम्पूर्ण समस्या देखा पर्नुमा मुलुकको आर्थिक संरचना भएको जनाएको छ। प्रतिबद्धतापत्रमा समुन्नत नेपालको मार्गचित्रभित्र तात्कालिक आर्थिक एजेन्डाअन्तर्गत मुलुकको सम्पूर्ण अर्थतन्त्रको अवस्था र त्यसलाई अघि बढाउने कार्यदिशाको विषयमा उल्लेख गरिएको छ। जसमा अहिलेको असहज आर्थिक परिस्थितिको प्रमुख कारण आवरणमा कोभिड–१९ महामारी तथा रसिया–युक्रेन युद्ध देखिए पनि मूलतः नेपालको वर्तमान आर्थिक संरचना नै रहेको बताइएको छ।

आर्थिक स्थायित्व सुनिश्चित गर्दै फराकिलो आर्थिक वृद्धिमार्फत लाखौँको सङ्ख्यामा रोजगारी सिर्जना गर्न अर्थतन्त्रलाई आयातमुखीबाट उत्पादनमुखी बनाउनुपर्नेछ। सीपमूलक रोजगारीमा युवालाई अभिमुखीकरण गर्ने, विश्व मूल्य शृङ्खलामा जोडिँदै औद्योगीकरणको प्रवर्द्धन गर्ने, अर्थतन्त्रको औपचारिकीकरणलाई तीव्रता दिने, उत्पादकत्व अभिवृद्धिका लागि पूर्वाधार निर्माण गर्ने र आर्थिक सुशासन कायम गर्ने हाम्रा प्राथमिकता हुन्।

भूमिलाई आन्तरिक उत्पादनसँग जोड्ने, कर्जा वृद्धि र आर्थिक वृद्धिबीचको तादात्म्यलाई सघन बनाउने र जग्गा कारोबारजन्य अवैध आयलाई चोख्याउने बाटो बन्द गर्नेजस्ता व्यापक मौद्रिक सुधारको अगुवाइ राष्ट्र बैङ्कको परामर्शमा कांग्रेसले गर्नेछ, प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ।

औद्योगिकीकरण आर्थिक वृद्धिको एउटा आधार बन्न सक्छ भने पानी, वनजङ्गल र खनिजका सम्भावना नयाँ चरणबाट नै खोजिने बताइएको छ। नेपाली उत्पादन वृद्धि गर्न भौतिक पूर्वाधार विकास, नवीन प्रविधिको आन्तरिकीकरण, व्यावसायिक सहजीकरण र औद्योगिक नियमनबारे स्थायी रणनीति अवलम्बन गरिनेछ। आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न नेपाल सरकारले हालै 'नेपाली उद्योग, नेपालमै रोजगार, आफ्नो उत्पादन, आफ्नै व्यापार' नाराका साथ नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमको प्रभावकारी कार्यान्वयन र विस्तार गर्ने बताइएको छ।

नेपाली युवाको प्रविधिमैत्री दक्षता प्रयोग गरी विश्वको 'गिग इकोनमी'सँग जोडिने र वस्तु निर्यातबाट भन्दा अधिक विदेशी मुद्रा आर्जन गर्न सकिने सफ्टवेयर क्षेत्रमा टेकेर नेपालको डिजिटल रूपान्तरण गर्नु आवश्यक रहेको छ। यसका लागि सीमारहित नियमन खाका ल्याएर स्थानीय टेक कम्पनीलाई अन्तर्राष्ट्रिय क्षेत्रमा विस्तार हुन सहजीकरण गर्दै डाटा सङ्ग्रहकेन्द्र, डिजिटल नक्सा, 'आर्टिफिसियल इन्टेलिजेन्स'जस्ता क्षेत्रमा दूरगामी रणनीति बनाइने बताइएको छ। यसका लागि आवश्यक कानुन निर्माण गरिने जनाइएको छ।

आर्थिक, सामाजिक विषयलाई मुख्य एजेन्डा नबनाउने अनि सङ्घीय संसद्को पहिलो पाँचवर्षे कार्यकाल सकिँदा पनि प्रतिनिधि सभाले अत्यावश्यक कानुन बनाउन असफल सरकारहरूकै कारण सङ्घीयताविरोधीको चलखेल बढेको छ। त्यसमाथि नेपालमा संसद्को काम के हो भन्ने विषयमा पनि नागरिक तहदेखि नै गलत बुझाइ छ, जसका कारण सांसद पनि कानुन बनाउने आफ्नो मुख्य काम छोडेर धारो, कुलो अनि विद्यालय तथा बाटो बनाउन बजेट माग्दै हिँड्छन्। नागरिकले पाँच वर्ष मुलुकलाई अग्रगमनतिर लैजान आवश्यक कानुन बनाऊ भनेर चुनेर पठाएका सांसद चुनाव जित्ने ध्याउन्नमा सानातिना विकासका बजेटका पछाडि लाग्ने गरेका कारण पनि मुलुकमा सङ्घीयता कार्यान्वयनमा अत्यावश्यक कानुन अझै बन्न सकेका छैनन्। सम्पत्ति शुद्धीकरणका कानुन हुन् वा उद्योग–व्यवसाय सञ्चालनका लागि तथा अर्थतन्त्रको विस्तार वा विकासका लागि चाहिने विभिन्न ऐन–कानुन संशोधनका प्रक्रिया हुन्, सधैँ अन्तिम अवसरमा हतार–हतार पास गर्ने प्रचलन छ। सरकारले बिनाकानुन मुलुक चलाउनु सही होइन।

नेकपा एमालेले पनि चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। पार्टीले घोषणापत्रमा सरकार गठन भएको छ महिनाभित्र लामो समयदेखि रहँदै आएको नागरिकताको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको छ। "नागरिकतासम्बन्धी समस्या छ महिनाभित्र समाधान हुन्छ," घोषणापत्रमा ठ्याक्कै समस्या उल्लेख नगर्ने उल्लेख छ। अन्य चुनावी प्रतिबद्धतामा समृद्धिका लागि नीतिगत र संरचनागत सुधार समावेश छन्। 'समृद्धिमा बाधक हुने नीतिलाई परिमार्जन गरिनेछ। अत्यधिक राजनीतीकरणका कारण लोप भएका राज्य संस्थालाई पुनर्संरचनामार्फत क्रियाशील र व्यावसायिक बनाइनेछ,' घोषणापत्रमा उल्लेख छ। पार्टीले भोकमरीले कोही नमरोस् भन्ने सुनिश्चित गर्न सबैका लागि खाद्य सुरक्षा सुनिश्चित गर्ने, आन्तरिक उत्पादन बढाउन 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने, बर्सेनि ५ लाख रोजगारी सिर्जना गर्ने, श्रमिकको न्यूनतम पारिश्रमिक र समयसापेक्ष वृद्धि सुनिश्चित गर्ने बताएको छ।

नेकपा (माओवादी केन्द्र)ले आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्दै प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली र पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउने आफ्नो पहिलेको अडान दोहोऱ्याएको छ। चुनावी घोषणापत्रमा शासन प्रणाली परिवर्तनमा केन्द्रित र नेकपा (एकीकृत समाजवादी)ले महँगो निर्वाचनप्रति गम्भीर चासो व्यक्त गरेपछि शासन र निर्वाचन प्रणालीको पूर्वसंविधानको बहस पुनः चर्किएको छ। आगामी निर्वाचनमा पहिलो र दोस्रो ठूलो दल बन्ने अपेक्षा गरिएका अन्य दुई ठूला शक्ति नेपाली कांग्रेस र नेकपा एमाले माओवादी केन्द्रको प्रस्तावमा सहमत नभएकाले यो मुद्दा ओझेलमा परेको छ।

# विद्यापतिको साहित्य साधना



रामनारायण देव

मैथिली साहित्यका महाकवि विद्यापति साहित्यका महान् साधक थिए। उनको साहित्य साधनाले नै मैथिली साहित्यलाई लोकप्रिय र सर्वव्यापी बनाएको हो। विद्यापति दक्षिण मिथिलाको विस्फी भन्ने गाउँमा पिता पण्डित गणपति ठाकुर र माता गङ्गादेवीको पुत्रका रूपमा जन्मेका हुन्। उनका पिता तत्कालीन मिथिलाका राजा शिवसिंहको दरबारका राजपण्डित थिए।

विद्यापतिको जन्म सन् १३५० ई. एवं मृत्यु सन् १४५० ई. मा भएको बताइन्छ। महाकविले शिक्षा–दीक्षा महामहोपाध्याय पं. हरि मिश्रबाट प्राप्त गरेका हुन्। पिता गणपति ठाकुर राजा गणेश्वरको दरबारी पण्डित भएकाले विद्यापति उनकै साथमा दरबार गइरहन्थे। राजा गणेश्वरको मृत्योपरान्त कीर्तिसिंह राजा भए र महाकवि विद्यापति आफ्नो अध्ययनपश्चात् उनकै दरबारका कवि भए। त्यसपछि उनको साहित्य रचना सुरु भयो। त्यसपछि भव सिंह र शिव सिंह राजा भए। त्यसपछि देव सिंहकै राज्यकालमा शिव सिंहलाई युवराज बनाइयो। महाकविको युवराज शिव सिंहसँग मित्रवत् सम्बन्ध रहन थाल्यो। राजा महाकविको साहित्य रचनाबाट निकै प्रभावित भए। महाकविको पूर्ण पाण्डित्यको परिचय पाएर उनलाई राजकीय सल्लाहकारका रूपमा पनि राखियो।

राजा शिव सिंहको राज्यकालको बेला महाकवि विद्यापतिको साहित्यिक रचनाले गतिशीलता प्राप्त गऱ्यो। पुरुष परीक्षाजस्तो कृतिको रचना गरेर निकै लोकप्रियता कमाए। यस कृतिबाट खुसी भएर राजा शिव सिंहले महाकवि विद्यापतिलाई उनी जन्मिएको पुर्खौली गाउँ नै ताम्रपत्र लेखेर बकस नै दिए। त्यस अतिरिक्त महाकविले संस्कृतमा विभागसार, दान वाकयावली, दुर्गाभक्त तरङ्गिनी, शैवसर्वस्वसार, लिखिनावली भू–परिक्रमाको रचना गरे भने मैथिलीमा विद्यापति पदावली, कीर्तिलता, कीर्तिपताका लेखे। जुन मैथिली साहित्यका धरोहर हुन्।

महाकवि विद्यापतिको सबभन्दा लोकप्रिय रचनामा पदावली मानिएको छ। जुन ग्रामीण लोकभाषामा लेखिएको छ। विद्यापतिका साहित्यिक रचनाले मिथिलाभन्दा बाहिर बङ्गाल, आसाम, उडिसा एवं दक्षिण भारतका प्रान्तलाई प्रभावित पारेको छ। बङ्गाली त विद्यापतिलाई आफ्नै भाषाका कविका रूपमा मान्छन् किनकि मैथिली र बङ्गाली भाषाको लिपि र शब्द मिल्छन्।

विद्यापतिका रचनाको प्रभाव प्रख्यात बङ्गाली भाषाका कवि रवीन्द्रनाथ ठाकुरको रचनामा पनि देखिएको छ। विद्यापतिका रचनाको प्रभाव हिन्दीलगायत अन्य भाषामा पनि परेको छ।

यतिसम्म कि काठमाडौँ उपत्यकाका नेवारी भाषामा पनि परेका छन्। मल्लकालमा नेपाल मैथिली साहित्यको स्वर्णयुगका रूपमा मानिएको छ। मल्ल राज्यकालमा राज्याश्रित कविले मैथिलीमा नाटकलगायत रचना गरेका थिए। तत्कालीन मल्ल राजा जगज्योति मल्ल, सिद्धनरसिंह मल्ला र प्रताप मल्ललगायतले मैथिलीमा नाटक लेखेका थिए। त्यसैगरी राजकवि वंशमणि झा, रामचन्द्र झा, विश्वनाथ झाजस्ता कविले मैथिलीमा रचना गरेका थिए।

काठमाडौँस्थित पुरानो दरबार पुस्तकालय हाल राष्ट्रिय अभिलेखालयमा सङ्ग्रहित वर्ण रत्नाकर ग्रन्थको प्रथम खोजकर्ता कोलकाता विश्वविद्यालयका प्राध्यापक डा. हरप्रसाद शास्त्रीले सन् १८९५ ई.मा गरेका थिए। त्यस ग्रन्थको सम्पादन प्रसिद्ध भाषाविद् डा. सुनीति उमार चहर्जीले गरेका थिए। आजभन्दा करिब सात सय वर्षभन्दा अघि नै मैथिली साहित्यका ग्रन्थको रचना भएको थियो। विद्वान्हरूले वर्ण रत्नाकरलाई दक्षिण एसियाको भारोपीय भाषाको प्रथम ग्रन्थका रूपमा मान्यता दिएको छ। राष्ट्रिय अभिलेखालयमा मैथिलीका दर्जनौँ विद्यापतिद्वारा रचित तथा अन्य विद्वानहरूद्वारा रचित रचना छन्। यसको अनुसन्धान आजसम्म भएको छैन। मैथिलीका पुराना ग्रन्थको खोजी गरी प्रकाशन गर्नु आवश्यक छ। यसका लागि मैथिलीका विद्वान्का साथै प्रज्ञाप्रतिष्ठान र साझा प्रकाशनको ध्यान जानु आवश्यक छ।

महाकवि विद्यापतिले १२ वर्ष प्रवासकालीन जीवन महोत्तरीको बनौलीमा बिताएका थिए। तत्कालीन मिथिलाको राजधानी गजरथपुरमाथि जोनपुरका सुल्तानले आक्रमण गर्दा राजा शिव सिंहले आफ्नी रानी लखिमासँगै महाकवि विद्यापतिलाई द्रोणवारीय वंशका राजा पुरादित्यको दरबार राजबनौलीमा शरणार्थीका रूपमा पठाएको थियो। त्यो राजबनौली (महोत्तरी)मा बस्दा राजा पुरादित्यको आदेशमा लिखनावली र श्रीमद् भागवत गीताको रचना गरेका थिए। लिखनावलीमा राजकाजसम्बन्धी विधिविधान लेखिएका छन् भने श्रीमद् भागवत गीताको संस्कृतबाट मैथिलीमा अनुवाद पनि गरेका थिए। महाकविले लिखनावलीमा एउटा श्लोक लेखेका छन्–

*जित्वा शत्रुकुल तदीय वसु भिर्यतार्थिन स्तर्पिता ।*
*दोहर्याजित सप्तरी जनपद राज्यस्थित कारिता ॥*
*सङ्ग्रामेअर्जुनः भूपति विनिहतो बन्धौ नृशंसावित ।*
*स्तनेनेय लिखनावली नृप पुरादित्य निर्मापिता ॥*

अर्थात् जसले शत्रुलाई जितेर सप्तरी जनपद राज्य स्थापित गरे र सङ्ग्राममा बन्धुबान्धव पर्ने राजा अर्जुनलाई हत्या गरियो, त्यही पुरादित्य राजाका आज्ञाले यो लिखनावलीको रचना गरिएको हो।


उक्त श्लोकमा सप्तरी जनपदको उल्लेख गरिएको छ। 'जनपद' शब्दको अर्थ राज्यसित सम्बन्धित छ। त्यतिबेला राज्यको अर्थमा ठाउँठाउँमा जनपद शब्दको प्रयोग भएको छ। संस्कृत साहित्यमा त जनपद शब्दकै बढी प्रयोग भएको छ। विद्यापतिले लिखनावली लक्ष्मण संवत् ३०९ मा लेखेका थिए। अहिले लक्ष्मण संवत् ९१३ चलिरहेको हुँदा ६०४ वर्षअघि त्यो लेखिएको स्पष्ट छ। त्यतिबेला सप्तरी जनपद (राज्यअन्तर्गत) सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही जिल्ला पर्दथ्यो। यसरी महाकवि विद्यापति महोत्तरी जिल्लास्थित राजबनौलीमा बसेर लिखनावली लेखेको स्पष्ट छ। कतिपयले सप्तरीको बनौलीमा लेखिएको भन्छन्। बनौली नामको गाउँ सप्तरी, सिराहा, धनुषा, महोत्तरीजस्ता तराईका जिल्लामा छन्। सबै बनौली नाम भएका गाउँले महाकवि विद्यापति गाउँमा बसेको आआफ्ना तर्फबाट दाबी गर्न थालियो भने कसलाई मान्यता दिने भन्ने प्रश्न खडा हुन्छ।

महाकवि विद्यापतिको प्रवासकाल बसाइको विवाद गर्नुभन्दा उहाँका कृति खोजी गरी संरक्षण र प्रकाशन गर्नु वाञ्छनीय हुन्छ। यसतर्फ नेपाल प्रज्ञाप्रतिष्ठानको पनि ध्यान जानुपर्छ। मैथिली भाषाको एउटा छुटै प्रज्ञाप्रतिष्ठान गठन हुनु आवश्यक छ। मधेश प्रदेश सरकारले प्रदेशस्तरमा प्रज्ञाप्रतिष्ठान गठन गरे पनि त्यसले पूर्णता पाएको छैन। अतः यथाशीघ्र पूर्णता दिई मैथिली भाषा र साहित्यको उत्थानका लागि पर्याप्त स्रोतसाधन उपलब्ध गराउनुपर्नेमा प्राज्ञिक वर्गको मत छ। महाकवि विद्यापतिका साहित्यिक कृतिको अनुवाद नेपाली भाषामा पनि गर्नुपर्छ। यसो गर्न सके नेपालको दोस्रो राष्ट्रभाषाका रूपमा रहेको मैथिली र नेपालीबीच प्रगाढ सम्बन्ध स्थापित हुनेछ।

## १०० वर्ष अघिको

गोरखापत्र

सम्बत १९७० साल आषाढ १७ गते सोमबार



**चार बालक.**

"ट्रावंकोर टाइम्स" मा प्रकाश भयाको भनि बङ्गबासीको क्रोड्पत्र लेखत छकि, हालमा यौटी स्त्रीले एकै दिनमा चार बालक पैदा गरी. बालक भने धेरै बेर बाचेनन्, जन्मदैमर्दैगरे.

चिन्तन

**प्रकृते क्रियमाणानि गुणैः**
**कर्माणि सर्वशः ।**
**अहङ्कारविमूढात्मा**
**कर्ताहमिति मन्यते ।।**

वास्तवमा सबै कर्म प्रकृतिकै गुणद्वारा गरिन्छन्, तैपनि जसको अन्तःकरण अहङकारले मोहित हुन्छ, यस्तो अज्ञानी 'म नै कर्ता हुँ' भन्ने ठान्छ ।

**– श्रीमदभगवदगीता**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# भयरहित हिसाबले निर्वाचन गर्छौं

**आगामी मङ्सिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन नजिकिँदै गर्दा देशभर निर्वाचनको सरगर्मी बढ्न थालेको छ। उम्मेदवारहरू मतदाताको घरदैलोमा पुग्ने अभियान तीव्र छ। दलहरू घोषणापत्र सार्वजनिक गरेर आफूप्रति मतदातालाई आकर्षित गर्न लागिपरेका छन्। निर्वाचन आयोग पनि स्वतन्त्र र निष्पक्ष तरिकाले निर्वाचन गर्ने तयारीमा जुटेको छ। प्रस्तुत छ यिनै समसामयिक विषयमा केन्द्रित रहेर प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले गोरखापत्रका प्रमुख समाचारदाता केदार भट्टराई र समाचारदाता भउचप्रसाद यादवलाई दिनभुएको अन्तर्वार्ताको सम्पादित अंश :**



**दिनेशकुमार थपलिया, प्रमुख निर्वाचन आयुक्त**

- निर्वाचन आचारसंहिता र निर्वाचन कानुनको पालना हुनुपर्छ ।
- मिथ्या सूचना प्रचार र आपत्तिजनक अभिव्यक्तिको नियमन हुनैपर्छ ।
- निर्वाचनको अन्तिम चरणको तयारीमा छौँ ।
- हामी आचारसंहिता उल्लङ्घनमा कारबाही हुन्छ भन्ने मानक स्थापित गर्छौं ।
- स्पष्टीकरणबाट सुरु भएको कारबाही प्रक्रिया सचेत गराएर टुङ्गिन सक्छ ।
- सामाजिक सञ्जाल नियमनको विषय आचारसंहिताभित्र पर्‍यो ।
- अहिले आयोगलाई ट्राफिक प्रहरीको ठाउँमा राखिदिनुहोस् ।

**प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको तयारी कुन चरणमा पुग्यो ?**

हामी निर्वाचन तयारीको लगभग अन्तिम चरणमा छौँ। आयोगले मतदाता नामावलीदेखि मतदानस्थल, निर्वाचन सामग्रीको व्यवस्थापन, बजेट व्यवस्थापनको तयारी पूरा गरेको छ। अब आयोगले कुनै पनि त्रुटि, कमजोरी नहोस् भनेर तालिम दिएर जनशक्ति व्यवस्थापन, निर्वाचन अधिकृतको कार्यालयमा पुगेका सामग्रीलाई मतदानस्थल र केन्द्रमा पुर्‍याउने काम भइरहेको छ।

**चुनाव प्रचारको सरगर्मी तात्दै छ, सुरक्षाको व्यवस्थापन कसरी गरिएको छ ?**

निर्वाचनको समयमा राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारी र मतदाताको समेत सुरक्षाको चिन्ता हुन्छ। त्यसअनुसार नै हामीले सुरक्षा योजना तयार गरेका हुन्छौँ। स्थानीय तहको वस्तुस्थिति, त्यहाँको सुरक्षाको वर्तमान अवस्थालगायतको विषयवस्तुलाई ध्यानमा राखेर मतदानस्थलको छुट्टै सुरक्षा व्यवस्था, प्रत्येक निर्वाचन क्षेत्रको सुरक्षा अवस्थाको आकलन र सुरक्षा चुनौतीको विश्लेषण गरेर त्यसको सुरक्षा योजना बनाइएको छ। जिल्लास्तरीय, प्रदेशस्तरीय र एकीकृत हिसाबले केन्द्रीयस्तरको सुरक्षा योजना बनाएका छौँ। प्रत्येक दल र उम्मेदवारले आमसभा, बैठकलगायत आफ्नो कार्यक्रमका बारेमा २४ घण्टा अगाडि नै हामीलाई जानकारी गराउनुपर्छ। दुई समूहबीच हुन सक्ने झडपमा समेत हेक्का राख्नुपर्नेछ। त्यसअनुसार सुरक्षा मिलाइएको हुन्छ। सबै सुरक्षित छु भन्ने अनुभूति हुने गरी आवश्यक बन्दोबस्त मिलाइएको छ।

**कतिपय दलले निर्वाचन बहिष्कार गर्ने कुरा आएको छ, यसलाई आयोगले कसरी लिएको छ ?**

यो एउटा राजनीतिक विषय हो। आयोगले त सबैले मतदानमा सरिक भइदिए हुन्थ्यो भन्ने चाहना राख्छ तर लोकतन्त्रमा निर्वाचनमा भाग लिन नपाउने अधिकार पनि हुँदो रहेछ। त्यसैले शान्तिपूर्ण ढङ्गले संविधान र कानुनको परिधिभित्र रहेर यदि कुनै आह्वान वा क्रियाकलाप गरिएको भए लोकतान्त्रिक मूल्य मान्यताअनुसार धेरै आपत्ति जनाउने विषय हुँदैन तर आयोग के आग्रह गर्दछ भने अहिलेको यो व्यवस्थाको विकल्प भनेको यही व्यवस्थाभित्र असल खोज्ने हो, राम्रो खोज्ने हो। यो संविधानको विकल्प भनेको संविधानलाई नै प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने भएको हुँदा सानातिना विमतिका अतिरिक्त पनि निर्वाचनको यो अभियानमा सरिक भइदिनुस् भन्ने आग्रह गर्दछौँ।

**चर्चित उम्मेदवारलाई छानीछानी स्पष्टीकरण सोधिएको छ, स्पष्टीकरण मात्रै हो कि कार्यान्वयनको चरणमा पनि आयोग अगाडि बढ्छ ?**

स्पष्टीकरणबाट सुरु भएको कारबाही सचेत गराएर पनि टुङ्गिन सक्छ। यदि कुनै पनि प्रमाण भेटिएन भने त्यसलाई त्यतिकै टुङ्ग्याइदिन पनि सकिन्छ तर यदि गरेको हो भन्ने प्रमाण फेला पर्‍यो भने दण्ड जरिवानाको प्रक्रियामा पनि जान्छ। यो पल्ट आचारसंहिताको कार्यान्वयनमा ७७ वटै जिल्लाका अनुगमन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्ला निर्वाचन अधिकारी, मुख्य निर्वाचन अधिकृतले समेत स्पष्टीकरण सोधेर कारबाही अगाडि बढाउन सक्ने गरी व्यवस्था गरिएको छ तर अन्तिम कारबाहीको निर्णय आयोगले मात्र गर्न सक्छ। हामी आचारसंहिता उल्लङ्घनमा कारबाही हुन्छ र हुनुपर्दछ भन्ने मानक स्थापित गर्छौं।



तस्विर : केशव गुरुङ

**संविधानले पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ तर निर्वाचन आयोगले त्यसलाई अङ्कुश लगाउन खोज्यो भन्ने आरोप छ नि ?**

निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग कसरी गर्नेबारे आयोगले पहिलो पटक नीति बनाएको छ र सामाजिक सञ्जाल नियमनको विषय आचारसंहिताभित्र पर्‍यो। तै पनि सामाजिक सञ्जालबाट हुन सक्ने मिथ्या सूचना प्रचार र आपत्तिजनक अभिव्यक्तिलाई समेत नियमन गर्ने हिसाबले प्रेस कार्यालयको अवधारणा अगाडि बढायौँ। लोकतन्त्र, निर्वाचन र संविधानले प्रत्याभूत गरेको अभिव्यक्तिको स्वतन्त्रतासँग मिथ्या सूचना, दुष्प्रचार र घृणात्मक अभिव्यक्तिलाई मिलाउनु हुँदैन। त्यो त दूषित हुन्छ। अभिव्यक्ति स्वतन्त्रताभित्र गालीगलौज र चरित्रहत्याको विष मिसाइदियौँ भने त्यसले लोकतन्त्रलाई अझ आघात गर्छ भने हाम्रो बुझाइ छ।

कोही पनि व्यक्तिले 'नो नट एगेन' भनोस्, 'नो नेभर एगेन' भनोस्, 'इलेक्ट एगेन' भनोस् अथवा 'इलेक्ट एगेन एन एगेन' भनोस् त्यो हाम्रो कुनै चासो र चिन्ताको विषय होइन। आयोगको बुझाइ के मात्रै हो भने उसले भन्ने कुरा सभ्य भाषामा भन्नुपर्छ। उसले प्रकाशित र प्रसारित गर्ने विषय कसैले चरित्र हत्या नगर्ने किसिमले गर्नुपर्छ।

**यस पटक आयोग अलि कडा भयो भनेर भनिन्छ नि ? संविधान र कानुनले दिएका अधिकारभित्रै रहेर आयोग अगाडि बढेको छ होइन ?**

आयोग कडा भएको होइन। सबै क्षेत्रको स्थिति हेर्दा मुलुकमा एउटा राजनीतिक संस्कार स्थापित हुँदै गएको छ। राजनीतिक दलहरूले पनि निर्वाचन आचारसंहिता र निर्वाचन कानुन पालना गर्नुपर्छ भने कुरा आफै बोध गरेको हो। सडक दुर्घटना कम भयो भने ट्राफिक प्रहरी कडा भयो भन्ने अर्थ लगाउनु हुँदैन। चालक र यात्री सचेत भए भन्ने अर्थ पनि लगाउनुपर्छ। थोरै जस ट्राफिक प्रहरीलाई दिन सकिएला। अहिले आयोगलाई ट्राफिक प्रहरीको ठाउँमा राखिदिनुहोस्। थोरै जस आयोगको पनि होला तर धेरै जस मतदाता, राजनीतिक दल, नागरिक समाज र सञ्चार माध्यमको हो।

**प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता हुँदा महिलाको सङ्ख्या निकै न्यून देखिएको छ, संसद्मा कम्तीमा ३३ प्रतिशत महिलाको सङ्ख्या कसरी पुर्‍याउनुहुन्छ ?**

उम्मेदवारीको समग्र पक्ष विश्लेषण गर्दा प्रत्यक्षतर्फ उम्मेदवारीको तस्बिर समावेशी र महिलामैत्री छैन। कतिपय निर्वाचन क्षेत्रमा त सात जना उम्मेदवार भएको ठाउँमा एक जना पनि महिला उम्मेदवार छैनन्। यसबाट हाम्रो संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा संरचनाहरू बन्छ भन्ने कुरालाई अलि निस्तेज गर्न खोजेको र विशेष गरेर महिलाको हकमा भन्ने हो भने संविधानको धारा ३८ (४) ले दिएको अधिकारलाई राजनीतिक दलहरूले मनन नगरेको भनेर प्रस्ट हुन्छ तर प्रत्यक्षतर्फको उम्मेदवारीमा जेजस्तो अवस्था भए पनि संविधानले एउटा अर्को सुनिश्चितता के गरिदिएको छ भने अब बन्ने प्रतिनिधि सभा र प्रदेश सभामा पनि कम्तीमा एक तिहाइ महिला सांसद हुनेछन्। महिलालाई समानुपातिकतर्फ मात्र राखेर प्रत्यक्षतर्फ अरूलाई राखेका कारणले कही विभेद भयो कि जस्तो देखिए तापनि संविधानमा भएको व्यवस्था र आयोगको दृष्टिकोणमा समानुपातिकमा हुनु भनेको पनि कमजोर हुनु होइन। अब पाँच वर्षपछि हुने आवधिक निर्वाचनमा प्रत्यक्षतर्फ महिलाको कम्तीमा ३३ प्रतिशत उम्मेदवारी कानुनद्वारा नै आरक्षित गर्ने गरी आयोगले आवश्यक प्रक्रिया अगाडि बढाउँछ।

**एक जना महिला उम्मेदवारलाई उम्मेदवार हुन अयोग्य भनियो तर खारेज भएको छैन, अब के हुन्छ ?**

निर्वाचन आयोगले कसैलाई पनि उम्मेदवार बन्न योग्य वा अयोग्यको प्रमाणपत्र दिन मिल्दैन। उम्मेदवारी दर्ता नभएसम्म सबै मतदाता हो, नेपाली नागरिक मात्रै हो। कसैले उम्मेदवारी दिएपछि उहाँको विषयमा आयोगले स्वयं प्रश्न उठाउन मिल्दैन। अर्को उम्मेदवारले प्रश्न उठाउन पाउँछ र त्यो प्रश्नको निरुपण निर्वाचन अधिकृतको कार्यालयले गर्छ। त्यो व्यक्ति त त्यहाँबाट उम्कियो तर ऊ अयोग्य छ भने कुरा अरू कसैलाई लाग्यो भने सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उजुरी पर्छ र त्यसको आधारमा अन्तिम परिणाम घोषणा नभएसम्म आयोगमा निर्णयको निम्ति आउँछ। अयोग्य भनिएको मानिसले निर्वाचन जिते पनि पाँच वर्षसम्म उसको घाँटीमाथि अयोग्यताको प्रमाण झुण्डिरहेकै हुन्छ।

**मतदाता शिक्षा अभियानलाई प्रभावकारी बनाउन के कस्ता प्रयास गरिएको छ ?**

स्थानीय तहको निर्वाचनमा मतपत्रमा धेरै चिह्न थिए। मतपत्रमा उम्मेदवार नभएका व्यक्तिहरूको समेत चिह्न थिए र समुदायस्तरमा मतदाता शिक्षा पुग्न सकेको थिएन। जसले गर्दा मत धेरै बदर हुन पुग्यो। यी तीनवटा कारणमध्ये दुईवटाको समाधान भइसकेको छ। मतदाता शिक्षाको विषयमा यही कात्तिक १९ गतेदेखि स्थानीय तहका सबै वडाबाट समुदायस्तरमा पुगेर प्रत्येक व्यक्तिको घरदैलोमा पुगी मतदान गर्न सिकाउने गरी अभियान सुरु भइसकेको छ। यसमा मुख्य भूमिका स्थानीय सरकारको छ भने सामग्री र स्रोत निर्वाचन आयोगले उपलब्ध गराएको छ। यस पटक सबै स्थानीय तहमा नमुना मतदान हुँदै छ, जसको नेतृत्व सबै स्थानीय तहमा रहनुभएका निर्वाचन फोकल पर्सनबाट हुनेछ। आयोगले केही आर्थिक सुविधासहित आवश्यक स्रोत सामग्री उपलब्ध गराएको छ। प्रत्येक स्थानीय तहमा मतदाता शिक्षा प्रभावकारी गराउनका लागि वडामा वडा सचिवको नेतृत्वमा र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा एउटा समिति गठन गरिएको छ। मोबाइल बोक्नेहरूका लागि डिजिटल शिक्षा आवश्यक भएकाले सामाजिक सञ्जाल, अनलाइन, छापामाध्यम, रेडियो, टेलिभिजनलाई सक्रिय बनाउँछौँ। मतदाता शिक्षा कम भएका कारण निर्वाचनमा कठिन भयो भन्ने अवस्था सिर्जना नहुने उपायहरू अवलम्बन गर्ने गरी आयोग अगाडि बढेको छ।

**यसअघि सर्वोच्च अदालतबाट आदेश भएको 'राइट टु रिजेक्ट'को व्यवस्था लागू हुन सकेको छैन, यसलाई कानुनी रूपमा नै सम्बोधन गर्ने आयोगको सोच छ कि ?**

अबको निर्वाचन कस्तो हुनुपर्छ भन्ने विषयमा आयोगले पाँच/छवटा विषयलाई 'फोकस' गरेर अगाडि बढेको छ। विदेशमा बस्ने नेपालीको मतदान गर्ने अधिकार सुनिश्चित गर्ने, त्यसका लागि सम्बन्धित व्यक्ति जुन देशमा बसेको छ, त्यहीँबाट मतदाता नामावलीमा नाम दर्ता गराउने प्रक्रिया सुरु गर्ने, 'म कसैलाई पनि भोट हाल्दिनँ' (राइट टु रिजेक्ट)को अधिकार, फिर्ता बोलाउन पाउने (राइट टु रिकल) अधिकार भन्ने विषयलाई कानुनमा समावेश गरिनेछ।

त्यसैगरी महिला, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिको सन्दर्भमा अब हुने निर्वाचनमा प्रत्यक्षतर्फ स्थानीय तहको प्रमुख र उपप्रमुखको निर्वाचनमा प्रतिनिधित्वको मात्र नभई उम्मेदवारीकै सुनिश्चितता हुने व्यवस्था गरिनेछ। आगामी दिनमा स्थानीय सरकारमार्फत मतदाता नामावली सङ्कलन गरिने व्यवस्थालाई कानुनी रूपमा नै लागू गर्नुपर्छ। स्थानीय तहको निर्वाचनमा कम्तीमा दुईवटा मतपत्र लागू गरिनेछ। प्रमुख र उपप्रमुखको मतगणना केन्द्रमा र वडाध्यक्ष र सदस्यको मतपत्र वडामै गणना गरेर नतिजा निकाल्ने गरी बन्दोबस्त मिलाइनेछ।

**नेपालको आमनिर्वाचन उत्कृष्ट (बेस्ट इलेक्सन) भयो भनेर अन्तर्राष्ट्रिय समुदायले भन्ने आधारहरू के के हुन् ? यस विषयलाई कसरी लिनुभएको छ ?**

यसभन्दा अगाडि अन्तर्राष्ट्रिय जगत्ले अनुगमन गर्दा हाम्रो सन्दर्भमा उठाएका सबैजसो मुद्दालाई सम्बोधन गरेका छौँ। जस्तो संसारभरि बालिग हुने उमेर कतै १६, कतै १८ वर्ष तोकिएको हुन्छ; जुन निर्वाचनको अघिल्लो दिन कायम हुन्छ। नेपालमा पनि पहिला तीन महिना, चार महिना अगाडि हुन्थ्यो भने यसपालि निर्वाचनको पहिलो दिनसम्म कायम गरिएको छ। यो मानक अब स्थापित भएको छ।

दोस्रो, निर्वाचन आचारसंहितालगायत निर्वाचन कानुनको पालना र निर्वाचनको स्वच्छता कायम गर्नका निम्ति अपनाउनुपर्ने मापदण्ड आयोगले पालना गरेको छ। तेस्रो, विभिन्न मुलुकका प्रतिनिधिहरू, सङ्घ संस्थालाई निर्वाचनको पर्यवेक्षण गर्न भनिएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी ४० भन्दा बढी संस्थाले यस पटक निर्वाचन पर्यवेक्षण गर्नेछन्। झन्डै दस हजार पर्यवेक्षकले पर्यवेक्षण प्रतिवेदन दिनेछन्; जसले निर्वाचनको निष्पक्षतालाई झन् स्थापित गर्नेछ। दक्षिण एसियाली मुलुकका निर्वाचन आयुक्तहरू पनि यस पटकको निर्वाचनलाई पर्यवेक्षण गर्न आउँदै छन् र त्यसको प्रतिवेदनसमेत आउनेछ। निर्वाचनको दिन यातायातलाई सकेसम्म सहज बनाउनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ तर नेपालमा निर्वाचनका दिन यातायात चलाउनु हुँदैन भन्ने प्रचलन छ। यो दुईवटाबीच उपयुक्त तालमेल मिलाएर न ह्वात्तै खोल्ने न पूरै बन्द हुने गरी हामी यस पटक मिलाउँछौँ। मतदातालाई मतदान गर्न जान सहज वातावरण सिर्जना गर्ने हाम्रो तयारी छ। मलाई लाग्दछ, उत्कृष्ट निर्वाचन गराउने संसारका १० निर्वाचन आयोगभित्र परेको यो आयोग अब पाँच/छतिर आउँछ।

**राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन कहिलेसम्म हुन्छ ?**

फागुन मसान्तभित्र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न हुन्छ। मङ्सिरको २२ गतेभित्र प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको अन्तिम मत परिणाम तयार गरी सोको प्रतिवेदन बुझाइसकिनेछ। यसबाट नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त हुनेछ। यो सँगसँगै स्वाभाविक रूपले नयाँ अधिवेशन आह्वान हुनेछ, अधिवेशन आह्वान हुनासाथ राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको निम्ति तयारी अघि बढ्छ।

**दलहरूले आकर्षक घोषणापत्रमा पस्केका छन्, यसमा आचारसंहित आकर्षित हुँदैन ?**

संविधानले नै निर्दिष्ट नगरेका विषय पनि घोषणापत्रमा समेटिएका छन्। जस्तै, संविधान संशोधन गर्छौं, प्रत्यक्ष राष्ट्रपति र प्रधानमन्त्री, सम्पूर्ण रूपले समानुपातिक प्रणाली, एकात्मक प्रणालीलगायतका विषय समेटिएका छन्। यस्ता विषयलाई परीक्षण गर्ने अधिकार मतदातासँग मात्र छ। किन यस्ता प्रावधान राखियो भनेर सोध्ने अधिकार आयोगसँग छैन। दुईतिहाइ उम्मेदवारसमेत उठाउन नसकेका राजनीतिक दलहरूले यस्तो भन्न पाउँछ कि पाउँदैन भन्ने प्रश्न उठ्न सक्छ तर उसले यस्ता विषय उठाउन पाउँछ। दलहरूले घोषणापत्रमा राखेका विषय साँच्चै त्यसले कार्यान्वयन गर्न सक्छ कि सक्दैन भन्ने कोणबाट अब कसी लगाउनुपर्छ। त्यो कसी लगाउने काम मतदाताको हो।

**नेपालको निर्वाचन प्रणाली एकदम खर्चिलो भयो भन्ने गुनासो छ, यसलाई कसरी हेर्नुभएको छ ?**

निर्वाचन प्रणाली खर्चिलो हुनुका तीनवटा पक्ष छन्। एउटा निर्वाचन आयोगअन्तर्गत हुने खर्च, दोस्रो निर्वाचन सुरक्षामा हुने खर्च र तेस्रो दल र उम्मेदवारले गर्ने खर्च। यी तीनवटै कुराको विश्लेषण गरेर हेर्दा विगतका निर्वाचनभन्दा यो निर्वाचन मितव्ययी हुनेछ।

**आयोगले अपाङ्गता भएका, सुत्केरी, अशक्तलाई मतदान गर्न सहज हुने गरी कसरी व्यवस्थापन गरेको छ ?**

सबै मतदान केन्द्रलाई अपाङ्गतामैत्री, ज्येष्ठ नागरिक, सुत्केरी, सानो बच्चा बोकेका महिला, गर्भवती, अशक्त बिरामी र किरियापुत्रीसमेतलाई थोरै भए पनि विश्रामस्थल र छुट्टै प्राथमिकताका साथ मतदान गर्ने अधिकार सुनिश्चित गर्नका निम्ति कार्यविधि र निर्देशिकामा उल्लेख गर्नुका साथै मतदान अधिकृतलाई तालिममा समेत जानकारी गराएका छौँ। यस पटक अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी एक सयवटा नमुना अपाङ्गतामैत्री मतदान केन्द्र निर्माण गर्छौं। मतदानस्थलमा खटिने मतदान अधिकृत, कर्मचारी र सुरक्षाकर्मी संवेदनशील भइदिए यी समस्या समाधान हुन्छन्।


**आयोगको तर्फबाट सरकार, दल, मतदातालाई केही भन्नु छ कि ?**

निर्वाचनमा आयोगको नेतृत्व हो तर दायित्व सबैको हो। निर्वाचनले भोलिको शासन कता जान्छ भन्ने कुरा निर्दिष्ट गर्छ। त्यसकारण यति महत्त्वपूर्ण अभ्यासमा जसको जे भूमिका छ, सोहीअनुसार काम गर्नुपर्छ। निर्वाचन कुनै पद, पैसा वा अन्य कुनै तरिकाबाट प्रभावित गर्नु हुँदैन। निर्वाचन निष्ठा, विचार, सिद्धान्त र इमानले जितेको छ भनेर प्रमाणित गर्नुपर्छ। यो प्रमाणित गर्ने गरी सबैले निगरानी र खबरदारी गरिदिनुस्। निर्वाचन भनेको एक किसिमको ब्याड हो। निर्वाचनको ब्याड जति राम्रो हुन्छ, त्यति गतिलो बिरुवा उम्रिने हो र त्यति राम्रो फल लाग्ने हो। यो कुरालाई स्थापित गर्नका निम्ति सबै क्षेत्रबाट प्रयास होस्। हामी त्यही चाहन्छौँ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा
फड्को : गोरखापत्रद्वारा प्रकाशित
दराइ भाषा पृष्ठ



# मंसिर ४ गते कस्न उमेदवारके भोट

• राज कुमार दराइ

**जितिकुन अइलाहार बिभिन्न नेतासभइ देसक लागि बिकास करित कि नाइ, हाम्र लागि करित कि नाइ सभइ कुराक बिचार देइकुन आफ्न मन पर्ल अनुसारक पाटि मत्रइ नभइकुन उव उमेदवार कस्न बाटइ हाम्र मागके ।**



आबे पाच बर्सयँ पर्तिनिधि सभा र पर्देस सभाक चुनाव भइतिहिन बाटइ । इय चुनाव पर्तिनिधि सभा र पर्देस सभाक एकइ पल्ट भइते हखइ । नेपालक संबिधान अनुसार इय चुनाव पाच पाच बर्सइ भइके हखइ । लउठा संबिधान बनिसकिकुन पहिला पल्ट २०७४ सालयँ पर्तिनिधि सभा र परदेस सभाक चुनाव भइल रहइ र उव बेला दुइ पल्ट करिकुन चुनाव भइलखाइ । यस पल्ट एकइ पल्ट मंसिर ४ गतेक दिनक दिन भइतिहिन बाटइ । यख्निक चुनावयँ बिभिन्न राजनितिक पार्टिक बड्ढ र नाउनि दलसब आफ्न आफ्न पार्टिक घोस्नापत्र ले इकुन चुनाव परचार करिके र भोट माङ्गिके मानुसक घरघर जाइरते बाटत्सब । ओसिन करिकुन यइ पल्ट स्वतन्त्र उमेदवार पुन धेरइ जेना यसपल्टक चुनावयँ लडिके लागि उठ्ल बाटतसब ।

मंसिरक ४ गते भइलाहार चुनाव बेहेनक ७ बजेसे दिनक ५ बजेसमनक लागि भोट देलाहार समय निर्वाचन आयोगेइ तोक्ल बाटइ । यस पल्टक चुनाव देसइ भरि एकइ पल्ट भइलाहार कुराक पुनु टुङ्गो लाग्ल बाटइ । चुनावयँ उमेदवार भइके लागि २५ बर्स उमेर पुरा भइल भइके परित कने मतदाता नाउयँ नाउ दर्ता कारालक उमेर १८ बर्स पुरा भइल पर्लाहार कानुनि ब्यबस्था बाटइ । पर्तिनिधि सभाक लागि १ सय ६५ जेना पर्त्यछ्य र १ सय १० जेना समानुपातिक माटे निर्वाचित भइताहातसब । सातटा पर्देस सभाक लागि पर्त्यछ्य तर्फ ३ सय तिस र समानुपातिकपटि २ सय २० जेना निवाचित भइताहातसब । यख्निक चुनावयँ बिभिन्न पाटिसब आफ्नि आफ्नि पाटिसब मिलिकुन चुनाव लडलाहार कुरा बाहार कहिरते बाटतसब । नेतासभइ ठाउठाउ भसन करिकुन भोट माङ्ते आटतसब । पर्तछ्य निर्वाचन पर्नालि अनुसार हरेक निर्वाचन छेत्रयँ सबलेसे बढि मत आन्लाहार एक जेना उमेदवार छनिताहतसब । समानुपातिकयँ दलसभइ पाउल मतक आधारयँ निर्वाचित भइलाहर सांसदसबक संख्या बाटताहातसब । पर्तिनिधि सभा र पर्देस सभा निर्वाचनयँ सभइ बालिग मतदेलाहार भोट देइके पाउलाहार ब्यबस्था बाटइ । तर उक्र लागि निर्वाचन आयोगेइ जम्म कर्लाहार मतदाता नाउसबयँ अनिवार्य नाउ दर्ता भइल भइके परित । निर्वाचनक कानुन अनुसार उमेदवार भइके लागि पचिस बर्स पुरा भइल भइके परित । सरकारी जागिर भइल वा फउजदारि कसुरयँ सजाय पाउल मानुसके बनिके नाइ पावइ । नेपालक सबिधान अनुसार पाच बर्सयँ चुनाव भइतिहिन बाटइ । संघिय लोकतान्तिरिक गनतन्तरक सासन ब्यबस्थाक तिनटा तह ब्यबस्थापिका, कार्यपालिका र न्यायपालिका नेपालयँ बाटइ । इय अनुसार यख्नि पर्तिनिधि सभा र पर्देस सभाक चुनाव भइतिहिन बाटइ र इय चुनाव गाहेनइ महत्व भइत जोन बाँकि चुनाव भइत ।

इय चुनावक लागि यख्नि बिभिन्न पार्टिक दल सभेइ चुनावयँ जितिके लागि आफ्न आफ्न पार्टिक घोस्ना पत्रसब ले इकुन जनताक घरघर भोट माङ्गिके हिठिरते बाटतसब । चुनावक लागि निर्वाचन आयोगेइ चुनाव काराइके लागि सभइ काम तयार कारिसक्ल बाटइ कने आबे चुनावक दिन भोट देइके अइलाहारसबके मत्रइ असेलाहार काम बाटिकानसब । चुनावयँ भागलेल पार्टिसब कोलहु अक्सरि त कोलहु दुक्टा तिन्टा पार्टिसे मिलिकुन फेरि चुनावयँ जितिके लागि मिल्ल बाटतसब । पार्टिसबक घोस्ना पत्रयँ कह्ल अनुसारक कोलहुवेइ करिके सकित कने कोलहुवेइ नाइ फरि सकइ तर पार्टिक घोस्ना सभइ पाटिइ बानाल बाटइ । देसके बिकास चाहल बाटइ । देस बिकास भइनेसित देसक मानुससभके सुबिधा भइत र सिछ्याक बिकास, स्वास्थ्यक सुबिधा, रोजगारिक कुरा, बेटिसबक बिकास र अधिकारक कुरा, अझ पछाडि पर्ल, आदिबासि जनजाति, दलित सभइक लागि सुबिधार भइके परित र इय कुरा काम करिकुन देखातम कलाहार नेतासब आफ्न धारना लेइकुन हिठिरते बाटतसब । आबे कुरा किति बाटइ कने आबे जितिकुन अइलाहार बिभिन्न नेतासभइ देसक लागि बिकास करित कि नाइ, हाम्र लागि करित कि नाइ सभइ कुराक बिचार देइकुन आफ्न मन पर्ल अनुसारक पाटि मत्रइ नभइकुन उव उमेदवार कस्न बाटइ हाम्र मागके पुराकरिके सक्लाहार हखइ कि निज सभइ कुरा ख्याल करिकनु मत्रइ भोट देइके परित र हुनत बिचारक हिसाबसे सभइक आफ्नइ धारना र अधिकार बाटइ तइफेरि उमेदवार राम्र छान्नेसित बिकासक करित कि कहि फेरि हेरिके परित कहि यख्निक चुनावलागि मानुससभइ यस्न मन बानाल भइके सकित । हाम्राइके बिकास चाहल बाटइ । हाम्राइके सिछ्या, स्वास्थ्य, रोजगारि चाहल बाटइ । देस राम्रसे नेतासभइ चालाउस कहि बाटइ । अझइत पछाडि परिराख्ल हामे आदिबासिसबक लागि पुनु अधिकार, बिकास र सिछ्या र रोजजारिक उतिकइ खाचो बाटइ आबेक चुनावयँ जितिकुन अइल नेतासभइ करित कि नाइ तउ उव कुराके पुनु बिकार करिकुन चुनावयँ भोट देइके पर्लाहार दिन अइल बाटइ । यख्नि हरेक समुदाय पर्तिनिधि भइलाहार करिकुन फाटफुट रुपयँ बिभिन्न पार्टिक माटे उमेदवारि पाउल बाटतसब र दराइ समाजयँ पुनु यख्निक चुनावयँ पहिलाक कते धेरइ दराइसभइ चुनावयँ लडिके लागि उपमेयर र वडा अदछे र सदस्य उठ्ल बाटतसब । पहिला कते यख्नि राजनितिक चेतना स्तर इय समाजयँ पुनु बढिरते बाटइ । पहिला त हाम्र समाजयँ पुनु पिङ्गरियँ गनिके सक्लार किसिमक सदस्यता स्थानिय चुनावयँ जित्ल रहतसब कने यख्नि त धेरइ बाटत । आबे राम्र उमेदवारके छानिकुन भोट देइके पर्लाहार बाटइ । जोनेइ नेपालिक सारा कुरायँ सहायता पुरेइत । बिकास, सिछ्या। स्वास्थ्ययँ राम्र योजना आनित र बेरोजगारसबक लागि रोजगारक ब्यबस्था राम्रसे करित ।

जितिकुन अइलसभइ पाच बर्स नेपालि जनताक लागि काम करिके परित । काम फेरि साचिकइ जोन बिकास, उत्थान करिके पर्ल बाटइ उत्पिडनयँ पर्ल बाटइ उक्रलागि काम जितिकुन अइल नेतासभइ करिके परित । पार्टिक घोस्ना एकापटि र काम कुरा एकापछि भइके नाइभवइ । धोखा भइत र भोट देलक महत्व गुमित । हितयँ काम कर्लाहार उमेदवारके भेट देइके खाचो बाटइ । ■

# सतउरा सात दिनक मरन संस्कार



चितावन । एक बर्स समन बरखि बोकिकुन सोहराइँ फुलउ राखिकुन मानालार प्रचलन कने छँदइ बाटइ । इय चलन अनुसार सोह्राइँयँ फुलउ राखिकुन तिनदिनसमन नाचगान र बाँसिबाजाइकुन मान्तासब् र मोर्लक नाउयँ भात, पानि र मोद फुलउयँ राख्तासब् । अन्तिम दिन नाराइनि वा खोलायँ जाइकुन फुलउ बोहातासब् । अमाइसा कते आघु दराइ जातिक घरपरिवारयँ कोलाइ मानुस बित्ल बाटइकने आमाइसाके पुजा ढारिकुन मर्लक नाउयँ वा सम्झनायँ गाउलेसभेइँ भात राख्तासब् । असे दसहियँ बण्किभातके पुनु अमाइसमयँ कर्ल जहिन भात राख्तासब् । सोह्राइँयँ हंकारभात फुलउ बनाल दिन भात, पानि र मोद राख्तासब् । दराइ जातिक परम्परागत रुपसे चलिअय्ते मरन संस्कार कजिया बसाई दिन समन करिसक्नेसित् बल्ल जुठो पोर्लघर चोखो भइलार प्रचलन बाटइ ।

दराइ जातिक संस्कार संस्कृति आफ्नइ किसिमक तर अरु जातिसे निकइ नइ फरक बाटइ इय जातिक इय एक्टा जातिय बिसेस्ता हखइ । दराइ जातियँ मानुस् मोर्नेपार एक बर्स, दुइ बर्स र तिन बर्स समन बरखि बोकिराखिके बसाई समन आफ्न चलन अनुसार बरखि निजो फुकालसमन कयाइ पुजापाठ र कयाइ पल्ट मोर्लक सम्झनायँ भात, पानि र मोद राखिके पर्लार चलन बाटइ । तरफेरि बसाई बासाई दिन नअसेइकुन सातइ दिनभित्र सभइ कजियासे लेइकुन चोखेलार काम ओरालार पुनु प्रचलन बाटइ । दराइ जातिक मरन संस्कार अनुसार फुलउ नाराइनि वा खोलायँ बोहाइसक्नेसित् फुलउ राख्लक ७ दिन पाछु सताइरा मान्तासब् ।

जोन सोह्राइँक फुलउक सात दिनपाछु सताइरा परित् र इय सताइराकते आघु दराइ जातिक कोलाइ मानुस् मोर्नेसित् उहइ सातइदिनभित्रयँ कजियाक सभइकाम करिसकिकुन सताइरा कतेआघु सक्लार काम भइत कनेसित दराइ संस्कार अनुसार सोह्राइँसे लेइकुन सताइरासमनयँ दराइइक मरन संस्कारसभइ काम ओराइके पर्लार प्रचलन आघुहिसे बाटइ । आबे बसाई बर्ससमन कजियाक बिधि पुरेइकुन करिके पर्लार चलन मध्ये दुइ र तिन बर्ससमन कजियाक विधि पुरेइकुन जुठो चोखेलार प्रचलन कने दराइ जातियँ हेराइसक्ल बाटइ तर एक बर्स समन बरखि बोकिकुन सोहराइँ फुलउ राखिकुन मानालार प्रचलन कने छँदइ बाटइ । इय चलन अनुसार सोह्राइँयँ फुलउ राखिकुन तिनदिनसमन नाचगान र बाँसिबाजाइकुन मान्तासब् र मोर्लक नाउयँ भात, पानि र मोद फुलउयँ राख्तासब् । अन्तिम दिन नाराइनि वा खोलायँ जाइकुन फुलउ बोहातासब् । अमाइसा कते आघु दराइ जातिक घरपरिवारयँ कोलाइ मानुस बित्ल बाटइकने आमाइसाके पुजा ढारिकुन मर्लक नाउयँ वा सम्झनायँ गाउलेसभेइँ भात राख्तासब् । असे दसहियँ बण्किभातके पुनु अमाइसमयँ कर्ल जहिन भात राख्तासब् । सोह्राइँयँ हंकारभात फुलउ बनाल दिन भात, पानि र मोद राख्तासब् । असे फुलउ बोहालार दिन नाराइनि वा खोलायँ पुनु पानि र मोद रक्सि चाढातासब् र फुलउ बोहाइसक्नेसित् सताइराके पुनु अन्तिम पल्ट मोर्लक सम्झनायँ गाउलेइँ भात पानि, मोद र रक्सि राख्तासब् ।

दराइ जातिक मरनसंस्कारयँ ५ पल्टसमन मोर्लक सम्झनायँ भात पानि र मोद र रक्सि राखिके पर्लार भइत् । सोह्राइँके फुलउ बोहाइकुन दुखेहेरक घर चोख भइने हुन् सोह्राइँक फुलउ राख्लक सातदिनपाछु पोर्लार सताइराके अझइ काम बाकि नइ रहित् । सताइराक दिन फुलउ सेलाते खना मुर्तियँ रह्ल चाउरक जुठो पर्लघरक नजिकइक घरयँ मोद घघाउने मोद बनाल भइत् । दुखहेरक घर आइपुग्तासब् र दुखहेरक घरयँ पोसिकुन सुपायँ चाउर, रोटि, केरा राख्तासब् ।

# बाँसि बाजा बाजाइकुन मान्लाहार सोहराइ

• दुखि दराइ

**अमाइसक जहिन नइ इय बड्किभात्क दिन पुनु बाँसि बाजाताहतसब र दरइ जातिक आफ्नइ संस्कार, रितिरिवाज र चाडपाब्नि बाटइ इय चाडपाब्नि मध्ये सोहराइ दरइ जातिक मरन संस्कारसे जोडिल बाटइ ।**



जुठो पर्ल घरयँ दरइ जातिक परम्परा अनुसार फुलउ घरयँ राखिकुन उहइ दिन बोहालार चलन बाटइ र बासि बाजाइकुन सोहराइँक गित पुनु गिदातासब् । इय दिनके बिसेस दिनक रुपयँ मान्लार परम्परक प्रचलन दरइ जातियँ छँदइ बाटइ । दरइ जातयँ जुठो पर्ल बाटइ र घरयँ फुलउ राख्ल बाटइ कने दसहिकइ दिन पर्लार बड्किभातक दिन दरइ जातिक परम्परगत संस्कार अनुसार बड्किभात मान्लार चलन बाटइ । इय दिन जोन घरयँ जुठो पर्ल बाटइ उव घरयँ फुलउ राख्लार चलन बाटइ । अमाइसक जहिन नइ इय बड्किभात्क दिन पुनु कर्तासब् । दरइ जातिक आफ्नइ संस्कार, रितिरिवाज र चाडपाब्नि बाटइ इय चाडपाब्नि मध्ये बड्किभात पुनु एक्टा हखइ जोन दरइ जातिक मरन संस्कारसे जोडिल बाटइ । दसहिक छव दिनयँ दसहि मानाते मानाते इय पाब्नि आइत् । जुठो पर्ल घर घरानक कोलाइ फेरि मानुस्सेइँ दसहिक टिकाक दिन र क्तारि टिका लागाइके नाइभवइ ।

घर घरानक मानुसेइँ लागाइ हाल्ने फेरि गोर टिका लगाइके चाहि भइत् । आइतबारक दिनसे परम्परासे चल्ल बिधिअनुसार गणुवा राख्तासब् । गणुवा राखिके कलाक कजिया सुरु करिके हखइ । कजियाक पइला दिन किर्हेरसे लेइकुन जुठो पर्ल घर्क केटकटि बाहेक उव घरक सभइजेनाइँ भात र खइलार कुरा दिनभरि नाइ खावत्सब् र साँझ नुन बारिकुन मोद खइतासब् । यसेकरि दिनभरि भात नखाइकुन बोस्तासब् र इक्राइके छेत्रिउपास कतासब् । इय दिनसे किर्हेरइँ र दुखहेर्क घरान्क सभइजेना ८ छाकनुन बारिके परित् । गणुवा धर्ल दिन साँझ सभइ गाउलेसब् कजियाघरयँ जम्मा भइतासब् र कजिया थालिके सरसामान जुटातासब् ।

गाउलेसभेइँ किर्हेर्के राति सुताइके लागि घरक एउटा कोठायँ जालसे कुर बानातासब् । किर्हेरके गोखाइके लेज्तासब् । गोखलार बेलाके पइसाइँ पानि किनिके परित् । उक्रपाछु बास्क ढोङ्रि, सफा सक्भर तामाक वा अरु नइ एक्टा लोटायँ तामाक पइसा सुताइँ बानिकुन लोटाभित्र राखिकुन लोटाके एक्टा लामो लाइरियँ झुन्डातासब् र किर्हेर इँ उव लेइकुन कुरयँ पोसित् । किर्हेरके कोलइवेइँ पुनु छिइके नाइभवइ । किर्हेरइक नजिक कुर्क बाहार किर्हेर्नि फेरि आइकुन बोसिके परित् । किर्हेर्नि चाहि आफ्नइ घरपरिवार्क एकजेना बेटि बोसिके परित् । बाँकि घरपरिवार्क अरुसब् फरि उछि कुरक लघि बोस्तासब् । असे गाउक मानुस्सब् फेरि बोस्तासब् । मर्लक नाउयँ मोद रक्सि र पानि केराक टपरीयँ र खइलार कुरा पातयँ चढाइकुन किर्हेर र आफ्न्तसभेइँ खइतासब् । नुनु कने खाइके नाइभवइ । उव दुखेरघरयँ गाउँलेसभेइँ किर्हेरके खावाइके आ–आफ्न घरसे मोद लेइकुन अय्तासब् र गाउँले सभइ जेनाइँ पालइपालो थोर थोरइ किर्हेर र किर्हेर्निके मोद खावातासब् । खानपिन भइसक्नेपार उछि कुरयँ किर्हेर मत्रइ बोसित् र गाउँलेसभेइँ किर्हेरके रातभरि रुङ्तासब् । यसेकरि तिन रातसमन किर्हेरके मोद खावाइके र रुङ्के परित् ।


कजियाक दोस्रो दिन बेहेन किर्हेरके गाउलेइँ गाउसे बाहार एकान्त ठाउयँ बोस्लार ब्यबस्था मिलाल भइत् । गाउलेइँ चाउर, मोद, केराकपात र पानि लेज्देतासब् । उछि किर्हेरइँ तिन दिनसमन बेहेन बेहेन माटिक वा पाथर्क चुला बानाइकुन भात पाकाइकुन खाइके परित् । किर्हेरइँ भात आफ्निहि पाकाइके परित् । यसेकरि तिन दिनसमन बेहेन बेहेन दिन्क एक एक छाक बिना नुन्क भात खाइत् । यसेकरि तिन दिनसमन चुलायँ भात पाकाइसक्नेपार तिनटइ चुलाके एकइ ठाउयँ राखिकुन किर्हेरइँ तिनटइ चुला मेटाइत् । जक्राइके तिन चुला मेटिके कतासब् । तिनचुला मेट्लक साँझ देसुवालि, आफ्न्त घरान र चेलिबेटि, ज्वाँइचेलासब् नुन बारिकुन कजियाघर दुख्हेरघरयँ आइपुग्तासब् । उसब् बाहार्क मानुस्सब् चारछाक नुन बारिकुन अय्ल भइतासब् । किर्हेरइँ कजियाक सुरुकइ दिनसे आठछाक नुन छाण्ल भइत् र घरपरिवार खलक्क पुनु आठछाक नुन छाणिके परित् र अरु आफ्न्त चेलिबेटि र ज्वाँइचेलाइँ कजिया सुरु भइलक दुइ दिनपाछुसे चारछाक नुन बार्तासब् ।


यसेकरि मोर्लक छावाइँ आठछाक नुन छाणिके परित् र घरघरानेइँ चारछाक नुन बारिके परित् । इक्राके नुन बारिके कतासब् । साँझ चेलिबेटिसभेइँ तेलयँ चाउरक पिठाक झाझ्रोपाप्रो रोटि पाकातासब् । इय रोटि पुजायँ चाढाइके लागि पाकातासब् । दरइ जातिक परम्परागत मरन संस्कार अनुसार पाचाइ दिनयँ बेहेनिहि किर्हेर कुरसे बाहार निस्कित् । उव बेहेनिहि चाणइ गाउसमाज्क बेटा मानुस्सब्, समाचार पाइकुन अय्ल सभइ आफ्न्तसब् र किरियाक सरसामान लेइकुन नजिकइक घाट खोला वा नाराइनियँ जइतासब् । घाटयँ पुगिसक्नेसित् जेठाज्वाइँ चेलाइँ मोर्ल मानुस्क सम्झनायँ खोलाक छेव पानिक नजिकइ माटिक मुर्ति बानाइत् । मुर्ति बानातेखाना पइला मुर्ति बानाइत् । ■

## परतिनिधि सभा सदस्य र परदेस सभा सदस्य निरवाचन, २०७९

### मत पत्रक रंग कस्न भइत ?

- पर्तिनिधि सभा सदस्य र पर्देस सभाक पहिला भइलाहार निर्वाचनक भइलाहारक निर्वाचन पर्नालिक लागि मतपत्रयँ गोर पिस्टभुमियँ **रक्तारि रङक** निर्वाचन चिन्ह र अरु कुरा छापिल भइत ।
- पर्तिनिधि सभा सदस्य र पर्देस सभाक समानुपातिक निर्वाचन पर्नालिक लागि मतपत्रयँ गोर पिस्टभुमियँ **कजाड रङक** निर्वाचन चिन्ह र अरु कुरा छापिल भइत ।







निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

समावेशीकरणको दिशामा एउटा
फड्को : गोरखापत्रद्वारा प्रकाशित
**चेपाङ भाषा पृष्ठ**

## डीनाकाइ जाइ जेयापछि जा चुम्सा अनुरोध



तनहुँ। आलो कात्तिक ३ गते तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिका ३ को ११ बर्षीय डीना चेपाङकाइ जाइ जेकान । ओपछि ओहाङ ममइ मान्तालमि मान्ता जेतो ओ जाकाइ चुम्पा परतो कुरा गम्सा थालो मना। उमइ मान्ता जेतो ओ जाकाइ चुम्सा, सात्सा वा अरु उपाय दो जाङ्सा खाइना ओ लै जाङ्सा परतो स्थानीयलमको माग मना । बन्दीपुर गाउँपालिका ३ का चन्द्रबहादुर चेपाङ र विष्णुमायाको चो डीनाकाइ जेति ज्यान आलो मन भने ओभन्दा अगाडी निज्यो मान्ता सात्ति खायो मना। ओत लइ यात जना घाइते स्याओ मना । डीना सिओ नौदिनको कार्यक्रमहाङ स्याओ श्रद्धाञ्जलीसभाहाङ दाह्स्याओ नेपाली कांग्रेसको बरिष्ठ नेता रामचन्द्र पौडेल, बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजालगायत जनप्रतिनिधिलमि ओ जाकाइ चुम्ति सात्सा या अरु कारबाही जाङ्साको लागि सम्बन्धित निकायको ध्यान आल्सा परतो कुरा दगम्स्यावा।

कांग्रेस नेता पौडेलइ ओ कार्यक्रमसइ लइ तनहुँको प्रमुख जिल्ला अधिकारी र वन कार्यालयको कर्मचारीकाइ फोन सम्पर्क जाङ्ति मान्ता जेतो ओ जाकाइ बो ङ्ति जोक्तो चुम्सा परतो निर्देशन बैस्यावा । यात हप्ताभित्र ओ जाकाइ नियन्त्रणहाङ लेति सात्सा वा थुनति गम्साको लागि निर्देशन बैस्यावा। ओत लइ बागमती प्रदेश भौतिक पूर्वाधार विकास राज्यमन्त्री प्रजाइ मा जाइ पटकपटक मान्तात्याव आक्रमण जाङ्ति ज्यान लइ आल्यामा सम्बन्धित निकायइ जाकाइ नियन्त्रणहाङ लेसाकाइध्यान बैमासा कुरा महा लइ दुःख लागो कुरा स्याओझ्याने ओकाइ जोक्तो लइ नियन्त्रणहाङ लेसा परतो कुरा दाहिस्यावा।

द्या अझ थप क्षति स्याउसा बैमासाको लागि जाकाइ तुरुन्त चुम्सा परतो कुरा दाहिस्यावा। ओत लइ जाइ जेक्ति सिमइको परिवारकाइ क्षतिपूर्ति बैसाको लागि मा ध्यानाकर्षण जाङ्ताक्स्यावा । श्रद्धाञ्जली बैसा कार्यक्रमहाङ बन्दीपुर ३ का वडाध्यक्ष परमेश्वर भट्टराई, नेपाली कांग्रेसको गाउँपालिका सभापति कर्ण खत्रीलमको उपस्थिति मतोना । डीनाको परिवारलाई गाउँपालिकाल्याम तत्काल ५० हजार रुपैयाँ क्षतिपूर्ति बैसा निर्णय समेत ओनम दिन लइ स्याओ ना।

## ई वर्षकाइ ब्याह्सा वर्षको रुपहाङ मनाउदै बागमती प्रदेश

काठमाडौ। बागमती प्रदेश सरकारइ इ वर्षकाई ब्याह्सा वर्षको रुपहाङ मनाउसा निर्णय जाङो मना। बागमती प्रदेशभित्र मो पर्यटकीय क्षेत्रकाइ पर्यटकलमकाइ चिनाउसाको लागि नेकको वर्षकाइ ब्याह्सा वर्षको रुपहाङ मनाउसा लागो प्रदेश सरकारइ घोषणा जाङो हो।

विशेष जाङ्गि बागमती प्रदेशसभत्र मो पर्यटकीय क्षेत्रकाइ चिन्हाउसाको लागि काम जाङ्सा परतो मना। ओत झ्याने पर्यटन विकासको लागि लइ इ वर्षकाइ ब्याह्सा बर्षको रुपहाङ मनाउसा लागो हो।




बागमती प्रदेश सरकारइ विश्व पर्यटन दिवसको अवसर पारति २०७९/८० शुरुवात जाङो हो। बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयइ चितवनको सौराहाल्याम घुमफिर वर्ष घोषणा जाङ्च्युरुकि लइ दिगि पर्यटकलमको घुइचो मा लागो मना। चितवन जिल्लाको सिराईचुली घुमलाङ वर्षैनि लइ आन्तरिक र बाह्य पर्यटकलम लत्नाइ।

बागमती प्रदेशहाङ मो १३ जिल्लाहाङ लइ ब्याह्सा बर्ष संचालन स्याउना।

आलो भदौ महिनाको १६ गते जाङो निर्णयानुसार ब्याह्सा वर्ष मनाउसा लागो प्रदेश मन्त्रालयको उपससचिव रमेश पौडेल दाहिस्यावा बागमती प्रदेशभित्र मो सौराहासहित, सैलुङ, मुढे, खाँडादेवी मन्दिरलमको प्रवर्द्धन जाङ्दै मो मना।

# राज्यमन्त्री सन्तबहादुरइ कन्स्यावा ल्याम



१७ करोड २९ लाख ९१ हजार रुपैयाँहाङ ठेक्का लाउति काम सयउदै मना । प्रदेश भौतिक मन्त्रालयल्याम विनियोजन स्याओ पैसाल्याम आलो २०७८ चैत महिनाल्याम रमन पिआर समीक्षा जेभीकुसि ठेक्का सम्झौता स्याउति काम स्याउदै मो मना ।

४ करोड रुपैयाँको ठेक्का लाउति रिटेनिङ बाल च्योक्ताक्ति ओ ल्यामहाङ काम स्याउदै मो मना । वर्खामासहाङ दोमी झोसा समेत समस्या स्याउतो ओ ठाउँहाङ ल्यामको काम द्योक्सा लागो मना। दिगि ९० प्रतिशत काम स्याउति खायो अवस्था चेओ सन्तबहादुर दाहिस्यावा।

मकवानपुर । स्थानीय तहको समेत सहकार्यहाङ बागमती प्रदेश सरकारइ बनाउदै मो मनहरी मलेखु मोटर ल्यामको बागमती प्रदेशको भौतिकपू र्वाधार विकास राज्यमन्त्री सन्तबहादुर चेपाङइ अनुगमन जाङ्स्यावा ।

प्रदेश सरकारल्याम छुट्याओ बजेटसइ ठेक्काको लागि काम स्याउदै मो र ठेक्का प्रक्रियाहाङ मो मोटर ल्याम र पुल योजनाको इ राज्यमन्त्री सन्तबहादुरइ कन्स्याओ हो। मनहरील्याम धादिङको मलेखु जोडतो ५२ किलो मिटर ल्यामकाइ पूरा जाङ्साको लागि ४ खण्डहाङ काम स्याउदै मो मना।

प्रदेश सरकारइ मनहरी चैनपुर ल्यामहाङ १५ करोडको बहुवर्षीय ठेक्काल्याम काम स्याउदै मना ।

ओ ल्यामको प्रगतिबारे राज्यमन्त्री चेपाङइ बुझसा काम स्यावा । ओसइ ल्याम खण्डको जिर्खेखोलाहाङ पुल निर्माणको लागि प्रदेश सरकारइ ठेक्काको तयारी स्याउदै मो झ्याने मा ओहाङ कन्लाङ दाहास्याओ हो।

ओत लई प्रदेश सरकारइ चैनपुर मलेखु मोटर ल्यामको लागि इ वर्ष लइ ३० करोड रुपैयाँ बजेट छुट्याउति ठेक्का बैसा काम स्याउदै मो मा सन्तबहादुर दाहिस्यावा । मनहरी मलेखु ल्याम अन्तरगत राक्सिराङ्ग गाउँपालिका ४ स्थित परेवाभीरहाङ बनदै मो ल्माको समेत राज्यमन्त्री सन्तबहादुरइ कन्स्यावा ।

४ करोड रुपैयाँको ठेक्का लाउति रिटेनिङ बाल च्योक्ताक्ति ओ ल्यामहाङ काम स्याउदै मो मना । वर्खामासहाङ दोमी झोसा समेत समस्या स्याउतो ओ ठाउँहाङ ल्यामको काम द्योक्सा लागो मना। दिगि ९० प्रतिशत काम स्याउति खायो अवस्था चेओ सन्तबहादुर दाहिस्यावा।

पुराना फोटोलम सामाजिक सञ्जालहाङ गममतिको ल्याम बनल त दाहिति हल्ला स्याउयापछि ल ओहाङ कन्लाङ दाहो कुरा सन्तबहादुर दाहिस्यावा। दिगि गाडी चलसा थालती खायो मना । नातो काम स्याउति खायो अवस्था चेउवा सन्तबहादुरइ थपस्यावा।

चुनावको म्होतोङहाङ मात्र ल्यामको काम कन्लाङ वाङो त दाहिति आरोप लाउसा मा खाइनानि तर ओत खेल इ ङाको जिम्मवारीको कुरा स्याओ झ्याने वाङो हो सन्तबहादुर दाहिस्यावा।

डिपिआर समेत स्याउतिखायो घोरकोटे पुलको लागि बागमती प्रदेश सरकारइ चालू वर्षहाङ बजेट विनियोजन जाङ्ति ठेक्का प्रकियाको अन्तिम तयारीहाङ मना ।

ओत लइ जाङ्ति राज्यमन्त्री सन्तबहादुरइ प्रदेश पुष्पलाल चक्रपथ सडकअन्तरगत आदमघाट मनहरी मोटर ल्यामको अनुगमन जाङ्स्यावा । राज्यमन्त्री सन्तबहादुरइ आदमघाट मनहरी मोटर ल्याम अन्तरगत सिम्पानी, सरिखेत, भार्ता खण्डहाङ स्याउदै मो कामको प्रगतिबारे बुझसा काम स्यावा ।

१७ करोड २९ लाख ९१ हजार रुपैयाँहाङ ठेक्का लाउति काम सयउदै मना । प्रदेश भौतिक मन्त्रालयल्याम विनियोजन स्याओ पैसाल्याम आलो २०७८ चैत महिनाल्याम रमन पिआर समीक्षा जेभीकुसि ठेक्का सम्झौता स्याउति काम स्याउदै मो मना ।

२०८० साल चैत महिनासम्महाङ काम द्योक्तो जाङ्ति ओहाङ काम स्याउदै मना । राज्यमन्त्री सन्तबहादुरइ समयहाङ काम द्योक्ताक्साको लागि ओ बेला निर्देशन समेत बैस्यावा।

## पवनको गित वाङ



काठमाडौ । चेपाङ जातिल्याम यातपछि अर्को कलाकार ल्ह्युङ्सा काम स्याउदै मो मना । दिगि भर्खर मा मोडल तथा सञ्चारकर्मी पवनकुमार चेपाङइ लको पहिलो गित वानो मना।

आधुनिक गित म्येसा सिपालु पवनको इ गित महा लइ पेतो मना। पश्चिम मकवानपुरको राक्सिराङ -३ लावती निवासी नव गायक र चेपाङइ पहिलो खाली खाली दिल बोलको गीतको म्युजिक भिडियो सार्वजनिक जाङो मना ।

नव गायक चेपाङको लको लइ शब्द र संगित र स्वरहाङ मो इ गितको भिडियो पीकेसी ईन्टरटेनमेन्ट यु-ट्युब च्यानलल्याम सार्वजनिक जाङो मना । ओ गीतको महेश बिक्रम पाण्डेइ एरेन्ज जाङो मना ।

भिडियोहाङ गायक ललइ र बिना राउतइ अभिनय जाङो मना । चेपाङइ इभन्दा अगाडी मा यात दर्जन भन्दा नातो म्युजिक भिडियोहाङ अभिनय जाङ्तिखायो मना ।

नेपालको पहिलो चेपाङ गायक रविनकुमार चेपाङको चो पवन लको बाबो ल्याम लइ झोदै मो मना। गित म्येसा अभिनय जाङ्सा सइ लेति रेडियोहाङ मा पेतो कार्यक्रम चलाउसा चितो मना।

# चुनावहाङ विकास जाङ्तो नेताकाइ छाननी लौ

■ **श्रीजना प्रजा**

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन मंसिर ४ गते द्याङहाङ लइ दाहित खाया। चुनावमाहाङ चिङमइ राजनीतिक दलको नेता र स्वतन्त्र उम्मेदवारलमि लको प्रचारप्रसार सुररु जाङ्ति खाइकानी। मइ लको एजेण्डा गाउँको मान्तालमकाइ तान्सा थालकाति खाइकानी ।

दिगि नातो उम्मेदवारलमी लइ जुवोखेयाकाइ गाउँहाङ वान्तो बिकासलमको आसा तान्सा थालो मना। उमइ गाउँहाङ दो दो दाहो नाल ओ सबै लइ लइ जुओखेयाकाइ वान्तो दाहिदइ जनतालमकाइ आशा तान्सा काम स्याओ मना। जनताकाइ लोभ र आशाहङ गम्ति फेरी मा ५ वर्ष सांसद स्याउसाको लागि उम्मेदवारलम दिगि गाउँको जनतालमको किमकिमहाङ आल्सा काम स्याउदै मो मना।

इ कुराहाङ द्या मा ङि सचेत र चनाखो स्याउमायाकाइ ङि लमइ लइ दुःख चेउतो अवस्था मना । गाउँगाउँहाङ दिगि विभिन्न खालको राजनीतिक दललमको उम्मेदवार र स्वतन्त्र उम्मेदवारलम लको चुनावी एजेण्डा लात्ति वाङ्नाइ। ङि जिताउति ल्होक्यापछि फेरी पाँच वर्ष गाउँ पोक्सा मन जाङ्निलि। इ कुरा द्या ङि यान्तो सर्बसाधारण जनतालमि बेलाहाङ लइ चिसा परना। लको गाउँको विकास जाङ्तो खालको मान्तालमकाइ दिगिको चुनावहाङ जिताउति ह्लोक्सा परना ।

गाउँ गाउँहाङ दिगि मा मोटर ल्याम पेतोकुसि दाहो नाल। दाह्या मा पहिरोइ आल्ति दिगि झोसा लइ मिलमातो अवस्था मना । ओत लइ तुङ्सा तीको मा समस्या मना। तुङ्सा तिको लागि मा दिगि मा यात बिहान झोति वान्सा परतो ठाउँलम नातो लइ मनाई । राङ मना तर दिगि मा नातो मान्तालमको लको राङको लापुर्जा अर्थात राङको पुर्जा नाल । ओको लागि नेक बलबलब काम स्याओ मना राङको निस्सा बैति पुर्जा बैसाकाइ। कोही मान्ताको पाइ झन राङ मा नाल। ओताङ्तो मान्तालमकाइ सरकारइ राङ बैसा परना । ओ कामको पहल त दाह्यो ङिको प्रतिनिधि जाङ्सा परना । ओ जाङ्सा खाइसा परना । अझ अर्को समस्या त दाह्यो ङि उब्जाओ जेगाइ ६ महिनासइ लेति ९ महिनासम्म मात्र जेसा दाह्नाउ।

गल मा अनिकाल परा त दाहिति समाचार पढसा र लेखताक्तो चलन दिगि मा मना । ङिको मेङहाङ अरु मान्तालमि फाइदा उठाओ मना या नाल ओ मा कन्सा परतो मना । दिगि गाउँहाङ विभिन्न पार्टीको उम्मेदवारइ लइ जुओखेयाकाइ किम बनाउति बैनाङ त दाहिनाइ। लको पार्टीको नेतृत्वहाङ सरकार बनो खेयाकाइ गरिब मान्तालमकाइ किम बनाउति बैनाङ त दाहिनाइ। नेक मात्र मा यात्ज्यो दलको उम्मेदवारइ लको पार्टीको नेतृत्वहाङ सरकार बनोखेयाकाइ १० हजार किम बनाउति बैना त दाहिति दाह्यो मना । दो ओ पूरा स्याउना साम ? मुख्यतः दिगि ङिको जातिलम मो ठाउँकाइ समेट्नी चेपाङ संरक्षित क्षेत्र घोषणा स्याओ मना। इ त दाह्यो ङिको लागि महा लइ पेतो कुरा हो। बागमती प्रदेश सरकारइ नेक वानो इ योजना अझै मा शुरु चाहि स्याओ नाल। द्या इ शुरु स्याउयापछि इकाइ पेतोकुसि काम जाङ्साको लागि चेपाङ जातिको लइ मान्तालमकाइ परिचालन जाङ्सा परना । दिगि ङिको मान्तालम देशहाङ रोजगारी चेउमात लको किम परिवार फेती विदेश आल्सा बाध्यता दिगी मा मना ।

लको गाउँहाङ लइ रोजगारी चेओ खेयाकाइ लको किम परिवार फेती बाहिर देश आल्सा सुको मा चाहना र रहर स्याउल। ओको लागि स्थानीय तहहाङ लइ रोजगारीको व्यवस्था स्याउसा परना । ओको लागि कलकारखाना र विभिन्न खालको उद्योगलम स्थापना जाङ्सा परना। ओ काम द्या जितमइ सांसदलमि जाङ्सा खाइसा परना। ओत लइ ङिको गाउँहाङ पर्यटकीय संभावनालम नाओ ठाउँलम मा नातो लइ मना। ओहाङ घुमलाङ वाङमइ मान्तालमकाइ मात्र सेवा जाङ्सा अवसर चेओखेयामा ङिको किमको आर्थिक अवस्था सुर्धासा खाइतो अवस्था मना ।

ओत लइ ङिको किम र वनहाङ चेओ विभिन्न खालको जडीबुटीकाइ ठाउँहाङ दाक्सा खाया मा गुच्युक पेतो स्याउना। ङि पुस्तौसइ जेंदै वाङो लाक, ग्लि , ज्यार, वनगोइ, हुङ, नेलाउ आदिकाइ बजारहाङ आल्सा खाया मा गुच्युक पेतो स्याउना। आधि मान्तालमी ओहाङ लइ रोजगारी चेउनानी । ओत झ्याने ओकाइ मा अगाडी बढाउसाको लागि द्या ङिलमि तोसा खाइसा परना। गलमा ङि अक्रो भोट ब्यांकको रुपहाङ मात्र प्रयोग स्याउसा स्याउल। ओको लागि ङि लमइ जागरुक स्याउसा परना । राजनीतिक पार्टीको आस्था र बिचार याज्त्यो ठाउँहाङ स्याउसा खाइनाउ। तर ओ त दाह्यो लको ठाउँहाङ स्याउना। तर बिकासको लागि पेतो मान्ता र पेतो उम्मेदवार छानसा खाइसा परना । तब मात्र ङिको जीवन पहिलासइ बल त्याव लत्सा खाइनाउ। नत्र पहिला गाहाङ मनातही ओभन्दा त्याव लत्सा अझै मा ५० वर्ष लागना । दिगि मेङ चलो र राष्ट्रिय नेताभन्दा मा ङि विकास सुइ जाङ्नानि ओ नेताकाइ कन्सा परना। लको गाउँ र समाजहाङ मो मान्तालमको जीवनकाइ अगाडी बढाउसा खाइतो नेताको दिगि ङिकाइ आवश्यकता मना ।

ओताङ्तो खालको मान्तालमकाइ लइ ङि जिताउसा मा परना । दिगि ङि २१ औँ शताब्दीको ल्यामहाङ झोदै मो मना। तर, दिगि गाउँको अवस्था र ङिको मान्तालमको अवस्था कन्तोहाङ यात सय वर्ष पहिलाको यान्तो चेउना ।

शिक्षा, स्वास्थ्यको अवस्थाल्याम दिगि मा ङि पछाडी लइ परो मनाङ्सु । दिगि मा गुच्युक चोद्याङलमि पढसा मन मति मा पढसा चेओ नाल। किम द्याङहाङ स्कुल नाल। किम द्याङहाङअस्पताल नाल । दिगि मा गुच्युक मान्तालम काल दाह्माखा लइ सिसा परतो बाध्यता मना । दिगि मा गाउँहाङ एम्बुलेन्सको सुबिधा नाल। मान्तालम अपरझट बिरामी परया झोलुङ्गो बनाउति अस्पताल आल्सा परतो अवस्था मना । गाउँको अवस्था दिगि मा फेरो नाल। लको बारीहाङ उब्जो क्यान मा ओताइ सेङ्ताक्ति वाइताक्सा परतो अवस्था मना।

इत स्याओ झ्याने द्या चाहि ङि लमइ सचेत स्याउति लको गाउँहाङ भोट तेलाङ वाङमइ मान्तालमकाइ प्रतिबद्धता जाङ्ताक्सा परना कि जितिति खायापछि मा गाउँहाङ वाङ्सा परना र ङिको सुखदुःखहाङ सधै साथ बैसा परना त दाहिति। चुनाबको बेला मात्र वाङ्मति अरु बेला वाङ्मामइकाइ ङि चिन्हसा परना । ङि गा न गा राजनीतिक दलहाङ पाइ आबद्ध स्याओ लइ मनाङ्सु तर ङि विकासको कुराहाङ चाहि यात मेठ स्याउसा परना । ङि लइ ल्याम बिराउयापछि अरुकाइ दो मा तोसा कुरा वाङ्ल।

सोझो चेपाङलमकाइ दो मा तोया मा स्याउना र उमइ दो तोया मा ग्यानाइ दाहिति हेपसा खाइनानि। ओ अवस्था वाङ्सा बैमासाको लागि जोको मान्तालमि नोसा खाइसा परना। दो तोया मा तोलाङ ह्रुनदै स्याउना त दाह्या फेरी मा ङिकाइ ङिको चोद्याङलमि लइ हेपसा खाइनानि । इ कुराकाइ बेलैहाङ लइ बिचार जाङ्ति नेक पेओ मान्ताकाइ छानति भोट बैनि दा लौ।




**प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७९**

**मतपत्रको रङ गताङ्तो स्याउना ?**

- प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो स्याउतो निर्वाचित स्याउतो निर्वाचन प्रणालीको लागि मतपत्रहाङ भामो पृष्ठभूमिहाङ दुतो रङको निर्वाचन चिन्ह र अन्य विवरण छापो स्याउना ।



- प्रतिनिधिसभा र प्रदेशसभाको समानपातिक निर्वाचन प्रणालीको लागि मतपत्रहाङ भामो पृष्ठभूमिहाङ गालो रङको निर्वाचन चिन्ह र अन्य विवरण लेखो स्याउना ।






निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

बाढीपीडित भन्छन्

# हाम्रो समस्या समाधान गर्नेलाई मत

घर पूर्ण रूपमा क्षति भएका परिवारका लागि सरकारले घर बनाउन प्रतिपरिवार पाँच लाख रुपियाँ दिइरहेको छ ।

**शैलेन्द्र रोकाया**
*बझाङ, कात्तिक १९ गते*

गत वर्ष कात्तिक महिनामा परेको अविरल वर्षाले उत्पन्न भएको बाढीपहिरोमा परी बिचल्लीमा परेका यहाँका बाढीपीडितहरूले आफ्नो समस्या समाधान गर्ने दललाई मत दिने बताएका छन् ।

बाढीपहिरोका कारण पुर्ख्यौली थातबासबाट उठीबास भएका जिल्लाको खप्तडछान्ना गाउँपालिकाका बाढीपीडितहरूले आफूहरू घरबारविहीन भएको अवस्थामा जुन दलले आफ्ना समस्या समाधान गर्छ त्यही दल र उम्मेदवारलाई मत दिने बताएका छन् ।

आसन्न निर्वाचनका लागि उम्मेदवारहरूले घरदैलोमा कार्यक्रम गरिरहेका बेला विगतमा नेताहरूले आफूहरूको समस्या समाधान गर्न कुनै पनि पहल नगरेको भन्दै दुखेसो पोखेका छन् । आगामी निर्वाचनमा बाढीपीडितका समस्या समाधान गर्ने प्रतिबद्धता गराएर मात्र कुनै पनि दलको प्रतिनिधिहरूलाई मत दिने यहाँका स्थानीयले बताएका छन् ।

खप्तडछान्ना–१, खातीगाउँका सुरेन्द्र खातीले भन्नुभयो, "एक वर्ष पीडा र आश्वासनमा बितायौँ । सरकारी क्षेत्रबाट सोचे जति सहयोग भएन । यो निर्वाचनमा भने हाम्रा समस्या समाधान गर्नेलाई कसम खुवाएर मात्र मत हाल्ने निर्णयमा पुगेका छौँ ।" बाढीपहिरोका कारण उठीबास भएका जिल्लाको खप्तडछान्ना गाउँपालिकाका झन्डै ७७ परिवार अहिलेसम्म पनि बिचल्लीमै छन् । कसैको बस्ने घर छैन भने कसैले आफन्तको गोठ तथा घरमा शरण लिएर बसेका छन् ।

कमाइ खाने खेतजिउलाहरू बगरमा परिणत भएपछि यहाँका बाढीपीडितलाई एक छाक टार्नसमेत धौधौ भएको छ । घर, खेत बगाएर सुकुम्बासी बनेका खप्तडछान्ना–१, का रिने खातीले भन्नुभयो, "धेरै पटक विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूमा धाउँदै आएको छु । सबै ठाउँबाट आश्वासन मात्र पाइयो । अझ चुनावका बेला पनि मत देऊ भनेर आइसके । जसले हाम्रा समस्या सुन्छन् र काम गर्छन्, उसलाई कसम खुवाएर मात्र भोट दिन्छौँ ।"

यस वर्षसमेत ठूलो बाढी आउँछ कि भनेर हरेक राति नसुतेर बस्नु परेको खाती गाउँवासीका कथा झन् घत लाग्दा छन् । खप्तडछान्ना गाउँपालिका–१, खाती गाउँका हर्क खातीले भन्नुभयो, "घरको आँगनमै खोला बगेको छ । आकाशमा बादल मडारिन थाल्दा पोहोरसालको जस्तै हुने हो कि भन्ने चिन्ता लाग्छ । पोहोर त धेरै पर थियो खोला, यसपालि त आँगन भएर खोला बगेको छ । त्यसैले हामी राति सुत्न सक्ने अवस्थामा छैनौँ ।

गएको वर्षासँगै आएको बाढीले बगाएको खाती गाउँलगायतका अधिकांश बस्ती जडारीगाड (खोला)ले कटान गरिरहेको छ । खप्तडछान्ना गाउँपालिकाको कालुखेती, घाँट खोला, पसल बगर, ऐचेली बगर, खाती गाउँ र ऐराडालगायतका एक दर्जनभन्दा बढी गाउँ अझै बाढी र पहिरोको उच्च जोखिममा छन् ।

गाउँपालिकाको मुख्य आवतजावत गर्ने सडकसमेत बिग्रेको छ । गाउँपालिकाको मुख्य बाटो मष्टाको पातीहल्ना र घाँट खोला नजिकै खडिमेलामा लगातार पहिरो बगिरहेकाले ज्यान जोखिममा राखेर हिँड्नुपर्ने बाध्यता कायमै छ ।

गएको हप्ता घरदैलो अभियान गरेको नेकपा (एमाले)का उम्मेदवारसहितको टोलीलाई घर, खेत बगाएको बगर देखाउँदै बाढीपहिरो पीडितहरूले आफ्ना समस्याप्रति संवेदनशील हुने वाचा गरे मात्र मत दिने बताए । सत्ता गठबन्धनका उम्मेदवारहरूलाई समेत पीडितहरूले त्यही कुरा दोहोर्‍याए ।

खप्तडछान्ना गाउँपालिका अध्यक्ष उत्तमबहादुर रोकायाले भन्नुभयो, "गाउँपालिकाको सीमित स्रोत र साधनले नभ्याउने भएकाले पटक/पटक प्रदेश सरकार र सङ्घीय सरकारलाई पहल गरिरहेका छौँ । गृह मन्त्रालयलगायतका सरोकारवाला निकायमा डेलिगेसनसमेत गएर ध्यानाकर्षण गराएका छौँ तर यस वर्ष केही सम्बोधन हुन्छ होला ।" उहाँकाअनुसार घर पूर्ण रूपमा क्षति भएका परिवारका लागि सरकारले घर बनाउन प्रतिपरिवार पाँच लाख रुपियाँ दिइरहेको छ ।

गएको वर्ष धान भित्र्याएर गहुँ छर्ने तयारीमा रहेका यहाँका किसानको सयौँ हेक्टर उर्वरभूमि बाढी र पहिरोका कारण बगर बनेको खप्तडछान्नाका झन्डै एक सयभन्दा बढी परिवारको बाढीले उठीबास लगाएको थियो ।

# अनुमतिबिना सवारीसाधन प्रयोग

जिल्लामा अनुगमन र कारबाहीको प्रक्रिया फितलो हुँदा उम्मेदवारहरूले आचारसंहिता मिचेर सवारीसाधन प्रयोग गर्दै आएका छन् ।

**दिपायल समाचारदाता**
*दिपायल, कात्तिक १९ गते*

डोटी जिल्लामा राजनीतिक दलहरूले सवारी अनुमति नलिएरै निर्वाचन प्रचारप्रसारमा सवारीसाधन प्रयोग गर्दै आएका छन् ।

निर्वाचन प्रचारप्रसारका लागि प्रयोग गर्ने सवारीसाधनको अनिवार्य रूपमा सवारी अनुमति लिनुपर्ने भए पनि दलहरूले आचारसंहिता विपरीत सवारीसाधन प्रयोग गर्दै आएका छन् ।

मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेका अनुसार जिल्लामा रहेका दलहरूमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टीले मात्रै प्रचारप्रसारका लागि सवारी अनुमति लिएको छ ।

जिल्ला निर्वाचन कार्यालयले दिपायलमा आयोजना गरेको निर्वाचनमा सञ्चारमाध्यमको भूमिका विषयक कार्यक्रममा बोल्दै मुख्य निर्वाचन अधिकृत पाण्डेले उम्मेदवार र दलहरूले अनुमतिबिना सवारीसाधन प्रयोग गर्दै आएको बताउनुभयो ।

निर्वाचन प्रचारप्रसारमा प्रयोग हुने सवारीसाधनको अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था छ । मुख्य निर्वाचन अधिकृत पाण्डेले भन्नुभयो, "एक जना उम्मेदवारले दुईवटा सवारीसाधन मात्रै प्रयोग गर्न पाउँछन् तर डोटीमा राप्रपाबाहेक कुनै पनि दलका उम्मेदवारले सवारी अनुमति लिएको पाइँदैन । अनुमतिबिना प्रयोग भएका सवारीसाधनहरू जफत गर्नेसम्मको निर्देशन छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले अनुमतिबिना प्रयोग भएका सवारीलाई कारबाही गर्ने प्रक्रिया अघि बढेको बताउनुभयो । अनुमतिबिना प्रचारप्रसारमा प्रयोग भएका चारवटा सवारीसाधनलाई नियन्त्रणमा लिएर सम्झाइ बुझाइ गरेको र अर्को पटक भेटिए जफत गरिने उहाँले बताउनुभयो ।

डोटीका उम्मेदवार तथा दलहरूले निर्वाचन आचारसंहिताविपरीत अनुमति नलिएका सवारीसाधन प्रयोग गर्नुका साथै तोकिएभन्दा बढी सवारीसाधन प्रयोग गर्दै आएका छन् । जिल्लामा अनुगमन र कारबाहीको प्रक्रिया फितलो हुँदा उम्मेदवारहरूले आचारसंहिता मिचेर सवारीसाधन प्रयोग गर्दै आएका छन् ।

मुख्य निर्वाचन अधिकृत पाण्डेले आफूकहाँ कुनै पनि लिखित उजुरी नआएका कारण कारबाही गर्न नसकिएको बताउनुभयो । निर्वाचन आयोगले दल तथा उम्मेदवारहरूले मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट अनिवार्य रूपमा सवारी अनुमतिपत्र लिनुपर्ने जनाएको छ ।

# निर्वाचनपछि गफभन्दा बढी काम



**फूलबारी समाचारदाता**
*फूलबारी (कैलाली), कात्तिक १९ गते*

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रवक्ता डा. प्रकाशशरण महतले आगामी मङ्सिर ४ को निर्वाचनमा गठबन्धनको पक्षमा बहुमत आउने दाबी गर्नुभएको छ ।

शनिबार कैलालीको धनगढी पुग्नुभएका डा. महतले प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा सो दाबी गर्नु बताउनुभएको हो । पत्रकार सम्मेलनमा डा. महतले विगतमा ओली सरकारले कामभन्दा बढी गफ दिने संस्कृतिको विकास गरेकाले निर्वाचनपछिको गठबन्धनको सरकारले गफभन्दा कामलाई बढी प्राथमिकता दिने बताउनुभयो ।

डा. महतले भन्नुभयो, "विगतको सरकारले देशमा स्थिरता कायम गर्न सकेन । स्पष्ट विदेश नीति बनाउन सकेन, जनताको जनमतको कदर गर्न सकेन ।" नेपाली कांग्रेसले जारी गरेको घोषणापत्रअनुसार काम गर्ने बताउँदै डा. महतले निर्वाचनको परिणामपछि सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा कुनै औपचारिक छलफल नभएको प्रस्ट पार्नुभयो । डा. महतले आगामी निर्वाचनमा कांग्रेस नै ठूलो दल बन्ने भएकाले ठूलो दलले नेतृत्वको दाबी गर्नु स्वाभाविक हुने बताउनुभयो ।

---

कृषि तथा वन विज्ञान विश्वविद्यालय

## वन विज्ञान संकाय, हेटौडा

### B.Sc. Forestry मा विद्यार्थी भर्ना सम्बन्धी सूचना

यस संकाय अन्तर्गत B.Sc. Forestry मा नयाँ विद्यार्थी भर्ना फाराम मिति २०७९/०८/११ गते आइतबार राती १२:०० बजेसम्म Online बाट मात्र भर्ना गर्न सकिनेछ । प्रवेश परीक्षा मिति २०७९/०८/१७ गते शनिबार बिहान ११:०० बजे शुरु हुनेछ । विस्तृत जानकारीको लागि यस विश्वविद्यालयको Website: www.afu.edu.np/admission मा हेर्न तथा फोन नं. ०५७-५२३२४८ मा सम्पर्क गर्न सकिनेछ ।

**डीन**

---

## सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**सवारी साधन भाडामा लिने सम्बन्धी**
**सिलबन्दी दरभाउपत्र नम्बर NDCL/PD-PKR/SQ-04/079-80 आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०७९।०७।२०)**

यस प्रादेशिक निर्देशनालयका लागि आवश्यक 4WD डबल क्याब पिकअप सवारीसाधन भाडामा लिनुपर्ने भएकोले इच्छुक र योग्य सिलबन्दी दरभाउपत्र दाताहरूले निम्नानुसार रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिलबन्दी दरभाउपत्र फाराम खरिद** : मू.अ.करमा दर्ता भई सम्बन्धित निकायमा दर्ता/नवीकरण अद्यावधिक भएका सिलबन्दी दरभाउपत्र दाताले निवेदनको साथमा उल्लेखित प्रमाणपत्रहरूको प्रतिलिपि संलग्न राखी नेपाल टेलिकम, दू.स.का, रानीपौवा पोखरा काउन्टर वा एनएमबी बैंक लिमिटेडमा रहेको यस कम्पनीको खाता Nepal Telecom Revenue Account-Pokhara, A/c no. 0060001373900014 मा रु.३,००० (फिर्ता नहुने) दस्तुर तिरी यस निर्देशनालयबाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।

**सिलबन्दी दरभाउपत्र फाराम पाइने, दर्ता गर्ने तथा खोल्ने स्थान** : नेपाल टेलिकम प्रादेशिक निर्देशनालय पोखरा, महेन्द्रपुल, गण्डकी प्रदेश ।

**सिलबन्दी दरभाउपत्र फाराम बिक्री मिति** : कार्यालय समयभित्र २०७९।०७।२० देखि २०७९।०८।०६ सम्म

**सिलबन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम मिति** : २०७९।०८।०७ मध्याह्न १२:०० बजेसम्म

**सिलबन्दी दरभाउपत्र फाराम खोल्ने मिति** : २०७९।०८।०७ दिनको १२:३० बजे

**जमानत** : सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र प्रस्तावको साथमा रु. १,२०,०००।०० (अक्षरुपी एक लाख बीस हजार मात्र) नबिल बैंक लिमिटेड सभागृह चोक, पोखरामा रहेको खाता NDCL-GPD Pokhara Deposit A/c no. 01206017500062 मा जम्मा गरेको सक्कल बैंक भौचर वा सोही रकम बराबरको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी सक्कल बैंक जमानत पत्र संलग्न गर्नुपर्नेछ ।

सिलबन्दी दरभाउपत्र खरिद गर्ने, बुझाउने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

राष्ट्रको सञ्चार

**नेपाल टेलिकम**
**प्रादेशिक निर्देशनालय पोखरा, महेन्द्रपुल, गण्डकी प्रदेश**
**फोन : ०६१-५८९६६६, फ्याक्स : ०६१-५८१९९९**
Email: nt.gpd@ntc.net.np, Website: www.ntc.net.np

---

## नेपाल विद्युत प्राधिकरण

**बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौंडा**

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति : २०७९।०७।२०**

**१. सिन्धुली वितरण केन्द्र**
(email: sindhuli@nea.org.np फोन नं. ०४७-५२११०५)

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण |
|---|---|---|
| १. | NEA/SDC/2079/080-01 SQ | Supply & Delivery of Stationery & Printing Materials. |
| २ | NEA/SDC/2079/080-02 SQ | Supply & Delivery of 33& 11kv Line Materials. |

---

## ने.वि.प्रा. ग्रिड सञ्चालन विभाग

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९।७।२०**

| बोलपत्र नं. | छनोट भएको बोलपत्र दाता/दरभाउपत्र दाता | कबोल रकम (Excluding Tax and Duties) । |
|---|---|---|
| GOD/ 2079/080-01 | M/S Ganga Electric Engineering Works, Banke. | **NRs. 35,20,000/00** |

**Please contact telephone no:** 01-4106965 during office hour.

---

## नेपाल विद्युत प्राधिकरण

**बागमती प्रादेशिक कार्यालय**
**बालाजु वितरण केन्द्र**

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०७/२०** (06-11-2022)

1. Supply and Delivery of Electrical Equipment & Hardware Materials.
   - Sealed Quotation No.: NEA/BJDC-2079/080-2(SQ) And
2. Supply and Delivery of Stationary and Printing Materials.
   - Sealed Quotation No: NEA/BJDC-2079/080-3(SQ)

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details

---

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०७९।०७।२०)**

बागमती प्रादेशिक कार्यालयबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार प्राप्त बोलपत्रहरूमध्ये देहाय बमोजिमको बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिका लागि छनोट भएकोले ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली, २०६८ (सं.स.)को विनियम १५६ तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कुल बोलकबोल अङ्क (कन्टिन्जेन्सी बाहेक) |
|---|---|---|---|
| १ | NEA/BPO/ 2079/080-02 | श्री Renu Construction Pvt. Ltd., Pulchowk । | रु. १०,७३,०७,७३८।०० (अक्षरुपी दस करोड त्रिहत्तर लाख सात हजार सात सय अठ्तीस रुपैयाँ) भ्याट सहित |

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**बागमती प्रादेशिक कार्यालय**
**फोन नं.: ०१-४१५३१५६**

---

## बन्दीपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**बन्दीपुर, तनहुँ, गण्डकी प्रदेश, नेपाल**

### बन्दीपुर गाउँपालिकाको वडा नं. ०५, याम्पामा सङ्कलन गरी राखिएको नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा आदि) बिक्री सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।२०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(क) र यस बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकेको दररेटका आधारमा न्यूनतम रकमबाट बढाबढ हुने गरी बन्दीपुर गाउँपालिकाको वडा नं. ५, याम्पामा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा आदि) ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल सम्बन्धी कार्यको ठेक्का लिन चाहने इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट निम्नलिखित सीमामा रही आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०७८/०७९ को कर चुक्ताको प्रमाणित प्रतिलिपि वा आय विवरण पेस गरेको प्रमाणित कागजात वा आय विवरण पेस गर्न म्याद थप भएको निस्सा वा प्रमाण पेस गरी तोकिएको सर्तको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र प्रक्रियामा हार्डकपी तथा विद्युतीय माध्यम (www.bolpatra.gov.np/egp) बाट सहभागी हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । **तपसिल**

| ठेक्का नं. | विवरण | बिक्री गरिने परिमाण (घ.मि.) | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) रु. | बोलपत्र दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| **BRM/NCB/ GOODS/ RM/07/2079-080** | बन्दीपुर गाउँपालिका वडा नं. ०५, याम्पामा सङ्कलित नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) बिक्री | ११४९४.०५ | ३४,५०,७४४।१० | ३,००० | कबोल रकमको ५ % |

नोट : थप जानकारीका लागि यस कार्यालयको वेबसाइट www.bandipurmun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## रिक्त कोटामा भर्ना सम्बन्धी सूचना

प्रकाशित मिति: २०७९/०७/२०

शैक्षिक सत्र २०७९ का लागि **CTEVT** बाट डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग पूर्णशुल्कीय खुला कोटामा केही सिट रिक्त हुन गएकोले जुनसुकै प्रदेशबाट प्रवेश परीक्षामा वैकल्पिक/उत्तीर्ण (पास) सूचीमा रहेका परीक्षार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आवश्यक कागजात सहित निवेदन दिनुहुन सूचित गरिन्छ ।

**विस्तृत जानकारीको लागि**

**श्री फुल्चोकी माध्यमिक विद्यालय**
**गोदावरी १४, ठैब, ललितपुर**
**सम्पर्क: ०१-५५६०५८२, ९८४१५९३७३६**

---

**भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंबाट जारी भएको का.जि.न.पा. वडा नं.२५ बस्ने कृष्णमान शाक्य..१, ऐ.ऐ. बस्ने महेन्द्र शाक्य....१, विनोद शाक्य....१, पृथ्वी बहादुर शाक्य..१, र प्रेम बहादुर शाक्य समेत जना ५ का नाउँको विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको उपस्थित हुन आउने बारेको ३० दिने सार्वजनिक सूचना..........।**

प्रस्तुत विषयमा मेरा पिता सेते शिवशक्ति भन्ने हर्क बहादुर भुजेलका नाउँमा मोही कायम रहेको का.जि. लप्सीफेदी वडा नं. ८/झ कि.नं.७ को क्षे.फ. ३-४-०-० जग्गाको मोही तथा पिताको मृत्यु मिति २०३९।३।२० मा परलोक भई सो जग्गा स्व. पिताका नाउँबाट मोही नामसारी गरी सो जग्गाको पश्चिम तर्फबाट आधा मोहीलाई हुने गरी जग्गा बाँडफाँड समेत गरी पाउँ भन्ने राम बहादुर भुजेलको माग निवेदन भई कारबाहीको सिलसिलामा ज.धहरूका नाउँमा म्याद जारी गर्दा म्याद तामेल हुन नसकेको भनी निवेदन साथ म्याद फिर्ता हुन आएकोले यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग बमोजिम हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकासित भएको मितिले ३० दिनभित्र उपस्थित हुन आउनुहोला । अन्यथा म्यादभित्र उजुरबाजुर नगरे कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

---

**Invitation for Sealed Quotation**

## Karmachari Sanchaya Kosh

**Human Resource and Internal Management Department**
Pulchowk, Lalitpur, Phone No. 01-5010167, 501008

### Invitation for Sealed Quotation for Supply and Delivery of 2500 Rim Photocopy Paper

SQ No: EPF/KS/GOODS/SQ/2079/80-04
First date of Publication in Gorkhapatra: 2079-07-20 (November 06, 2022)
[E-Submission Only]

1) Karmachari Sanchaya Kosh (KSK) invites sealed quotations from registered suppliers for Supply and Delivery of 2500 Rim Photocopy Paper under Public Procurement Act and Regulations.
2) Interested eligible suppliers may obtain further information at the office of Human Resource and Internal Management Department, Karmachari Sanchaya Kosh, Pulchowk, Lalitpur.
3) Suppliers may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Suppliers, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.1000.00 in the following account of Karmachari Sanchaya Kosh as specified below:
   Name of the Bank: Nepal Investment Bank, Pulchowk, Lalitpur
   Account No: 00401010254373
4) Electronic Quotation must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2079-08-07 (November 23, 2022), Quotation after this deadline shall not be accepted.
5) Quotations must be valid for a period of ***45 days*** after opening of sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting to a ***minimum of NRs. 42,000.00 (Forty Two Thousand Only)***, which shall be ***valid for 75 days*** after opening of the Sealed Quotations.
6) If bidder wishes to submit the Cash Security, the cash should be deposited in aforementioned account and submit the receipt of the deposited voucher.
7) Sealed Quotation shall be opened in the presence of bidders' representatives who choose to attend at 1:00 PM on 2079-08-07 at the office of Human Resource and Internal Management Department, Karmachari Sanchaya Kosh, Pulchowk, Lalitpur.
8) If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of the bid submission.
9) The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation without assigning any reason, whatsoever.

---

**Invitation for Sealed Quotation**

## Karmachari Sanchaya Kosh


**Human Resource and Internal Management Department**
Pulchowk, Lalitpur, Phone No. 01-5010167, 501008

### Invitation for Sealed Quotation for the Supply, Delivery & Installation of Endpoint and Server Protection System [Antivirus License]

SQ No: EPF/KS/GOODS/SQ/2079/80-03
First date of Publication in Gorkhapatra: 2079-07-20 (November 06, 2022)
[E-Submission Only]

1) Karmachari Sanchaya Kosh (KSK) invites sealed quotations from registered suppliers for the supply, delivery & Installation of Endpoint and Server Protection System [Antivirus License] under Public Procurement Act and Regulations.
2) Interested eligible suppliers may obtain further information at the office of Human Resource and Internal Management Department, Karmachari Sanchaya Kosh, Pulchowk, Lalitpur.
3) Suppliers may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Suppliers, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.1000.00 in the following account of Karmachari Sanchaya Kosh as specified below:
   Name of the Bank: Nepal Investment Bank, Pulchowk, Lalitpur
   Account No: 00401010254373
4) Electronic Quotation must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2079-08-06 (November 22, 2022), Quotation after this deadline shall not be accepted.
5) Quotations must be valid for a period of ***45 days*** after opening of sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting to a minimum of ***NRs. 32,000.00 (Thirty Two Thousand Only),*** which shall be valid for ***75 days*** after opening of the Sealed Quotations.
6) If bidder wishes to submit the Cash Security, the cash should be deposited in aforementioned account and submit the receipt of the deposited voucher.
7) Sealed Quotation shall be opened in the presence of bidders' representatives who choose to attend at 1:00 PM on 2079-08-06 at the office of Human Resource and Internal Management Department, Karmachari Sanchaya Kosh, Pulchowk, Lalitpur.
8) If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of the bid submission.
9) The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation without assigning any reason, whatsoever.

# प्रदेश सभातर्फ नयाँ अनुहारबीच प्रतिस्पर्धा



सुर्खेत निर्वाचन क्षेत्र नं. १ (क)मा गठबन्धनबाट कांग्रेसका खड्कबहादुर पोखेल ।



सुर्खेत निर्वाचन क्षेत्र नं. १ (ख)मा गठबन्धनबाट माओवादीका कृष्णबहादुर जीसी ।



सुर्खेत निर्वाचन क्षेत्र नं. १ (ख)मा एमालेका उम्मेदवार डण्डिप्रसाद शर्मा ।



सुर्खेत निर्वाचन क्षेत्र नं. २ (क)मा गठबन्धनबाट कांग्रेस उम्मेदवार कालीप्रसाद शाक्य ।



सुर्खेत निर्वाचन क्षेत्र नं. २ (ख)मा एमालेका उम्मेदवार ताराकेशर गौतम ।



सुर्खेत निर्वाचन क्षेत्र नं. २ (ख)मा नेकपा (एकीकृत समाजवादी)का उम्मेदवार मोहन बडुवाल ।



प्रतिनिधि सभातर्फ सुर्खेत निर्वाचन क्षेत्र नं. २ मा एमाले उम्मेदवार अमृत बीसी ।

**ललित बसेल**
*सुर्खेत, कात्तिक १९ गते*

मङ्सिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा नयाँ अनुहारका उम्मेदवारहरूको प्रतिस्पर्धा हुँदै छ। दुई प्रतिनिधि सभा र चार प्रदेश सभा रहेको सुर्खेतमा विशेष गरी प्रदेश सभा सदस्यका लागि पहिलोपल्ट उम्मेदवार बनेका नेता धेरै छन्। सत्ता गठबन्धनका नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का साथै प्रतिपक्ष नेकपा एमालेले प्रदेश सभामा नयाँ अनुहारलाई उम्मेदवार बनाएका छन्। उम्मेदवारहरू अहिले गाउँघरमा मत माग्दै दौडिरहेका छन्।

सुर्खेतको निर्वाचन क्षेत्र नं. १ को प्रदेश (क)मा गठबन्धनबाट कांग्रेस सुर्खेतका सभापति खड्कबहादुर पोखेल, प्रदेश (ख)मा गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का कृष्णबहादुर जीसी, सोही प्रदेशमा एमालेका डण्डिप्रसाद शर्मा, निर्वाचन क्षेत्र नं. २ को (क)मा गठबन्धनका तर्फबाट कांग्रेसका कालीप्रसाद शाक्य, (ख)मा नेकपा एमालेका ताराकेशर गौतम, नेकपा एकीकृत समाजवादीका मोहनसिंह बडुवाल सबै नयाँ अनुहार हुनुहुन्छ। उहाँहरू सबै पहिलो पटक संसदीय निर्वाचनमा उत्रिनुभएको हो।

कांग्रेस सुर्खेतका सभापति पोखेलका प्रतिस्पर्धी नेकपा (एमाले)बाट ठम्मर विष्ट हुनुहुन्छ। विष्ट २०७४ सालमा नेकपा (माओवादी केन्द्र)बाट निर्वाचित हुनुभएको थियो। बीचमा एमालेमा प्रवेश गरेपछि उहाँ पुनः सोही क्षेत्रमा एमालेबाट उम्मदेवार बन्नुभएको हो। यस्तै नेकपा (माओवादी केन्द्र)का कर्णाली प्रदेश उपाध्यक्ष कृष्णबहादुर जीसी र एमालेका डण्डिप्रसाद शर्मा प्रतिस्पर्धामा हुनुहुन्छ। २०७४ को निर्वाचनमा सो क्षेत्रमा एमालेबाट खड्कबहादुर खत्री निर्वाचित हुनुका साथै कर्णाली प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रीसमेत बन्नुभएको थियो। मन्त्री भए पनि सो क्षेत्रको विकास हुन नसकेको भन्दै जीसीले आफूसँग क्षेत्रको विकासको खाका रहेकाले सोहीअनुसार काम गर्ने उल्लेख गर्नुभयो।

सुर्खेतको सदरमुकाम वीरेन्द्रनगरसमेत रहेको निर्वाचन क्षेत्र नं. २ को (क)मा गठबन्धनबाट कांग्रेसका पुराना नेता कालीप्रसाद शाक्य चुनावी मैदानमा उत्रिनुभएको छ। उहाँका प्रतिस्पर्धी एमालेका स्थायी समिति सदस्य एवं प्रदेश इन्चार्ज, पूर्वमन्त्री यामलाल कँडेल हुनुहुन्छ। कँडेल २०७४ को निर्वाचनमा पनि सोही क्षेत्रबाट विजयी हुनुभएको थियो। कँडेल र शाक्य २०४९ सालको स्थानीय निर्वाचनमा वीरेन्द्रनगर नगरपालिकाको प्रमुख पदमा लड्नुभएको थियो। सो बखत कँडेल विजयी हुनुभएको थियो। ३० वर्षपछि कँडेल र शाक्य प्रदेश सभा पदमा आमनेसामने हुनुभएको छ। एमाले नेता कँडेलले आफूले थालेका अधुरा कामलाई निरन्तरता दिन पुनः उम्मेदवार बनेको बताउनुभयो। कँडेललाई एमालेका तर्फबाट मुख्यमन्त्री आकाङ्क्षीका रूपमा हेरिन्छ।

यस्तै निर्वाचन क्षेत्र नं. २ को (ख)मा एमालेबाट ताराकेशर गौतम र नेकपा (एकीकृत समाजवादी)बाट मोहनसिंह बडुवाल चुनावी मैदानमा हुनुहुन्छ। सत्ता गठबन्धनबाट माओवादी केन्द्रका बिन्दमान विष्ट उठ्नुभएको छ। विष्ट २०७४ सालमा निर्वाचित भएर कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्रीसमेत भइसक्नुभएको छ। एमालेका गौतम तत्कालीन गाविस अध्यक्ष हुनुहुन्छ भने समाजवादीका बडुवाल पार्टीका जिल्ला अध्यक्ष हुनुहुन्छ। गौतम र बडुवालले पहिलो पटक संसदीय निर्वाचनको अनुभव लिँदै हुनुहुन्छ।

प्रतिनिधि सभातर्फ सुर्खेत निर्वाचन क्षेत्र नं. २ मा एमाले उम्मेदवार अमृत बीसी पनि पहिलो पटक संसदीय निर्वाचनमा उत्रनुभएको हो। उहाँका प्रतिस्पर्धी कांग्रेसका पूर्वकेन्द्रीय सदस्य एवं पूर्वमन्त्री हृदयराम थानी हुनुहुन्छ। थानीले सो क्षेत्रको प्रतिनिधित्व गर्दै दुई पटक सांसद, एक पटक मन्त्री र एक पटक राज्य व्यवस्था समितिको सभापति सम्हालिसक्नुभएको छ। थानीले पटकपटक संसदीय निर्वाचनको अनुभव लिइसक्नुभएको छ भने एमालेका बीसी पहिलो पटक संसदीय निर्वाचनमा उत्रनुभएको छ। उता समाजवादीबाट प्रदेश सभा उम्मेदवार बन्नुभएका मोहन बडुवालले विगतमा निर्वाचित भएकाहरूले पश्चिम क्षेत्रको विकास गर्न नसकेकाले अब नयाँलाई अवसर दिनुपर्ने बताउनुहुन्छ।

# नयाँ सहरमा सीसीटीभी जडान



*तस्बिर : कमल शर्मा*

**अपराध तथा दुर्घटना न्यूनीकरण गर्न दैलेखको राकम कर्णाली बजारमा सीसीटीभीको उद्घाटन गरिँदै ।**

**दैलेख समाचारदाता**
*दैलेख, कात्तिक १९ गते*

प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन शान्तिपूर्ण र धाँधलीरहित सम्पन्न गर्न आठबिस नगरपालिकाको केन्द्र राकम कर्णाली बजारमा सीसीटीभी जडान गरिएको छ। आठबिस नगरपालिकाको सहयोगमा राकम कर्णाली बजार क्षेत्रमा नौवटा सीसीटीभी जडान गरिएको जिल्ला प्रहरी कार्यालय दैलेखले जानकारी दिएको छ।

जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी प्रमुख (डीएसपी) भुवनेश्वरप्रसाद साहले कर्णाली राजमार्गको केन्द्र पर्ने राकम कर्णाली बजारमा शान्ति सुरक्षा र दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सीसीटीभी जडान गरिएको बताउनुभयो। उहाँले नेपाल सरकारले तोकेका १० नयाँ सहरमध्ये राकम कर्णाली पनि भएको र त्यहाँको बस्ती विकास तीव्र रूपमा बढ्दै गएपछि हुन सक्ने अपराधलाई न्यूनीकरण गर्न सीसीटीभी जडान गरिएको जनाउनुभयो।

सीसीटीभी उद्घाटन गर्दै प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले बजार क्षेत्रमा हुने आपराधिक क्रियाकलापको नियमित अनुगमन, कर्णाली राजमार्गमा हुन सक्ने दुर्घटनालगायतका विषयमा एकै ठाउँमा बसेर हेर्न सकिने गरी सीसीटीभी जडान भएको बताउनुभयो। उहाँले आसन्न निर्वाचनका सन्दर्भमा शान्ति सुरक्षाका हिसाबले राकम कर्णाली अलि बढी संवेदनशील क्षेत्र भएकाले पनि सीसीटीभी जडान गरिएको जानकारी दिनुभयो।

आठबिस नगरपालिकाका प्रमुख तर्कबहादुर बडुवालले प्रहरीलाई शान्ति सुरक्षा प्रदान गर्न सहज पुगोस् भन्ने उद्देश्यले नगरपालिकाको सहयोगमा सीसीटीभी किनेको बताउनुभयो। उहाँले नयाँ सहरमा बस्ती विकाससँगै युवाहरू कुलतमा फस्ने र त्यसको मारमा सिङ्गो समाज पर्ने भएकाले सूक्ष्म ढङ्गले अनुसन्धान गर्न प्रहरीलाई सहयोग पुग्ने विश्वास आफूले लिएको जनाउनुभयो।

# आइपुग्यो मतपत्र

**दैलेख समाचारदाता**
*दैलेख, कात्तिक १९ गते*

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र जिल्लामा आइपुगेको छ। निर्वाचनका लागि आवश्यक पर्ने ७३ सामग्रीमध्ये जिल्लामा खरिद गर्नुपर्ने १५ प्रकारका सामग्रीबाहेक आयोगबाट ५८ प्रकारका सामग्री र मतपत्र जिल्लामा आइपुगेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी टीकाराम न्यौपानेले प्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फ क्षेत्र नं. १ का लागि ७८ हजार, प्रदेश सभातर्फ (क)का लागि ४० हजार र (ख)का लागि ४८ हजार थान मतपत्र र समानुपातिकतर्फ ८८ हजार मतपत्र आएको जानकारी दिनुभयो। यसैगरी निर्वाचन क्षेत्र नं. २ का लागि प्रत्यक्षतर्फ ८९ हजार मतपत्र निर्वाचन अधिकृतको कार्यालयमा आइपुगेको छ। प्रदेश सभातर्फ (क)का लागि ४४ हजार र (ख)का लागि ४६ हजार थान मतपत्र आएको जनाइएको छ।

जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी मनमाया काउचाले बुधबार निर्वाचन आयोगबाट आएको टोलीले निर्वाचन क्षेत्र नं. १ को मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं. २ को निर्वाचन अधिकृतको कार्यालय दुल्लुमा मतपत्र बुझाइएको जानकारी दिनुभयो। उहाँले नेपाली सेनाको सुरक्षाघेरामा ल्याइएको मतपत्र मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा भण्डारण गरिएको बताउनुभयो।

दैलेखमा निर्वाचन क्षेत्र नं. १ मा कुल मतदाता एक लाख ५८ हजार ९५८ जना रहेका छन्।

# जाजरकोटमा एक हजारभन्दा बढी कर्मचारी खटिने

**जाजरकोट समाचारदाता**
*जाजरकोट, कात्तिक १९ गते*

आसन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि जाजरकोटमा एक हजारभन्दा बढी कर्मचारी खटिने भएका छन्। निर्वाचन कार्यालय जाजरकोटले निर्वाचनका लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, कार्यालय सहयोगी र स्वयंसेवकलगायत गरी एक हजार १४० कर्मचारी खटाएको हो।

निर्वाचन कार्यालयका प्रमुख नवीनकुमार कठायतले जिल्लाभर १४२ स्थायी र एक अस्थायी मतदान केन्द्र र ८३ मतदान स्थल कायम गरिएको बताउनुभयो। प्रतिमतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, पाँच सहायक कर्मचारी र एक कार्यालय सहयोगी कर्मचारी रहनेछन् भने अस्थायी मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, एक सहायक कर्मचारी र एक कार्यालय सहयोगी रहनेछन्।

त्यसैगरी चार जना स्वयंसेवक मतदान केन्द्रमै नियुक्त गरेर खटाइने निर्वाचन कार्यालय जाजरकोटले जनाएको छ। जाजरकोटका सातवटै स्थानीय तह गरी एक लाख तीन हजार ६३ मतदाता छन्। प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा पुरुष २९ हजार ४२२, महिला २७ हजार १४३ र अन्य एक जना गरी कुल ५६ हजार ५६६ मतदाता छन्।

यस्तै क्षेत्र नं. २ मा पुरुष २४ हजार ८७९, महिला २१ हजार ६१४ र अन्य एक जना गरी जम्मा ४६ हजार ४९४ जना रहेको निर्वाचन कार्यालय जाजरकोटले जनाएको छ। मतदाता शिक्षाका लागि सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संयोजक रहने गरी वडा सचिव र महिला स्वयंसेविकालाई परिचालन गरिसकिएको छ।

# कार्यालय प्रमुखमाथि अनियमितताको आरोप

**कालीकोट समाचारदाता**
*कालीकोट, कात्तिक १९ गते*

जिल्ला शिक्षा तथा समन्वय एकाइ कार्यालय कालीकोटमा अनियमितता भएको पाइएको छ। कार्यालय प्रमुख चन्द्रप्रसाद अधिकारीले आफैं कार्यक्रम गर्ने र बिल भर्पाई किर्ते गरी आफैंले लिएको पाइएको हो।

गत साउन २० गते द्वन्द्वपीडित शिक्षकहरू पदस्थापना तथा पुनर्बहालीका बारेमा बसेको बैठकमा उपस्थित नौ जना शिक्षकको कार्यालय प्रमुख अधिकारीले किर्ते हस्ताक्षर गरी रकम लिएको पाइएको हो। एक जनालाई एक हजार पाँच सयका दरले पाउने बैठक भत्ता एकाइ प्रमुख अधिकारीले किर्ते गरी बजेट खर्च देखाए पनि सम्बन्धित शिक्षकलाई भत्ता नदिएको जनाइएको छ। बैठकमा उपस्थित नौ जनामध्ये कार्यालय प्रमुख र सूचना अधिकारीबाहेक अन्य सात जनाको एक हजार पाँच सयका दरले पाउने रकममा करकट्टी गरी जम्मा आठ हजार ९२५ रुपियाँ प्रमुख अधिकारीले लिएको पाइएको छ। बैठकमा उपस्थित शिक्षक सङ्घसङ्गठनका पदाधिकारीले आफूहरू बैठकमा उपस्थिति रहेको तर भत्ताको भर्पाईमा हस्ताक्षर नगरेको बताएका छन्।

उपस्थित सहभागीको बैठक भत्ताको भर्पाई र अन्य बैठकमा माइन्युटको हस्ताक्षरमा पनि फरक देखिएको छ। यस विषयमा कार्यालय प्रमुख अधिकारीले रुपियाँ निकासा नभएकाले बैठक भत्ता दिन नसकेको दाबी गुर्नभयो तर बजेट भने कार्यालयको खाताबाट घटेको छ। लेखापाल पूर्णचन्द्र काफ्लेले आफूले धेरै कार्यालयको लेखा हेर्ने भएकाले कार्यालय प्रमुखले सबै कागज हेरेर तोक लगाएर दिने भएकाले आफूले खर्च बुक गर्ने गरेको सुनाउनुभयो। उहाँले अरू थप आफूलाई थाहा नभएको जनाउनुभयो।



*तस्बिर : प्रेमराज सिम्खडा*

**जिल्ला शिक्षा तथा समन्वय एकाइ कार्यालय कालीकोट ।**

उहाँले खर्च विवरण मात्र आफूले राख्ने गरेको सुनाउनुभयो। कार्यालय प्रमुख अधिकारीले भत्ता दिने समय नपाएर दिन नपाएको बताउँदै आफूले अब छिट्टै जिल्लामा आएर भत्ता वितरण गर्ने जानकारी दिनुभयो। त्यति मात्र होइन, कार्यालय प्रमुख अधिकारीले बाहिर जिल्लाबाट सरुवा भएर आउने शिक्षकबाट समेत रकम असुल गरेको आरोप लगाइएको छ। रास्कोटका एक शिक्षकबाट घुसबापतको चेक मागेको जनाइएको छ।

अख्तियारको कामसमेत हेरिरहनुभएका प्रमुख जिल्ला अधिकारी रामहरि शर्माले कार्यालय प्रमुख वा कुनै कर्मचारीले गलत गरे कारबाहीको भागिदार हुने बताउनुभयो। उहाँले यस विषयमा सोधखोज गरिने जानकारी दिनुभयो।

गत असोज १ गतेदेखि कार्यालय प्रमुख अधिकारीलगायत केही कर्मचारी कार्यालयमा अनुपस्थित छन्। कार्यालय प्रमुख अधिकारी र कार्यालय सहयोगीको दैनिक हाजिरी छैन। दुई महिनासम्म कार्यालयमा हाजिर नभएका अधिकारी हाल काठमाडौँमा रहेको बुझिएको बताइन्छ। यति मात्र नभई गाडी नै नभएको कार्यालयमा इन्धन र मर्मतको बिलसमेत मिलाएर खर्च गरेको पाइएको छ। कार्यालयको गाडी र जेनेरेटरको इन्धन खर्च भनेर रकम खर्चसमेत गरेको देखिएको छ।

# बीस मतदान स्थल अति संवेदनशील

**छिन्चु समाचारदाता**
*सुर्खेत, कात्तिक १९ गते*

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन सन्दर्भमा सुर्खेतमा ८६ वटा मतदान स्थललाई संवेदनशील मतदान स्थलका रूपमा जिल्ला सुरक्षा समितिले राखेको छ। १३९ मतदान स्थलका २९३ वटा मतदान केन्द्रमा २० वटा अति संवेदनशील मतदान स्थलका रूपमा लिइएको हो।

दुई प्रतिनिधि सभा निर्वाचन क्षेत्र र चार प्रदेश सभा सदस्य छनोट हुने क्षेत्र रहेको सुर्खेतमा सुरक्षा चुनौती न्यूनीकरणका लागि जिल्ला सुरक्षा समितिमार्फत कात्तिक पहिलो हप्तादेखि मतदान स्थलको सुरक्षाका लागि आवश्यक काम भइसकेको छ। निर्वाचनमा सुरक्षाका हिसाबले सुर्खेतमा १३९ मतदान स्थलमध्ये ३३ वटा कम संवेदनशीलका रूपमा राखिएको छ।

पूर्वी सुर्खेतको सिम्तादेखि पश्चिम चौकुनेसम्म सुरक्षा संवेदनशील मानिएका मतदान स्थलहरूमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीहरु व्यापक रूपमा नजिकबाट तयारी अवस्थामा राखिने भएको छ। संवेदनशील मतदान स्थलहरूमा तत्काल थप सुरक्षाकर्मी पुग्ने गरी रणनीति बनाइएको सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बताउनुभयो। संवेदनशील रूपमा लिइएका मतदान स्थलहरू प्रहरीले घेरामा राख्ने र दुई निर्वाचन क्षेत्रमा डीएसपीको कमान्डमा सशस्त्र प्रहरी परिचालन भइसकेको सशस्त्र प्रहरीको रक्तकाली गण सुर्खेतका गणपति विमल डाँगीले जानकारी दिनुभयो।

## हार्दिक श्रद्धाञ्जलि



**जन्म :** २०२६।०६।१० गते

**स्वर्गारोहण :** २०७८।०७।३० गते

हाम्रा पूजनीय ज्वाइँसाहेब **यादवकुमार शाह**को स्वर्गारोहण भएको पहिलो पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिका लागि ईश्वरसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा समवेदना प्रकट गर्नुहुने समस्त इष्टमित्र एवं शुभचिन्तकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

**श्रीमान्/श्रीमती :** अमरमान श्रेष्ठ/कविता शाह श्रेष्ठ

**श्रीमान्/श्रीमती :** विष्णुबहादुर शाही/सुमन शाही, सुश्री लक्की शाही

## विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७९/०८० का लागि यस कलेजमा सामान्य चिकित्सा (एच.ए.) कार्यक्रममा १ सिट रिक्त हुन गएकोले सामान्य चिकित्सा सङ्कायमा प्रवेश परीक्षा दिई पासलिस्टमा नाम निकाल्न सफल विद्यार्थीहरूलाई सूचना प्रकाशित भएको मितिदेखि ५ दिनभित्रमा रीतपूर्वक निवेदन पेस गर्न आह्वान गरिन्छ।

**नेपाल संजीवनी इन्स्टिच्युट अफ हेल्थ साइन्स**
**घोराही-१५, दाङ**

## नेपाल विद्युत प्राधिकरण
**ग्रिड सञ्चालन विभाग**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९।०७।२०**

यस विभाग अन्तर्गत बुटवल ग्रिड महाशाखाको बोलपत्र नं. BGD/2079/080-01 र BGD/2079/080-02 सार्वजनिक खरिद तथा अनुगमन कार्यालय (PPMO) को वेबसाइट https://bolpatra.gov.np/egp मा प्रकाशित गरिएकोले विस्तृत विवरण सोही वेबसाइटमा हेरी तोकिएको समयभित्र e-bid मार्फत बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

## सूचना ! सूचना !! सूचना !!!

**सूचना प्रकाशित मिति : २०७९।०७।२०**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट शैक्षिक सत्र २०७९/०८० का लागि यस शिक्षण संस्थामा पूर्ण शुल्कीयतर्फ मुख्य सूचीमा सिफारिस गरिएका परीक्षार्थीहरू तोकिएको म्यादभित्र भर्ना हुन नआई PCL नर्सिङ कार्यक्रममा पूर्ण शुल्कीय लक्षित वर्ग कोटातर्फ (१ सिट) र पूर्ण शुल्कीय खुल्ला कोटातर्फ (१७ सत्र) रिक्त हुन गएकोले यसै कलेजको वैकल्पिक सूची (Alternative/Pass List) मा रहेका परीक्षार्थीहरूले सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्रमा रीतपूर्वको निवेदन पेस गर्नहुन सूचित गरिन्छ।

**विस्तृत जानकारीका लागि**

**नवजीवन कलेज अफ नर्सिङ एण्ड हेल्थ साइन्सेज प्रा.लि.**
**धनगढी-४ उत्तरबेहडी, कैलाली**
**फोन नं. ०९१-५२०८२५**

## Invitation for Bids

Civil Aviation Authority of Nepal

Administration Department

**Invitation for Bids for the The Supply and Delivery of Stationary & Other Office Goods**

Contract Identification No: NCB-01-Admin-2079/080

Date of publication: 2079-07-20 (6th November 2022)

1. The Civil Aviation Authority of Nepal, Administration Department invites *electronic* bids from eligible bidders for the procurement of *The Supply and Delivery of Stationary & Other Office Goods* under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. A set of Bid document shall be obtained from http://www.bolpatra.gov.np/egp within 30 days **(Mangsir 19, 2078)** from the date of first publication of this notice and on receipt of a cash deposit of NRs. **3000.00+VAT** (non-refundable) in NMB Bank, Babarmahal, Account No. 0010012611500043 of Civil Aviation Authority of Nepal (CAAN).
3. Bidder shall submit the bid electronically. Electronic Bid must be submitted to the address http://www.bolpatra.gov.np/egp on or before **12:00** hour (NST) on the **31st** day **(20th mangsir, 2079)** of the first publication of the Bid notice. Any Bid received after the above specified date and time will not be entertained.
4. Bid will be opened at **14:00** hour (NST) on the 31st day **(20th mangsir, 2079)**, the last date of submission of Bid, in presence of the bidder or their authorized representatives who choose to attend or even in their absence at Civil Aviation Authority of Nepal, Babarmahal, Kathmandu. If the last date of Bid Document purchasing, submission and opening falls on a public holiday then the next working day will be deemed as the due date but the time will be same as stipulated
5. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of NRs. **52,500** which shall be valid for **30 days** beyond the validity period of the bid or Bank Voucher of cash deposited at NIC Asia Bank, Thapathali, Account No. **5444050568352401** of Civil Aviation Authority of Nepal, Babarmahal, Kathmandu.
6. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act 2063 and Procurement Regulation 2064 of the GON.

# ‘संविधान बचाउन गठबन्धन’

**तनहुँ समाचारदाता**
*तनहुँ, कात्तिक १९ गते*

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ–१ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार रामचन्द्र पौडेलले संविधान बचाउन र अग्रगमनका लागि सत्ता गठबन्धन अगाडि बढेको बताउनुभएको छ।

बन्दीपुर गाउँपालिका–१ मा आयोजित मतदाता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै नेता पौडेलले भन्नुभयो, “गठबन्धनले राजनीतिक अधिकार सुरक्षित गर्छ, बचाउँछ, अनि नागरिक भएर बाँच्ने अधिकार दिन्छ।” महिला जनजातिलगायत दलितको अधिकार रक्षा गर्न, अहिलेको नेपालमा आएको परिवर्तन जोगाउँदै अग्रगमनतिर जान गठबन्धन बनेको नेता पौडेलको भनाइ थियो। तनहुँमा नमुना सहर बनाउनका लागि बन्दीपुर गाउँपालिका र भानु नगरपालिकालाई समेटेर डुम्रे भन्सार सहरी विकास योजना ल्याएको उहाँले बताउनुभयो।

“डुम्रेलाई देशकै सुन्दर र नमुना सहर बनाउँछौं, त्यसका लागि राजनीति सुधार गरौं, राजनीतिक नेतृत्व जोगाऔं,” नेता पौडेलले भन्नुभयो, ठूलो समस्या भनेको गाउँमा आम्दानी र रोजगारीको अभावमा विदेशमा गएर जोखिमपूर्ण काम गर्नु भएकाले अब त्यसको अन्त्य जरुरी छ।

पर्यटनको विस्तार, कृषि क्रान्ति, सिँचाइ खानेपानी, पशुपालनबाट राज्यले किसानलाई दिने सुविधा दिनेजस्ता कार्यमा ध्यान दिने नेता पौडेलले बताउनुभयो। नेपाली कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराईले फरक आस्था भए पनि माओवादी केन्द्रसँगको तालमेल स्वाभाविक भएको बताउनुभयो।

नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य तथा तनहुँ–१ (ख)बाट प्रदेश सभा सदस्यका उम्मेदवार हरिबहादुर चुमानले जनताको ठूलो बलिदानी र सङ्घर्ष प्राप्त गरेको संविधानको रक्षाका लागि गठबन्धन गरिएको बताउनुभयो।



तस्बिर : अमरराज नहर्की
**बन्दीपुर गाउँपालिका–१ मा आयोजित मतदाता भेटघाट कार्यक्रममा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललगायत।**

# निर्वाचनमा तीन दिन सीमा बन्द

**लुम्बिनी समाचारदाता**
*लुम्बिनी, कात्तिक १९ गते*

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचनप्रति केन्द्रित हुँदै मङ्सिर १ गते राति १२ बजेदेखि ४ गते राति १२ बजेसम्म नेपाल–भारत बीचको सीमा नाका बन्द गरिने भएको छ। रुपन्देहीको छपियामा सम्पन्न नेपाल–भारत सीमावर्ती जिल्लाको सुरक्षा समन्वय बैठकले मङ्सिर १ गते रातिदेखि ४ गते रातिसम्म नेपाल–भारत सीमा नाका बन्द गर्ने निर्णय गरेको हो।

सो बैठकमा नेपालका तर्फबाट जिल्ला प्रशासन कार्यालय रुपन्देही, कपिलवस्तु र नवलपरासी पश्चिमका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा अधिकारी र भारतका तर्फबाट सिद्धार्थनगर र महाराजगञ्ज जिल्लाका डिस्ट्रिक मजिस्ट्रेडसहित सुरक्षा प्रमुख सहभागी थिए। आसन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सीमावर्ती सुरक्षा समस्यालाई सम्बोधन गर्न बैठक बसेको जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट जारी प्रेस विज्ञप्तिमा जनाइएको छ।

सीमा क्षेत्रमा हुने हातहतियारको तस्करी, लागूऔषध ओसारपसार र मानव बेचबिखन नियन्त्रणका विषयमा जनचेतनाका कार्यक्रम सञ्चालन, निगरानी तथा सुरक्षा उपाय अपनाउने, नक्कली नोट नियन्त्रणलगायतका साझा सवालका विषयमा विभिन्न निर्णय गरिएको छ।

नेपाल–भारत दुवै देशका सरकारी पदाधिकारीले उक्त निर्णय कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जानकारी दिनुभयो।




तस्बिर : श्यामशङ्कर पाण्डे
**नेपाल–भारत सीमा सुरक्षा बैठक।**

# घरदैलो प्रभावकारी बनाउँदै उम्मेदवार

**कावासोती समाचारदाता**
*कावासोती, कात्तिक १९ गते*

मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका लागि विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरू नवलपुरका गाउँ–गाउँमा घरदैलोमा व्यस्त हुन थालेका छन्। घरदैलोमा हिँडेका उम्मेदवारहरू घरआँगनमै पुगेर मतदाताका कुरा सुन्दै र आफ्ना कुरा मतदातालाई सुनाउने गरेका छन्।

राज्य पुनर्संरचनासँगै सिङ्गो नवलपरासी जिल्ला टुक्रिएर जिल्लाको पूर्वी भाग नवलपरासी (बर्दघाट–सुस्तापूर्व) र पश्चिमी भाग नवलपरासी (बर्दघाट–सुस्तापश्चिम) गरी विभाजन गरियो।

चार गाउँपालिका र चार नगरपालिका गरी आठ स्थानीय तह रहेको नवलपुरलाई दुई प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ। यहाँका बौदीकाली गाउँपालिका, बुलिङटार गाउँपालिका, गैँडाकोट नगरपालिका, देवचुली नगरपालिकाका सबै क्षेत्र र कावासोती नगरपालिकाका ११ वटा वडा प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ मा समेटिएका छन्। दुई सङ्घीय निर्वाचन क्षेत्र र चार प्रदेश सभा निर्वाचन क्षेत्र रहेको नवलपुरमा दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवार मतदाताको घरदैलोमा पुगेका हुन्।

पार्टीका अगुवा कार्यकर्ता भेला, पार्टी प्रवेश तथा प्रशिक्षण कार्यक्रम गरिरहेका नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीलगायतले घरदैलो अभियान प्रभावकारी बनाएका छन्।

प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ का गठबन्धनका साझा उम्मेदवारका रूपमा रहनुभएका कांग्रेसका नेता डा. शशाङ्क कोइराला केही दिनयता मतदातासँगै हुनुहुन्छ। उहाँ मतदाताका समस्या समाधान गर्ने गरी आफ्ना कुरा राख्दै आउनुभएको छ। कोइरालासँग क्षेत्र नं. १ नेकपा (एमाले)का कृष्ण पौडेल प्रतिस्पर्धामा हुनुहुन्छ।

२०७० सालको दोस्रो संविधान सभा निर्वाचनमा तत्कालीन नवलपरासी–३ बाट संविधान सभा सदस्य बन्नुभएका पौडेलले पनि मतदाता भेटघाटलाई निकै तीव्रता दिनुभएको छ।

प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ (क)मा गठबन्धन दलको साझा उम्मेदवार कांग्रेस जिल्ला सभापति महेन्द्रध्वज जीसीसँग एमालेका रवीन्द्र अधिकारी प्रतिस्पर्धामा हुनुहुन्छ। प्रदेश सभा निर्वाचन क्षेत्र नं १ (ख)मा गठबन्धन दलका साझा उम्मेदवार माओवादीका लोकप्रसाद भुर्तेल एमालेका रोशनबहादुर गाहा थापा प्रतिस्पर्धामा हुनहुन्छ।

नवलपुरको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा बौदीकालिका छ, बुलिङटारका छ, गैँडाकोटका १८, देवचुलीका १७ र कावासोतीका ११ गरी ५८ वडा रहेका छन्।

नवलपुरको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ३१ हजार १८१ मतदाता रहेका छन्। यहाँ ६२ हजार ५९६ पुरुष, ६८ हजार ५८४ महिला र तेस्रो लिङ्गी एक मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी लालप्रसाद शर्मा भुसालले जानकारी दिनुभयो।

# पत्रकारलाई अभिमुखीकरण

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, कात्तिक १९ गते*

मङ्सिर ४ गतेका निर्वाचन नजिकिँदै गर्दा जिल्ला निर्वाचन कार्यालयले पत्रकार र सञ्चारमाध्यमको भूमिका विषयक एकदिने अभिमुखीकरण कार्यक्रम गरेको छ।

सो कार्यक्रममा मुख्य निर्वाचन अधिकृत रोमाकान्त ज्ञवालीले स्वतन्त्र, निष्पक्ष, भयरहित तरिकाले निर्वाचन सम्पन्न गर्न पत्रकारको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो। निर्वाचन सम्पन्न गर्न विगतदेखि नै पत्रकारले राम्रा काम गर्दै आएको बताउँदै ज्ञवालीले निर्वाचनपूर्व, मतदानको समय र मत घोषणासम्मका समयमा पत्रकारका लागि आवश्यक सूचना सहज रूपमा उपलब्ध गराउने तयारी भइरहेको बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्रीले निर्वाचनका बेला भएकाले आमनागरिकका आवश्यकतालाई ध्यान दिँदै राजमार्गमा आमसभा, जुलुस नगर्न, आयोगले तोकेबमोजिमका निर्वाचन सामग्रीको प्रयोग गर्नु गराउनु पर्नेमा जोड दिनुभयो। नेपाल पत्रकार महासङ्घ स्याङ्जाका सभापति श्रीकृष्ण सिग्देलले आचारसंहिताबमोजिम काम गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

# निर्वाचन भयरहित बनाइने

**नेपालगञ्ज समाचारदाता**
*नेपालगञ्ज, कात्तिक १९ गते*

आसन्न प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनलाई शान्त, सुरक्षित, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन सम्बद्ध अधिकारी तथा सरोकारवाला पक्षसँग छलफल गरिएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को लुम्बिनी प्रदेश कार्यालयले नेपालगञ्जमा आयोजना गरेको ‘स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचनका लागि सरोकारवालाको भूमिका र प्रतिबद्धता विषयमा सो छलफल गरिएको हो।

छलफलमा सहभागि सबै सरोकारवालाले आसन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनलाई स्वच्छ, मर्यादित र भयरहित बनाउन हरसम्भव प्रयास गर्ने प्रतिबद्धता जनाएका छन्।

बाँकेका प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले निर्वाचनका बेलामा कुनै पनि अवाञ्छित गतिविधि हुन नदिने र सबैले आफ्नो मताधिकार निर्धक्क भएर प्रयोग गर्न सक्ने वातावरण तयार पारिने बताउनुभयो। उहाँले राजनीतिक दलहरूले आचारसंहिता पूर्ण पालना गर्ने हो भने सबै कुरा निर्वाध रूपमा अघि बढ्ने जनाउँदै सोतर्फ दलहरूको ध्यानाकर्षण गराउनुभयो।

बाँके जिल्ला प्रहरी प्रमुख एसपी श्यामकृष्ण अधिकारीले खुला सीमाका कारण सुरक्षा चुनौती भए पनि प्रहरी प्रशासनले राम्रो योजना बनाएर कार्यान्वयन गरेकाले कुनै किसिमको सुरक्षा चुनौती नआउने दाबी गर्नुभयो।

बाँकेमा कुनै पनि अवाञ्छित गतिविधि भएको छैन र हुन दिइने पनि छैन। अनाहकमा नभएको अफवाह फैलाएर वातावरण धमिलो बनाउन नखोज्न एसपी अधिकारीले आग्रह गर्नुभयो।

इन्सेक लुम्बिनी प्रदेश कार्यालयका संयोजक भोला महतले सहजीकरण गर्नुभएको उक्त छलफल कार्यक्रममा सहभागी विभिन्न राजनीतिक दलका प्रतिनिधिले चुनावमा प्रचारका लागि भारतीय सवारीसाधनको प्रयोग नगर्ने, आचारसंहिताको पूर्ण पालना गर्ने, मतदाता शिक्षा लिएर घरदैलोमा जाने तथा मतदातामैत्री मतदान केन्द्रको निर्माण गर्नेलगायतका प्रतिबद्धता जनाएका छन्।

कार्यक्रममा सहभागी नेकपा एमालेका केन्द्रीय सदस्यद्वय शान्ति ढकाल र दीपा शर्मा रूपाखेती, राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जकी प्रमुख द्वारिका अधिकारी, नेपाली कांग्रेस बाँकेका सचिव सुधान्शु कोइराला, नेकपा माओवादी केन्द्रका तारा खत्री, राष्ट्रिय स्वतन्त्र पार्टीका लक्ष्मी तिवारी, वरिष्ठ अधिवक्ता सुनीलकुमार श्रेष्ठलगायत सरोकारवालाले निर्वाचनलाई स्वच्छ, शान्तिपूर्ण र भयरहित बनाउन हरसम्भव प्रयास गर्ने प्रतिबद्धता जनाउनुभएको हो।

# निर्वाचनपछि पनि गठबन्धन सरकार : गृहमन्त्री

**लुम्बिनी समाचारदाता**
*लुम्बिनी, कात्तिक १९ गते*

गृहमन्त्री बालकृष्ण खाणले मङ्सिर ४ गतेको प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनपछि पनि सङ्घ र प्रदेशमा गठबन्धनमा आबद्ध पार्टीले नै सरकार बनाउने बताउनुभएको छ।

रुपन्देही क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार खाणले नेकपा माओवादीले निर्वाचन परिचालनका लागि भैरहवामा आयोजना गरेको बृहत् कार्यकर्ता भेलालाई सम्बोधन गर्दै सो कुरा बताउनुभएको हो।

उहाँले सातवटै प्रदेश र सङ्घमा सरकार गठनका लागि गठबन्धनले पूर्ण बहुमत ल्याउने दाबी गर्नुभयो। लामो सङ्घर्षपश्चात् प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यस्थालाई थप बलियो बनाउँदै नागरिकको जीवनस्तर सुधार तथा वर्तमान अवस्था परिवर्तन गर्न गठबन्धनलाई जिताउन आवश्यक रहेको धारणा उहाँले राख्नुभयो।

“यस पटक मैले चुनाव जित्छु कि हार्छु भन्ने भन्दा गठबन्धनका शीर्ष नेताले जित्नुहुन्छ कि हुन्न ? भन्ने सवाल महत्त्वपूर्ण छ,” गृहमन्त्री खाणले भन्नुभयो, ‘नेपाली कांग्रेससहितको गठबन्धन सत्तामा पुगेर मन्त्री–प्रधानमन्त्री बन्नका लागि मात्र होइन, मुलुकको सुन्दर र उज्यालो भविष्य निर्माणका लागि हो।”

मुलुकको विकासका लागि जसले इतिहास बनाए र देशलाई जोगाएका छन् त्यस्ता शीर्ष नेता कोही पनि पराजित हुन नहुने तथा आवश्यकता परेमा ती शीर्ष नेतालाई जिताउन आफू लागिपरेको उहाँले बताउनुभयो।

उहाँले आफ्नो चुनावी अभियान बीचमै छाडेर शीर्ष नेताहरूलाई जिताउन चुनावी मोर्चा बनाउन जान तयार रहेको बताउनुभयो। बेला–बेलामा कांग्रेस र वामपन्थी शक्ति मिलेर नेपालमा ठूला–ठूला राजनीतिक परिवर्तन ल्याएको समेत उहाँले उल्लेख गर्नुभयो।

२०४६ सालमा निर्दलीय पञ्चायती शासन व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको आगमन, २०६०–६२ सालको संयुक्त जनआन्दोलनबाट निरङ्कुश राजतन्त्रको अन्त्यसँगै १२ बुँदे सहमति यसैको परिणाम भएको उहाँले बताउनुभयो।

“नेपालको सामाजिक, आर्थिक, शैक्षिक सबै क्षेत्रमा आमूल परिवर्तन गरी नेपाललाई विकसित मुलुकका रूपमा रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले शिक्षा, स्वास्थ्य, रोजगारसँगै मुलुकलाई विकसित र समृद्ध बनाउन यो गठबन्धनको मुख्य सङ्कल्प गरेको बताउनुभयो।

# निर्वाचन सामग्री जिल्लामा

**बागलुङ समाचारदाता**
*बागलुङ, कात्तिक १९ गते*

आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका लागि आवश्यक पर्ने निर्वाचन सामग्रीहरू जिल्लामा आइपुगेका छन्। मतदाताका लागि आवश्यक मतपत्र, मतपेटिका, छेकावार, स्वस्तिक छाप र मसीलगायत सामग्री जिल्लामा पुगेका हुन्।

उक्त सामग्री कात्तिक २९ र ३० गते निर्वाचन अधिकृतहरूलाई तालिम प्रदान गरी हस्तान्तरण गर्ने निर्वाचन कार्यालय बागलुङका प्रमुख यज्ञ रिजालले बताउनुभयो। अपुग सामग्री भने जिल्ला निर्वाचन कार्यालय आफैँले खरिद गर्नेछ।

बागलुङमा दुई प्रतिनिधि सभा र चार प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन्। प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र १ मा ९६ हजार ६६६ मतदाता छन्। प्रदेश सभातर्फ क्षेत्र नं. १ (क)मा ५० हजार ५८० मतदाता र २७ वटा मतदान स्थल र ६३ मतदान केन्द्र, प्रदेश सभा क्षेत्र नं. १ (ख) मा ४६ हजार ८६ मतदाता, २१ मतदान स्थल र ५३ मतदान केन्द्र छन्।त्यस्तै निर्वाचन क्षेत्र नं. २ मा ९५ हजार ५६१ मतदाता, ५८ मतदान स्थल र ११६ मतदान केन्द्र रहेका छन्। क्षेत्र नं. २ (क)मा ५४ हजार ३३४ मतदाता, ३२ मतदान केन्द्र र ६३ मतदान केन्द्र छन्। प्रदेश क्षेत्र नं. २ (ख)मा ४१ हजार २२७ मतदाता, २६ मतदान स्थल र ५३ मतदान केन्द्र छन्।

जिल्लाभर एक लाख ९२ हजार २२७ मतदाता, १०६ मतदान केन्द्र र २३१ मतदान केन्द्र रहेको निर्वाचन प्रमुख रिजालको भनाइ छ। प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ मा दलको तर्फबाट पाँच र स्वतन्त्र एक गरी छ, प्रदेश १ (क)मा चार दल र एक स्वतन्त्र गरी पाँच, प्रदेश १ (ख)मा चार राजनीतिक दल, निर्वाचन क्षेत्र नं. २ प्रतिनिधि सभामा पाँच राजनीतिक दल र दुई स्वतन्त्र गरी सात, प्रदेशतर्फ २ (क)मा राजनीतिक दलबाट एक र स्वतन्त्र दुई गरी तीन, प्रदेश २ (ख)मा दलबाट पाँच र स्वतन्त्र दुई गरी सात उम्मेदवार प्रतिस्पर्धामा छन्।

# खानेपानी र सडक सुधारको माग



तस्बिर : रमेश विश्वकर्मा
**छत्रकोट गाउँपालिका–४, दिगाम मौलीपुरमा आयोजित अन्तर्क्रियामा सहभागी उम्मेदवार तथा मतदाता।**

**रमेश विश्वकर्मा**
*गुल्मी, कात्तिक १९ गते*

गुल्मीमा आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका लागि गाउँबस्तीमा चुनावी सरगर्मी बढ्दै गएको छ। जनताको मत आफ्नो पोल्टामा पार्न विभिन्न चुनावी एजेन्डा लिएर दलका प्रतिनिधि तथा उम्मेदवा घरदैलोमै पुगिरहेका छन्।

यस जिल्लाको छत्रकोट गाउँपलिका–४, दिगाम मौलीपुरमा अन्तर्क्रिया कार्यक्रमको माध्यमबाट मतदाताले पनि आफ्ना विभिन्न आवश्यकता र माग उम्मेदवारसँग राखेका छन्। छत्रकोट गाउँपालिका–४, दिगामका स्थानीयवासी तारापति ज्ञवालीले सडकको समस्या भएको बताउनुभयो। बर्खायामको समयमा हिँड्न निकै समस्या पर्छ। सवारीसाधन चल्दैनन्, बिरामी हुँदा पैदल हिँडेर अस्पताल जानुपर्ने समस्या छ उहाँले भन्नुभयो।

हिउँदको समयमा बाटो सफा गर्ने वर्षामा सातमुरे–लुम्छा सडकको त्यति चासो नदिँदा समस्या भोग्दै आएको पीडा सुनाउँदै उहाँले सडकको समस्या समाधानका लागि उम्मेदवासँग आग्रह गर्नुभयो। त्यस्तै लेकनाथ पन्थले पनि सडक मर्मत र खानेपानीको व्यवस्थापनका लागि चासो दिएर काम गर्न उम्मेदवारसँग आग्रह गर्नुभयो। स्थानीय तिलक न्यौपाने भन्नुभयो, “गएको पाँच वर्षमा यहाँको सडकमा मर्मत सम्भारका लागि बजेट परेन। २०७० सालको संविधान सभाको निर्वाचनमा यस क्षेत्रबाट निवार्चित हुनुभएका डा. चन्द्र भण्डारीको पहलमा यो सडकलाई बजेट परेको थियो।

त्यसयताका जनप्रतिनिधि यो सडकका लागि बजेटको व्यवस्थापन गर्न सक्नुभएन, स्थानीयवासी न्यौपानेले भन्नुभयो, “जनप्रतिनिधिले बजेट विनियोजित नगरेकै कारण सडक मर्मत नहुँदा जनतालाई समस्या पर्ने गरेको छ।” यहाँको उखुको खुदो प्रसिद्ध छ। सडकको कारण व्यापारमा समस्या भएको छ, न्यौपानेका अनुसार उखुलाई अलि पहिचान बनाउनका लागि सडकको अति नै आवश्यकता परेको छ। सडक र खानेपानी व्यवस्थापन भएमा दिगामवासीले राहत पाउने छन्।

गुल्मी क्षेत्र नं. १ प्रदेश सभा (ख)का उम्मेदवार धनेन्द्र कार्कीले विकासमा सबैको पहुँच हुने गरी आफूले काम गर्ने बताउनुभयो। सबै नागरिकलाई विकाससँग जोड्ने सम्भावनाअनुसार काम गर्न आफ्नो उम्मेदवारी रहेको कार्कीको भनाइ छ।

त्यस्तै गुल्मी क्षेत्र नं. १ का प्रतिनिधि सभाका उम्मेदवार भण्डारीले सालझण्डी सडक छिट्टै निर्माण हुने बताउनुभयो। २०७० सालमा आफू संविधान सभा सदस्यमा निर्वाचित हुँदा ७३ वटा सडक योजना रातो किताबमा राखेको बताउँदै नेता भण्डारीले कतिपय योजना पूर्वसरकारले काटिदिएको जानकारी दिनुभयो।

**श्री प्रबन्धरथी विभाग (सैनिक बन्दोबस्ती कोर)**
**श्री स्थपति निर्देशनालय, जंगी अड्डा, काठमाडौँको**

## बोलपत्र/शिलबन्दी आव्हानको सूचना

**सूचना नं.२०७९/८०/०८**
**(प्रथम पटक प्रकाशित मिति २०७९/०७/२० गते)**

१. आर्थिक वर्ष २०७९/८० मा नेपाली सेनाका निम्न बमोजिमको स्थानहरुमा निर्माण/कार्य गर्नको लागि **e-GP System** को माध्यमबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक बोलपत्रदाता/शिलबन्दी दरभाउपत्रदाताले विस्तृत जानकारीको लागि सार्वजनिक खरीद अनुगमन कार्यालयको वेबसाइट **http://www.bolpatra.gov.np/egp** हेर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२. बोलपत्र/शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु सम्बन्धित कार्यालयहरुबाट **e-GP System** मा अपलोड हुने हुंदा बोलपत्र/शिलबन्दी दरभाउपत्र दस्तुर, जमानत, खोलुवा हुने स्थान, मिति, समय, लागत अनुमान (दुई करोड भन्दा कम लागत अनुमान भएको) लगायतका थप विवरणहरु सम्बन्धीत कार्यालयको नामबाट सार्वजनिक खरीद अनुगमन कार्यालयको वेभसाइटबाट डाउनलोड गरी प्राप्त गर्नु हुन।

३. नेपाली सेनाको विभिन्न युनिटहरुमा निर्माण हुने भौतिक संरचनाहरुको निर्माण कार्य तोकिएको समय मै सम्पन्न गर्ने उद्देश्यले तल उल्लेखित आयोजनाहरुमा Mile Stone राखि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

४. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (८) मा “**उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो बापत राखिएको पुरै जमानत जफत हुनेछ। सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बांकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बांकी सरह असुल उपर गरिनेछ।**” भनी व्यवस्था भए बमोजिम **e-GP System** मा अपलोड हुने बोलपत्रको **GCC** मा समेत स्पष्ट उल्लेख रहेको हुंदा सम्झौता कार्यान्वयनको दौरानमा उल्लेखित व्यवस्थाहरुको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

**(क) बोलपत्र सम्बन्धि विवरण**

| सि.नं. | कार्यालयको नाम | जिल्ला | कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | श्री स्थपति निर्देशनालय | काठमाण्डौ | **Construction of Office Block** | |
| २ | श्री ईन्द्रबक्स गण | भक्तपुर | बुकाचो गढीमा श्री ५ पृथ्वी नारायण शाहको शालिक सहित गढी निर्माण कार्य | |
| ३ | श्री श्रीमेहर गण | बागलुङ्ग | Construction of boundary wall (RCC) | |

**(ख) शिलबन्दी दरभाउपत्र सम्बन्धि विवरण**

| सि.नं. | कार्यालयको नाम | जिल्ला | कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नं. १३ बाहिनी अड्डा | ललितपुर | भौतिक संरचनाहरुको मर्मत संभार तथा स्तरोन्नती | |

# निर्वाचनका ठूला प्रचार सभा नहुने

**बनेपा समाचारदाता**
*काभ्रेपलाञ्चोक, कात्तिक १९ गते*

निर्वाचन आयोगले बिहीबारदेखि निर्वाचन प्रचारप्रसारका लागि नयाँ चरणको सुरुवात गरेसँगै काभ्रेमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा सहभागिता जनाएका राजनीतिक दल तथा उम्मेदवारहरू चुनावी प्रचारप्रसारमा व्यस्त छन्।

आयोगले आचारसंहितामा कडाइ गरेपछि केही कार्यकर्ताको साथमा घरदैलोमा रहेका उम्मेदवार बिहीबारदेखि थप सक्रिय हुँदै मतदाताको घरदैलो अभियानका साथै कोण सभाका कार्यक्रममा व्यस्त भएका छन्। निर्वाचन आयोगले मङ्सिर १ गतेसम्म प्रचारप्रसारको कार्यक्रम खुला गरे पनि यस पटक यहाँका राजनीतिक दल तथा उम्मेदवारले ठूला सभाको कार्यक्रम नराखेको जनाएका छन्।

नेपाली कांग्रेसका जिल्ला उपसभापति रमेशप्रसाद हुमागाईंले उम्मेदवारहरूले मतदाता भेटघाट कार्यक्रमलाई निरन्तरता दिइरहेको बताउनुभयो। उहाँले प्रतिनिधि सभा क्षेत्र नं. १ का उम्मेदवार डाँडापारि क्षेत्रको खानीखोला गाउँपालिकामा मतदाता भेटघाट तथा कोण सभामा रहेको र क्षेत्र नं. २ का उम्मेदवार बनेपाका मतदाता भेटघाटमा व्यस्त रहेको बताउनुभयो।

उहाँले यस पटक पार्टीको छुट्टै कुनै कार्यक्रम नरहेको र गठबन्धनमा रहेका दलहरू एकैसाथ चुनावी अभियानमा रहेकाले मतदाता भेटघाट र कोण सभामात्रै गर्ने बताउँदै ठूला आमसभाका कुनै कार्यक्रम तय नभएको बताउनुभयो। यसैगरी नेकपा एमालेका जिल्ला सचिव राजन भुर्तेलले पार्टीका उम्मेदवारहरू मतदाता भेटघाट कार्यक्रममा रहेको बताउनुभयो।

उहाँले प्रतिनिधि सभा क्षेत्र नम्बर १ का उम्मेदवार खानीखोला र महाभारत गाउँपालिकामा चुनावी अभियानमा रहेको बताउनुभयो। उहाँले प्रतिनिधि सभा क्षेत्र नं. २ का उम्मेदवार पनि धुलिखेल नगरपालिकाका मतदाता भेटघाटमा रहेको बताउनुभयो। उहाँले क्षेत्र नम्बर १ का उम्मेदवारको कात्तिक ३० गतेसम्म र क्षेत्र नम्बर २ का उम्मेदवारको कात्तिक २८ गतेसम्मका लागि मतदाता भेटघाट कार्यक्रम तय भएको बताउनुभयो।

सचिव भुर्तेलले यस पटकको निर्वाचनमा पार्टीका उम्मेदवारले मतदाता भेटघाट र कोणसभा मात्रै गर्ने र ठूला आमसभाका कार्यक्रम नराखेको बताउनुभयो।

नेकपा माओवादी केन्द्रका जिल्ला सचिव दैवलाल घिसिङले पार्टी तथा गठबन्धनका तर्फबाट ठूला आमसभाको कार्यक्रम नभएकाले मतदाताको घरदैलोमा जाने र कोणसभा गर्ने कार्यक्रम मात्रै अघि सारेको बताउनुभयो।

यस्तै नेकपा एकीकृत समाजवादीका जिल्ला उपाध्यक्ष दीपककुमार गौतमले गठबन्धनका उम्मेदवारले संयुक्त रूपमा मतदाताको घरदैलोमा जाने बताउनुभयो। उहाँले पार्टीको पक्षमा समानुपातिक मतका लागि क्षेत्र नम्बर १ का कार्यकर्ताको अभिमुखीकरण कार्यक्रम आयोजना गर्न लागेको बताउनुभयो।

आगामी प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका राप्रपाका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरू आफ्ना कार्यकर्तासहित आफ्ना एजेन्डाहरू लिएर मतदाता भेटघाट कार्यक्रममा व्यस्त देखिनुभएको छ।

आगामी निर्वाचनका लागि प्रतिनिधि सभा क्षेत्र नम्बर १ प्रत्यक्षतर्फ १६ जनाले, प्रदेश सभा (क) र (ख) नौ–नौ जनाले उम्मेदवारी दर्ता गराउनुभएको छ। यस्तै प्रतिनिधि सभा क्षेत्र नं. २ मा प्रत्यक्षतर्फ १६ जना तथा प्रदेश सभा सदस्यमा क्षेत्र (क) मा छ जना र (ख) मा सात जनाले उम्मेदवारी दर्ता गराउनुभएको छ।

## मिडिया अभिमुखीकरण सम्पन्न

**दोलखा समाचारदाता**
*दोलखा, कात्तिक १९ गते*

जिल्ला निर्वाचन कार्यालय दोलखाले आयोजना गरेको एक दिवसीय निर्वाचनमा सञ्चारमाध्यमको भूमिका विषयक मिडिया अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा मुख्य निर्वाचन अधिकृत एवं दोलखाका जिल्ला न्यायाधीश डिल्लीरत्न श्रेष्ठले आसन्न निर्वाचन स्वच्छ रूपमा सम्पन्न गर्न सबैको सहयोग आवश्यक रहेको बताउँदै भन्नुभयो, "कथित बुथ कब्जा गर्ने परिकल्पनासमेत गर्न नहुने हुँदा सार्वभौम सम्पन्न मतदातालाई स्वतन्त्र रूपमा मतदान गर्ने व्यवस्था मिलाउन पत्रकारको अहम् भूमिका रहेको बताउनुभयो।"

मतदातालाई सचेत र सबलीकरण बनाउन आग्रह गर्दै उहाँले भन्नुभयो, "देशका ठूला मान्छे नै जनता हुन् भन्ने सन्देश फैलाउनुपर्छ। किनिने र बेचिने कुरा मस्तिष्कबाट हटाउनुपर्छ।"

प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडाले भन्नुभयो, "विभिन्न कोणबाट विश्लेषण गरी सुरक्षा व्यवस्था मिलाउन लागिएको छ। नौवटै स्थानीय तहमा पुगेर यथार्थ पत्ता लगाइएको छ। जिल्लाको छवि राम्रो बनाउन कुनै कसर बाँकी राखिने छैन।" जिल्ला निर्वाचन अधिकारी शकुन्तला राईले निर्वाचन आयोगबाट आएको सबैले पालना गर्नुपर्ने आचारसंहिता र निर्देशनबारे जानकारी गराउनुभएको थियो।

# वडा स्तरबाटै राष्ट्रिय परिचयपत्रको काम

**पहिलो चरणमा रामेछापमा रहेका ६४ मध्ये १२ देखि १५ वटा वडाबाट काम सुरु हुन्छ, अहिले एउटा वडामा दुई स्थानबाट विवरण प्रविष्ट गर्ने तयारी**

**रामेछाप समाचारदाता**
*रामेछाप, कात्तिक १९ गते*

राष्ट्रिय परिचयपत्र वितरणको कामलाई थप प्रभावकारी बनाउन रामेछापमा अब वडा तहबाटै काम हुने भएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले सदरमुकाम मन्थलीमा राष्ट्रिय परिचयपत्रसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी अब परिचयपत्र वितरण कार्यलाई वडा तहसम्म पुऱ्याउने जानकारी दिएको हो।

अबको एक हप्तापछि जिल्लाको १२ देखि १५ वटा वडाबाट परिचयपत्रको काम सुरु गरिने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक तीर्थराज भट्टराईले बताउनुभयो। 'पहिलो चरणमा रामेछापमा रहेका ६४ मध्ये १२ देखि १५ वटा वडाबाट काम सुरु हुन्छ, अहिले एउटा वडामा दुई स्थानबाट विवरण प्रविष्ट गर्ने तयारी छ', उहाँले भन्नुभयो।

विभागले तीन महिनाभित्र सबै वडामा काम सक्ने लक्ष्य राखेकाले आवश्यकताका आधार फेरि १० वटासम्म स्टेसन थपेर काम गरिने उहाँले बताउनुभयो। उहाँका अनुसार एउटा स्टेसनबाट दैनिक कम्तीमा ४० जनाको विवरण प्रविष्ट हुन्छ, एउटा वडामा १० देखि १५ दिनमा विवरण प्रविष्ट गरिसक्ने गरी तयारी गरिएको छ।

जिल्ला समन्वय समिति रामेछापकी प्रमुख चिना खड्काले अहिले स्मार्ट परिचयपत्र अत्यावश्यक रहेकाले यो परिचयपत्र बनाउने काममा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो। नागरिकलाई सहज रूपमा राष्ट्रिय परिचयपत्र प्रदान गर्ने उद्देश्यले स्थानीय तहसँगको समन्वय र सहयोगमा वडा तहबाटै परिचयपत्रको काम गर्न लागिएको रामेछापका प्रमुख जिल्ला अधिकारी शोभाखर रेग्मीले बताउनुभयो।

जिल्ला प्रशासन कार्यालयका अनुसार हालसम्म रामेछापका २० हजारभन्दा बढी नागरिकले राष्ट्रिय परिचयपत्रका लागि आफ्नो विवरण प्रविष्ट गराएका छन् तर अहिलेसम्म एक जनाले पनि राष्ट्रिय परिचयपत्र पाउन सकेका छैनन्।

परिचयपत्रका लागि आफ्नो विवरण प्रविष्ट गराउनकै लागि नागरिकले सास्ती भोग्दै आएका छन्। रामेछापमा २०७७ साउन १ गते बिहीबारबाट राष्ट्रिय परिचयपत्रका लागि स्थायी विवरण दर्ता कार्यको सुरु भएको थियो।

# दनुवारले मनाए बड्की पर्व

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, कात्तिक १९ गते*

सिन्धुली जिल्लाको कमलाखुँज क्षेत्रमा बसोबास रहेको आदिवासी दुनुवार समुदायले शुक्रबार बड्की एकादशी पर्व भव्य रूपमा मनाएका छन्। कात्तिक शुक्ल एकादशीमा भगवान् विष्णुको प्रतीकका रूपमा तुलसीको विवाह र विशेष पूजा गरी मनाइने हरिबोधनी एकादशी पर्वलाई दनुवार जातिले मुख्य पर्वका रूपमा बड्की पर्वका रूपमा मनाउँदै आएका छन्।

दनुवार समुदायका अनुसार उक्त पर्व तीन दिनसम्म मनाउने र पहिलो दिन बिहीबार परम्पराअनुसार किशोरी तथा महिलाहरू आ–आफ्नो टोलको मुखियाको घरमा भेला भएर नदीमा नुहाउन जाने चलन छ। नदीबाट कलसमा जल लिएर सिधै दिवार (टोलमा बनाएको मन्दिर)मा पुगी पाँच पटक घुमेर जल चढाइ अगरबत्ति बाल्द छन्। त्यसपछि कलशको जल टाउकोमा बोकेर घर फर्किएपछि ब्रत सुरु हुन्छ। पर्वको दोस्रो दिन अर्थात् पर्वको मुख्य दिन अघिल्लो दिनको विधि पुनः दोहोऱ्याइन्छ। यस दिन जथाभावी बस्न नहुने र बसिहाल्नु परे मुखिया अधिकारीले दिएको चामलले भूमिको पूजा गरेर मात्र बस्नुपर्ने रीतिथिति रहेको छ। दोस्रो दिन बड्की नृत्य देखाई दिनभर निराहार रातभर जाग्राम बस्ने पराम्परा छ।

पर्वको तेस्रो तथा अन्तिम दिन नदीमा गएर नुहाएर अमला वा ल्वाङ, सुकुमेल टोकेर नदीमा फालिन्छ। यसलाई पारन गरेको भन्ने चलन छ। त्यसपछि व्रतालुहरू घर फर्किन्छ। दाइ वा भाइले एकादशी गरेको हो भनेर पाँच पटक सोध्छन्। व्रतालुले विधिवत रूपमा व्रत सम्पन्न गरेको हुँ भनेपछि मात्र दही, चिउरा खाएर बड्की एकादशी पर्व सकिने दनुवार जागरण समितिले जनाएको छ।

अति सीमान्तकृत दनुवार जातिको मौलिक कला, संस्कृति र संस्कारको संरक्षण र संवर्द्धनका लागि भन्दै दुधौली नगरपालिकाले हरिबोधनी एकादशीका दिन सार्वजनिक बिदा दियो। पर्वमा विशेष गरेर दनुवार समुदायका अविवाहित महिलाहरूले तीन दिनसम्म निराहार व्रत बसी आफू, परिवार र सुयोग्य वर प्राप्ति तथा सुख र शान्तिको कामना गर्ने गरेका समितिका अध्यक्ष नारायण अधिकारी दनुवारले जानकारी दिनुभयो।

## अबको गन्तव्य आर्थिक विकास

**मकवानपुर समाचारदाता**
*हेटौँडा, कात्तिक १९ गते*

नेपाली कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले काङ्ग्रेसको अबको गन्तव्य देशको समग्र आर्थिक विकास भएको बताउनुभएको छ। उहाँले देशमा ठूलाठूला राजनीतिक परिवर्तन भए पनि आर्थिक समृद्धि नभएको र रोजगारीको अवसर सिर्जना हुन नसकेको बताउँदै अबको बाटो आर्थिक विकासको भएको बताउनुभयो।

हेटौँडा उपमहानगरपालिका वडा नं. ४ लोकतान्त्रिक वाम गठबन्धनले आसन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको क्रममा शनिबार आयोजना गरेको घरदैलो तथा कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो।

"राजनीतिक परिवर्तन गऱ्यौँ तर आर्थिक विकास हुन सकेको छैन रोजगारी सिर्जना भएको छैन, देशको आर्थिक अवस्था ठीक छैन" मकवानपुरको प्रतिनिधि सभा क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य उम्मेदवार उपाध्यायले भन्नुभयो, "लोकतान्त्रिक वाम गठबन्धनको अबको मुद्दा आर्थिक समृद्धि र रोजगारीको अवसर सिर्जना हो।"

उहाँले मकवानपुरमा आर्थिक क्षेत्रमा धेरै समस्या भएको र बन्द रहेको हेटौँडा कपडा उद्योग सञ्चालन गर्न विगतका जनप्रतिनिधिले चासो नदेखाएको भन्दै कपडा उद्योगमा नयाँ प्रविधि भित्र्याएर पुनः सञ्चालन गर्न अगुवाइ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# निमाग्याल्जेनले पानिया टिप्पाको 'ट्र्याक' खोज्ने

**दोलखा समाचारदाता**
*दोलखा, कात्तिक १९ गते*

विश्वका सबैभन्दा अग्ला १४ हिमाल आरोहण गरिसक्नुभएका रोल्वालिङका कीर्तिमानी आरोही निमाग्याल्जेन शेर्पाले नयाँ पत्ता लागेको छ हजार ६९६ मिटर अग्लो पानिया टिप्पा हिमाल आरोहण गर्न लाग्नुभएको छ।

शनिबार सदरमुकाम चरीकोटमा पत्रकार सम्मेल गरी स्थानीय राकेश श्रेष्ठले उहाँ र साथमा रहनुहुने ओङ्जे शेर्पालाई सफल आरोहणका लागि शुभकामना प्रदान गर्नुभयो।

पत्रकार सम्मेलनमा आरोही निमाग्याल्जेन शेर्पाले भन्नुभयो, "आरोहण गरिसकिएका टासी लाप्चा र रामदुङ हिमालको बीचमा पत्ता लागेको यो पानिया टिप्पा हिमालको ट्र्याक पत्ता लगाउने मुख्य काम हुनेछ। ट्र्याक पत्ता लागेपछि सहज रूपमा आरोहण गर्न सकिनेछ।"

उहाँले कृत्रिम अक्सिजन प्रयोग नगरी जी १ हिमालको सफल आरोहण गरिसक्नुभएको छ भने पाकिस्तान स्थित गेसरबुम १, सगरमाथा नौ पटक, मनास्लु सात पटक, ल्होत्से र मकालु तीन/तीन पटक, चोयु र अन्नपूर्ण दुई/दुई पटक के २, कञ्चनजङ्गा, धौलागिरि, नाँगा, जी १, जी २, ब्रोड पिक, सिसापाङमा एक/एक पटक र दोलखाको लिङ्क चुली २ (छ हजार ६५९ मिटर)को आरोहण गर्ने उहाँ पहिलो आरोही हुनुहुन्छ।

जोखिमपूर्ण आरोहणको चुनौतीलाई सहजै पार लगाउने कुशल आरोहीका रूपमा परिचित उहाँ नेपाल भ्रमण वर्ष २०११ को सद्भावना दूत भइसक्नुभएको छ भने गिनिज बुक अफ वर्ल्ड अभिलेखमा दुई पटक नाम राखिसक्नुभएको छ।

गौरीशङ्कर गाउँपालिकास्थित बेदिङमा माता किन्जुम शेर्पा र पिता स्व. छिरिङ नोर्बु शेर्पाका १२ सन्तानमध्येका पेम्बा, ग्याल्जेन, फुर्वा थुन्डु, पेम्बा दोर्जी, निमा ग्याल्जेन, फुर्वा तेन्जिङ र फुर्वा थिले शेर्पा तथा छोरीहरू दावादिकी र निमाल्हामु शेर्पासमेत आठ जनाले सर्वोच्च शिखर सगरमाथाको पटक पटक आरोहण गरिसक्नुभएको छ।

डोल्मा आउट डोर्सका अध्यक्षसमेत रहनुभएका सफल आरोही निमाग्याल्जेनले आधार शिविरदेखि सगरमाथाको शिखरसम्म केवल आठ घण्टा १० मिनेटमा सफल आरोहण गरी ख्याति कमाउनुभएको छ।

# भगवती मन्दिरमा महिला वर्जित

**बाबुराम शर्मा**
*दोलखा, कात्तिक १९ गते*

दोलखाको भीमेश्वर नगरपालिका–५ स्थित पवित्र महाँकाल भगवतीको मन्दिरभित्र पसी महिलाले भगवतीको दर्शन गर्नुहुँदैन भन्ने प्रचलन रहिआएकाले महिलालाई भगवतीको मूर्ति हेर्न र मन्दिरभित्र पस्न निषेध गरिँदै आइएको छ।

पुजारीको काम गर्दै आउनुभएका सुजन बोहोराका अनुसार पौराणिक कालदेखि नै महिलालाई प्रवेश निषेध गरिएको छ। महाँकाल भगवतीले परेवा र पाठीको कलेजो र फोक्सो मात्र भोग खाने गरेको धार्मिक विश्वासका कारण महिला भित्र प्रवेश गरेमा अनिष्ट हुने र आँखासमेत बन्द हुने गरेको भएकाले मन्दिरभित्र प्रवेशमा वञ्चित गरिएको हो।

एक पटक दर्शन गरेपछि मनको इच्छा पूरा हुने धार्मिक आस्थाको धरोहर मानिएकाले यो मन्दिरमा पुरुषले मात्र पूजाआजा र दर्शन गर्ने गरेका छन्।

मन्दिरमा आएका जो कोही भक्तजनले यहाँ पूजा गरेको जल खाएको खण्डमा शरीरमा भएका धेरै रोग निको हुने धार्मिक विश्वास छ। चितवन, दैलेख, भोजपुर, सर्लाही, जनकपुर, काठमाडौँ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, रामेछापलगायतका स्थानबाट भक्तजन सुविधा सम्पन्न अस्पतालमा उपचार गरे पनि रोग निको नभएपछि पाठी र परेवाको भाकल गरी यहाँ पूजाआजा गर्न आउने गरेका पुजारी बोहोराले सुनाउनुभयो।




यसरी पूजा गरेर रोग निको भयो भन्दै वर्षैपिच्छे दर्शनका लागि भक्तजन आउने गरेको बताइन्छ। मन्दिरको आगाडिपट्टि ८४ वटा महादेवको मूर्ति स्थापना गरिएको छ। ८४ वर्ष पुगेका दोलखा, रामेछाप र सिन्धुपाल्चोकका भक्तजन चौरासी गर्नका लागि यहाँ आउने गरेका छन्। यहाँ पूजा गरेको परेवा र पाठीको मासु पौराणिक कालदेखि नै तोकिएको सिमानाबाहिर लैजान नहुने हुँदा भक्तजनलाई मासु पकाउन भाँडाकुँडाको व्यवस्थासमेत गरिएको छ।

यहाँ तीज र बालाचतुर्दशीमा मेला लाग्ने गर्दछ। यो दिन बेलुका बत्ती बाल्नका लागि छिमेकी जिल्लाबाट धेरै सङ्ख्यामा भक्तजन आउने गरेका पूजारी बोहोराले जानकारी दिनुभयो।

सदरमुकाम चरीकोटबाट नजिकको गौरीशङ्कर बालगृहदेखि करिब सात किलोमिटर गाडी यात्रामा पुगिने धार्मिक र ऐतिहासिक महत्त्व बोकेको यो मन्दिरमा मङ्गलबार र शनिबार भक्तजनको भीड लाग्ने गरेको छ। यहाँ विशेष पूजाआजा दुई दिन मात्र हुने हुँदा यी दिनमा दुई हजारभन्दा बढी भक्त जनको उपस्थिति रहने गरेको छ।

यातायातको सुविधा भएपछि गाडी लिएर आउनेको सङ्ख्या बढ्दै गएको छ। मन्दिर वरपर व्यापार गर्नेको पनि सङ्ख्या बढेको छ। अरू दिन दुई/तीन सय बिक्री हुने र शनिबार र मङ्गलबार भने हजारभन्दा बढी बिक्री हुने गरेको व्यापारीहरू बताउँछन्।

पर्यटन प्रवर्द्धनका लागि भीमेश्वर नगरपालिकाले २९ लाख र सङ्घबाट १५ लाख रुपियाँ बजेट आएपछि छ लाख रुपियाँमा जग्गा खरिद, घेरावाल निर्माण, सिँढी निर्माण, सुरक्षण वाल, भण्डार घर निर्माण गरिनुका साथै नेत्रबहादुर कार्कीबाट जग्गा दान आएको छ। मन्दिर भने पुरातत्त्व विभागले पुनर्निर्माण गरिदिएको पूर्ववडाध्यक्ष रामचन्द्र बस्नेतले जानकारी दिनुभयो।

पर्यटन प्रवर्द्धनका लागि संरचना बन्नु राम्रो हो तर आफूहरूलाई मन्दिर प्रवेशमा लाग्दै आएको निषेध हटाउनुपर्ने माग महिलाहरूले राखेका छन्।

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**परीक्षा नियन्त्रण कार्यालय**
**सानोठिमी, भक्तपुरको**

## डिप्लोमा तथा प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरूरी सूचना

**(मिति २०७९।०७।२० गते प्रकाशित)**

यस परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा सञ्चालित शिक्षण संस्थाहरूमा **प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, सामान्य चिकित्सा आयुर्वेद, अकुपन्चर, डेन्टल साइन्स (डेन्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि (बाली विज्ञान र पशु विज्ञान), फार्मेसी, फिजियोथेरापी, योग एन्ड नेचुरोपेथी, फरेस्ट्री कार्यक्रमहरूको प्रथम, दोस्रो र तेस्रो वर्षको नियमित तथा दोस्रो र तेस्रो वर्षको आंशिक एवं डिप्लोमा इन इन्जिनियरिङ तर्फका कार्यक्रमहरू, होटल म्यानेजमेन्ट, फुड एन्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरसिप डेभलपमेन्ट र कृषि (बाली विज्ञान र पशु विज्ञान) प्रथम वर्ष दोस्रो खण्डको नियमित** परीक्षाहरू माघ महिनामा सञ्चालन हुने भएकोले परीक्षार्थीहरूले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०७९ साल मङ्सिर ११ गतेभित्र नियमित शुल्कमा र २०७९ साल मङ्सिर १८ गतेभित्र विलम्ब शुल्कमा तोकिएको हुँदा सम्बन्धित शिक्षण संस्थाहरूले अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

**प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित)** अन्तर्गत **डिप्लोमा इन सिभिल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ (स्पेसलाइजेसन इन हाइड्रोपावर), अटोमोबाइल इन्जिनियरिङ, जियोमेटिक्स इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, रेफ्रिजेरेसन एन्ड एयरकन्डिसनिङ, इन्फर्मेसन टेक्नोलोजी, फुड एन्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेन्ट, इन्टरप्रेनरसिप डेभलपमेन्ट तथा कृषि (बाली विज्ञान र पशु विज्ञान) कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्ड**को नियमित **र वार्षिक परीक्षा प्रणाली अन्तर्गतका सामान्य चिकित्सा, नर्सिङ, फिजियोथेरापी, कृषि (बाली विज्ञान र पशु विज्ञान) र फरेस्ट्री कार्यक्रमहरूको प्रथम, दोस्रो र तेस्रो वर्षको नियमित तथा दोस्रो एवं तेस्रो वर्षको आंशिक** परीक्षा समेत सोही समयमा सञ्चालन हुने भएकाले माथि उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनुहुन अनुरोध छ।

साथै निम्न सर्तहरू पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**शर्तहरू :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरू सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रस्ट देखिने पासपोर्ट साइजको फोटो टाँसिएको हुनुपर्नेछ।

२. वार्षिक परीक्षा प्रणालीको हकमा नियमिततर्फ आङ्गिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी सञ्चालित संस्थाहरूको हकमा प्रति विद्यार्थी रु.१,०००। र सेमेस्टर परीक्षा प्रणालीको हकमा प्रति विद्यार्थी रु. ५००। निजी शिक्षण संस्थाको हकमा वार्षिक परीक्षा प्रणालीको प्रति बिद्यार्थी रु. २,५००। र सेमेस्टर परीक्षा प्रणालीको हकमा रु.२,०००। र विलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनुपर्नेछ। साथै नियमित शुल्कको समयभित्र Web based online system मा फाराम Entry नगरेमा विलम्ब शुल्क समेत लाग्नेछ।

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु.३००।– र प्रत्येक थप विषयका लागि रु. १५०।– का दरले नियमित शुल्कमा र विलम्ब शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनुपर्नेछ।

४. सम्बन्धित शिक्षण संस्थाहरूले परीक्षा आवेदन फाराम शुल्क बापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा विलम्ब शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट** अनिवार्य रूपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर ITMS Online मा Upload गर्नुपर्नेछ र **मिति २०७९ मङ्सिर १९ गतेभित्र नियमित तथा विलम्ब** परीक्षा आवेदन फाराम एकैसाथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनुपर्नेछ।

५. सम्बन्धित शिक्षण संस्थाहरूले परीक्षा आवेदन फाराम बुझाउँदा विषयगत नियमित तथा आंशिक एवं नयाँ तथा पुरानो पाठ्यक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरूमा तोकिएको मितिभित्र दर्ता गर्नुपर्नेछ।

६. नियमित तर्फका जेहेनदार तथा वर्गीकृत छात्रवृत्ति प्राप्त परीक्षार्थीहरूलाई परीक्षा शुल्क लाग्नेछैन।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक सत्र २०७३/७४ (ई.सं. २०१६) देखि भर्ना भई रजिस्ट्रेसन भएका विद्यार्थीहरूले मात्र परीक्षा आवेदन फाराम भर्न पाउनेछन्।

८. वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका नियमित विषयहरूको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सहीछाप गरी अनिवार्य रूपमा फाइलिङ गरी पेस गर्नुपर्नेछ। Entry गरी सकेका आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क पछि परिवर्तन हुनेछैन।

९. आंशिक परीक्षार्थीहरूको हकमा आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूको मात्र आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सहीछाप गरी बुझाउनुपर्नेछ।

१०. नियमित तर्फ वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फारामहरू Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ।

११. आंशिक तर्फ शैक्षिक सत्र २०७३/७४ (ई.सं. २०१६) देखि भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका सम्पूर्ण कार्यक्रमहरूको २०७४ देखि Online आवेदन फारामहरू Web based online system मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ।

१२. आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरू मात्र अन्तिम परीक्षामा सामेल हुन पाउनेछन्। आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ।

१३. अन्य शिक्षण संस्थाबाट रजिस्ट्रेसन भएका विद्यार्थीहरूको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ।

१४. नियमित तर्फ वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ र परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र सेतो A4 कागजमा प्रिन्ट गरी पेस गर्नु पर्नेछ।

१५. आंशिक तर्फ शैक्षिक सत्र २०७३/७४ (ई.सं. २०१६) मा भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ। परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र पहेँलो रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनुपर्नेछ।

१६. शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरूको बैंक खाता विवरण यस प्रकार रहेको छ।
(क) प्रा. शि. व्या. ता. परिषद्, १ नं. प्रदेश कार्यालय, इटहरी, सुनसरी : रा.वा.बैंक, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,
(ख) प्रा. शि. व्या. ता. परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा : रा.वा.बैंक, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,
(ग) प्रा. शि. व्या. ता. परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौँडा : रा.वा.बैंक, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,
(घ) प्रा. शि. व्या. ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की : रा.वा.बैंक, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,
(ङ) प्रा. शि. व्या. ता. परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही : रा.वा.बैंक, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,
(च) प्रा. शि. व्या. ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत : रा.वा.बैंक, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,
(छ) प्रा. शि. व्या. ता. परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली : रा.वा.बैंक, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नुपर्नेछ।

**नोट :**
१. सिम्बल नं. एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७९।०८।११ गतेभित्र नियमित शुल्कको तथा मिति २०७९।०८।१८ गते भित्रमा विलम्ब शुल्कको Web Based Online System मा शिक्षण संस्थाहरूले Entry गरिसक्नुपर्नेछ।
२. सम्पूर्ण शिक्षण संस्थाहरूले पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रूपमा सम्पन्न गर्नुपर्नेछ।

**यो सूचना www.ctevtexam.org.np मा उपलब्ध हुनेछ।**

**परीक्षा नियन्त्रक**

# तलबभत्ता कटौतीले निराशा

**रौतहट समाचारदाता**
*रौतहट, कात्तिक १९ गते*

विद्यालय कर्मचारी र शिक्षकले खाइपाई आएको तलब सुविधा कटौती गरिएको छ। जिल्लाको कटहरिया नगरपालिकाले नगरभित्र रहेका विद्यालय कर्मचारी र बाल विकास शिक्षकको तलब कटौती गरेको हो।

तलब कटौती भएपछि उनीहरू निराश बनेका छन्। मासिक तलबभत्ता १७ हजार रुपियाँ खाइपाई आएकोमा यो आर्थिक वर्षमा दुई हजार रुपियाँ घटाएर १५ हजार रुपियाँ मात्र दिइएको छ।

बाल विकास शिक्षकको आठ हजार रुपियाँ तलब हुँदा तत्कालीन नगरप्रमुख सियाराम कुशवाहाले नगरपालिकाबाट तलबमा सात हजार र प्रोत्साहन भत्ताबापत दुई हजार रुपियाँ थप गरेर १७ हजार पुऱ्याइदिएको बाल विकास शिक्षक रामसखी कुमारीले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "चालू आर्थिक वर्षदेखि सरकारले बाल विकास शिक्षकको तलब वृद्धि गरी १० हजार रुपियाँ पुऱ्याएको छ। नगरपालिकाले उपलब्ध गराएको साबिक वृद्धि तलबभत्तामा जोडेर दिने हो भने मासिक १९ हजार रुपियाँ हुन जान्छ तर पालिकाले मासिक १५ हजार रुपियाँ मात्रै उपलब्ध गराएको छ।"

कटहरिया नगरपालिकामा २४ वटा सामुदायिक विद्यालय छन्। जसमा बाल विकास शिक्षक, लेखापाल र विद्यालय सहयोगी गरी ६० जना कार्यरत छन्। खाइपाई आएको तलबभत्ता कटौती हुँदा मर्कामा परेको उनीहरूको गुनासो छ।

नगरका प्रमुख प्रशासकीय अधिकृत किरणनिधि तिवारीले नगरमा निकासा नै कम आएकोले भुक्तानी कम गरेको बताउनुभयो। शिक्षक तथा कर्मचारीको अपुग रकम आउँदो मङ्सिर महिनामा भुक्तानी गरिने आश्वासन दिनुभयो।

# गोबरगाढामा हेलिकोप्टरद्वारा मतपेटिका लगिने



तस्बिर : ललिता साह

**वैकल्पिक मतदान स्थल टुङ्गो लगाउन सप्तरीका प्रमुख जिल्ला अधिकारीसहितको टोली गोबरगाढा बस्तीको स्थलगत अवलोकन गर्दै।**

**बोदेबर्साइन समाचारदाता**
*बोदेबर्साइन (सप्तरी), कात्तिक १९ गते*

सप्तकोसी नदीले चारैतिरबाट घेरिएको गोबरगाढाको मतदान स्थलमा मतपेटिकालगायतका निर्वाचन सामग्रीहरू हेलिकोप्टरबाट लगिने भएको छ।

मतपेटिका हेलिकोप्टरबाट ल्याउने तय भएको सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले जानकारी दिनुभयो। मङ्सिर ४ मा हुने निर्वाचनमा गोबरगाढा बस्तीको खुला चौरमा त्रिपालमुनि मतदान स्थल बनाइने भएको छ।

जिल्ला निर्वाचन विशेष सुरक्षा योजनाअनुसार सर्वपक्षीय सहमतिमा ठाउँ व्यवस्थापन भइसकेको सप्तरीको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जनाउनुभयो। मतदान स्थल राख्दै आएको विद्यालय गत असारको बाढीले बगाएपछि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लाका सुरक्षा संयन्त्रसहितका टोलीले गोबरगाढा टापुको स्थलगत अवलोकनपछि यस्तो निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी थापाले जानकारी गराउनुभयो।

गोबरगाढाको शारदा आधारभूत विद्यालय बाढीले बगाएसँगै हरेक चुनावमा राख्दै आएको मतदान स्थल पनि सप्तकोसी नदीले बगाएकोले मतदान स्थल कहाँ राख्ने भनेर समस्या बनेको थियो। स्थानीय सरकार तथा जिल्लास्थित सुरक्षा संयन्त्रले वैकल्पिक मतदान स्थल तय गरेसँगै यो समस्याको समाधान भएको छ। हनुमाननगर कङ्कालिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले आवश्यक सहयोग नगरले गर्न तयार रहेको बताउनुभयो।

भौगोलिक रूपमा पनि अलग्गिएको गोबरगाढा टापुमा निर्वाचन गराउनु आफैँमा सुरक्षा चुनौती मानिन्छ। अन्यत्रभन्दा गोबरगाढा मतदान केन्द्रको सुरक्षा व्यवस्थाका लागि थप जनशक्ति परिचालन गरिने सशस्त्र प्रहरी बल गण ६ का प्रहरी उपरीक्षक तीर्थराज पौडेलले बताउनुभएको छ।

वैकल्पिक मतदान स्थलको टुङ्गो लागेपछि गोबरगाढा बस्तीका आठ सय मतदाताको अन्योल अन्त्य भएको वडाध्यक्ष कुशेश्वर यादवको भनाइ छ।

हनुमाननगर कङ्कालिनी नगरपालिकाभित्रका १४ वटा वडाको करिब एक दर्जनभन्दा बढी मतदान स्थल अतिसंवेदनशील छन्। भारतीय सीमावर्ती क्षेत्रको दसगजामै अवस्थित गोबरगाढा मतदान स्थल असुरक्षितसमेत मानिँदै आएको सप्तरी प्रतिनिधि सभा क्षेत्र नं. १ का निर्वाचन अधिकृत धनेन्द्र अधिकारीले भन्नुभयो। हनुमाननगर कङ्कालिनी नगरपालिका वडा नं. १३ मा पर्ने गाउँ गोबरगाढालाई नेपालको टापुको रूपमा चिनिन्छ।

# आचारसंहिताको पालना गर्न आग्रह



**धनुषा समाचारदाता**
*धनुषा, कात्तिक १९ गते*

निर्वाचन आयुक्त सगुनशमशेर राणाले प्रतिनिधि र प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न सरोकारवालालाई आग्रह गर्नुभएको छ।

जनकपुरधाममा निर्वाचन आयोग नेपाल र नेपाल कानुन समाजद्वारा शनिबार संयुक्त रूपमा आयोजित निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका विषयक अन्तर्क्रियामा उहाँले यस्तो आग्रह गर्नुभएको हो। उहाँले उम्मेदवारहरूको हकमा निर्वाचन आयोगले जारी गरेको आचारसंहिताको पालना नभएको पाइएमा उम्मेदवारी खारेज गर्नेसम्मको अधिकार आयोगसँग रहेको उल्लेख गर्नुभयो। निर्वाचन आचारसंहितको पालना गरी कारबाहीको भागिदार नबन्न उहाँको आग्रह थियो।

निर्वाचन आचारसंहिता उल्लङ्घन भए नभएको विषयमा जिल्लादेखि केन्द्रसम्म विभिन्न प्रकारका अनुगमन समितिहरू निर्माण भएको उल्लेख गर्दै उल्लङ्घन कसैबाट भएको खण्डमा अनुगमन समिति वा आयोगमा उजुरी दिनसमेत उहाँले आग्रह गर्नुभयो।

उहाँले यसअघि भएको स्थानीय तहको निर्वाचनमा मधेश प्रदेशमा बदर मतको सङ्ख्या बढी देखिएकोले यसतर्फ ध्यान दिन पनि उहाँले सचेत गराउनुभयो। उहाँले निर्वाचन आयोगले स्थानीय तहलाई मतदाता शिक्षा प्रदान गर्न आग्रह गरिएको र सोहीअनुरूप स्वास्थ्य स्वयंसेविकाहरूले मतदाता शिक्षा प्रदान गरिरहेको जानकारी आयोगलाई प्राप्त भइरहेको बताउनुभयो।

# पूर्वमन्त्रीहरूबीच प्रतिस्पर्धा देखिँदै

**जीवछ यादव**
*लहान, कात्तिक १९ गते*

सत्तापक्षीय गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका नेता चित्रलेखा यादव र एमाले जसपा गठबन्धनबाट जसपा उम्मेदवार राजकिशोर यादवबीच कडा प्रतिस्पर्धा हुने आकलन गरिएको छ।

यस क्षेत्रमा सुखीपुर र धनगढीमाई नगरपालिका, बरियारपट्टी, नवराजपुर, औरही गाउँपालिका, गोलबजार नगरपालिकाको एक र लक्ष्मीपुर पतारी गाउँपालिकाको एक वडा गरी ४१ वटा वडा छन्। यीमध्ये गत वैशाखमा भएको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसले १२, नेकपा माओवादीले पाँच र एकीकृत समाजवादीले गरी १८ वडा जितेका थिए। एमाले जसपाले २३ वटा वडामा जितेका थिए।



राजकिशोर यादव



चित्रलेखा यादव

सत्तापक्षीय गठबन्धनको तीस हजार ५८३ र एमाले जसपाको ३४ हजार ९४ मत रहेकोले दुई गठबन्धनबीच कडा प्रतिस्पर्धा देखिएको छ। चित्रलेखा यादव आफ्नो माइती गाउँ नवराजपुरलाई आधार मानेर उम्मेदवार हुनुभएको छ। राजकिशोर यादव सिरहा–४ बाट सिरहा–२ मा यस पटक उम्मेदवार हुनुभएको हो। स्थानीय तहको निर्वाचनमा धनगढीमाई नगरपालिका र सुखीपुर नगरपालिकामा नेकपा एमालेले जितेका छन् भने औरही, बरियारपट्टी र नवराजपुर गाउँपालिकामा जनता समाजवादी पार्टीले जितेका छन्।

सिरहा–२ मा दुई जना पूर्वमन्त्री प्रतिनिधि सभामा उम्मेदवार भएका छन्। प्रदेश १ मा एमाले जसपा गठबन्धनबाट पूर्वआपूर्तिमन्त्री तथा मधेश प्रदेशका कृषिमन्त्री विजय यादव, पूर्वबिनाविभागीयमन्त्री राजलाल यादव स्वतन्त्र, सतारूढ गठबन्धनका नेकपा (माओवादी)का जीवछ यादव र जनमत पार्टीका सञ्जय यादवबीच प्रतिस्पर्धा हुनेभएको छ।

यसैगरी २ प्रदेशमा एमाले जसपा गठबन्धनबाट पूर्वपर्यटन राज्यमन्त्री शत्रुधनसिंह कोइरी र सत्ता गठबन्धनबाट एकीकृत समाजवादीका मदनसेन श्रीवास्तवबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ।

सिरहा–२ बाट प्रतिनिधि सभा सदस्यका लागि स्वतन्त्रबाट पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईका प्रेस सल्लाहकारसमेत रहेका पत्रकार रामरिझन यादव, नेपाल पत्रकार महासङ्घ सिरहा शाखाका पूर्वअध्यक्ष देवकुमार यादव उम्मेदवार हुनुहुन्छ। रेडियो नेपालका पूर्वकार्यकारी निर्देशक तथा अधिवक्ता सुरेशकुमार कार्की, इन्जिनियर रामप्रकाश महतो र कलाकार मुरलीधर विश्वकर्मा र जनमत पार्टीका विनोदकुमार यादव उम्मेदवार रहेकोले यस क्षेत्रको चुनावी चर्चा निकै रोचक बनेको छ।

# भूत मेलाले रेल अनियमित हुने

**लक्ष्मी चौधरी**
*जनकपुरधाम, कात्तिक १९ गते*

आउँदो कात्तिक २१ गतेदेखि जनकपुर–जयनगर रेल तीन दिन अनियमित रूपमा सञ्चालन हुनेभएको छ। यही सोमबार (२१ गते) कमला नदीमा लाग्ने कात्तिक पूर्णिमा मेलामा कमलामा स्नान गर्न आउने तिर्थालु भक्तजनहरूलाई सहज बनाउन तीन दिन रेल सेवा अनियमित हुनेभएको हो।

कात्तिक पूर्णिमाका दिनदेखि तीन दिनसम्म धनुषा र सिरहा जिल्ला जोड्ने कमला नदीमा भूत मेला लाग्ने गर्छ। त्यहाँ स्नान गर्न आउने तिर्थालु भक्तजनको घुइँचो लाग्ने गर्छ। भक्तजनहरूलाई सहज बनाउन रेल सेवा अनियमित हुनेबारे सूचना जारी गरेको नेपाल रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिनुभयो। कात्तिक २१, २२ र २३ गते तीन दिन रेल सेवा सञ्चालनमा बाधा पुग्ने महाप्रबन्धक झाले जानकारी दिनुभयो।

तीन दिनमध्ये २१ गते दोस्रो सिफ्टदेखि मात्र रेल सेवा सञ्चालन हुने झाले बताउनुभयो। उहाँले भन्नुभयो, "वर्षौंदेखि कमला नदीमा लाग्दै आएको भूत मेलामा स्नान गर्न आउने भक्तजनको घुइँचो लाग्ने गरेको जानकारी प्राप्त गर्नासाथ सूचना जारी गरेका छौँ।" त्यस दिन जनकपुरधामसम्म पर्यटकको सङ्ख्या बढी हुने हुँदा समयको पनि ख्याल गर्दै बढी सेवा दिने उद्देश्य रहेको र जनकपुरधामसम्म मात्र रेल सञ्चालन हुने झाले बताउनुभयो।

झाले भन्नुभयो, "दैनिक कति पटकसम्म सञ्चालन गर्ने भनेर यकिन गरेका छैनौँ तर जनकपुरधाम स्टेसन वा जयनगर स्टेसनमा यात्रु भरिनासाथ रेल गुडाउने योजना भने रहेको छ।" टिकट बिक्रीका आधारमा रेल सञ्चालन हुने र यसको सम्पूर्ण तयारी पनि भइसकेको जानकारी महाप्रबन्धक झाले दिनुभयो।

मेला भर्न नेपाली र भारतीय पर्यटकको आवागमन बढ्ने हुँदा कमला तट भरिभराउ हुन्छ त्यसैले २१ गते दिनको १ बजेदेखि, २२ र २३ गते पुरै दिन गरी तीन दिन समय अनियमित रूपमा सेवा सञ्चालन गर्ने योजना बनाएको महाप्रबन्धक झाले बताउनुभयो।

## ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँको

### जग्गा लिलाम बिक्री सम्वन्धी १० दिने सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९।०७।२०**

**वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड र प्रतिवादी भोला खाँ थारू** समेत भएको संवत २०७४ सालको मुद्दा नं. २१३/०७४/१४३ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०७९।०७।१८ को आदेश अनुसार वादी बैंकको नाउँमा कर्जा सुरक्षण बापत धितोमा रहेको तपसिलमा उल्लेखित जग्गा/सम्पत्ती जहाँ जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका शर्तहरु पालना गर्ने गराउने गरी यो सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्यः**

१. जग्गाधनी भोला खाँ थारूको नाममा दर्ता कायम रहको ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. ५ट हाल महालक्ष्मी नगरपालिका वडा नं. १० स्थित कि.नं. १४२ को क्षे.फ. २-११-०-० जग्गाको जम्मा एकमुष्ठ न्युनतम मूल्य रू.१६,१२,५००/- (सोह्र लाख बाह्र हजार पाँच सय रूपैयाँ मात्र)।

**(ख) शर्तहरुः**

१. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र कार्यालय समयमा रु. १,०००।- बुझाई बोलपत्र फाराम खरीद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले ११औं दिन अपरान्ह १.०० बजेसम्म बोलपत्र पेश गर्नु पर्नेछ। यसरी पेश भएका बोलपत्रहरु सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएपनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र फारममा बोलपत्रदाताले आफ्नो ईमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ। बोलपत्र फारम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ।
४. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको १०(दश) प्रतिशत रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं.३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
५. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रमा मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रमा सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
७. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेश भएका बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन।
८. न्यायाधिकरणले वोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त वोलपत्र उपर निर्णय गर्नु पर्नेछ। उक्त समयभित्र बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन वोलपत्रदाता स्वयं लिखितपत्र सहित न्यायाधिकरणमा उपस्थित हुनु पर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रुपमा बोलपत्रदातालाई दिनु पर्नेछ।
९. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्वन्धित व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो जग्गा/सम्पत्तीको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिई सक्नु पर्नेछ, अन्यथा धरौटी वापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ। यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजश्व खातामा सदरस्याहा गर्नु पर्नेछ।
१०. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ।
११. जग्गा/सम्पत्ती नामसारी गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ।
१२. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भै सकेपछि बादी बैंक वा वित्तीय संस्था र ऋणीहरू बीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारवाही स्थगित गरी पाउँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा लिलाम कारवाही स्थगित गर्न सकिनेछ।
१३. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्वन्धित बोलपत्रदाताले धरौटी वापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१४. लिलाम बिक्री हुने जग्गा/सम्पत्तीको विस्तृत जानकारीको लागि सम्बन्धित **नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड** र बोलपत्र सम्वन्धी अन्य थप जानकारीको लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ।
१५. यो सूचना यस न्यायाधिकरणको Website www.drtribunal.gov.np मा हेर्न सकिनेछ।

## Nepal Oil Corporation Limited

**Engineering Projects and IT Department**
**Teku, Kathmandu, Nepal**

### Notice of Letter of Intent (LoI)

**Date of Publication: 2079/07/20 (6th November, 2022)**

This is to inform all the concerned bidders that the notice for the Intention to award the following contract under Invitation for Bid contract identification no. **NCB/Works/NOC/Pokhara-04/2077-78** published in the Gorkhapatra on **2077/12/02** to the following substantially responsive lowest evaluated bidder in accordance with Clause No. 27 of the Public Procurement Act, 2063 has been published.

| Contract No. | Descriptions | Name and address of the successful bidder | Accepted Bid amount NRs. (Excluding VAT) |
|---|---|---|---|
| NCB/Works/NOC/Pokhara-04/2077-78 | Construction of Pokhara Aviation Fuel Station (AFS) at Pokhara Regional International Airport, Pokhara, Gandaki Pradesh, Nepal | Religare-Samanantar-BNH JV, Kathmandu | 67,29,81,520.00 |

## नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED

नेपालको पहिलो बैंक
स्थापित वि.सं. १९९४

**प्र.का. सामान्य सेवा विभाग**

### निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**(प्रकाशित मिति : २०७९।०७।२०)**

यस बैंकको तपसिल बमोजिमका शाखाहरूमा कायम रहेका निक्षेप खातावालाहरूको मृत्यु भएको भनी विभिन्न मितिमा हकदाबी निवेदन पर्न आएको हुँदा तल उल्लेखित हकदार बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आ–आफ्नो सबुत प्रमाण सहित सम्बन्धित शाखाहरूमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**तपसिल**

| सि. नं. | बैंक शाखा/खाता नं. | खातावाला मृतकको नाम र तीन पुस्ते विवरण | ठेगाना | हकदाबी गर्ने व्यक्ति/नाता |
|---|---|---|---|---|
| १. | **काठमाडौं बैंकिङ अफिस** (००२)<br>००२०१३००५३५६६६००००१ | **मृतक – श्याम कुमार श्रेष्ठ**<br>बाबु – भत्त मान श्रेष्ठ<br>बाजे – रघु नाथ श्रेष्ठ | गण्डकी प्रदेश तनहुँ जिल्ला, बन्दीपुर ०३ | टिका माया श्रेष्ठ (श्रीमती) |
| २. | **गाइघाट शाखा** (१७२)<br>१७२०१०००९५३९१९००००१ | **मृतक – तुलसा कुमारी श्रेष्ठ (दुलाल)**<br>बाबु – मकर बहादुर दुलाल<br>श्रीमान् – दिलिप कुमार श्रेष्ठ | प्रदेश नं. १, जिल्ला उदयपुर, त्रियुगा नगरपालिका वडा नं. १२ | दिलिप कुमार श्रेष्ठ (श्रीमान्) |
| ३. | **धादिङबेसी शाखा** (२५८)<br>२५८०१००७२९७९२८००००१ | **मृतक – तेज बहादुर खकुराल**<br>बाबु – पूर्ण बहादुर खकुराल<br>बाजे – इन्द्र बहादुर खकुराल | बागमती प्रदेश धादिङ जिल्ला, त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ०१ | गीता देवी खकुराल (श्रीमती) |
| ४. | **सिटी अफिस जनकपुर** (००८)<br>००८०१०००४६१७६००००००१ | **मृतक – राम परी देवी साह**<br>बाबु – शिबनन्द साह<br>बाजे – लालचन साह | मधेश प्रदेश महोत्तरी जिल्ला महोत्तरी गाउँपालिका वडा नं. ०३ | रामचन्द्र साह (श्रीमान्) |

# समाचार सङ्क्षेप

## देउसीभैलो खेलेर स्वास्थ्य बीमा

**ओखलढुङ्गा** (गोरखापत्र), कात्तिक १९ गते । तिहारमा देउसीभैलो खेलेर सङ्कलन भएको रकमबाट सुनकोसी गाउँपालिका–१, बलखु आम्बोटका एक सय जनाको स्वास्थ्य बीमा गरिने भएको छ।

तिहारको अवसरमा प्रतिभावान प्रगतिशील युवा क्लबले खेलेको देउसीभैलोबाट सङ्कलन भएको रकमबाट स्थानीय नागरिकहरूको स्वास्थ्य बीमा गर्ने योजना बनाइएको क्लबका अध्यक्ष दुर्गाहरि जेरो राईले बताउनुभयो। "हाम्रो स्वास्थ्य सेवा एकदमै खर्चिलो र जटिल छ। रोग लागेपछि हामी ऋणको चङ्गुलमा फस्न सक्छौँ। यस्तो अवस्थामा सम्भावित स्वास्थ्य सङ्कट एवं उपचार खर्चबाट बच्नका लागि स्वास्थ्य बीमा निकै उपयोगी हुनेभएकाले यस वर्ष आम्बोटका एक सय जनाको स्वास्थ्य बीमा गर्न आर्थिक सहयोग गरिनेछ," अध्यक्ष जेरोले बताउनुभयो।

प्रत्येकलाई बीमा गर्न लाग्ने कुल खर्चको आधा रकम क्लबमार्फत सहयोग गरिनेछ। देउसीभैलो खेलेर क्लबले यस वर्ष ७७ हजार ४०३ रुपियाँ सङ्कलन गरेको क्लबका महासचिव मदनकुमार जेरो राईले जानकारी दिनुभयो। गत वर्षको देउसीभैलोबाट उठेको रकमले 'साउन्ड सिस्टम' खरिद गर्नुका साथै भीरबाट लडेर गम्भीर घाइते भएका सुनकोसी गाउँपालिका–१, साँधीका प्रतिमान राईलाई नगद छ हजार स्वास्थ्य उपचारका लागि क्लबमार्फत सहयोग गरिएको महासचिव राईको भनाइ छ।

## श्रीमतीको हत्या आरोपमा श्रीमान् पक्राउ

**ओखलढुङ्गा** (गोरखापत्र), कात्तिक १९ गते । श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले श्रीमान्लाई पक्राउ गरेको छ।

नेचासल्यान सोलुखुम्बु स्थायी घर भई विगत तीन वर्षदेखि सिद्धिचरण नगरपालिका–११, सोब्रु बस्दै आउनुभएका ६१ वर्षीय रामबहादुरलाई श्रीमती हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ।

शुक्रबार राति सामान्य घरायसी विवादका क्रममा राईले ३३ वर्षीय श्रीमती कल्पना खड्का राईलाई दाउराको चिर्पटले टाउकोमा प्रहार गर्दा घटनास्थलमै कल्पनाको ज्यान गएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

अभियुक्त राईलाई श्रीमती हत्या आरोपमा शनिबार बिहान पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक सुकदेव खनालले बताउनुभयो। घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रनाउ खनालको भनाइ छ।

# गाउँमा छैन चुनावी रौनक



तस्बिर : कविराज घिमिरे

**धनकुटा नगरपालिका वडा नम्बर ७ टोड्के गाउँ ।**

**कविराज घिमिरे**
*हिले, कात्तिक १९ गते*

धनकुटा नगरपालिका वडा नम्बर ७ टोड्के गाउँका टेकबहादुर विकलाई मङ्सिर ४ गते हुने निर्वाचनले छोएको छैन। अघिल्ला निर्वाचनमा उत्साहको साथ निर्वाचनमा लाग्नुभएका उहाँलाई यो निर्वाचन र उम्मेदवारप्रति कुनै आशा नै छैन। विकलाईमात्र हैन, टोड्के गाउँका अन्य मतदातालाई पनि उस्तै छ।

धनकुटा नगरपालिका वडा नम्बर ७ मा पर्ने यो गाउँ धनकुटा बजारसँगको सबैभन्दा नजिकको गाउँ हो। अघिल्ला निर्वाचनहरूमा निर्वाचन नजिकिँदै गर्दा यो गाउँ पनि चुनावी माहोलले तातिन्थ्यो। उम्मेदवारहरूसँगै उनीहरू पनि भोट माग्न हिँड्थे तर यो वर्ष यहाँका मतदातालाई निर्वाचनको वास्तै छैन।

टोड्केका मतदातालाई निर्वाचन र उम्मेदवारप्रति वितृष्णा हुनुको कारण एउटै छ, नेताले चुनावको बेला विभिन्न वाचा गर्ने तर जितेर गएपछि बेवास्ता गर्ने इतिहास। चुनाव जितेर गएपछि जनता सामु गरेका वाचा भुल्ने गरेको विकको गुनासो छ।

यो गाउँमा करिब तीन दर्जन घरपरिवार छन्। त्यसमध्ये अधिकांश दलित परिवारको बसोबास छ। धुले भए पनि गाउँसम्म सडक त पुगेको छ। बिजुली र पानी दुःख सुख पुगेकै छ तर गाउँमा रोजगार, स्वास्थ्य, शिक्षाको अवस्था नाजुक छ। बेरोजगारीकै कारण गाउँका युवा कि गाउँ बाहिर छन् कि देश बाहिर। जीविकोपार्जनसँग जोडिएका काम गरी गाउँमै रोजगारी सिर्जना तथा भएको सडकको स्तरोन्नती गर्न, स्वास्थ्य, शिक्षाको सहज पहुँच गराउन स्थानीयको माग छ। "स्थानीय स्तरमै रोजगारीको अवसर हुनुपर्‍यो, स्वास्थ्य, शिक्षाको पहुँच हुनुपर्‍यो।" स्थानीय कुमार विक भन्नुहुन्छ। त्यस्तै पूरा गर्नसक्ने वाचाहरू मात्र गर्न र दुःख, सुखमा साथ दिन स्थानीय चन्द्रकला विकको सुझाव छ।

यो समस्या टोड्के गाउँको मात्र हैन, यो धनकुटाका अधिकांश ग्रामीण क्षेत्रको हो। राजनीतिक खिचातानी, धेरै आश्वासन देखाउने काम केही नगर्ने, भएको सामान्य काममा समेत जस लिने होडले राजनीतिक दल र तिनका नेताप्रतिको वितृष्णा बढ्दो स्थानीयको बोलीमा सुन्न सकिन्छ। जसको असर अरु बेला कम देखिए पनि चुनावमा प्रत्यक्ष रूपमा देखिन थालेको छ। आउँदो निर्वाचनका लागि उम्मेदवारहरूले प्रचारप्रसारलाई तीव्र बनाएका छन्। टोलटोलमा पुगेर भेला तथा घरदैलो गर्दै चुनावी भोट मागिरहेका छन्। तर गाउँ बस्तीमा भने चुनावको खासै रौनक देखिँदैन।

# मत बदर कम हुने आकलन

**इलाम समाचारदाता**
*इलाम, कात्तिक १९ गते*

मङ्सिर ४ गते हुने निर्वाचनका लागि दक्ष मतदाता तयारी गर्न जिल्ला निर्वाचन कार्यालय इलामले नमुना मतदान सम्पन्न गरेको छ।

दसवटा स्थानीय तह रहेको जिल्लामा सबै तहका एक–एक स्थानमा नमुना मतदान शनिबारसम्ममा सम्पन्न गरेको कार्यालयले जनाएको छ। निर्वाचनमा मतदान गर्ने सबै उमेर समूहका नागरिकलाई नमुना मतदानमा सहभागी गराइएको जिल्ला निर्वाचन अधिकारी देवीचरण फुयालले बताउनुभयो। "यस पटक नमुना मतदानमा अपेक्षा गरेभन्दा राम्रो ढङ्गले मत खसेको पाइयो," फुयालले भन्नुभयो, "दसवटै पालिकामा सञ्चालन गरिएको नमुना मतदानमा न्युनमात्र मत बदर भएको पाइयो। यसले गर्दा अबको निर्वाचनमा बदर मतको सङ्ख्या कम हुने अनुमान छ।"

गत स्थानीय तह निर्वाचनमा जिल्लामा ७० प्रतिशत मत खसेको थियो। यसमा दस प्रतिशत मत बदर भएको थियो। अबको निर्वाचनमा पनि ७० प्रतिशत मत खस्ने अनुमान गरिएको जिल्ला निर्वाचन अधिकारी फुयाल बताउनुहुन्छ। "यहाँको धेरै जनसङ्ख्या बाहिर छ। विदेशमा रहेको जनसङ्ख्या निर्वाचनका लागि जिल्ला फर्कन त्यति सम्भव हुँदैन। त्यस कारण अब पनि करिब ७० प्रतिशत आसपासमै मत खस्छ भन्ने अनुमान गरेका छौँ।" फुयालले भन्नुभयो, "तर बदर मतको प्रतिशत चाहिँ पहिलाको भन्दा कम नै हुनेछ।" यस पटक नागरिकका घर–घरसम्म मतदाता शिक्षा सञ्चालन गरिएकाले पनि मतदाताले सहज रूपमा मतदान गर्न सक्छन् भन्ने विश्वास रहेको फुयालको भनाइ छ। आउँदो निर्वाचनका लागि जिल्लामा कुल दुई लाख २४ हजार ८७७ मतदाता रहेका छन्।

ओखलढुङ्गा समाचारदाताका अनुसार ओखलढुङ्गा सदरमुकाममा पनि नमुना मतदान गरिएको छ। जिल्ला निर्वाचन कार्यालयको आयोजनामा नमुना मतदान गरिएको हो। मतदानको प्रक्रिया सिकाउन र बदर मत सङ्ख्या घटाउन नमुना मतदान अभ्यास गरिएको जिल्ला निर्वाचन अधिकारी प्रेम न्यौपानेले बताउनुभयो। सिद्धिचरण नगरपालिका भवनमा आयोजना गरिएको नमुना मतदानमा जिल्लाका सरकारी कार्यालयका कर्मचारी साथै स्थानीय नागरिक सहभागी भए।

# भयरहित निर्वाचनको सुरक्षा योजना



तस्बिर : नवराज कट्टेल

**सुरक्षा गोष्ठीमा सहभागी ।**

गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले निर्वाचन विशेष सुरक्षा योजनाका आधारमा बनाइएको जिल्ला सुरक्षा योजनालाई कार्यान्वयन गर्न र सीमा क्षेत्रमा हुने चोरी तस्करी नियन्त्रण गर्न निर्देशन

**रङ्गेली समाचारदाता**
*विराटनगर, कात्तिक १९ गते*

सुरक्षाको दृष्टिकोणले प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनलाई सुरक्षित, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन निर्वाचन विशेष सुरक्षा गोष्ठी भएको छ। प्रदेश १ को राजधानी विराटनगरमा शनिबार गृह मन्त्रालय र प्रदेश १ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयको संयुक्त आयोजना सुरक्षा गोष्ठी भएको हो।

गोष्ठीमा प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले शान्ति सुरक्षाको उचित प्रवन्ध मिलाउन प्रदेशस्थित सुरक्षा संयन्त्रलाई निर्देशन दिनुभयो। कुनै किसिमको सम्झौता नगर्न र द्वन्द्व तथा विवाद हुने अवस्था आउन नदिन सुरक्षा निकायले विशेष ध्यान दिनुपर्ने मन्त्री कार्कीको भनाइ थियो।

गृह सचिव विनोदप्रकाश सिंहको अध्यक्षतामा भएको उद्घाटन समारोहमा गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले निर्वाचन विशेष सुरक्षा योजनाका आधारमा बनाइएको जिल्ला सुरक्षा योजनालाई कार्यान्वयन गर्न र सीमा क्षेत्रमा हुने चोरी तस्करी नियन्त्रण गर्न निर्देशन दिनुभएको थियो। कार्ययोजनाअनुसार निर्वाचन सुरक्षा तयारी गरिएको बताउँदै सुरक्षा गोष्ठीले अन्तर जिल्ला तयारीको अनुभव आदानप्रदान हुने बताउनुभयो।

गोष्ठीमा गृहसचिव सिंहसहित, प्रदेश १ का निमित्त प्रमुख सचिव किशोरकुमार चौधरी, नेपाली सेनाकाका बलाधिकृत विभागका रथी सरोजप्रताप राणा, नेपाल प्रहरीका महानिरीक्षक धिरजप्रताप सिंह, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतुराज थापा, नेपाली सेना, पूर्वीपृतनापति उपरथी सहदेव खड्का, प्रदेश प्रहरी प्रमुख सुदीप गिरी, १४ जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको उपस्थिति थियो।

# पहिलेका सहकर्मी अहिले प्रतिस्पर्धी

**राधा लुइँटेल**
*फिदिम, कात्तिक १९ गते*

प्रदेश सभा सदस्यका लागि दुईवटा निर्वाचन क्षेत्र रहेको पाँचथरको प्रदेश सभा (क)को चुनावी माहोल रोचक बन्दै गएको छ। यहाँका मुख्य प्रतिस्पर्धी हिजो एउटै पार्टीमा रहेका नेताहरू हुनुहुन्छ। यहाँबाट प्रदेश सभा सदस्य पदका लागि नेपाल कम्युनिष्ट पार्टी एमालेका तर्फबाट जिल्ला अध्यक्ष राजकुमार भण्डारी र सत्ता गठबन्धनका तर्फबाट नेकपा एसका जिल्ला अध्यक्ष कमलप्रसाद जबेगु उम्मेद्वार बन्नुभएको छ।

लामो समयसम्म नेकपा एमालेमा रही पार्टीभित्र आन्तरिक प्रतिस्पर्धासँगै सङ्गठन निर्माण गर्नुभएका भण्डारी र जबेगु आमनेसामने भएपछि यहाँको चुनावी माहोल थप रोचक बनेको हो।

२०७१ सालमा सम्पन्न एमाले पाँचथरको सातौँ अधिवेशनमा जबेगु र भण्डारीबीच अध्यक्ष पदमा प्रतिस्पर्धा भएको थियो। त्यो बेला भण्डारीले जबेगुलाई सात मतले हराएर एमालेको जिल्ला अध्यक्ष बन्नुभएको थियो।

यस पटक जबेगु र भण्डारी फरक–फरक दलबाट एउटै पदका लागि चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। जिल्लामा सत्ता गठबन्धनका साझा उम्मेदवार बन्नुभएका जबेगुलाई नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी एकीकृत माओवादीको साथ छ। गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा पनि सत्ता गठबन्धन र एमाले नै मुख्य प्रतिस्पर्धी थिए। उक्त निर्वाचनमा यस निर्वाचन क्षेत्रमा पर्ने चारमध्ये फालेलुङ, हिलिहाङ र फिदिम गरी तीनवटा स्थानीय तहमा कांग्रेस र याङवरक गाउँपालिकामा एमालेका उम्मेदवार विजयी भएका थिए। गठबन्धनको बलियो साथसँगै एमालेमा आएको फुटका कारण आफ्नो जित निश्चित हुने जबेगु दाबी गर्नुहुन्छ।

एकीकृत समाजवादीको कमजोर साङ्गठनिक संरचना र कांग्रेसभित्रको असन्तुष्टिसँगै कांग्रेसबाटै गठबन्धनविरुद्ध स्वतन्त्र उम्मेदवारी परेकाले आफ्नो जित सुनिश्चित रहेको एमालेका उम्मेदवार भण्डारीको तर्क छ।

यहाँ गठबन्धनकै दल कांग्रेसका नेता तथा फालेलुङ गाउँ पालिकाका पूर्वअध्यक्ष सञ्चकुमार केरुङ स्वतन्त्र उम्मेदवार बनेर चुनावी प्रचारमा होमिनुभएको छ।

स्थानीय चुनावपछि नेकपा एसका केही नेता कार्यकर्ता एमालेमा फर्कनुका साथै गठबन्धनका बागी उम्मेदवारको प्रभावले मतान्तर साँघुरिने भएकाले प्रतिस्पर्धा झनै रोचक भएको हो।

यस क्षेत्रमा एमाले, नेकपा एस, लिम्वुवान, जनमुक्ति, मङ्गोल नेसनल अर्गनाइजेसन र स्वतन्त्र गरी नौ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

# निर्वाचनमा सञ्चारको भूमिका प्रभावकारी

**फिदिम समाचारदाता**
*फिदिम, कात्तिक १९ गते*

पाँचथरको फिदिममा निर्वाचनमा सञ्चारमाध्यमको भूमिका विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। आसन्न प्रदेश र प्रतिनिधि सभा सदस्य निर्वाचनमा सञ्चारमाध्यम र सञ्चारकर्मीको सन्तुलित र प्रभावकारी भूमिकाको अपेक्षासहित निर्वाचन आयोगले शनिबार यो कार्यक्रम आयोजना गरेको हो। अभिमुखीकरणमा पत्रकार र सञ्चारमाध्यमले पालना गर्ने आचारसंहिता, निर्वाचन अनुगमन, र निष्पक्ष निर्वाचनका लागि नागरिक समाजको भूमिका विषयमा छलफल भयो।

कार्यक्रममा आयोगका तर्फबाट सहजीकरण गर्दै पाँचथरका निर्वाचन अधिकारी कुमार भट्टराईले मतदानको समयसँगै सोभन्दा अगाडि र पछाडि राजनीतिक दल, तिनका उम्मेदवार र सरोकारवालाले पालना गर्नुपर्ने आचारसंहिता साथै मतदाता सङ्ख्या र मतदान स्थलको बारेमा जानकारी गराउनुभएको थियो।

निर्वाचनका बेला पत्रकारले दलगत आस्थाका आधारमा समाचार लेख्दा आम नागरिकमा भ्रम सिर्जना हुनेभएकाले तटस्थता जरुरी रहेको छलफलको निष्कर्ष छ। कार्यक्रममा जिल्लामा क्रियाशील २५ पत्रकार सहभागी रहनुभएको थियो।

यसैगरी **इनरुवा समाचारदाता**का अनुसार सुनसरी सदरमुकाम इनरुवामा जिल्ला निर्वाचन कार्यालयले शनिबार निर्वाचनमा सञ्चारमाध्यमको भूमिका विषयक मिडिया अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। जिल्ला निर्वाचन अधिकारी कृष्णप्रसाद पौडेलका अनुसार मिडिया अभिमुखीकरणमा निर्वाचन स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सञ्चारमाध्यम तथा पत्रकारहरूको महत्त्वपूर्ण भूमिका रहेको बारेमा छलफल भएको थियो।

उक्त कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य अमर खड्काले निर्वाचनमा सञ्चारमाध्यम तथा पत्रकारहरूले कुनै पनि व्यक्ति वा दलको पक्ष विपक्ष नलिई निष्पक्ष तरिकाले समाचार सम्प्रेषण गनुपर्ने बताउनुभयो।

उक्त कार्यक्रमका मुख्य निर्वाचन अधिकृत अर्जुन अधिकारीले निर्वाचनमा सबै पक्षको निगरानी गर्ने र जनतासम्म समेत पहुँच भएका पत्रकारहरूले आफूले पनि आचारसंहिता पालना गर्न गराउन भूमिका खेल्नुपर्ने बताउनुभयो। सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझीले निर्वाचनमा मिडियाले मतदाता शिक्षा र नागरिक सचेतनामा महत्त्वपूर्ण भूमिका खेल्दै सत्य, तथ्य र यर्थाथपरक सूचनाहरू सम्प्रेषण गर्नुपर्ने बताउनुभयो।


## त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९।०७।२०**

यस त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौंको देहाय बमोजिमको बोलपत्र दाताको बोलपत्र सारभूत रूपमा प्रभावग्राही तथा न्यूनतम मूल्याङ्कित पाइएकोले विद्युतीय बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | बोलपत्रको विवरण | जम्मा कबोल रकम (भ्याट सहित) | गोरखापत्रमा प्रकाशित मिति | बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | Installation of Generator & Construction of Generator House (NCB/Goods/TUTHSW/07/079/080) | रु. १,२५,०८,३५०।६५ | २०७९/०४/२२ | आर.एम.एस.इन्टरनेसनल, कोटेश्वर, काठमाडौं। |



## ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौंको

### जग्गा लिलाम बिक्री सम्वन्धी १० दिने सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९।०७।२०**

**वादी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड र प्रतिवादी देवनारायण चौधरी** समेत भएको संवत २०६३ सालको मुद्दा नं. ३६६/०७४/१४४ को ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०७९।०७।१८ को आदेश अनुसार वादी बैंकको नाउँमा कर्जा सुरक्षण बापत धितोमा रहेको तपसिलमा उल्लेखित जग्गा/सम्पत्ती जहाँ जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका शर्तहरु पालना गर्ने गराउने गरी यो सिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

**(क) लिलाम बिक्री हुने सम्पत्तिः**

१. जग्गाधनी देवनारायण चौधरीको नाममा दर्ता कायम रहको ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. ५ट हाल महालक्ष्मी नगरपालिका वडा नं. १० स्थित कि.नं. १४१ को क्षे.फ. २-११-०-० जग्गाको जम्मा एकमुष्ठ न्युनतम मूल्य रू. २२,५७,५००/- (बाईस लाख सन्ताउन्न हजार पाँच सय रूपैयाँ मात्र)।

**(ख) शर्तहरुः**

१. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र कार्यालय समयमा रु. १,०००।- बुझाई बोलपत्र फाराम खरीद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले ११औं दिन अपरान्ह १.०० बजेसम्म बोलपत्र पेश गर्नु पर्नेछ। यसरी पेश भएका बोलपत्रहरु सोही दिन १.३० बजे यसै न्यायाधिकरणमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएपनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र फारममा बोलपत्रदाताले आफ्नो ईमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ। बोलपत्र फारम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनु पर्नेछ।
४. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको १०(दश) प्रतिशत रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौंको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं.३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
५. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रमा मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ। यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रमा सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।
७. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेश भएका बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन।
८. न्यायाधिकरणले वोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त वोलपत्र उपर निर्णय गर्नु पर्नेछ। उक्त समयभित्र बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएको बारे जानकारी लिन वोलपत्रदाता स्वयं लिखितपत्र सहित न्यायाधिकरणमा उपस्थित हुनु पर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रुपमा बोलपत्रदातालाई दिनु पर्नेछ।
९. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्वन्धित व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कवुल गरेको अंकको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो जग्गा/सम्पत्तीको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिई सक्नु पर्नेछ, अन्यथा धरौटी वापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ। यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजश्व खातामा सदरस्याहा गर्नु पर्नेछ।
१०. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ।
११. जग्गा/सम्पत्ती नामसारी गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ।
१२. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भै सकेपछि बादी बैंक वा वित्तीय संस्था र ऋणीहरू बीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारवाही स्थगित गरी पाउँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा लिलाम कारवाही स्थगित गर्न सकिनेछ।
१३. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्वन्धित बोलपत्रदाताले धरौटी वापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ।
१४. लिलाम बिक्री हुने जग्गा/सम्पत्तीको विस्तृत जानकारीको लागि सम्बन्धित **नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड** र बोलपत्र सम्वन्धी अन्य थप जानकारीको लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ।
१५. यो सूचना यस न्यायाधिकरणको Website www.drtribunal.gov.np मा हेर्न सकिनेछ।

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | ९३,१०० ▼ |
| तेजावी सुन | : | ९२,६०० ▼ |
| चाँदी | : | १२२५ ▲ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | १९२२.१६ ▼ |
| कारोबार रकम | : | ८९८,१०७,८३० ▼ |
| कारोबार भएका सेयर | : | २,७६७,५३९ |
| कारोबार सङ्ख्या | : | १८,१४० |
| कारोबार भएका कम्पनी | : | २२० |

जलवायु परिवर्तनको अर्थतन्त्रमा असर

# सात प्रतिशतको क्षति प्रक्षेपण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*


विश्वव्यापी जलवायु परिवर्तनमा अत्यन्त न्यून मात्र भूमिका रहेको नेपालले अर्थतन्त्रमा भने नराम्रो क्षति बेहोर्नुपर्ने देखिएको छ। जलवायु परिवर्तनबाट सिर्जित जोखिमको न्यूनीकरण हुन नसके मुलुकको अर्थतन्त्र त्यसको चपेटामा पर्ने प्रक्षेपण गरिएको छ।

विश्व बैङ्कले केही समयअघि सार्वजनिक गरेको नेपालको जलवायु तथा विकाससँग सम्बन्धित प्रतिवेदनले सन् २०५० सम्म मुलुकले अर्थतन्त्रमा ७ प्रतिशतसम्म क्षति बेहोर्ने उल्लेख गरेको हो। यद्यपि यो प्रक्षेपण अत्यन्त निराशाजनक अवस्थामा हो।

प्रतिवेदनअन्तर्गत जलवायु परिवर्तन र त्यसको प्रभावसम्बन्धी शीर्षकमा अर्थतन्त्रले बेहोर्ने क्षतिलाई तीन फरक तरिकाले विश्लेषण गरिएको छ, जसअनुसार आशावादी परिदृश्यमा आधाररेखाभन्दा अर्थतन्त्रले ३ प्रतिशतले क्षति बेहोर्ने अनुमान गरिएको छ।

प्रतिवेदनले सन् २०२१ पछि जलवायु परिवर्तनको थप प्रभाव नहुने परिस्थितिलाई आकलन गरेर त्यसैलाई आधाररेखा मानेको छ। सन् २०३० को दशकसम्म आशावादी र निराशावादी परिदृश्यमा अर्थतन्त्रको क्षतिमा कुनै भिन्नता नभए पनि त्यसपछि भने क्षतिको क्रमिक बढोत्तरी हुने उल्लेख छ। सन् २०५० सम्म जलवायु परिवर्तनको अत्यन्त जोखिमपूर्ण अवस्था पूरा हुने भए पनि त्यसपछि तापक्रममा निरन्तर वृद्धि हुने भएकाले यस्तो क्षति शताब्दीको दोस्रो चरणमा थप बढ्ने प्रक्षेपण गरिएको छ।

केन्द्रीय तथ्याङ्क कार्यालयका अनुसार गत आर्थिक वर्षमा उपभोक्ता मूल्यमा नेपालको अर्थतन्त्रको आकार करिब साढे ४८ खर्ब पुग्ने प्रक्षेपण थियो। विश्व बैङ्कको प्रतिवेदन सन् २०३० को दशकमा औसतमा उच्च ६ प्रतिशत, सन् २०४० को दशकमा ४.८ र सन् २०५० को दशकमा ३.९ प्रतिशत आर्थिक वृद्धि नेपालले हासिल गर्नेछ। आधाररेखाको आधारमा गरिएको यही वृद्धिदरको प्रक्षेपणअनुसार नै अर्थतन्त्रको क्षतिको मूल्याङ्कन गरिएको छ।



सन् २०५० सम्म जलवायु परिवर्तनको अत्यन्त जोखिमपूर्ण अवस्था पूरा हुने भए पनि त्यसपछि तापक्रममा निरन्तर वृद्धि हुने भएकाले यस्तो क्षति शताब्दीको दोस्रो चरणमा थप बढ्ने प्रक्षेपण

प्रतिवेदनअनुसार पछिल्लो समय प्रतिव्यक्तिमा आएमा भएका निरन्तर वृद्धि सन् २०५० सम्म कायम हुने र त्यतिबेलासम्म तीन गुणा अर्थात् तीन हजार ८४१ डलर पुग्ने प्रक्षेपण छ। आधाररेखाको प्रक्षेपणले निर्यातमुखी आर्थिक नीतिलाई जोड नदिएकाले सन् २०५० सम्म नेपालको व्यापार घाटा झन् फराकिलो बन्ने उल्लेख छ। सन् २०५० मा अर्थतन्त्रमा निजी क्षेत्रको लगानी २६ प्रतिशतबाट बढेर ३२ प्रतिशत पुग्ने तर सार्वजनिक लगानीको वृद्धिदर भने निकै सुस्त मात्र हुने प्रक्षेपण छ। जसअनुसार सन् २०५० सम्म सार्वजनिक लगानी हालको ८.८ प्रतिशतबाट बढेर सन् २०५० मा ९.६ प्रतिशत मात्र पुग्ने अनुमान छ।

प्रतिवेदनले जलवायु परिवर्तनका कारण नेपालमा असमानता बढ्दै गएको पनि उल्लेख गरेको छ। यसले खासगरी गरिब, बाढी, हिमपहिरो, तापमानजस्ता कारणले बसाइँसराइ गरेका व्यक्तिको विकासमा नकारात्मक असर परिरहेको जनाइएको छ। यसबाहेक महिला, जनजाति र सीमान्तकृत वर्ग पनि प्रभावित बनेको प्रतिवेदनको निष्कर्ष छ। क्षेत्रगत रूपमा स्वास्थ्य र उत्पादकत्वमा यसको असर कायम छ भने पानीका कारण सिर्जित हुने रोगमा बढोत्तरी भएको छ।

प्रतिवेदनले विद्यमान सामाजिक सुरक्षा प्रणालीमा परिवर्तनको खाँचो पनि देखेको छ। अहिलेका सामाजिक सुरक्षा कार्यक्रम सीमित क्षेत्रमा मात्र भएको र विपत् थेग्न सक्ने किसिमको नभएकाले त्यसअनुकूलको बनाउनुपर्ने सुझाव समेटिएको छ। त्यस्तै जोखिम वहन गर्ने सक्ने सडक यातायात पूर्वाधार र प्रणालीलाई प्रतिवेदनले नेपालको आर्थिक र सामाजिक विकासको बलियो आधार मानेको छ र नेपालले त्यसतर्फ लगानी बढाउनुपर्ने सुझाव उल्लेख छ।

विश्व बैङ्कले गत हप्ता मात्रै सार्वजनिक गरेको नेपाल डेभलपमेन्ट अपडेटले पनि नेपालको अर्थतन्त्र जलवायु परिवर्तनको जोखिममा परेको देखाएको थियो। खास गरी बढ्दो तापमान, अनियमित वर्षाजस्ता कारणले कृषि उत्पादकत्वमा असर गर्ने र अनियमित वर्षाका कारण निम्तिने बाढी–पहिरोजस्ता जोखिमले भौतिक क्षति बढ्दा अर्थतन्त्रमै गहिरो प्रभाव पर्ने उक्त प्रतिवेदनमा उल्लेख थियो।

**निराशाजनक अवस्थामा अर्थतन्त्रमा क्षति**

| दशक | क्षति (प्रतिशत) |
|---|---|
| सन् २०३० | २.३६ |
| सन् २०४० | ४.५५ |
| सन् २०५० | ६.९२ |

# आन्तरिक पर्यटककै भरमा पोखरा



**सन्तोष सुवेदी**
*कास्की, कात्तिक १९ गते*

आन्तरिक पर्यटकका कारण पोखराको पर्यटन क्षेत्र चलायमान भएको छ। दशैँ, तिहारलगायतका चाडपर्वका कारण स्वदेशी पर्यटक पोखरा घुम्न आएका हुन्। अहिले पोखरामा विदेशी पर्यटक भने फाट्टफुट्ट मात्रै देख्न सकिन्छ। आन्तरिक पर्यटकको भीडभाड छोटो समयका लागि मात्रै भएको र सिजनमा पनि विदेशी पर्यटक कम आएकामा भने व्यवसायी चिन्तित छन्।

होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले आन्तरिक पाहुनाका कारण मात्र पर्यटन क्षेत्रमा चलहपहल देखिएको बताउनुभयो। "अहिले २५ प्रतिशत मात्र अकुपेन्सी छ। यो बेला अकुपेन्सी ९० प्रतिशत हाराहारीमा हुनुपर्ने हो," अध्यक्ष सुवेदीले भन्नुभयो। बढेका आन्तरिक पर्यटकमा विदेशी विदेशी पर्यटक पनि थपिएको भए यो बेला पोखरामा राम्रो व्यवसाय हुने चर्चा गर्दै उहाँले आन्तरिक पाहुनामा मात्रै सन्तोष लिनुपर्ने अवस्थाले राम्रो सङ्केत नगरेको बताउनुभयो।

"साप्ताहिक बिदामा पनि आन्तरिक पाहुनाको आगमन केही बढ्छ। यो बेला त बढ्ने नै भयो तर विदेशी नआएपछि पर्यटन फस्टाउन सक्दैन," सुवेदीले भन्नुभयो। उहाँका अनुसार विदेशी पाहुना कम आउनुमा रुस र युक्रेनको द्वन्द्व मुख्य कारण हो। त्यसबाहेक कोरोना महामारीपछि चिनियाँ पाहुना पनि अझै आउन पाएका छैनन्। पोखरा चिनियाँ पाहुनाको मुख्य गन्तव्य पनि हो। "प्याराग्लाइडिङ गर्न धेरै चिनियाँ पोखरा आउँथे तर अहिले चिनियाँको आगमन हुन नसक्दा पनि पर्यटन क्षेत्रले नोक्सान खेपेको छ," उहाँले भन्नुभयो।

अध्यक्ष सुवेदीका अनुसार पछिल्लो समय पोखरा आन्तरिक पाहुनाको ट्रान्जिट सहर बनेको छ। आन्तरिक पाहुना पनि पदयात्रामा जान थालेका छ। मर्दी हिमाल, अन्नपूर्ण आधार शिविर क्षेत्रलगायतका पदमार्गमा अहिले पाहुना पुग्दा पोखराको बसाइ निकै नै कम हुने गरेको छ। अन्नपूर्ण पदमार्ग क्षेत्रका पर्यटन व्यवसायीका अनुसार अहिले पदमार्गमा आन्तरिक पाहुनाको भीडभाड छ। घान्द्रुक पर्यटन व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष किसम गुरुङका अनुसार अहिले घान्द्रुकमा दैनिक एक हजार पाहुना उक्लिने गरेका छन्। तीमध्ये ७० प्रतिशत हाराहारीमा स्वदेशी र अरू विदेशी पाहुना छन्। "अहिले घान्द्रुकका सबै होटलमा पाहुना छन्। व्यवसायीलाई काम पुगेको छ। हुन त अहिले सिजन विदेशीको हो तर पनि स्वदेशी पाहुना बढी छन्," उहाँले भन्नुभयो।

# नौ रैथाने बाली सूचीकृत



तस्बिर : नवीन सुवेदी

कर्णालीका रैथाने अर्गानिक उत्पादन।

**नवीन सुवेदी**
*सुर्खेत, कात्तिक १९ गते*

कर्णाली प्रदेशमा उत्पादन हुने नौ प्रजातिका बाली चिनो, कागुनो, उवा, लट्टे (मार्से), फापर, जुम्ली मार्सी, कोदो, जौ र स्थानीय सिमीलाई प्रदेश सरकारले रैथाने बालीका रूपमा सूचीकृत गरेको छ। प्रदेश सरकारले रैथाने बाली जोगाउन उत्पादन, बजारीकरण र प्रवर्द्धनका लागि 'मूल्यवान् कर्णाली किसानका सम्पदा' लेखिएको 'मूल्यवान्' लोगो कार्यक्रम लागू गरेको छ।

प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ मा परम्परात रूपमा खेती गरिँदै आएका रैथाने बाली उत्पादनका लागि छुट्टै लोगोको व्यवस्था गर्नुपर्ने उल्लेख छ। २०७८ जेठ २० गते बसेको प्रदेश सरकारको बैठकले लोगो प्रयोगमा ल्याउने, लोगो अङ्कित खाद्यवस्तु खरिद बिक्री गर्नेको विवरण सङ्कलन गर्ने निर्णय गरेको थियो। मूल्यवान् लोगो टाँस गरी प्याकेजिङ गर्दा प्याकेटमा तौल, उत्पादन मिति, उपयोग गर्न सकिने अधिकतम समय, किसिम, ग्रेड र उत्पत्ति स्थल स्पष्ट खुलेको हुनुपर्छ।

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग स्वामित्व रहेको लोगो प्रयोग गर्न इजाजत लिनुपर्ने, रैथाने बालीको विवरण प्रत्येक वर्ष मन्त्रालयमा उपलब्ध गराउनु पर्नेलगायतका सर्त राखिएको छ। कर्णालीका सन्दर्भमा रैथाने बालीहरू संस्कृतिसँग जोडिएकाले सम्पदाको उपमा दिएको बताइएको छ। अर्गानिक रैथाने बालीका उत्पादन बिक्री गर्नेले अनिवार्य रूपले 'मूल्यवान्' अङ्कित लोगो राख्नुपर्ने व्यवस्था गरिएको छ।

गत आर्थिक वर्षमा परम्परागत बाली संरक्षण तथा प्रवर्द्धनका लागि सङ्घीय सरकारको विशेष अनुदानबाट १५ लाख रुपियाँ बजेट उपलब्ध गराएको थियो। सङ्घीय सरकारले यस वर्षको बजेटमा पनि यसलाई निरन्तरता दिएको छ। प्रदेश सरकारले चालू आर्थिक वर्ष प्राङ्गारिक कृषि प्रवर्द्धन एवं रैथाने बाली विकास कार्यक्रमका लागि साढे चार करोड रुपियाँ विनियोजन गरेको छ। सङ्घीय र प्रदेश सरकारले संरक्षणका लागि विभिन्न क्रियाकलाप सञ्चालनमा जोड दिएका छन्।

## माग बढ्दो

कोदोको पिठो, फापर, जौको च्याख्ला, चिनो, कागुनो, जुम्ली सिमी, मार्सी चामललगायतका उत्पादनमा 'मूल्यवान्' लोगो अङ्कित बजारमा ल्याएपछि अझ माग बढेको छ। स्थानीय बजारका साथै सुर्खेत, नेपालगञ्ज, कोहलपुर, धनगढी, महेन्द्रनगर, बुटवल, पोखरा, हेटौँडा, काठमाडौँ, विराटनगर, धरान, झापालगायतका स्थानमा कर्णालीका प्राङ्गारिक एवं रैथाने बालीको बिक्री वितरण हुने गरेको छ। यसैगरी यी बाली भारत, बङ्गलादेश र जापानमा निर्यात हुनुका साथै बेलायत, अमेरिकालगायतका मुलुकमा कोसेलीका रूपमा पुग्ने गरेको बताइन्छ।

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बाली विकास महाशाखाका अनुसार डोल्पामा तीन, मुगुमा चार, हुम्लामा छ, जुम्लामा २४, दैलेखमा एक, सुर्खेतमा १४, रुकुमपश्चिममा आठ, जाजरकोटमा दुई, सल्यानमा तीन बिक्री केन्द्र एवं कोसेली घर छन्।

सुर्खेतको भेरीगङ्गा नगरपालिका–५ मा अर्गानिक माउन्टेन फ्लेवर/दी अर्गानिक भ्यालीमा 'मूल्यवान्' लोगो अङ्कित उत्पादन बिक्रीमा राखिएको छ। कर्णाली प्रदेशबाहिर विभिन्न सहरमा रैथाने बालीका उत्पादन बिक्री केन्द्र छन्।

## बाह्य जिल्लामा खपत बढी

कर्णालीमा उत्पादन हुने केही यस्ता खाद्यान्न बाली छन्, जसको खपत कर्णालीभन्दा बाहिर बढी हुने गर्छ। मन्त्रालयका प्रवक्ता धनबहादुर कठायतले भन्नुभयो, "बजारीकरण र उच्च मूल्यका हिसाबले किसानका लागि यो महत्त्वपूर्ण हो। मूल्य नपाएर किसान चिन्तित हुनुपर्ने अवस्था छैन, उत्पादन मात्रै गर्न सक्नुपर्‍यो, सङ्कलनकर्ता किसानकै घरमा पुग्छन्।"

उहाँका अनुसार बदलिँदो खानपान शैलीका कारण ग्रामीण भेगमा रैथाने बालीको उपभोग निकै कम र सहरी क्षेत्रमा बढी छ। कर्णालीमा आव २०७७/७८ मा छ हजार ४११ टन रैथाने सिमी उत्पादन भएकामा झन्डै ६० प्रतिशत कर्णालीबाहिर बिक्री भएको तथ्याङ्क छ।

## कहाँ कति हुन्छ उत्पादन ?

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार आव २०७६/७७ मा कर्णालीका १० जिल्लामा कोदो १९ हजार ६७४ मेट्रिक टन, फापर दुई हजार २०५ मेट्रिक टन र जौ १३ हजार ३६६ मेट्रिक टन उत्पादन भएको थियो।

कोदोको सबैभन्दा बढी उत्पादन सुर्खेत, दैलेख, फापर डोल्पा, हुम्ला र मुगुमा तथा जौ जुम्लामा उत्पादन भएको थियो।

सोही वर्षको तथ्याङ्कअनुसार चिनो एक ६८० मेट्रिक टन, कागुनो ९३६ मेट्रिक टन र लट्टे ४५ मेट्रिक टन भएको थियो। लट्टे जुम्लामा बढी उत्पादन हुने गरेको छ। चिनो, कागुनो हिमाली जिल्लामा उत्पादन बढी छ।

रैथाने सिमी ११ हजार १७४ मेट्रिक टन, मार्सी धान नौ हजार ७१४ र उवा एक हजार ८१८ मेट्रिक टन उत्पादन भएको छ। रैथाने सिमी र मार्सी धानको जुम्ला र कालीकोटमा उत्पादन राम्रो छ। उवाको डोल्पा, हुम्ला र मुगुमा उत्पादन राम्रो छ।

कर्णालीमा कोदो १८ हजार ४७३ हेक्टर, फापर दुई हजार २९, जौ नौ हजार २८९, चिनो एक हजार ७८८, कागुनो एक हजार ११७, लट्टे (मार्से) २४, स्थानीय सिमी छ हजार ६५२, जुम्ली मार्सी धान चार हजार ६१५ र उवा एक हजार ८१४ हेक्टरमा खेती हुने गरेको छ।



# बजार र जनशक्तिको अभाव झेल्दै हस्तकला उद्योग

**लक्ष्मी सापकोटा**
*काठमाडौँ, कात्तिक १९ गते*



तस्बिर : लक्ष्मी सापकोटा

**काठमाडौँको वसन्तपुरमा आयोजित महिला उद्यमी मेलामा रोचक ह्यान्डनिट क्राफ्ट, सोह्रखुट्टेकी सञ्चालक रुक्मणीदेवी श्रेष्ठ ।**

तीन दशकअघि पाँच सय रुपियाँबाट हस्तकलाको व्यवसायमा प्रवेश गर्नुभएकी रुक्मणीदेवी श्रेष्ठ हाल तीन करोड रुपियाँको व्यवसाय सञ्चालन गर्नुहुन्छ।

सिन्धुपाल्चोकमा जन्मिनुभएकी रुक्मणीदेवीमा सानैदेखि केही गर्नुपर्छ भन्ने सोच थियो। त्यतिबेला काठमाडौँ आएर बुन्ने काटी र एक किलो ऊनी धागो किनेर उहाँले टोपी, मोजा बुन्न थाल्नुभयो। बिहे भएर काठमाडौँ आएपछि आफ्नो कामलाई व्यावसायिक रूपमा अगाडि बढ्नुपर्छ भनेर २० वर्षअघि काठमाडौँको सोह्रखुट्टेमा रोचक ह्यान्डनिट क्राफ्ट उद्योग स्थापना गर्नुभयो। अहिले यो उद्योगबाट टोपी, मोजा, स्विटर, पन्जा, किरिङ, लेस, अल्लोका सामान उत्पादन हुन्छ।

उद्योग स्थापना गरेपछि नपढेका, आर्थिक अवस्था कमजोर भएका महिलालाई जम्मा गरेर हस्तकलाका सामान उत्पादन गर्न थालेको उहाँले बताउनुभयो। त्यसपछि उद्योग क्रमिक रूपमा फस्टाउँदै गयो र अहिले दुई हजार जनाले रोजगारी पाएका छन्।

सुरुसुरुमा आन्तरिक बजारमा सामान बिक्री हुने गरेको भए पनि व्यवसाय बढ्दै गएपछि विदेश पनि निर्यात हुन थालेको रुक्मणीदेवीले जानकारी दिनुभयो। "अहिले जापान, अमेरिकालगायतका देशमा वार्षिक डेढ करोड रुपियाँको सामान निर्यात भइरहेको छ," नेपाल हस्तकला महासङ्घको आयोजनामा शुक्रबारदेखि काठमाडौँको वसन्तपुरमा चलिरहेको महिला उद्यमी मेलामा स्टल राख्नुभएकी रुक्मणीदेवीले भन्नुभयो।

अन्तर्राष्ट्रिय बजारमा विशेषगरी हातले बुनेका मोजा, पन्जा, टोपीको माग धेरै भएकाले अर्डर आउने गरेको उहाँले बताउनुभयो। "हातले सामान बुन्नुपर्दा धेरै समय लाग्ने हुँदा मेहनतअनुसार प्रतिफल आउन कठिन छ," उहाँले भन्नुभयो। महिला उद्यमीलाई ऋणको व्यवस्था भए पनि सुविधा पाउन कठिन रहको उहाँको भनाइ छ। हस्तकलाको व्यवसाय प्रवर्द्धन गर्न सरकारले कर छुटको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ।

वसन्तपुरको महिला उद्यमी मेलामा बागमती प्रदेशका महिला उद्यमीले बनाएका हस्तकलाका सामानको ४० वटा स्टल राखिएको छ। महिला उद्यमीलाई प्रोत्साहन र आन्तरिक बजार प्रवर्द्धन गर्ने उद्देश्यले बागमती प्रदेशको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल हस्तकला महासङ्घले आयोजना गरेका हुन्।

सो मेलामा धनकुटा सिस्टर्स ह्यान्डिकाफ्ट उद्योगले पनि स्टल राखेको छ। यस उद्योगबाट ढाकाका सारी, सल, मफलर, टोपी उत्पादन हुने गर्छ। हाल ललितपुरको इमाडोलबाट ढाकाका कपडा उत्पादन गर्दै आएको सो उद्योगीकी सञ्चालक सुमित्रा भुजेलले सुरुमा व्यवसाय राम्रो भए पनि हाल खस्किँदै गएको बताउनुभयो। कपडा बुन्न कामदारको अभाव, बजारको समस्या, गुणस्तरीय धागो पाउन पनि समस्या रहेको उहाँले जानकारी दिनुभयो।

केही व्यक्तिले कमसल धागो प्रयोग गरेर ढाकाका सामान उत्पादन गरिरहेकाले गुणस्तरीय सामान बिक्री गर्न कठिन भएको उहाँले गुनासो गर्नुभयो। बजारमा कम गुणस्तरको सस्तो सामान आउन थालेपछि आफ्नो व्यापार घटेको उहाँले बताउनुभयो। सुरुमा ५० देखि ६० लाख रुपियाँको वार्षिक कारोबार हुने गरेकामा अहिले आधाले घटेको उहाँको भनाइ छ। "ढाकाको एउटा सारी बुन्न १०–१५ दिन लाग्छ, जनशक्ति नै पाउन कठिन छ। हातैले बुन्नुपर्ने भएपछि लागत पनि धेरै हुन्छ," उहाँले भन्नुभयो। रोजगारीका लागि विदेशतिर जाने हुँदा बजारमा काम गर्न मान्छेको अभाव भई व्यवसाय गर्न कठिन रहेको उहाँको भनाइ छ।

महिला उद्यमीका लागि बिनाधितो ऋणको व्यवस्था भए पनि पाउन सहज नरहेकाले व्यवसाय सञ्चालन गर्न कठिन रहेको उहाँले बताउनुभयो।

भक्तपुरको ठिमीमा रहेको मिथिला नारी हस्तकला सेन्टरले पनि मेलामा स्टल राखेको छ। यो उद्योगले मिथिला आर्टलगायत कलात्मक ऐना, गमला, बुक मार्क, नोटबुक, पेन्टिङ, ग्रिटिङ कार्डलगायतका सामान उत्पादन गर्दै आएको छ। यस उद्योगबाट उत्पादित सामान आन्तरिक बजारसँगै जापान, अमेरिका र अस्ट्रेलियामा जाने गरेको छ।

मिथिला नारी हस्तकला सेन्टरकी सञ्चालक सरितादेवी मण्डलले पनि हस्तकलाका सामान उत्पादन र बिक्री गर्न बजारको समस्या भएको बताउनुभयो।

"बेलाबेला हुने प्रदर्शनीमा सामान राख्न पाएका छौँ। अन्तर्राष्ट्रियस्तरमा हुने प्रदर्शनीमा पनि भाग लिने व्यवस्था सरकारले गरिदिए व्यवसाय प्रवर्द्धन गर्न सहज हुने थियो," उहाँले भन्नुभयो। वार्षिक १० देखि १५ लाख रुपियाँको व्यापार हुने गरेकामा पाँच लाख रुपियाँको विदेश निर्यात हुने गरेको उहाँले जानकारी दिनुभयो। यस्तै प्रधान वुमन ह्यान्डिक्राफ्ट उद्योगकी सञ्चालक अनुपमा प्रधानले धागो महँगो र काम गर्ने जनशक्ति अभावले हस्तकलाको व्यवसाय सञ्चालन गर्न कठिन परेको अनुभव सुनाउनुभयो।

**दलका घोषणापत्रमा बैङ्क वित्त**

# बैङ्किङ पहुँचदेखि सहज कर्जाको प्रतिबद्धता




**भेषराज बेल्बासे**
*काठमाडौँ, कात्तिक १९ गते*

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको पूर्वसन्ध्यामा राजनीतिक दलले घोषणापत्र सार्वजनिक गरिरहेका छन्। निर्वाचनलाई केन्द्रित गरेर सार्वजनिक भएका प्रमुख दलका चुनावी घोषणापत्रमा आर्थिक समृद्धि र विकासका विषयलाई भने पहिलो प्राथमिकतामा राखिएको छ। प्रमुख राजनीतिक दल नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी)लगायतका पार्टीले आगामी मङ्सिर ४ गते हुने निर्वाचनलाई लक्षित गरी घोषणापत्र सार्वजनिक गरिसकेका छन्।

दलहरूले सबैको बैङ्क खाता, बाह्य क्षेत्रमा परेको चाप सहजीकरण, वित्तीय साक्षरता अभिवृद्धि र सहुलियतपूर्ण कर्जाको सर्वसुलभतासम्म दलहरूले आफ्ना प्रतिबद्धतामा समेटेका छन्। वित्तीय क्षेत्रमा तरलता, ब्याजदर तथा कर्जा प्रवाहमा देखिएको उतारचढावको मूल कारण पहिचान गरी स्थिरता कायम गर्न प्रभावकारी कदम चालिने कुरालाई पनि दलहरूले आफ्ना घोषणापत्रमा समेटेका छन्।

### उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तार

नेपाली कांग्रेसले अर्थतन्त्रको तुलनामा विप्रेषणको आकार लगभग २३ प्रतिशत रहेको भन्दै अर्को आगामी १० वर्षमा यसलाई १०–१२ प्रतिशत बिन्दुले घटाउन स्वदेशमै सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्ने उद्यममैत्री वातावरण बनाउने जनाएको छ।

बाह्य क्षेत्रमा परेको चाप सहजीकरण गर्न शोधानान्तर बचत हासिल गर्नु पहिलो प्राथमिकता भएको उल्लेख गर्दै कांग्रेसले घोषणापत्रमा क्षेत्रगत कर्जा विस्तार र वितरण, उच्च आयात व्यवस्थापन र औपचारिक विप्रेषण वृद्धिका उपाय अवलम्बन गर्दै शोधानान्तर बचत हासिल गर्नुपर्ने कुरालाई प्राथमिकतामा राखेको छ। लामो समयसम्म अवलम्बन गरिएको विस्तारकारी मौद्रिक नीतिका कारण कर्जाको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा प्रवाहित हुँदा रोजगारी सिर्जनामा प्रत्यक्ष योगदान कम रहेको तथा आयात र जग्गाका मूल्यमा अस्वाभाविक वृद्धि भएको कांग्रेसको ठहर छ।

### सबैको बैङ्क खाता

आगामी मङ्सिर ४ गते हुने निर्वाचनलाई लक्षित गर्दै नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले ल्याएको घोषणापत्रमा 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा नै पार्टीको स्पष्ट गन्तव्य भएको भन्दै सबै नागरिकमा वित्तीय पहुँच स्थापित गर्ने प्रतिबद्धता जनाएको छ। आगामी दुई वर्षमा सबैको बैङ्क खाता भएको हुने तथा पाँच वर्षमा सबै वयस्क व्यक्तिलाई कुनै न कुनै बैङ्क, सहकारी, लघुवित्तलगायतका वित्तीय कारोबारमा जोडिने एमालेको घोषणापत्रमा छ।

उद्यमशीलतामा जोडिन चाहने नागरिकलाई सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउने र सहकारी संस्थाका सदस्य एक करोड र सहकारीबाट परिचालन गर्ने बचत १० खर्ब रुपियाँ पुऱ्याइने पनि एमालेको घोषणापत्रमा उल्लेख छ।

बैङ्किङ क्षेत्रबाट उत्पादन र निर्यातमूलक क्षेत्र र व्यवसायलाई आवश्यक पर्ने पुँजी सहज रूपले उपलब्ध गराइने तथा पुँजीको अभावमा कुनै पनि प्रकारको उद्यमशीलतालाई निरुत्साहित हुन नदिइने प्रतिबद्धता एमालेको घोषणापत्रमा छ।

### लगानी गर्न अभिप्रेरित गरिने

नेकपा (माओवादी केन्द्र)ले सहरी विपन्न नागरिक र कृषि व्यवसायका लागि परियोजना धितोमा सहुलियतपूर्ण कृषि कर्जा प्रदान गर्ने व्यवस्था गरिने र यसको दायरासमेत बढाउने प्रतिबद्धता जनाएको छ। सहुलियतपूर्ण कर्जाको दुरुपयोग रोक्न त्यस्तो कर्जा दुरुपयोग गर्ने ऋणीलाई कालोसूचीमा राख्नुका साथै बैङ्कलाई पनि जिम्मेवार तुल्याउने व्यवस्था गरिने माओवादीको लक्ष्य छ। वित्तीय र मौद्रिक नीतिको प्रभावकारी समन्वयबाट मूल्य वृद्धिलाई नियन्त्रणमा राखिने माओवादीको घोषणापत्रमा उल्लेख छ।

वित्तीय साक्षरता अभिवृद्धि गर्न विद्यालय पाठ्यक्रममा सोसम्बन्धी विषय समावेश गर्ने तथा आमसर्वसाधारणका लागि वित्तीय साक्षरता अभियान निरन्तर सञ्चालन गर्ने व्यवस्था गरिने तथा महिला उद्यमीलाई सहज रूपमा उपलब्ध हुने गरी सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिने माओवादीको घोषणापत्रमा उल्लेख छ।

### विश्वसनीयता रहेन

निर्वाचनलाई लक्षित गर्दै राजनीतिक दलहरूले ल्याउने गरेका घोषणापत्रमा आमसर्वसाधारणको विश्वास कमजोर रहेको बैङ्क तथा वित्तीय क्षेत्रका विज्ञ अनलराज भट्टराईले बताउनुभयो। दलहरूले सार्वजनिक आर्थिक मुद्दा, विकास र बैङ्किङ क्षेत्रमा पनि थुप्रै प्रतिबद्धता आए पनि तिनलाई विश्वास गर्ने आधार नभएको उहाँको भनाई छ। दलका घोषणापत्र 'बिरालो बाँध्ने' परम्परा मात्रै भएको भन्दै उहाँले भन्नुभयो, "दलले ल्याउने यस्ता घोषणापत्र तिनकै कार्यकर्ताले समेत पढ्दैनन्, अरूको के कुरा।"

# एक महिनापछि विद्युत् वितरण

**हुम्ला समाचारदाता**
*हुम्ला, कात्तिक १९ गते*

विद्युत् आपूर्ति बन्द भएको एक महिनापछि सिमकोटको विद्युत् सेवा सुचारु भएको छ। विद्युत् प्राधिकरणको सहयोगमा हेलिकोप्टरबाट डिजेल जेनेरेटर ढुवानी गरेर सिमकोट ल्याएपछि विद्युत् सुचारु भएको हो।

हिल्दुम विद्युत् वितरण केन्द्रका प्रमुख साजन ऐडीले ३३ दिनपछि शनिबार बिहानदेखि विद्युत् आपूर्ति सुरु भएको बताउनुभयो। उहाँले वैकल्पिक व्यवस्था भएअनुसार डिजेल जेनेरेटर ल्याएर सञ्चालन गरिएको जनाउनुभयो। तत्कालका लागि दुईवटा जेनेरेटर सञ्चालन गरेर १८० किलोवाट विद्युत् उत्पादन भएको र त्यसबाट सिमकोट गाउँपालिका–५ र ६ तथा बजार क्षेत्रमा विद्युत् आपूर्ति गरिएको छ।

केही समयका लागि केन्द्रले दिउँसो १२ देखि २ बजेसम्म र बेलुका ६ देखि ८ बजेसम्म मात्र जेनेरेटर सञ्चालन गरेर चार घण्टा विद्युत् आपूर्ति भएको छ। चार घण्टा जेनेरेटर सञ्चालन गर्दा केन्द्रले दुई सय लिटर इन्धन खर्च गर्नुपर्नेछ। जेनेरेटरका लागि आवश्यक इन्धन पनि प्राधिकरणले दुई हजार लिटर हेलिकोप्टरमै पठाएको थियो। सोही इन्धन प्रयोग गरेर विद्युत् उत्पादन सुरु भएको छ।

हुम्ला जिल्लाको दररेटअनुसार डिजेलको मूल्य प्रतिलिटर चार सय रुपियाँ छ भने बजारमा भने छ सय रुपियाँसम्म पर्ने गरेको छ। हाल केन्द्रसँग भएको इन्धनले १० दिन सञ्चालन गर्न पुग्छ। डिजेल जेनेरेटरबाट विद्युत् उत्पादन गरी वितरण गर्दा महँगो पर्ने भए पनि केन्द्रले भने साबिककै प्रतियुनिट मूल्य लिनेछ। पहिरोले नहरमा क्षति पुऱ्याएपछि गत असोज १७ गतेदेखि हिल्दुम साना जलविद्युत् आयोजनाबाट विद्युत् आपूर्ति बन्द भएको थियो।

# कर्जा प्रवाह सम्झौता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

नेपाल बैङ्क लिमिटेड र लुम्बिनी प्रदेश सरकारबीच उद्यमीलाई ब्याज अनुदानमा कर्जा प्रवाह गर्नेसम्बन्धी सम्झौता भएको छ।

लुम्बिनी प्रदेश सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मुकाम बुटवलमा भएको सम्झौता कार्यक्रममा मन्त्रालयका तर्फबाट उपसचिव विजयबहादुर कार्की तथा बैङ्कका तर्फबाट नेपाल बैङ्क लिमिटेड, लुम्बिनी प्रादेशिक कार्यालयका प्रमुख सुशीलकुमार नेपालले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो।

## अन्तर्राष्ट्रिय

# 'कूटनीतिले मात्र युक्रेन युद्ध अन्त्य गर्न सक्छ'

**रासस/एपी**
*संयुक्त राष्ट्रसङ्घ, कात्तिक १९ गते*

युक्रेन युद्धलाई वार्ता र कूटनीतिक माध्यमबाट मात्र अन्त्य गर्न सकिने विश्व नेताहरूले बताएका छन्। युद्ध मैदानबाट कुनै पनि पक्ष विजयी नहुने पनि नेताहरूले बताएका छन्। नेल्सन मण्डेलाद्वारा स्थापित 'द एल्डर्स' भनेर चिनिने समूहसँग आबद्ध विश्वका प्रबुद्ध पूर्वनेताहरूले संवाद र कूटनीतिले विनाशकारी युक्रेन युद्धको अन्त्य गर्न सक्ने बताएका हुन्।

समूहले उक्त सन्देश युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई दिएको तथा द्वन्द्वबाट बाहिर निस्कने उपायबारे विचार गर्न सुझाएको समूहका अध्यक्ष आयरल्यान्डका पूर्वराष्ट्रपति मेरी रोबिन्सनले बताउनुभएको छ। मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तका रूपमा सेवा गरिसक्नुभएकी उहाँले दुवै पक्षमा सैन्य हतियार बढाउने होडबाजीको अन्त्य गर्न अपरिहार्य भएको बताउँदै त्यसमा विचार गर्न अनुरोध गरिएको एपीका वरिष्ठ अधिकारीलाई बताउनुभयो।

समूहले युक्रेनमाथि रुसले गरेको आक्रमणलाई संयुक्त राष्ट्रङ्घको बडापत्रको स्पष्ट उल्लङ्घन, विश्व शान्ति र सुरक्षालाई अस्थिर बनाउने अनुचित कार्य भन्दै त्यसको निन्दा गरेको छ। रुसले युक्रेनका चार क्षेत्रलाई अवैध रूपमा आफूमा विलय गरेकामा त्यसको पनि समूहले निन्दा गरेको छ। युक्रेनले आफ्नो क्षेत्र र सार्वभौमिकताको रक्षा गर्ने अधिकारको रक्षा गरेको समूहको ठहर छ।

संयुक्त राष्ट्रसङ्घका पूर्वमानव अधिकार आयुक्त जेइद राद अल हुसेनले युद्धबाट बाहिर निस्कन कूटनीति र वार्ता नै एक मात्र उपाय भएको बताउँदै उहाँले रुसी आक्रमणको सिकार बनेको युक्रेनलाई आफ्नो सार्वभौमसत्ता त्याग भन्न नसकिने परिस्थिति उत्पन्न भएको यथार्थ प्रस्तुत गर्नुभयो।

वर्तमान द्वन्द्वको समाधान 'अर्को दिशाबाट' हुनसक्ने सङ्केत गर्दै उहाँले पश्चिमा शक्तिहरू रुसप्रति केही नरम भएमा निकास निस्कन सक्ने बताउनुभयो। उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)तर्फ सङ्केत गर्दै उहाँले त्यसो भन्नुभएको हो।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि लामो समयदेखि पश्चिमी गठबन्धनले आफ्नो सिमानानजिक युद्ध धकेलेको गुनासो गर्दै आएको सन्दर्भ जोड्दै उहाँले त्यसो भन्नुभएको हो।

मेक्सिकोका पूर्वराष्ट्रपति अर्नेस्टो जेडिलोले युरोपेली सङ्घ र संयुक्त राज्य अमेरिकाले रुसमाथि आर्थिक प्रतिबन्ध लगाए पनि युद्धका निम्ति वित्तीय सहायता जारी रहेको तथा उसले तेलबाट पनि राजस्वको ठूलो हिस्सा प्राप्त गरिरहेको बताउनुभयो।

# एकताबद्ध राष्ट्रसङ्घको पक्षमा 'द एल्डर्स'

**रासस/एपी**
*संयुक्त राष्ट्रसङ्घ, कात्तिक १९ गते*

नेल्सन मण्डेलाद्वारा स्थापित 'द एल्डर्स' समूहसँग आबद्ध विश्वका प्रबुद्ध पूर्वनेताहरूले विश्वका विभिन्न भागमा बढिरहेको सङ्कट तथा विविध चुनौतीको सामना गर्न राष्ट्रसङ्घ सबल एवं एकताबद्ध हुनुपर्नेमा जोड दिएका छन्।

विश्व सङ्कट समाधानका निम्ति केन्द्रीय भूमिका निर्वाह गर्न चाहेमा राष्ट्रसङ्घ अझ सबल हुनुपर्ने अभिमत उनीहरूले व्यक्त गरेका हुन्। द एल्डर्स भनेर चिनिने समूहका पूर्वविश्व नेताहरूले एसोसिएटेड प्रेसका कार्यकारीहरूसँगको भेटमा उनीहरूले संयुक्त राष्ट्रसङ्घको सबैभन्दा शक्तिशाली अङ्ग सुरक्षा परिषद्ले 'भिटो'को पक्षाघाती प्रभावलाई सम्बोधन गर्न आवश्यक भएको बताउनुभएको छ।

रुसले गरेको आक्रमण संयुक्त राष्ट्रसङ्घको बडापत्रको उल्लङ्घन भएको बताउँदै उनीहरूले त्यसलाई सम्बोधन गर्ने कानुनी रूपमा बाध्यकारी प्रस्ताव पारित गर्न भएको सुरक्षा परिषद्को असफलताले मस्कोको भिटो शक्तिका कारण विश्वव्यापी विभाजन बढेकामा पनि गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ।

# बम बर्सक सुपरसोनिक विमान उडाउँदै अमेरिका

**रासस/एपी**
*सोल, कात्तिक १९ गते*

यो साता शृङ्खलाबद्ध रूपमा क्षेप्यास्त्र परीक्षण गरेर कोरियाली प्रायद्वीपमा तनाव सिर्जना गरेको उत्तर कोरियालाई तर्साउन अमेरिकाले दक्षिण कोरियाको आकाशमा बम बर्सक सुपरसोनिक विमान उडाउने भएको छ।

दक्षिण कोरियासँगको संयुक्त हवाई अभ्यासको अन्तिम दिन शनिबार प्योङयाङलाई आफ्नो शक्ति देखाउन अमेरिकाले बम बर्सक सुपरसोनिक विमान पनि अभ्यासमा समावेश गरिएको सोलले बताएको छ। वायु सेनाको संयुक्त अभ्यासमा बम बर्सक विमान पनि समावेश हुने बताएको दक्षिण कोरियाली रक्षा मन्त्रालयले थप विवरण सार्वजनिक गरेको छैन।

वायु सेनाको संयुक्त अभ्यासमा दुवै देशका अत्याधुनिक एफ थर्टीफाइभ लडाकु विमानसहित २४० विमान समावेश छन्। उक्त अभ्यासबाट आक्रोशित प्योङयाङले यो साता समुद्रमा दर्जनौँ क्षेप्यास्त्र प्रक्षेपण गर्नाका साथै अन्तरमहादेशीय क्षेप्यास्त्र परीक्षण गरेको थियो। उसले आन्तरिक रूपमा युद्ध विमानसमेत उडाएर युद्धका निम्ति तम्तयार रहेको सन्देश प्रवाह गरेको थियो।

# नाइट क्लबमा आगलागी हुँदा पन्ध्र जनाको मृत्यु

**रासस/सिन्ह्वा**
*मस्को, कात्तिक १९ गते*

रुसको पश्चिमी सहर कोस्ट्रोमामा रहेको एक रात्रि क्लबमा शनिबार भएको आगलागीमा परी कम्तीमा १५ जनाको मृत्यु भएको छ। सो दुर्घटनामा अन्य चार जना घाइते भएको क्षेत्रीय आपत्कालीन सेवाका प्रवक्ताले रुसको स्पुतनिक समाचार एजेन्सीले जनाएको छ। स्थानीय आपत्कालीन सेवालाई उद्धृत गर्दै तासले जनाएअनुसार प्रारम्भिक अनुसन्धानअनुसार क्याफेमा आगन्तुकले आगजनी गरेको अनुमान गरिएको छ। उक्त क्याफेबाट २५० जनालाई बाहिर निकालिएको थियो।


**Invitation for Bids**

**Government of Nepal (GoN)**
**Ministry of Home Affairs**
**Nepal Police Head Quarters**
**Financial Administration and Procurement Directorate**
**Naxal, Kathmandu**
**Date of publication: 6th November, 2022 (20th Kartik, 2079)**

1. **Nepal Police Head Quarters, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu** invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods under National competitive bidding- **"Single Stage Two Envelope procedures"**. The name and identification of the contract are as follows:

| S. N. | Contract ID No. | Name of Package | Items No. | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | PHQ/G/NCB/2079-080/39 | Electrical Related Goods | 363 | 1,81,000.00 | 3,000.00 | 90 |
| 2 | PHQ/G/NCB/2079-080/40 | Computers, Photocopy, Printers, Tonner Refilling & Related Items | 126 | 2,55,000.00 | 3,000.00 | 90 |
| 3 | PHQ/G/NCB/2079-080/41 | Construction & Other Capital Related Reform Items | 539 | 1,82,000.00 | 3,000.00 | 90 |
| 4 | PHQ/G/NCB/2079-080/42 | Vehicle's Tyre Tube & Other Accessories | 62 | 3,36,000.00 | 3,000.00 | 90 |
| 5 | PHQ/G/NCB/2079-080/43 | Indian Light & Heavy vehicle's Spare Parts | 1183 | 3,08,000.00 | 3,000.00 | 90 |
| 6 | PHQ/G/NCB/2079-080/44 | Japanese Light vehicle's & Motorcycle's Spare Parts | 1408 | 3,72,000.00 | 3,000.00 | 90 |
| 7 | PHQ/G/NCB/2079-080/45 | Vehicle Batteries | 16 | 1,22,300.00 | 3,000.00 | 90 |
| 8 | PHQ/G/NCB/2079-080/46 | Communication Batteries | 3 | 96,800.00 | 3,000.00 | 90 |
| 9 | PHQ/G/NCB/2079-080/47 | PSO's Cloths | 8 | 5,98,000.00 | 5,000.00 | 90 |
| 10 | PHQ/G/NCB/2079-080/48 | Stationary & Office Related Items | 92 | 2,73,000.00 | 3,000.00 | 90 |
| 11 | PHQ/G/NCB/2079-080/49 | Cleaning Related Items | 48 | 1,09,000.00 | 3,000.00 | 90 |
| 12 | PHQ/G/NCB/2079-080/50 | Printing Related Items | 72 | 3,67,000.00 | 3,000.00 | 90 |
| 13 | PHQ/G/NCB/2079-080/51 | Furnishing Related Items | 19 | 1,21,000.00 | 3,000.00 | 90 |
| 14 | PHQ/G/NCB/2079-080/52 | Painting Related Items | 55 | 97,000.00 | 3,000.00 | 90 |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing **"The Technical Bid"** and the other **"The Price Bid"**, as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Nepal Police Head Quarters, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu**, **Tel 01-4440581 and Email address:** ***procurement_directorate@nepalpolice.gov.np*** or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically as per e-GP System Operation Guidelines, 2074. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank :**


**Name of the Bank :** Rastriya Banijya Bank Ltd., Thamel, Kathmandu.

**Name of Office :** Nepal Police Head Quarters, Naxal — **Office Code No.:** 31-40-43-512

**Revenue Account No.:** 1000100200010000 — **Revenue Heading No.:** 14229

5. Pre-bid meeting shall be held at Nepal Police Head Quarters, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu on **27th *November, 2022 (11th Mansir, 2079)*** at 14:00 hours.
6. Electronic bids must be submitted to the office **Nepal Police Head Quarters, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***6th December, 2022 (20th Mansir, 2079)*** at 12:00 hours. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on ***6th December, 2022 (20th Mansir, 2079)*** at 14:00 hours at the office of **Nepal Police Head Quarters, Financial Administration and Procurement Directorate, Naxal, Kathmandu**. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the bid validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## सनको विश्वकप खेल्न नपाउने सम्भावना



**सोल** (दक्षिण कोरिया), कात्तिक १९ गते। दक्षिण कोरियाका विश्व चर्चित फुटबलर सन ह्युङ मिनले विश्वकप फुटबलमा खेल्नेमा शङ्का उत्पन्न भएको छ। सन एसियाका सबैभन्दा ठूलो नाम हो। कोरियाली फुटबल सङ्घले आगामी नोभेम्बर २४ तारिखमा उरुग्वेविरुद्ध हुने समूह 'एच'को उद्घाटन खेलसम्म सन दुरुस्त भइसक्ने आशा गरेको छ। कोरियाली फुटबल सङ्घले कतार विश्वकपमा खेल्ने टिममा सन सामेल हुने तर उहाँले खेल्ने र नखेल्ने भन्ने मात्र अहिलेको प्रश्न हो भनेको छ।

गत मङ्गलबार यूईएफए च्याम्पियन्स लिगअन्तर्गत मार्सेविरुद्धको खेलमा डिफेन्डर चान्सेल बेम्बासँग ठोकिएपछि नराम्ररी घाइते हुनुभएको थियो। गत सत्रमा सनले प्रिमियर लिगमा गोल्डेन बुट जित्नुभएको थियो। त्यसैले पनि अहिले एसियाका सम्पूर्ण फुटबल समर्थकले सन चाँडै दुरुस्त हुने कामना गरिरहेका छन्।

दक्षिण कोरिया लगातार दसौँ पटक विश्वकपमा सहभागी हुँदैछ। दक्षिण कोरियाको समूहमा उरुग्वे, घाना र पोर्चुगल रहेको छ। त्यसैले सनबिना दक्षिण कोरियाका लागि यो समूह कठिन हुने पक्का छ। एपी

# विश्वकप टी–२० को सेमिफाइनलमा इङ्ग्ल्यान्ड

**सिड्नी**, कात्तिक १९ गते। इङ्ग्ल्यान्डले शनिबार श्रीलङ्कालाई चार विकेटले हराएर टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। इङ्ग्ल्यान्डको जितसँगै उपाधि रक्षा अभियानमा रहेको अस्ट्रेलिया भने प्रतियोगिताबाट बिदा भएको छ।

समूह 'ए'मा न्युजिल्यान्ड, इङ्ग्ल्यान्ड र अस्ट्रेलियाले समान सात अङ्क बनाएका थिए तर राम्रो रन औसतमा न्युजिल्यान्ड समूह विजेता र इङ्ग्ल्यान्ड उपविजेताको हैसियतमा अन्तिम चारमा पुगे। पहिले ब्याटिङ गरेको श्रीलङ्काले आठ विकेटको क्षतिमा १४१ रन बनाएको थियो। बेन स्टोक्सले ३६ बलमा अविजित ४२ रन बनाएपछि इङ्ग्ल्यान्डले दुई बल बाँकी छँदा छ विकेटको क्षतिमा १४४ रन बनाएर जित हात पाऱ्यो। श्रीलङ्का पाँच खेलमा दुई जित र तीन हारसहित प्रतियोगिताबाट बाहिरियो।

श्रीलङ्काका लागि प्रथुम निसन्काले सर्वाधिक ६७ रन बनाउनुभयो। निसन्काबाहेक श्रीलङ्काका लागि दोहोरो अङ्कमा रन बनाउने ब्याट्सम्यान कुसल मेन्डिस (१८) र भानुका राजपाक्षे (२२ रन) हुनुहुन्थ्यो। इङ्ग्ल्यान्डका लागि तेज बलर मार्क उडले २६ रन खर्चेर तीन विकेट लिनुभयो। आदिल रसिदले १६ रनमा एक विकेट लिएर किफायती बलिङ गर्नुभयो। इङ्ग्ल्यान्डले लक्ष्य पछ्याउने क्रममा प्रारम्भिक ब्याट्सम्यान एलेक्स हेल्स ४७ रनको सर्वाधिक पालि खेल्नुभयो। उहाँले जस बट्लर (२८ रन)सँग मिलेर पहिलो छ ओभरमा नै ७० रनको साझेदारी निर्वाह गर्नुभएको थियो।




श्रीलङ्काका लागि वानिन्दु हसरङ्गा र धनन्जय डि सिल्भाले दुई–दुई विकेट लिएर इङ्ग्ल्यान्डलाई ठूलो दबाब दिनुभएको थियो तर बेन स्टोक्सले ३६ बलमा ४२ रनको पालि खेलेपछि श्रीलङ्काले इङ्ग्ल्यान्डलाई जितबाट रोक्न सकेन। श्रीलङ्काको हारसँगै अस्ट्रेलिया पनि निराश भयो। एपी

**साफ यू-१५ महिला च्याम्पियनसिप**

## नेपालको महत्त्वपूर्ण जित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

वर्षा ओलीको गोल निर्णायक बनेपछि नेपालले शनिबार आयोजक तथा उपाधि दाबेदार बङ्गलादेशलाई १–० ले हराएर साफ यू–१५ महिला च्याम्पियनसिपमा लगातार दोस्रो जित हात पारेको छ। यस जितसँगै नेपालको उपाधि जित्ने सम्भावना बलियो भएको छ।

बङ्गलादेशको ढाकामा भएको खेलको ८७औँ मिनेटमा वर्षाले गोल गरी घरेलु टिमलाई हिस्स पार्नुभएको हो। यसअघि नेपालले भुटानलाई ७–० ले हराएको खेलमा पनि वर्षाले चार गोल गर्नुभएको थियो। वर्षा चालू प्रतियोगितामा सर्वाधिक गोलकर्ताको सूचीमा अग्रस्थानमा हुनुहुन्छ।

नेपालकी प्रशिक्षक भगवती रानामगरले पहिलो हाफमा आफ्नो टिमले राम्रो खेल्न नसके पनि उत्तरार्द्धमा सङ्गठित खेल देखाउँदा जित हात पारेको प्रतिक्रिया दिनुभयो। उहाँले बङ्गलादेशविरुद्धको जितले आफ्नो टिमको मनोबल उच्च भएको जानकारी पनि दिनुभयो।

प्रतियोगिता डबल राउन्डरोबिन लिगको आधारमा भइरहेको छ। सबै टिमले एकअर्काविरुद्ध



दुई–दुई खेल खेलेपछि अङ्क तालिकामा शीर्ष स्थानमा रहेको टिम च्याम्पियन बन्नेछ। गत विजेता भारतले यसपालि भाग लिएको छैन।

## जोकोभिच कीर्तिमान उपाधितर्फ

**पेरिस**, कात्तिक १९ गते। नोभाक जोकोभिच सातौँ पटक पेरिस मास्टर्स टेनिस प्रतियोगिताको उपाधितर्फ अग्रसर हुनुभएको छ। जोकोभिच शुक्रबार राति लोरेन्जो मुसेटीलाई ६–०, ६–३ ले सजिलै हराएर सेमिफाइनलमा पुग्नुभयो। अब बाँकीका दुई खेल जितेमा जोकोभिचको सर्वाधिक पेरिस मास्टर्स जितको कीर्तिमान हुनेछ।

यस सत्रमा इजरायल र काजखस्तानमा उपाधि जितेका जोकोभिच ३९औँ मास्टर्स उपाधि जित्ने दाउमा रहनुभएको छ। सो पनि कीर्तिमान हुनेछ। गत वर्ष फ्रेन्च ओपनको चौथो चरणमा दुई सेट जितेर जोकोभिचलाई समस्यामा पार्ने मुसेटीले यस पटक भने त्यस्तै प्रदर्शन दोहोऱ्याउन सक्नुभएन।

जोकोभिचले सेमिफाइनलमा ग्रिसका स्टेफानो सिसिपासविरुद्ध खेल्नुहुनेछ। सिसिपासले अन्तिम आठमा अमेरिकाका टमी पललाई ६–२, ६–४ ले हराउनुभयो। पलले दोस्रो चरणमा राफेल नाडाललाई स्तब्ध पार्नुभएको थियो। यसअघि शीर्ष वरीयताप्राप्त कार्लोस अल्कारेजले डेनमार्कका होल्गर रुनविरुद्धको खेल परित्याग गर्नुभयो। अल्कारेज चोटको समस्याले खेल छोड्दा रुनले खेलमा ६–३, ६–६ (३–१) ले अग्रता बनाउनुभएको थियो। रुन पहिलो पटक मास्टर्स सिरिजको सेमिफाइनलमा पुग्नुभएको हो। रुनले अहिलेसम्म जितेका दुवै उपाधि यस सत्रमा प्राप्त भएको हो।



यसैगरी विश्वका शीर्ष आठ महिला टेनिस खेलाडीले खेल्ने प्रतिष्ठित प्रतियागिता डब्ल्यूटीए फाइनल्समा जेसिका पेगुला राउन्डरोबिनमा आर्यना साबालेन्कासँग ६–३, ७–५ ले पराजित हुनुभएको छ। आफ्नो पदार्पण खेलमा पेगुला अहिलेसम्म जितविहीन हुनुहुन्छ। अब उहाँले अन्तिम लिग खेलमा अमेरिकाकै कोको गौफविरुद्ध खेल्नुहुनेछ। पेगला विश्व वरीयतामा तेस्रो स्थानमा रहेर डब्ल्यूटी फाइनल्स खेल्दै हुनुहुन्छ। एपी

## एपीएफ प्रधानमन्त्री कपको सेमिफाइनलमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

आसिफ सेखको शतकीय पालिको सहयोगमा नेपाल एपीएफ क्लब शनिबार कर्णाली प्रदेशलाई ४४ रनले हराएर प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ।

त्रिवि क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको एपीएफले ४७.२ ओभरमा अलआउट हुँदै २३४ बनाएको थियो। कर्णाली प्रदेश जवाफमा ४८.१ ओभरमा १९० रनमा सीमित भयो। कर्णालीका कप्तान तथा प्रारम्भिक ब्याट्सम्यान रवीन्द्रजङ्ग शाहीले १३८ बलमा पाँच चौका र दुई छक्कासहित सर्वाधिक ८० रन बनाए पनि आफ्नो टिमलाई जित दिलाउन सक्नुभएन। अन्य ब्याट्सम्यानको उचित साथ नपाउँदा रवीन्द्रको पालि खेर गएको हो। रवीन्द्र अन्तिम विकेटका रूपमा आउट हुनुभयो।

एपीएफका लागि मौसम ढकालले सर्वाधिक चार विकेट लिनुभयो। मौसमले लगातार दोस्रो खेलमा चार विकेट लिनुभएको हो। यसैगरी भुवन कार्की र कमलसिंह ऐरीले दुई–दुई विकेट लिनुभयो।




पुरन विक र शरद भेष्वाकरको भागमा एक–एक विकेट पऱ्यो। यसअघि एपीएफका प्रारम्भिक ब्याट्सम्यान आसिफले १३६ बलमा १३० रनको शतकीय पालि खेल्नुभएको थियो। एपीएफका लागि अन्य ब्याट्सम्यानले उल्लेखनीय योगदान दिन सकेनन्। चालू प्रतियोगितामा यो तेस्रो शतकीय पालि भएको छ। यसअघि पुलिसका दीपेन्द्र सिंह ऐरी र प्रदेश १ का अङ्कित सुवेदीले पनि शतक बनाउनुभएको थियो।

कर्णालीका लागि प्रकाश जैशी र दीपेन्द्र रावतले तीन–तीन तथा दिवान पुनले दुई विकेट लिनुभयो। एपीएफ चार खेलमा तीन जित र एक टाइसहित सात अङ्क बनाएर शीर्ष स्थानमा छ।

### मधेशको दोस्रो जित

प्रधानमन्त्री कपमा मधेश प्रदेशले शनिबार लुम्बिनी प्रदेशलाई ९२ रनले सजिलै हराएको छ। मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको मधेशले ४८.४ ओभरमा अलआउट हुँदै २५९ रन बनाएको थियो। लुम्बिनी जवाफमा पाँच बलअघि १६७ रनमा अलआउट भयो।

लुम्बिनीका लागि विशाल विक्रम केसीले ३४ र अलराउन्डर कृष्ण कार्कीले ३१ रनको योगदान दिनुभयो। मधेशका राजेश यादव र प्रदीप पासवानले तीन–तीन विकेट लिएपछि लुम्बिनी लक्ष्यसम्म पुग्न सकेन। यसअघि मधेशका लागि हरिशङ्कर साह, सन्तोष कार्की र अनिल साहले अर्धशतकीय पालि खेल्नुभएको थियो। कप्तान हरिशङ्करले ७६ र सन्तोष तथा अनिलले ५०–५० रन बनाउनुभयो। लुम्बिनीका लागि कृष्ण कार्कीले तीन तथा अनिल खरेलले दुई विकेट लिनुभयो। मधेशको यो दोस्रो जित हो भने लुम्बिनीको यो दोस्रो हार हो।

## हरिवनलाई वनदेवीमाई गोल्डकप

**सर्लाही समाचारदाता**
*सर्लाही, कात्तिक १९ गते*

सर्लाहीको हरिवन युवा क्लबले सल्हेश युवा क्लब, सिरहालाई २–१ गोलले हराएर ११औँ वनदेवीमाई गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। धनुषाको बटेश्वरमा आयोजित प्रतियोगिताको फाइनलमा विजयी टिमका लागि राष्ट्रिय फुटबल खेलाडी रवि पासवानले दुवै गोल गर्नुभयो। नेपाल पुलिस क्लबमा आबद्ध रविले खेलको मध्यान्तरअघि र इन्जुरी समयमा गोल गर्नुभएको हो। सल्हेशले आत्मघाती एक गोल उपहार पायो। कर्नर बललाई 'क्लियर' गर्न खोज्दा हरिवनको रक्षापङ्क्तिका खेलाडीले आत्मघाती गोल गर्न पुगे।

हरिवनले ट्रफीसहित एक लाख ५० हजार रुपियाँ र उपविजेता सल्हेशले ५० हजार रुपियाँ प्राप्त गरेका छन्। रवि 'म्यान अफ दी म्याच' र हरिवनका दीपक लामा उत्कृष्ट प्रशिक्षक चुनिनुभयो। फाइनल समापनमा पूर्वराष्ट्रिय खेलाडी एवं हरिवन युवा क्लबका जुमानु राई विशेष खेलाडीको सम्मानबाट सम्मानित हुनुभयो।

# कला / साहित्य

**सुकृत नेपाल**
*काठमाडौँ, कात्तिक १९ गते*




'सुनकेशरी' कर्णाली प्रदेशको प्रचलित लोककथामा आधारित नाटक हो। एक युवतीले आफ्नो सुन्दरताका कारण भोग्नु परेका तीतामीठा सङ्घर्षको कथालाई नाटकमा बुनिएको छ। सुनकेशरी नाटककी प्रमुख चरित्र हुनुहुन्छ। कर्णालीका सांस्कारिक गतिविधिमा गाइने मागलगान गाउन सिपालु सुनकेशरी आफ्नो आकर्षक रूप तथा सुनौला केशराशिका कारण पनि अत्यन्तै प्रसिद्ध हुनुहुन्छ।

सुनकेशरीलाई विवाह गर्न चाहने धेरै छन्। सुनकेशरीकी फुपुको छोरा प्रजापति पनि सुनकेशरीलाई अत्यन्तै मन पराउनुहुन्छ र उहाँसँग विवाह गर्न चाहनुहुन्छ। तत्कालीन संस्कारमा मामाचेला, फुपुचेला प्रथा चल्ने भएको हुँदा पनि सुनकेशरीको असली हकदार आफैँ हुँ भन्ने प्रजापतिको ठहर गर्नुहुन्छ तर सुनकेशरी प्रजापतिलाई पटक्कै मन पराउनुहुन्न। सुनकेशरीलाई आफ्नो बनाउने होडमा अन्य दुई राजा पनि हुन्छन्। छिनासिंहका राजा विक्रम शाही र उनका मामाचेला पर्ने रास्कोटका राजा साइमल शाही पनि सुनकेशरीको यौवनबाट प्रभावित हुनुहुन्छ। प्रजापतिबाट हैरान हुनुभएकी सुनकेशरी घर छाडेर हिँड्नुहुन्छ। उहाँले दुईमध्ये एक राजा रोज्नुहुन्छ र आफ्नो गृहस्थ जीवन सुरु गर्नुहुन्छ।

नाटकमा यसपछि समानान्तर रूपमा दुईवटा यात्रा सुरु हुन्छन्। जसमा एउटा यात्रा हुन्छ सुनकेशरीको जो आफ्नो सुन्दरताका कारण अनेकौँ परिस्थितिको सामना गर्न पुग्नुहुन्छ। भान्जाबाबु प्रजापतिको अर्को यात्रा भने सुनकेशरीलाई जसरी भए पनि फर्काएर घर ल्याउने रहेको हुन्छ। यी दुवै यात्रा एउटा मिलनबिन्दुमा पुगेपछि नाटकको कथाले उत्कर्ष रूप लिन्छ।

यही सेरोफेरोमा नाटकको कथा बुनिएको छ। सुनकेशरीको वरिपरि नै नाटक घुमेको छ। सुनकेशरीको हाउभाउदेखि लिएर नाटकमा उहाँले गर्नुहुने प्रत्येक क्रियाकलापलाई निर्देशक खतिवडाले भिन्न तरिकाले पस्कनुभएको छ। मण्डला थिएटर नेपालद्वारा सञ्चालित तीन महिने नाट्य प्रशिक्षण कार्यक्रम थिएटर ल्याबको दसौँ ब्याचका प्रशिक्षार्थीको अभिनय रहेको नाटकको परिकल्पना तथा निर्देशन राजन खतिवडाले गर्नुभएको छ।

नाटकमा परीक्षा लिम्बू, खगेन्द्र साउद, रीता सैँजु, सुवास गिरी, सुजिता सिवाकोटी, बलबहादुर राई, सञ्जीवजङ्ग क्षेत्री, आर्यसुमन खड्का, रोशन लोहोरुङ राई, सुनील राई, उज्जवल राई, विवेक कटुवाल, प्रीतिसा अधिकारी, कृष्ण चौधरीको अभिनय रहेको छ। त्यस्तै सैनिक/कोरसमा नोर्देन ख्युङ्वा लामा, रक्षा पाण्डे, अनुज्ञा रेग्मी, सविना गिरी, सलिना खत्री, किसम वीर विक्रम थापा, अभिषेक राई र सुनील खड्का हुनुहुन्छ भने प्रत्यक्ष वाद्यवादन अङ्कित खड्का, सागर खाती, मिलन कार्की, सुदीप खतिवडा र विक्रम श्रेष्ठले गर्नुभएको छ। नाटकमा सङ्गीत संयोजन अनुपम शर्माले गर्नुभएको छ भने नाटकको कार्यकारी निर्माता उमेश तामाङ हुनुहुन्छ।

नाटक काठमाडौँ उपत्यकामा मात्र नभई छिमेकी देश भारत र बाङ्गलादेशमा भएका महोत्वसवमा मञ्चन भइसकेको छ। संस्कृतिविद् एवं साहित्यकार सत्यमोहन जोशीले लेख्नुभएको नाट्यकृति 'सुनकेशरी'लाई सन् २०१२ मा मण्डला थिएटर नेपालले बाङ्गलादेशको 'रङ्गो हर्षे, बिङ्गो वर्षे नाट्य महोत्सव'मा पहिलो पटक मञ्चन गरेको थियो। सोही वर्ष नेपालको 'काठमाडौँ अन्तर्राष्ट्रिय नाट्य महोत्सव' र मण्डला नाटकघरको उद्घाटनमा समेत नाटकको मञ्चन भएको थियो। यस्तै सन् २०१७ मा भारतको राष्ट्रिय नाट्य विद्यालयद्वारा आयोजित प्रतिष्ठित अन्तर्राष्ट्रिय नाट्योत्सव 'भारत रङ्ग महोत्सव'मा पछिल्लो मञ्चन गरिएको नाटकलाई थिएटर मल, काठमाडौँको प्रेक्षालय उद्घाटन समारोहमा समेत मञ्चन गरिएको थियो। सन् २०१९ मा आयोजित नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा नाटकलाई पुस्तकका रूपमा समेत सार्वजनिक गरिसकिएको छ। नाटक कात्तिक १८ देखि २७ गतेसम्म मण्डला थिएटरमा मञ्चन हुनेछ।

## 'बगेको खोला'लाई गोधूलि पुरस्कार

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*




दुर्गादेवी नेपालको 'बगेको खोला'लाई २०७९ सालको 'गोधूलि पुरस्कार' प्रदान गरिने भएको छ। गोधूलि साहित्य प्रतिष्ठानद्वारा प्रदान गरिने दस हजार रुपियाँ राशि र ताम्रपत्रसहित 'गोधूलि पुरस्कार' विशेष कृतिका रूपमा 'बगेको खोला'लाई प्रदान गरिने निर्णय गरिएको हो। गोधूलि साहित्य प्रतिष्ठानका अध्यक्ष श्रीमती गङ्गा लिगलको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो। विराटनगर निवासी ८५ वर्षीया श्रीमती दुर्गादेवी नेपाल दसौँ वर्षदेखि विभिन्न रोगले ग्रस्त हुनुहुन्छ। हाल उहाँको बसोबास काठमाडौँमा नै रहेको छ।

**नेपाल राष्ट्र बैङ्क**

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०७९ साल कात्तिक २० गते (नोभेम्बर ६, २०२२) आइतबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३१।६१ | १३२।२१ |
| युरो | १ को रु. | १२८।६६ | १२९।२५ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १४७।६४ | १४८।३१ |
| स्विस फ्रैङ्क | १ को रु. | १३०।३४ | १३०।९३ |
| अस्ट्रेलियन डलर | १ को रु. | ८३।६२ | ८४।०० |
| क्यानेडियन डलर | १ को रु. | ९६।४५ | ९६।८९ |
| सिङ्गापुर डलर | १ को रु. | ९२।९४ | ९३।३६ |
| जापानी येन | १० को रु. | ८।९० | ८।९४ |
| चिनियाँ युआन | १ को रु. | १८।१३ | १८।२१ |
| साउदी अरब रियाल | १ को रु. | ३५।०२ | ३५।१८ |
| कतारी रियाल | १ को रु. | ३६।१४ | ३६।३० |
| थाई भाट | १ को रु. | ३।५० | ३।५२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३५।८३ | ३६।०० |
| मलेसियन रिङ्गिट | १ को रु. | २७।७२ | २७।८५ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।२८ | ९।३२ |
| स्विडिस क्रोनर | १ को रु. | ११।८३ | ११।८८ |
| डेनिस क्रोनर | १ को रु. | १७।२९ | १७।३७ |
| हङकङ डलर | १ को रु. | १६।७७ | १६।८४ |
| कुवेती दिनार | १ को रु. | ४२३।९६ | ४२५।८९ |
| बहराइन दिनार | १ को रु. | ३४९।१४ | ३५०।७४ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## 'लोजिमा'को सिक्किममा छायाङ्कन

**पाँचथर समाचारदाता**
*फिदिम, कात्तिक १९ गते*

नेपाली निर्माण समूहको नारी प्रधान लिम्बू कथानक चलचित्र 'लोजिमा'को भारतको सिक्किममा छायाङ्कन भइरहेको छ। सिक्किमको विभिन्न रमणीय लिम्बू परिवेशमा चलचित्रको छायाङ्कन भइरहेको निर्देशक सागर सुब्बाले बताउनुभयो।

प्रेमकथाको माध्यमबाट लोपोन्मुख लिम्बू भाषा लिपि प्रवर्द्धन हुने गरी बनाइँदै गरेको लोजिमाको संवाद ७० प्रतिशत लिम्बू भाषामा रहेको जनाइएको छ। सागर केरुङको कथा तथा आशाहाङ आङ्बोको लगानी रहने चलचित्रको छायाङ्कन रवीन्द्र बराले गर्नुभएको छ।

माघेसङ्क्रान्तिमा प्रदर्शनमा ल्याउने तयारी गरिएको चलचित्रमा आशाहाङ आङ्बो, विमल खजुम, सागर केरुङ, निशाम तुम्बापो, रुद्र पाहिम, नुनाम केरुङ, हस्त लिवाङलगायतको अभिनय छ।

## 'म चेतन' लोकार्पण



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

गीतकार एवं चलचित्र निर्देशक स्वर्गीय चेतन कार्कीको पहिलो गीति एल्बम 'म चेतन' लोकार्पण गरिएको छ। नारायण ओलीको सङ्गीत रहेको एल्बमलाई गीतकार कार्कीको ८४औँ जन्मजयन्तीमा सार्वजनिक गरिएको हो। वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापा, चेतन कार्की प्रतिष्ठानकी अध्यक्ष कलाकार मिथिला शर्मा, श्रीमती गङ्गा कार्की, गायिका कुन्ती मोक्तान, म्युजिक नेपालका संस्थापक अध्यक्ष सन्तोष शर्मालगायतका कलाकारले संयुक्त रूपमा 'म चेतन' लोकार्पण गर्नुभएको हो ।

एल्बममा नारायण ओली, दीप श्रेष्ठ, कुन्ती मोक्तान, अन्जु पन्त, बानिका प्रधान, महेश सेवा, निशान भट्टराई, अस्मिता अधिकारी, रचना रिमाल र प्रवीण बेडवालको स्वर रहेको छ।

## 'निरमाया'को गीत सार्वजनिक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

चलचित्र 'निरमाया'को पहिलो गीत सार्वजनिक गरिएको छ। 'मायाको रङ्ग हुँदैन' बोलको गीतमा स्वर धर्मेन्द्र सेवान र रेखा शाहको छ। उत्तम भेटुवालको शब्द रचना रहेको गीतमा रिमेश कुमारले सङ्गीत दिनुभएको छ।

जेवी डीसी, अजित लामिछाने, प्रतिषा रिजाल र समृद्धि पौडेल गीतको भिडियोमा फिचर्ड हुनुहुन्छ। नेपाली समाजमा जरो गाडेर बसेको छुवाछूतको मुद्दालाई चलचित्रमा उठान गरिएको छ।



गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधानसम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

प्रतिनिधि सभा तथा
प्रदेश सभा सदस्य
निर्वाचन २०७९

१४
दिन बाँकी

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

विराटनगर संस्करण | अन्तर्वार्ता | भयरहित हिसाबले निर्वाचन गर्छौं | विश्वकप टी-२० को सेमिफाइनलमा इङ्ग्ल्यान्ड १६

वर्ष १२२ | अङ्क १७४ | २०७९ साल कात्तिक २० गते आइतबार | कार्तिक शुक्ल त्रयोदशी | नेपाल संवत् ११४३ कछलाथ्व १३ | 2022 November 6 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

# जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आजदेखि

**चाँदनी हमाल**
*काठमाडौँ, कात्तिक १९ गते*




- नेपालले पाउनुपर्ने क्षतिपूर्तिको सवाललाई महत्त्वपूर्ण रूपमा उठाउने
- युरोपेली सांसदद्वारा विकासोन्मुख राष्ट्रहरूलाई ऋणको सट्टा अनुदानमा प्राथमिकता दिनुपर्ने प्रस्ताव पारित
- भी-२० समूहले जलवायु प्रकोपविरुद्ध ग्लोबल सिल्ड नामक अभियान सुरुवात

जलवायु सम्मेलनको २७औँ संस्करण अर्थात् कोप-२७ सम्मेलन आइतबारदेखि इजिप्टमा सुरु हुँदै छ। यसअघिका सफलताको कार्यान्वयन र भविष्यको महत्त्वाकाङ्क्षाका लागि मार्गप्रशस्त गर्ने दृष्टिकोणका साथ इजिप्ट सरकारको आयोजनामा सम्मेलन हुन लागेको हो।

सार्म ऐल शेख सहरमा हुन गइरहेको सम्मेलन पक्ष राष्ट्रहरूले यस अवसरमा उठान गर्ने जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई प्रभावकारी रूपमा सामना गर्ने विषयमा केन्द्रित रहने संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले जनाएको छ।

इजिप्टले विश्वव्यापी जलवायु परिवर्तनका चुनौतीको स्पष्ट मान्यता र यसको विश्वव्यापी खतरालाई सम्बोधन गर्ने एकमात्र माध्यमका रूपमा बहुपक्षीय, सामूहिक र ठोस कार्यको आह्वान गर्दै सम्मेलनको अध्यक्षता गर्नेछ। नेपाली पात्रोअनुसार कात्तिक २० देखि मङ्सिर २ गतेसम्म चल्ने सम्मेलनमा जलवायु परिवर्तनले निम्त्याएको विश्वव्यापी नोक्सानीका विषय मुख्य कार्यसूचीमा रहेको छ।

सम्मेलनमा सहभागीलाई स्वागत गर्दै इजिप्टका राष्ट्रपति अब्दल फतेह इस-सिसिले हरित् गृह ग्यासहरूको उत्सर्जनलाई द्रुत रूपमा घटाउने, जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई अनुकूलन गर्न सहयोगको खाँचोमा परेकाहरूलाई सहयोग गर्न आवश्यक कदम चाल्ने र सुनिश्चित गर्ने उपयुक्त सूत्र खोज्नेसम्बन्धमा तत्काल कार्य गर्नुपर्नेमा जोड दिइने बताउनुभएको छ। विशेषगरी जलवायु परिवर्तन, मरुभूमिकरण र पानीको अभावले बढ्दै गएको खाद्य सुरक्षा सङ्कटलगायत लगातार अन्तर्राष्ट्रिय सङ्कटको बीचमा यस विश्वव्यापी प्रयासमा आफ्नो योगदान पुर्‍याउन विकासशील देशहरूका लागि अपरिहार्य कार्यान्वयनको पक्षमा आवश्यक साधनहरूको उपलब्धता पहिल्याउनु यस सम्मेलनको उद्देश्य रहेको उहाँले औँल्याउनुभएको छ।

यसअघिका सम्मेलनहरूमा जस्तै हरित् गृह ग्यासहरू कसरी कटौती गर्ने र जलवायु परिवर्तनको प्रभावसँग सामना गर्न आवश्यक खर्च कसरी जुटाउने भन्नेमा शक्ति राष्ट्रहरूको जोड रहने विश्लेषण गरिएको छ। जसअनुसार अत्यधिक कार्बन उत्सर्जन हुनेगरी उद्योग सञ्चालन गर्ने मुलुकहरूले प्रत्यक्ष प्रभावित अन्य मुलुकलाई भुक्तानी गर्ने विषयमा साना तथा कमजोर मुलुकहरूले बहस गर्नेछन्।

जलवायु परिवर्तनका कारण हिम गलनलगायत अन्य प्राकृतिक प्रकोपहरू मौसमी चक्रमा फेरबदल, बाढी, खडेरी, आँधी, पहिरो र वनडढेलोलगायतका समस्या बल्झँदो अवस्थामा छन्। त्यसका लागि कसरी सामूहिक प्रयास गर्ने भन्ने सवालमा पनि सम्मेलनका विभिन्न सत्रमा बहस हुनेछन्। गत वर्ष कोप-२६ सम्मेलनमा स्कटल्यान्डले हानि र नोक्सानी सहयोगार्थ १० लाख अमेरिकी डलरभन्दा बढी रकम दिने र यसै वर्ष डेनमार्कले एक करोड ३० लाख अमेरिकी डलर योगदान गर्ने घोषणा गरेको छ।

जलवायु परिवर्तनको उद्घोष भएको सन् १९९२ को रियो द जेनेरियो हुँदै २०१५ को पेरिस सम्झौता र अघिल्लो वर्ष कोप-२६ सम्म आइपुग्दा भएका विविध विश्वव्यापी सहमति र तिनको भविष्यको रणनीतिक बाटो तय गर्न यस वर्षको सम्मेलन पथप्रदर्शक हुने विश्वास लिइएको छ।

विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसभन्दा माथि उकासिँदै गएको घोषणा भइरहँदा अबका दिनमा कसरी अघि बढ्ने भन्ने साझा अवधारणा बनाउन पनि सम्मेलन सहायक हुने विश्वास लिइएको संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले जनाएको छ।

तथापि नेपालले भने जलवायु अनुकूलन र यसको प्रत्यक्ष प्रभाव भोग्नुपरिरहेको वास्तविकता उजागर गर्दै नेपालले पाउनुपर्ने क्षतिपूर्तिको सवाललाई महत्त्वपूर्ण रूपमा उठाउने लक्ष्य लिएको छ। वन तथा वातावरण मन्त्रालयले सम्मेलनमा प्रस्तुत गर्न अवधारणापत्र तयार गरेको छ। जसअनुसार हिम गलनले निम्त्याएको समस्या, त्यसमा गर्नुपर्ने अनुकूलनका विषयसँगै नेपालमा बढ्दो खाद्य असुरक्षाका सवाल प्रस्तुत गर्ने भएको छ। त्यस्तै एक वर्षमा जलवायु परिवर्तनका क्षेत्रमा भएको विश्वव्यापी प्रगतिको समीक्षा, हानि तथा नोक्सानी र जलवायु वित्त सङ्कलनको अवस्थाका विषयमा महत्त्वपूर्ण विषय उठान गर्नेछ। नेपालले पर्वतीय मुलुकहरूको प्रतिनिधित्व गर्दै जलवायु परिवर्तनले टापु राष्ट्रमा पारेको असरका विषयमा पनि गहन टिप्पणी गर्नेछ।

साथै नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्त प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्न योजना बनाउन सुझाव दिनेछ। गत हप्ता युरोपेली सांसदले पनि विकासोन्मुख राष्ट्रहरूलाई सहायता कोष दिनुपर्नेमा ध्यान केन्द्रित गर्न र हानि तथा नोक्सानीलाई टार्न, न्यूनीकरण र सम्बोधन गर्न ऋणको सट्टा अनुदानमा प्राथमिकता दिनुपर्ने प्रस्ताव पारित गरेको छ।

यता जी सेभेन र ५५ वटा जोखिममा रहेका राष्ट्र सम्मिलित भी-२० समूहले जलवायु प्रकोपविरुद्ध ग्लोबल सिल्ड नामक अभियान सुरुवात गर्न सहमतिमा हस्ताक्षर गरेको छ। जसअनुसार आंशिक रूपमा बीमा प्रणालीमार्फत हानि तथा नोक्सानीको क्षति बेहोर्ने विषयलाई जोड दिएको छ।

# ‘संसद् भङ्ग गर्ने परम्परा हटायौँ’



*तस्बिर : अशोक अधिकारी*

**प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई स्थानीयद्वारा स्वागत गरिँदै।**

**पुष्कर भण्डारी/हिक्मत सिंह**
*डडेल्धुरा, कात्तिक १९ गते*

- प्रधानमन्त्रीको लहडको भरमा संसद् भङ्ग गर्न मिल्दैन। अलिकति आलोचना भयो भन्दैमा संसद् भङ्ग गर्न पाइँदैन
- डडेल्धुराको भागेश्वर र महाकालीपारि भारतको पूर्णागिरिसम्म पर्यटकीय मार्ग निर्माण गरी धार्मिक पर्यटनको विकास गर्ने प्रतिबद्धता

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संसद् भङ्ग गर्ने परम्परा अन्त्य भएको बताउनुभएको छ। गृहजिल्ला डडेल्धुरामा शनिबार आयोजित चुनावी सभालाई सम्बोधन गर्नुहुँदै उहाँले संविधानमा भएको व्यवस्थाअनुसार संसद्बाट सरकार गठनको सम्भावना भएसम्म अबदेखि संसद् भङ्ग नहुने बताउनुभएको हो।

अजयमेरु गाउँपालिकास्थित भद्रपुर र भागेश्वर गाउँपालिकास्थित रुपालमा आयोजित सत्ता गठबन्धनको चुनावी सभालाई उहाँले सम्बोधन गर्नेक्रममा सो कुरा बताउनुभएको हो। जिल्लावासीको भव्य स्वागत पाउनुभएका प्रधानमन्त्री देउवाले डडेल्धुराको विकास र राष्ट्रिय राजनीतिका सन्दर्भमा विचार राख्नुभयो।

उहाँले भन्नुभयो, “प्रधानमन्त्रीको लहडको भरमा संसद् भङ्ग गर्न मिल्दैन। अलिकति आलोचना भयो भन्दैमा संसद् भङ्ग गर्न पाइँदैन। केपी ओलीलाई प्रधामन्त्रीबाट हटाएर जनताबाट निर्वाचित प्रतिनिधि सभा भङ्ग गर्ने परम्परालाई सत्ता गठबन्धनले हटाएको छ। संसद् भङ्ग गर्ने अधिकार कोही कसैलाई छैन।”

उहाँले सत्ता गठबन्धन चुनावका लागि मात्रै नगरिएको बताउँदै स्थिर सरकार, स्थायी शान्ति र स्थिरताका लागि एकजुट भएको प्रस्ट पार्नुभयो। अहिलेको गठबन्धनलाई लामो समयसम्म निरन्तरता दिने उहाँले बताउनुभयो। उहाँले देश विकास र समुन्नतिका लागि स्थिर सरकार निर्माण गरेर देश र जनताको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, “गठबन्धन जति बलियो भयो त्यति नै बलियो सरकार बन्छ।”

## डडेल्धुराको विकास गर्ने प्रतिबद्धता

प्रधानमन्त्री देउवाले विमानस्थल निर्माण गर्ने तथा सडकको स्तरोन्नति गर्ने, शिक्षण अस्पताल निर्माण गर्नेसहित यहाँको भौतिक पूर्वाधार विकासका लागि काम गर्ने बताउनुभयो। उहाँले हवाईमैदान निर्माण गर्न सम्भाव्यता अध्ययन भइरहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, “विकास गर्नु मेरो कर्तव्य हो। धेरै विकास भएका छन्, अझै विकास गर्छु। डडेल्धुरालाई सम्पन्न जिल्ला बनाउने मेरो लक्ष्य छ। हवाईजहाज ल्याएरै छोडिनेछ। खानेपानीको अभाव रहेका गाउँहरूमा पानी पुर्‍याएरै छोड्नेछु।” डडेल्धुराको भागेश्वर र महाकालीपारि भारतको पूर्णागिरिसम्म पर्यटकीय मार्ग निर्माण गरी धार्मिक पर्यटनको विकास गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य डा. आरजु राणा देउवाले जिल्लाको विकासका लागि आवश्यक पहल गर्ने बताउनुभयो। उहाँले डडेल्धुरावासीबाट पाएको स्नेहप्रति सम्मान व्यक्त गर्नुभयो। उहाँले सडक सञ्जालसँगै विकास पूर्वाधारहरू तीव्रत्तर गतिमा अघि बढिरहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “डडेल्धुरा यति सुन्दर छ। यस जिल्लालाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ। डोटेली राजाको दरबार अजयमेरु कोट हेर्न धेरै पर्यटक आउनेछन्, सेवा सुविधा र पूर्वाधार विकास गर्न विशेष ध्यान दिइनेछ।” कार्यक्रममा प्रदेश सभा (क)का उम्मेदवार एवं नेकपा (माओवादी केन्द्र)का नेता खगराज भट्ट र प्रदेश सभा (ख)का उम्मेदवार एवं कांग्रेस नेता गोविन्दराज बोहरासहित सत्ता गठबन्धनका नेताहरूले डडेल्धुरालाई समुन्नत बनाउन प्रधानमन्त्री देउवासहित गठबन्धनका उम्मेदवारलाई जिताउन अपिल गर्नुभएको थियो।

# कर छुटको निर्णय बदर गर्न निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारले गरेको करको दर परिवर्तनसम्बन्धी निर्णयलाई तत्काल बदर गर्न निर्देशन दिएको छ। निर्वाचन आचारसंहिताविपरीत करको दर परिवर्तन गरिएको भन्दै आयोगले २४ घण्टाभित्र निर्णय बदर गरी जानकारी गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको हो।

“गण्डकी प्रदेश सरकारबाट करका दरहरूमा हेरफेर गर्ने गरी भएको निर्णय निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (२) बमोजिम २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो निर्वाचन आयोगमा उपलब्ध गराउनू” आयोगको निर्देशनमा उल्लेख गरिएको छ। निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्ने भन्दै आयोगले बदर गर्न भनेको हो।

गण्डकी प्रदेश सरकारले गत असोज २७ गतेको प्रदेश राजपत्र खण्ड ५ सङ्ख्या ५ मा सरकारले विभिन्न करका दरमा छुट दिनेगरी सूचना प्रकाशन गरेको देखिएको उल्लेख गर्दै आयोगले करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिवसमेतलाई छुट्टाछुट्टै स्पष्टीकरण सोधेको छ। स्पष्टीकरण पत्रमा, “निर्वाचन आचारसंहिता २०७९ को दफा ५ को खण्ड (ख) को उल्लङ्घनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम कारबाही किन हुनु नपर्ने हो ? आफ्नोतर्फबाट २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेस गर्नू” भनिएको छ।




# उम्मेदवारको ध्यान मुख्यमन्त्रीतर्फ

**सूर्यप्रसाद पाण्डे/रमेश पौडेल**
*पोखरा, कात्तिक १९ गते*

- राष्ट्रिय गौरवका आयोजनामध्ये यस प्रदेशमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, बूढीगण्डकी जलविद्युत् आयोजना, कालीगण्डकी कोरिडोर र मध्यपहाडी लोकमार्ग पर्छन्

मुलुकका अधिकांश जिल्लामा प्रतिनिधि सभा सदस्यको निर्वाचनमा कसले बाजी मार्लान् भन्ने विषयमा कार्यकर्ताबीच जोड-घटाउ चलिरहेका बेला गण्डकी प्रदेशमा भने प्रदेश सभातर्फ धेरैको चासो रहेको पाइएको छ।

पार्टीले नै कनिष्ठ नेतालाई प्रनिनिधि सभामा र केन्द्रीय स्तरका नेतालाई प्रदेश सभा सदस्यको उम्मेदवार बनाएर पठाउनु र उम्मेदवार स्वयं पनि यसैतर्फ आकर्षित हुनुले यो वास्तकितालाई थप पुष्टि गरेको हो। सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले गण्डकी प्रदेशको नेतृत्व गर्ने उद्देश्यले प्रभावशाली नेताहरूलाई प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ। गोरखा क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यका लागि पार्टीबाट सर्वसम्मत सिफारिसमा पर्नुभएका केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेलाई सोही क्षेत्रको प्रदेश (ख)बाट प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ।

वाम तथा लोकतान्त्रिक गठबन्धन गर्नेक्रममा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सोही क्षेत्रबाट प्रतिनिधि सभा सदस्यको उम्मेदबार बन्ने इच्छा राखेपछि पाण्डेलाई प्रदेशमा झारिएको हो। उहाँलाई मुख्यमन्त्री बनाउने आश्वासन दिएर प्रदेशमा लगिएको स्वयं प्रचण्डले नै स्वीकार्नुभएको छ। गत साता गोरखामा आयोजित चुनावी कार्यक्रममा उहाँले पाण्डेलाई मुख्यमन्त्री बनाउने विषयमा प्रधानमन्त्री तथा कांग्रेसका सभापति शेरबहादुर देउवासँग कुराकानी भइसकेकोसमेत बताउनुभएको थियो।

दुई दशकसम्म कांग्रेसको कास्की जिल्ला सभापति भइसक्नुभएका शुक्रराज शर्मालाई कांग्रेसले नै समानुपातिकतर्फ प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ। उहाँ राष्ट्रिय सभाका पूर्वसदस्य पनि हुनुहुन्छ। उहाँ अहिले पार्टीको गण्डकी प्रदेश सभापति हुनुहुन्छ। राजनीतिक हिसाबले शर्माभन्दा कनिष्ठ कास्कीका वर्तमान सभापति किशोरदत्त बराल कास्की क्षेत्र नं. १ को प्रतिनिधि सभा सदस्यको उम्मेदवार बन्नुभएको छ।


» बाँकी पृष्ठ २ मा

## डोटीमा चुनावी सरगर्मी

# सबै उम्मेदवारको चुनावी मुद्दा ‘पश्चिम सेती’

**अशोक अधिकारी/पुष्कर भण्डारी/पवन महरा**
*डोटी, कात्तिक १९ गते*

- पश्चिम सेती निर्माणका लागि लगानी बोर्ड र भारतीय कम्पनी एनएचपीसी लिमिटेडबीच सम्झौता भएसँगै उम्मेदवारले चुनावी अभियानमा यही विषयलाई प्राथमिकतामा राखेका छन्



‘समुन्नत र उज्यालो सुदूरपश्चिम’ बनाउने बहुप्रतीक्षित राष्ट्रिय गौरवको सेती जलविद्युत् आयोजना निर्माणलाई डोटीका अधिकांश उम्मेदवारले चुनावी नारा बनाएका छन्।

आसन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सत्ता साझेदार दल र प्रतिपक्षी गठबन्धनका उम्मेदवारहरूले अध्ययनको चरणमा रहेको पश्चिम सेती जलविद्युत् आयोजना निर्माण अघि बढाउने प्रतिबद्धतासहित चुनावी प्रचारमा होमिएका हुन्। लगानी बोर्ड र भारतीय कम्पनी एनएचपीसी लिमिटेडबीच गत भदौ २ गते पश्चिम सेती जलविद्युत् आयोजनासँगै सेती-६ को सम्भाव्यता अध्ययन गर्न सम्झौता भएको थियो। प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा भएको सम्झौतासँगै पश्चिम सेती निर्माण हुने अपेक्षाका साथ उम्मेदवारले चुनावी अभियानमा यही विषयलाई प्राथमिकतामा राखेका छन्।

सत्ता साझेदार गठबन्धनका उम्मेदवार एवं नेकपा (एकीकृत समाजवादी)का पोलिटब्युरो सदस्य प्रेमबहादुर आलेले प्रधानमन्त्री देउवाकै उपस्थितिमा सम्भाव्यता अध्ययन सम्झौता भएको र यसको निर्माण प्रक्रिया अघि बढाउन गठबन्धनले जित्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “४० वर्षअघि नै सन् १९८० मा फ्रेन्च कम्पनी स्नोग्रेह कन्सल्टेन्टले सुरु गरेको पश्चिम सेती जलविद्युत् आयोजना अध्ययन अब पूरा हुन्छ। त्यसपछि यही गठबन्धन सरकारले पश्चिम सेती निर्माण सम्पन्न गर्छ।”

नेकपा (एमाले)का प्रतिनिधि सभा उम्मेदवार एवं नेत्री गौरीकुमारी ओलीले पनि आफ्नो चुनावी मुद्दा पश्चिम सेती नै बनाउनुभएको छ। सरकारले सन् २०१२ मा चिनियाँ कम्पनी सीटीजीआईलाई निर्माण गर्न दिने सम्झौता गरे पनि काम अघि बढेन। प्रस्तावित सेती पश्चिम ७५० मेगावाट क्षमताको जलाशययुक्त आयोजना बन्नेछ। यसको कुल लागत एक अर्ब ३२ करोड अमेरिकी डलर प्रारम्भिक अनुमान गरिएको छ।

पूर्वमन्त्री आले २०७४ को निर्वाचनमा वाम गठबन्धनका तर्फबाट ३२ हजार ५१० मत प्राप्त गरी निर्वाचित हुनुभएको थियो। कांग्रेस उम्मेदवार वीरबहादुर बलायरले ३० हजार ८७८ मत पाउनुभएको थियो। स्थानीय तह निर्वाचनमा डोटीमा कांग्रेस पहिलो दल भएको छ। कांग्रेसले ३४ हजारभन्दा बढी मत पाएको छ। एकीकृत समाजवादीले तीन हजार दुई सय मत पाएको थियो। कांग्रेसले नौमध्ये सात पालिका र माओवादी केन्द्रले दुई पालिका जितेको छ। सत्ता गठबन्धनका उम्मेदवार आलेले भन्नुभयो, “सत्ता गठबन्धनको मत भार बढी छ। साथै एमालेका साथीहरूले पनि मलाई साथ दिनुभएको छ, त्यसैले डोटीमा प्रतिनिधि सभा र प्रदेश सभाका दुवै सिटमा गठबन्धनले जित्ने निश्चित छ।”

२०७० को संविधान सभा निर्वाचनमा डोटी क्षेत्र नं. २ बाट निर्वाचित नेता आले २०६९ मा अखण्ड सुदूरपश्चिम आन्दोलनको अगुवाइ गर्नुभएको थियो। उहाँले भन्नुभयो, “समुन्नत डोटीको सङ्कल्प पूरा गर्ने लक्ष्यअनुसार मैले उम्मेदवारी दिएको हुँ, एमालेको ठूलो मत मलाई आउँछ। गठबन्धनको बलियो साथ छँदै छ।”

कांग्रेस नेता एवं गठबन्धनका प्रचार प्रसार समिति संयोजक भरत खड्काले प्रतिनिधि सभा र प्रदेश सभाका दुवै सिट जित्ने बताउनुभयो। उहाँले भन्नुभयो, “पार्टीको निर्देशनअनुसार सम्पूर्ण नेता-कार्यकर्ता गठबन्धनका उम्मेदवारलाई जिताउन खटिनुभएको छ। पार्टीभित्र आन्तरिक एकता भएपछि चुनावी अभियान तीव्र रूपमा अघि बढेको छ।”

» बाँकी पृष्ठ २ मा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९

१४ दिन बाँकी

कोहलपुर संस्करण | अन्तर्वार्ता भयरहित हिसाबले निर्वाचन गर्छौं | विश्वकप टी–२० को सेमिफाइनलमा इङ्ग्ल्यान्ड १६

वर्ष १२२ | अङ्क १७४ | २०७९ साल कात्तिक २० गते आइतबार | कार्तिक शुक्ल त्रयोदशी | नेपाल संवत् ११४३ कछलाथ्व १३ | 2022 November 6 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

# जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आजदेखि

**चाँदनी हमाल**
*काठमाडौँ, कात्तिक १९ गते*

- नेपालले पाउनुपर्ने क्षतिपूर्तिको सवाललाई महत्त्वपूर्ण रूपमा उठाउने
- युरोपेली सांसदद्वारा विकासोन्मुख राष्ट्रहरूलाई ऋणको सट्टा अनुदानमा प्राथमिकता दिनुपर्ने प्रस्ताव पारित
- भी–२० समूहले जलवायु प्रकोपविरुद्ध ग्लोबल सिल्ड नामक अभियान सुरुवात




जलवायु सम्मेलनको २७औँ संस्करण अर्थात् कोप–२७ सम्मेलन आइतबारदेखि इजिप्टमा सुरु हुँदै छ। यसअघिका सफलताको कार्यान्वयन र भविष्यको महत्त्वाकाङ्क्षाका लागि मार्गप्रशस्त गर्ने दृष्टिकोणका साथ इजिप्ट सरकारको आयोजनामा सम्मेलन हुन लागेको हो।

सार्म ऐल शेख सहरमा हुन गइरहेको सम्मेलन पक्ष राष्ट्रहरूले यस अवसरमा उठान गर्ने जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई प्रभावकारी रूपमा सामना गर्ने विषयमा केन्द्रित रहने संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले जनाएको छ।

इजिप्टले विश्वव्यापी जलवायु परिवर्तनका चुनौतीको स्पष्ट मान्यता र यसको विश्वव्यापी खतरालाई सम्बोधन गर्ने एकमात्र माध्यमका रूपमा बहुपक्षीय, सामूहिक र ठोस कार्यको आह्वान गर्दै सम्मेलनको अध्यक्षता गर्नेछ। नेपाली पात्रोअनुसार कात्तिक २० देखि मङ्सिर २ गतेसम्म चल्ने सम्मेलनमा जलवायु परिवर्तनले निम्त्याएको विश्वव्यापी नोक्सानीका विषय मुख्य कार्यसूचीमा रहेको छ।

सम्मेलनमा सहभागीलाई स्वागत गर्दै इजिप्टका राष्ट्रपति अब्दल फतेह इस–सिसिले हरित् गृह ग्यासहरूको उत्सर्जनलाई द्रुत रूपमा घटाउने, जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई अनुकूलन गर्न सहयोगको खाँचोमा परेकाहरूलाई सहयोग गर्न आवश्यक कदम चाल्ने र सुनिश्चित गर्ने उपयुक्त सूत्र खोज्नेसम्बन्धमा तत्काल कार्य गर्नुपर्नेमा जोड दिइने बताउनुभएको छ। विशेषगरी जलवायु परिवर्तन, मरुभूमिकरण र पानीको अभावले बढ्दै गएको खाद्य सुरक्षा सङ्कटलगायत लगातार अन्तर्राष्ट्रिय सङ्कटको बीचमा यस विश्वव्यापी प्रयासमा आफ्नो योगदान पुर्‍याउन विकासशील देशहरूका लागि अपरिहार्य कार्यान्वयनको पक्षमा आवश्यक साधनहरूको उपलब्धता पहिल्याउनु यस सम्मेलनको उद्देश्य रहेको उहाँले औँल्याउनुभएको छ।

यसअघिका सम्मेलनहरूमा जस्तै हरित् गृह ग्यासहरू कसरी कटौती गर्ने र जलवायु परिवर्तनको प्रभावसँग सामना गर्न आवश्यक खर्च कसरी जुटाउने भन्नेमा शक्ति राष्ट्रहरूको जोड रहने विश्लेषण गरिएको छ। जसअनुसार अत्यधिक कार्बन उत्सर्जन हुनेगरी उद्योग सञ्चालन गर्ने मुलुकहरूले प्रत्यक्ष प्रभावित अन्य मुलुकलाई भुक्तानी गर्ने विषयमा साना तथा कमजोर मुलुकहरूले बहस गर्नेछन्।

जलवायु परिवर्तनका कारण हिम गलनलगायत अन्य प्राकृतिक प्रकोपहरू मौसमी चक्रमा फेरबदल, बाढी, खडेरी, आँधी, पहिरो र वनडढेलोलगायतका समस्या बल्झँदो अवस्थामा छन्। त्यसका लागि कसरी सामूहिक प्रयास गर्ने भन्ने सवालमा पनि सम्मेलनका विभिन्न सत्रमा बहस हुनेछन्। गत वर्ष कोप–२६ सम्मेलनमा स्कटल्यान्डले हानि र नोक्सानी सहयोगार्थ १० लाख अमेरिकी डलरभन्दा बढी रकम दिने र यसै वर्ष डेनमार्कले एक करोड ३० लाख अमेरिकी डलर योगदान गर्ने घोषणा गरेको छ।

जलवायु परिवर्तनको उद्घोष भएको सन् १९९२ को रियो द जेनेरियो हुँदै २०१५ को पेरिस सम्झौता र अघिल्लो वर्ष कोप–२६ सम्म आइपुग्दा भएका विविध विश्वव्यापी सहमति र तिनको भविष्यको रणनीतिक बाटो तय गर्न यस वर्षको सम्मेलन पथप्रदर्शक हुने विश्वास लिइएको छ।

विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसभन्दा माथि उकासिँदै गएको घोषणा भइरहँदा अबका दिनमा कसरी अघि बढ्ने भन्ने साझा अवधारणा बनाउन पनि सम्मेलन सहायक हुने विश्वास लिइएको संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले जनाएको छ।

तथापि नेपालले भने जलवायु अनुकूलन र यसको प्रत्यक्ष प्रभाव भोग्नुपरिरहेको वास्तविकता उजागर गर्दै नेपालले पाउनुपर्ने क्षतिपूर्तिको सवाललाई महत्त्वपूर्ण रूपमा उठाउने लक्ष्य लिएको छ। वन तथा वातावरण मन्त्रालयले सम्मेलनमा प्रस्तुत गर्न अवधारणापत्र तयार गरेको छ। जसअनुसार हिम गलनले निम्त्याएको समस्या, त्यसमा गर्नुपर्ने अनुकूलनका विषयसँगै नेपालमा बढ्दो खाद्य असुरक्षाका सवाल प्रस्तुत गर्ने भएको छ। त्यस्तै एक वर्षमा जलवायु परिवर्तनका क्षेत्रमा भएको विश्वव्यापी प्रगतिको समीक्षा, हानि तथा नोक्सानी र जलवायु वित्त सङ्कलनको अवस्थाका विषयमा महत्त्वपूर्ण विषय उठान गर्नेछ। नेपालले पर्वतीय मुलुकहरूको प्रतिनिधित्व गर्दै जलवायु परिवर्तनले टापु राष्ट्रमा पारेको असरका विषयमा पनि गहन टिप्पणी गर्नेछ।

साथै नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्त प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्न योजना बनाउन सुझाव दिनेछ। गत हप्ता युरोपेली सांसदले पनि विकासोन्मुख राष्ट्रहरूलाई सहायता कोष दिनुपर्नेमा ध्यान केन्द्रित गर्न र हानि तथा नोक्सानीलाई टार्न, न्यूनीकरण र सम्बोधन गर्न ऋणको सट्टा अनुदानमा प्राथमिकता दिनुपर्ने प्रस्ताव पारित गरेको छ।

यता जी सेभेन र ५५ वटा जोखिममा रहेका राष्ट्र सम्मिलित भी–२० समूहले जलवायु प्रकोपविरुद्ध ग्लोबल सिल्ड नामक अभियान सुरुवात गर्न सहमतिमा हस्ताक्षर गरेको छ। जसअनुसार आंशिक रूपमा बीमा प्रणालीमार्फत हानि तथा नोक्सानीको क्षति बेहोर्ने विषयलाई जोड दिएको छ।

# ‘संसद् भङ्ग गर्ने परम्परा हटायौं’



*तस्बिर : अशोक अधिकारी*

**प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई स्थानीयद्वारा स्वागत गरिँदै।**

**पुष्कर भण्डारी/हिक्मत सिंह**
*डडेल्धुरा, कात्तिक १९ गते*

- प्रधानमन्त्रीको लहडको भरमा संसद् भङ्ग गर्न मिल्दैन। अलिकति आलोचना भयो भन्दैमा संसद् भङ्ग गर्न पाइँदैन
- डडेल्धुराको भागेश्वर र महाकालीपारि भारतको पूर्णागिरिसम्म पर्यटकीय मार्ग निर्माण गरी धार्मिक पर्यटनको विकास गर्ने प्रतिबद्धता

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संसद् भङ्ग गर्ने परम्परा अन्त्य भएको बताउनुभएको छ। गृहजिल्ला डडेल्धुरामा शनिबार आयोजित चुनावी सभालाई सम्बोधन गर्नुहुँदै उहाँले संविधानमा भएको व्यवस्थाअनुसार संसद्बाट सरकार गठनको सम्भावना भएसम्म अबदेखि संसद् भङ्ग नहुने बताउनुभएको हो।

अजयमेरु गाउँपालिकास्थित भद्रपुर र भागेश्वर गाउँपालिकास्थित रुपालमा आयोजित सत्ता गठबन्धनको चुनावी सभालाई उहाँले सम्बोधन गर्नेक्रममा सो कुरा बताउनुभएको हो। जिल्लावासीको भव्य स्वागत पाउनुभएका प्रधानमन्त्री देउवाले डडेल्धुराको विकास र राष्ट्रिय राजनीतिका सन्दर्भमा विचार राख्नुभयो।

उहाँले भन्नुभयो, “प्रधानमन्त्रीको लहडको भरमा संसद् भङ्ग गर्न मिल्दैन। अलिकति आलोचना भयो भन्दैमा संसद् भङ्ग गर्न पाइँदैन। केपी ओलीलाई प्रधानमन्त्रीबाट हटाएर जनताबाट निर्वाचित प्रतिनिधि सभा भङ्ग गर्ने परम्परालाई सत्ता गठबन्धनले हटाएको छ। संसद् भङ्ग गर्ने अधिकार कोही कसैलाई छैन।”

उहाँले सत्ता गठबन्धन चुनावका लागि मात्रै नगरिएको बताउँदै स्थिर सरकार, स्थायी शान्ति र स्थिरताका लागि एकजुट भएको प्रस्ट पार्नुभयो। अहिलेको गठबन्धनलाई लामो समयसम्म निरन्तरता दिने उहाँले बताउनुभयो। उहाँले देश विकास र समुन्नतिका लागि स्थिर सरकार निर्माण गरेर देश र जनताको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, “गठबन्धन जति बलियो भयो त्यति नै बलियो सरकार बन्छ।”

### डडेल्धुराको विकास गर्ने प्रतिबद्धता

प्रधानमन्त्री देउवाले विमानस्थल निर्माण गर्ने तथा सडकको स्तरोन्नति गर्ने, शिक्षण अस्पताल निर्माण गर्नेसहित यहाँको भौतिक पूर्वाधार विकासका लागि काम गर्ने बताउनुभयो। उहाँले हवाईमैदान निर्माण गर्न सम्भाव्यता अध्ययन भइरहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, “विकास गर्नु मेरो कर्तव्य हो। धेरै विकास भएका छन्, अझै विकास गर्छु। डडेल्धुरालाई सम्पन्न जिल्ला बनाउने मेरो लक्ष्य छ। हवाईजहाज ल्याएरै छोडिनेछ। खानेपानीको अभाव रहेका गाउँहरूमा पानी पुर्‍याएरै छोड्नेछु।” डडेल्धुराको भागेश्वर र महाकालीपारि भारतको पूर्णागिरिसम्म पर्यटकीय मार्ग निर्माण गरी धार्मिक पर्यटनको विकास गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य डा. आरजु राणा देउवाले जिल्लाको विकासका लागि आवश्यक पहल गर्ने बताउनुभयो। उहाँले डडेल्धुरावासीबाट पाएको स्नेहप्रति सम्मान व्यक्त गर्नुभयो। उहाँले सडक सञ्जालसँगै विकास पूर्वाधारहरू तीव्रत्तर गतिमा अघि बढिरहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “डडेल्धुरा यति सुन्दर छ। यस जिल्लालाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ। डोटेली राजाको दरबार अजयमेरु कोट हेर्न धेरै पर्यटक आउनेछन्, सेवा सुविधा र पूर्वाधार विकास गर्न विशेष ध्यान दिइनेछ।” कार्यक्रममा प्रदेश सभा (क)का उम्मेदवार एवं नेकपा (माओवादी केन्द्र)का नेता खगराज भट्ट र प्रदेश सभा (ख)का उम्मेदवार एवं कांग्रेस नेता गोविन्दराज बोहरासहित सत्ता गठबन्धनका नेताहरूले डडेल्धुरालाई समुन्नत बनाउन प्रधानमन्त्री देउवासहित गठबन्धनका उम्मेदवारलाई जिताउन अपिल गर्नुभएको थियो।

# कर छुटको निर्णय बदर गर्न निर्देशन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १९ गते*

निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारले गरेको करको दर परिवर्तनसम्बन्धी निर्णयलाई तत्काल बदर गर्न निर्देशन दिएको छ। निर्वाचन आचारसंहिताविपरीत करको दर परिवर्तन गरिएको भन्दै आयोगले २४ घण्टाभित्र निर्णय बदर गरी जानकारी गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिएको हो।

“गण्डकी प्रदेश सरकारबाट करका दरहरूमा हेरफेर गर्ने गरी भएको निर्णय निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (२) बमोजिम २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो निर्वाचन आयोगमा उपलब्ध गराउनू” आयोगको निर्देशनमा उल्लेख गरिएको छ। निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्ने भन्दै आयोगले बदर गर्न भनेको हो।

गण्डकी प्रदेश सरकारले गत असोज २७ गतेको प्रदेश राजपत्र खण्ड ५ सङ्ख्या ५ मा सरकारले विभिन्न करका दरमा छुट दिनेगरी सूचना प्रकाशन गरेको देखिएको उल्लेख गर्दै आयोगले करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिवसमेतलाई छुट्टाछुट्टै स्पष्टीकरण सोधेको छ। स्पष्टीकरण पत्रमा, “निर्वाचन आचारसंहिता २०७९ को दफा ५ को खण्ड (ख) को उल्लङ्घनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम कारबाही किन हुनु नपर्ने हो ? आफ्नोतर्फबाट २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेस गर्नू” भनिएको छ।

# उम्मेदवारको ध्यान मुख्यमन्त्रीतर्फ

**सूर्यप्रसाद पाण्डे/रमेश पौडेल**
*पोखरा, कात्तिक १९ गते*

- राष्ट्रिय गौरवका आयोजनामध्ये यस प्रदेशमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, बूढीगण्डकी जलविद्युत् आयोजना, कालीगण्डकी कोरिडोर र मध्यपहाडी लोकमार्ग पर्छन्

मुलुकका अधिकांश जिल्लामा प्रतिनिधि सभा सदस्यको निर्वाचनमा कसले बाजी मार्लान् भन्ने विषयमा कार्यकर्ताबीच जोड–घटाउ चलिरहेका बेला गण्डकी प्रदेशमा भने प्रदेश सभातर्फ धेरैको चासो रहेको पाइएको छ।

पार्टीले नै कनिष्ठ नेतालाई प्रनिनिधि सभामा र केन्द्रीय स्तरका नेतालाई प्रदेश सभा सदस्यको उम्मेदवार बनाएर पठाउनु र उम्मेदवार स्वयं पनि यसैतर्फ आकर्षित हुनुले यो वास्तकितालाई थप पुष्टि गरेको हो। सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले गण्डकी प्रदेशको नेतृत्व गर्ने उद्देश्यले प्रभावशाली नेताहरूलाई प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ। गोरखा क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यका लागि पार्टीबाट सर्वसम्मत सिफारिसमा पर्नुभएका केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेलाई सोही क्षेत्रको प्रदेश (ख)बाट प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ।

वाम तथा लोकतान्त्रिक गठबन्धन गर्नेक्रममा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सोही क्षेत्रबाट प्रतिनिधि सभा सदस्यको उम्मेदबार बन्ने इच्छा राखेपछि पाण्डेलाई प्रदेशमा झारिएको हो। उहाँलाई मुख्यमन्त्री बनाउने आश्वासन दिएर प्रदेशमा लगिएको स्वयं प्रचण्डले नै स्वीकार्नुभएको छ। गत साता गोरखामा आयोजित चुनावी कार्यक्रममा उहाँले पाण्डेलाई मुख्यमन्त्री बनाउने विषयमा प्रधानमन्त्री तथा कांग्रेसका सभापति शेरबहादुर देउवासँग कुराकानी भइसकेकोसमेत बताउनुभएको थियो।

दुई दशकसम्म कांग्रेसको कास्की जिल्ला सभापति भइसक्नुभएका शुक्रराज शर्मालाई कांग्रेसले नै समानुपातिकतर्फ प्रदेश सभा सदस्यको उम्मेदवार बनाएको छ। उहाँ राष्ट्रिय सभाका पूर्वसदस्य पनि हुनुहुन्छ। उहाँ अहिले पार्टीको गण्डकी प्रदेश सभापति हुनुहुन्छ। राजनीतिक हिसाबले शर्माभन्दा कनिष्ठ कास्कीका वर्तमान सभापति किशोरदत्त बराल कास्की क्षेत्र नं. १ को प्रतिनिधि सभा सदस्यको उम्मेदवार बन्नुभएको छ।

» बाँकी पृष्ठ २ मा





## डोटीमा चुनावी सरगर्मी

# सबै उम्मेदवारको चुनावी मुद्दा ‘पश्चिम सेती’

**अशोक अधिकारी/पुष्कर भण्डारी/पवन महरा**
*डोटी, कात्तिक १९ गते*

पश्चिम सेती निर्माणका लागि लगानी बोर्ड र भारतीय कम्पनी एनएचपीसी लिमिटेडबीच सम्झौता भएसँगै उम्मेदवारले चुनावी अभियानमा यही विषयलाई प्राथमिकतामा राखेका छन्



‘समुन्नत र उज्यालो सुदूरपश्चिम’ बनाउने बहुप्रतीक्षित राष्ट्रिय गौरवको सेती जलविद्युत् आयोजना निर्माणलाई डोटीका अधिकांश उम्मेदवारले चुनावी नारा बनाएका छन्।

आसन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सत्ता साझेदार दल र प्रतिपक्षी गठबन्धनका उम्मेदवारहरूले अध्ययनको चरणमा रहेको पश्चिम सेती जलविद्युत् आयोजना निर्माण अघि बढाउने प्रतिबद्धतासहित चुनावी प्रचारमा होमिएका हुन्। लगानी बोर्ड र भारतीय कम्पनी एनएचपीसी लिमिटेडबीच गत भदौ २ गते पश्चिम सेती जलविद्युत् आयोजनासँगै सेती–६ को सम्भाव्यता अध्ययन गर्न सम्झौता भएको थियो। प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा भएको सम्झौतासँगै पश्चिम सेती निर्माण हुने अपेक्षाका साथ उम्मेदवारले चुनावी अभियानमा यही विषयलाई प्राथमिकतामा राखेका छन्।

सत्ता साझेदार गठबन्धनका उम्मेदवार एवं नेकपा (एकीकृत समाजवादी)का पोलिटब्युरो सदस्य प्रेमबहादुर आलेले प्रधानमन्त्री देउवाकै उपस्थितिमा सम्भाव्यता अध्ययन सम्झौता भएको र यसको निर्माण प्रक्रिया अघि बढाउन गठबन्धनले जित्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “४० वर्षअघि नै सन् १९८० मा फ्रेन्च कम्पनी स्नोग्रेह कन्सल्टेन्टले सुरु गरेको पश्चिम सेती जलविद्युत् आयोजना अध्ययन अब पूरा हुन्छ। त्यसपछि यही गठबन्धन सरकारले पश्चिम सेती निर्माण सम्पन्न गर्छ।”

नेकपा (एमाले)का प्रतिनिधि सभा उम्मेदवार एवं नेत्री गौरीकुमारी ओलीले पनि आफ्नो चुनावी मुद्दा पश्चिम सेती नै बनाउनुभएको छ। सरकारले सन् २०१२ मा चिनियाँ कम्पनी सीटीजीआईलाई निर्माण गर्न दिने सम्झौता गरे पनि काम अघि बढेन। प्रस्तावित सेती पश्चिम ७५० मेगावाट क्षमताको जलाशययुक्त आयोजना बन्नेछ। यसको कुल लागत एक अर्ब ३२ करोड अमेरिकी डलर प्रारम्भिक अनुमान गरिएको छ।

पूर्वमन्त्री आले २०७४ को निर्वाचनमा वाम गठबन्धनका तर्फबाट ३२ हजार ५१० मत प्राप्त गरी निर्वाचित हुनुभएको थियो। कांग्रेस उम्मेदवार वीरबहादुर बलायरले ३० हजार ८७८ मत पाउनुभएको थियो। स्थानीय तह निर्वाचनमा डोटीमा कांग्रेस पहिलो दल भएको छ। कांग्रेसले ३४ हजारभन्दा बढी मत पाएको छ। एकीकृत समाजवादीले तीन हजार दुई सय मत पाएको थियो। कांग्रेसले नौमध्ये सात पालिका र माओवादी केन्द्रले दुई पालिका जितेको छ। सत्ता गठबन्धनका उम्मेदवार आलेले भन्नुभयो, “सत्ता गठबन्धनको मत भार बढी छ। साथै एमालेका साथीहरूले पनि मलाई साथ दिनुभएको छ, त्यसैले डोटीमा प्रतिनिधि सभा र प्रदेश सभाका दुवै सिटमा गठबन्धनले जित्ने निश्चित छ।”

२०७० को संविधान सभा निर्वाचनमा डोटी क्षेत्र नं. २ बाट निर्वाचित नेता आले २०६९ मा अखण्ड सुदूरपश्चिम आन्दोलनको अगुवाइ गर्नुभएको थियो। उहाँले भन्नुभयो, “समुन्नत डोटीको सङ्कल्प पूरा गर्ने लक्ष्यअनुसार मैले उम्मेदवारी दिएको हुँ, एमालेको ठूलो मत मलाई आउँछ। गठबन्धनको बलियो साथ छँदै छ।”

कांग्रेस नेता एवं गठबन्धनका प्रचार प्रसार समिति संयोजक भरत खड्काले प्रतिनिधि सभा र प्रदेश सभाका दुवै सिट जित्ने बताउनुभयो। उहाँले भन्नुभयो, “पार्टीको निर्देशनअनुसार सम्पूर्ण नेता–कार्यकर्ता गठबन्धनका उम्मेदवारलाई जिताउन खटिनुभएको छ। पार्टीभित्र आन्तरिक एकता भएपछि चुनावी अभियान तीव्र रूपमा अघि बढेको छ।”

» बाँकी पृष्ठ २ मा